

सिमकोट बजार र हिमपात



पञ्चमुखी ताल










"उच्च हिमाली, विविधता युक्त, व्यापारिक र पर्यटकीय सहर: समृद्ध हाम्रो सिमकोट नगर"

# शैक्षिक प्रोफाइल

# Educational Profile

## २०८०



सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल


श्री रलिङ्ग मा.वि.को वार्षिकोत्सव तथा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको उद्घाटन



श्री मानसरोवर मा.वि.को वार्षिकोत्सव कार्यक्रम


श्री कैलाश मा.वि.को पुस्तकालय उद्घाटन कार्यक्रम


पालिका प्रवक्ता र कार्यपालिका सदस्यद्वारा श्री मानसरोवर मा.वि.को विज्ञान प्रयोगशाला अनुगमन


लामा समुदायको संस्कृति


ERO को टीमसँग शैक्षिक गुणस्तर र सिकाइ उपलब्धि सम्बन्धी छलफल


राष्ट्रिय कृषि दिवसका अवसरमा प्रदर्शन


पुस्तकालयमा विद्यार्थीहरु अध्ययन गर्दै



राष्ट्रिय बाल दिवस कार्यक्रम


सामाजिक विकास समिति संयोजक प्रताप लामाद्वारा परीक्षा अनुगमन


विद्यार्थीहरु प्रार्थना गर्दै


कर्णाली ऐकेडेमिकका विद्यार्थीहरु


कक्षा १२ को परीक्षाको अनुगमनको क्रममा मानसरोवर मा.वि.



जयदेवी प्रतिष्ठानद्वारा पोषाक वितरण कार्यक्रम



राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा भवन उद्घाटन तथा सार्वजनिक सुनुवाई



पालिका स्तरीय हाजिरीजवाफ प्रतियोगिता

# शैक्षिक प्रोफाइल
# Educational Profile
## २०८०

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
**शिक्षा, युवा तथा खेलकुद शाखा**
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल

## प्रकाशन समिति

**प्रकाशन** : दोश्रो संस्करण-असोज, २०८०

**प्रमुख सल्लाहकार** : विजय भण्डारी (अध्यक्ष)
**सल्लाहकार** : सुशीला रोकाया (उपाध्यक्ष)
: सुवास आले (प्र.प्र. अधिकृत )

**सम्पादन समिति**
संयोजक : वर्ष बहादुर फडेरा (शिक्षा अधिकृत)
सदस्य : उजिर रोकाया (अधिकृत सातौं)
: विशाल बोहरा (लेखा अधिकृत)
: दलजित कार्की (विषय विज्ञ)
: कृष्णप्रसाद आचार्य (भाषाविज्ञ)
: अमर बहादुर शाही (प्रधानाध्यापक)
: रामराज शाही (प्रधानाध्यपक)

**प्रकाशक** : सिमकोट गाउँपालिका
**शिक्षा, युवा तथा खेलकुद शाखा**
सिमकोट, हुम्ला
**फोन नं.** : ०८७-६८००९४
**इमेल** : educationsimkot@gmail.com
**वेवसाइट** : www.simkotmun.gov.np
**सर्वाधिकार** : प्रकाशकमा

मुद्रण : **भवानी छापाखाना** (डिजिटल कलर प्रिन्टर्स)
वीरेन्द्रनगर, सुर्खेत (फोन नं. ०८३-५२१६१५)
E-mail: pressbhawani@gmail.com

सिमकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला

## शुभकामना



सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणासँगै सुशासन र सामाजिक न्यायमा आधारित समावेशी । राज्य व्यवस्थामा हामी अगाडि बढिरहेका छौं । नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । विगतमा भएको जनयुद्ध र जनआन्दोलनहरुको परिणामस्वरुप भएको राजनैतिक परिवर्तनपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको राज्य व्यवस्था अनुरुप शिक्षाको संरचना स्वरुप स्थानीय तहमा संस्थागत गर्ने प्रक्रिया निरन्तर जारी छ । संवैधानिक प्रावधान अनुसार नेपालको शैक्षिक प्रशासनको अधिकार र राज्यको साधन स्रोतलाई स्थानीय तहमा विभाजन गरी बाँडफाँड गरिएको छ ।

मुलुक सङ्घीय राज्य प्रणालीमा रुपान्तरण भएसँगै स्थानीय तह मार्फत जनताहरुमा शैक्षिक सेवा प्रदान गर्न उपलब्ध स्रोत साधन तथा जनशक्ति व्यवस्थापन गरी समग्र शैक्षिक संगठन एवम् संरचनाहरुलाई क्रियाशील बनाउने कार्य भइरहेको छ । संविधानले निर्दिष्ट गरेबमोजिम स्थानीय तहबाट प्रवाह हुने शिक्षा सेवामा समतामुलक पहुँच विस्तार गर्न, शैक्षिक गुणस्तर सुनिश्चित गर्न, सक्षमता अभिवृद्धि गर्न, शैक्षिक सुशासन, जवाफदेहिता तथा पारदर्शिता कायम गर्न सिमकोट गाउँपालिका प्रयासरत छ ।

सिमकोट गाउँपालिकाद्धारा उत्पादित शैक्षिक सूचनाहरु, शैक्षिक लेखरचना र शैक्षिक विवरणहरु समावेश गरिएको **शैक्षिक प्रोफाइलमा** समाविष्ट सूचनाहरु सम्बन्धित पाठक र सरोकारवालाहरुलाई जानकारी दिन उपयोगि हुनेछ भन्ने अपेक्षा राखेको छु । यस प्रकाशनका लागि प्रत्यक्ष तथा परोक्ष रुपमा योगदान गर्नुहुने सबैमा हार्द्धिक धन्यवाद दिन चाहन्छु । यसमा प्रकाशित विषयवस्तुका सन्दर्भमा सुझाव तथा पृष्ठपोषण उपलब्ध गराइदिन हुन सम्बद्ध सरोकारवालाहरु र समस्त पाठक वर्गमा हार्द्धिक अनुरोध गर्दछु ।

............................

**विजय भण्डारी 'प्रतिरोध'**

अध्यक्ष्य

सिमकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला



## शुभकामना

शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालय शिक्षक, विद्यार्थी तथा सम्बद्ध सरोकारवालाहरुका लागि अति उपयोगि शैक्षिक सूचना तथा जानकारीहरुका साथै महत्त्वपूर्ण शैक्षिक दस्तावेजहरु संलग्न राखेर शैक्षिक प्रोफाइल- २०८० प्रकाशन गर्न लागेको थाहा पाउँदा खुसी लागेको छ।

यसमा समाविष्ट गरिएको शैक्षिक सूचना र जानकारीहरुले सिमकोटको शैक्षिक अवस्थाको चित्रण गर्ने प्रयत्न गरेको देखिन्छ। यसबाट पालिकाको वर्तमान शैक्षिक अवस्था र भावी गन्तव्यको बारेमा समेत सरोकारवालाहरुलाई अवगत गराउन सहयोग पुग्ने देखिन्छ। पालिकाको शैक्षिक सुधार र उन्नयनका लागि गाउँ कार्यपालिका तथा गाउँ शिक्षा समितिले तर्जुमा गरेको शैक्षिक नीति विभिन्न कार्यविधि तथा निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयनका लागि तत् तत् दस्तावेजहरुको सरोकारवालाहरु सम्म सम्प्रेषण गर्न वाच्छनीय रहेको सन्दर्भमा यस शैक्षिक प्रोफाइल मार्फत उक्त अभिभारा पुरा गर्ने प्रयत्न गरिएको छ।

अन्तमा निकै मिहिनेतका साथ तयार गरिएको यस शैक्षिक प्रोफाइलले शिक्षाका सरोकारवालाहरुका लागि आवश्यक सूचना र जानकारीहरु प्रवाह गर्ने विश्वास लिएको छु। साथै यस प्रकाशनको लागि आवश्यक प्रयन्त गर्ने सम्पूर्ण लेखक तथा कर्मचारीहरुलाई धन्यवाद दिदै शैक्षिक प्रोफाइल-२०८० को प्रकाशकीय स्तरीयता र निरन्तरताको लागि शुभकामना व्यक्त गर्दछु।

........................
**सुशीला रोकाया**
उपाध्यक्ष

सिमकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला

## शुभकामना



नेपालको संविधानले धारा ३१ मा शिक्षा सम्बन्धी अधिकारलाई मौलिक हकको रुपमा राख्दै अनुसूची ८ मा माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहको अधिकारको रुपमा समेटेको छ । यस अनुरुप विगतमा पूर्व प्राथमिक तह सम्मको शिक्षाको अनुमतिको मात्र काम गरिरहेका तत्कालीन स्थानीय विकास समितिहरु परिवर्तित सन्दर्भमा स्थानीय तहको रुपमा माध्यमिक तहसम्मको कानुन निर्माण देखि सोको कार्यान्वयन र विद्यालय तहको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारीमा छन् । यसका अलावा स्थानीय तहले आफ्नो लागि उपयुक्त पाठ्यक्रम र शैक्षिक कार्यक्रमहरुको निर्माण, शिक्षक दरबन्दी मिलान, शिक्षकहरुको क्षमता विकास, विद्यालय उमेरका सबै विद्यार्थीलाई विद्यालयको पहुच प्रदान, विद्यार्थीको भर्नादर बढाउन र विद्यालय छाड्ने दर घटाउन विशेष कार्यक्रमहरु, दलित, अपांग र आर्थिक रुपले विपन्न विद्यार्थीहरुलाई छात्रवृत्ति एवं उच्च शिक्षाको अवसर, सहाराविहिन विद्यार्थीहरुको संरक्षण, अपांगमैत्री संरचना, उचित शैक्षिक वातावरण निर्माण लगायतका कैयन कार्यहरु गर्नुपर्ने छ । नीतिगत, संस्थागत, संरचनागत र जनशक्तिजन्य पूर्वाधारको अभावमा लामो समयदेखि शैक्षिक क्षेत्रमा व्याप्त समस्याहरु समाधान गर्न र शैक्षिक क्षेत्रमा आमूल परिवर्तन गर्न स्थानीय तहका लागि ठूलो चुनौती खडा भएको छ ।

शैक्षिक क्षेत्रको सुधारका लागि स्थानीय तहलाई अधिकार तथा कार्य सुम्पने तर सुम्पिएको जिम्मेवारी पूरा गर्न सक्ने गरी स्रोत साधनको वितरण र संस्थागत क्षमताको विकास तर्फ ध्यान नदिने पुरानै रोगको पुनरावृत्ति फेरि पनि हुन गएको देखिन्छ । शिक्षक दरबन्दी मिलान र समायोजनका कार्यहरु द्रुततर रुपमा हुनु पर्नेमा सो तर्फ अपेक्षित ध्यान आकृष्ट हुन सकेको देखिदैन । विद्यालय व्यवस्थापन समिति गठन, शिक्षक दरबन्दी वितरण, विद्यालय अनुदान वितरण, भवन निर्माण, प्रधानाध्यापक, शिक्षक र विद्यालय कर्मचारी नियुक्ति र सरुवा बढुवामा समेत चरम राजनीतिकरण छ । यसले सन्तुलित रुपमा स्रोत साधनको वितरण र अपेक्षित रुपमा शैक्षिक सुधारको कार्य हुन सकेको छैन ।

यद्यपी विविध चुनौति र काठिनाइका बावजुद स्थानीय तहहरु विद्यालय शिक्षाको सुधारमा प्रयत्नशील देखिएका छन् । स्थानीय तहमा शैक्षिक सुधारका लागि नीति निर्माण, स्थानीय पाठ्यक्रम, स्थानीय मातृभाषामा पठनपाठन, बालविकास कक्षा, छात्रवृत्ति, शैक्षिक क्यालेण्डर निर्माण, शैक्षिक सूचना प्रणाली व्यवस्थापन गर्ने देखि लिएर शिक्षक, विद्यार्थीको अभिलेख व्यवस्थापन, परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार लगायतका क्षेत्रमा विभिन्न नुतन अभ्यासहरु भईरहेका छन् ।

साथै सम्पादित गतिविधि र प्राप्त नतिजाहरुलाई अभिलेखिकरण गर्न तथा शैक्षिक सूचना, जानकारी, नतिजा आदिको एकृकीत रुपमा प्रकाशन तथा प्रसारण मार्फत सरोकारवाला प्रतिको शैक्षिक दायित्व निर्वाह गर्न शैक्षिक प्रोफाइल प्रकाशन गर्ने कार्य समेत संस्थागत भएका छन् । यस्तो कार्यले सिर्जना, अन्वेषण र अनुभव आदान प्रदानलाई सहयोग गर्दछन् । जसले विगतको समीक्षा गर्दै वर्तमानको शैक्षिक विरासतलाई झन उँचो बनाउन र शैक्षिक सुधार र उन्नयनको भविष्यलाई चम्किलो बनाउन यथेष्ट योगदान पुऱ्याउन सक्दछ । सिमकोट गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा शैक्षिक प्रोफाईल प्रकाशन हुन लागेको कुराले मलाई हर्षित बनाएको छ । यसका लागि सिंगो गाउँपालिका र मेरो तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु । यस्तो सिर्जनात्मक र अन्वेषणात्मक कार्यले शिक्षा क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुग्दछ । सिमकोट गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखाको यस कार्यले सिमकोट गाउँपालिका र समग्र मुलुकको शिक्षा विकासमा महत्वपूर्ण योगदान पुग्नेछ भन्नेमा विश्वस्त छु । मलाई विश्वास छ, भविष्यमा सिमकोट गाउँपालिका उत्कृष्ट शैक्षिक गन्तव्यका रुपमा स्थापित हुनेछ । यसका लागि सबै शिक्षकलाई सक्षम, समर्पित र अभिप्रेरित रुपमा शिक्षण कार्य सम्पादन गर्न प्रतिबद्ध रहदै उच्च शैक्षिक जवाफदेहिता बहन गर्नुहुन आह्वान गर्दछु ।

..........................

सुवास आले

प्रमुख प्रशासकीय अधिकृत

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

# शिक्षा, युवा तथा खेलकुद शाखा

सिमकोट, हुम्ला



## विशेष आभार



शिक्षा विकासका पूर्वाधारहरुको पनि पूर्वाधार हो । शिक्षा क्षेत्रको विकासको आवश्यकता विना अन्य क्षेत्रको विकासको सम्भावना न्यून रहन्छ । यसमा अनुरुप राज्यले शिक्षा क्षेत्रका लागि दिन प्रतिदिन शिक्षाको आवश्यकता बढिरहेको देखिन्छ । नेपाल सङघीयतामा गइसकेपछि तीन तहको सरकारले शिक्षामा आ-आफ्नो क्षेत्राधिकारमा विभाजन गरेको छ । सो मुताविक आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहको कार्यक्षेत्रभित्र पर्दछ । सिमकोट गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेको लगानी सरानीय छ । सिमकोट गाउँपालिकाको शिक्षाको अवस्था समस्याको बाटो सम्भावना पहिल्याई ठोस नतिजामा आधारित शैक्षिक रुपान्तरण  गर्न एक शैक्षिक प्रोफाइल निर्माण, अध्ययन, विश्लेषण गर्ने जमर्को गरिरहेको छ । हाम्रो यस शैक्षिक प्रोफाइल निर्माणको लागि सहयोग पुऱ्याउनुहुने यस गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र सम्पूर्ण पदाधिकारीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण शाखा प्रमुखज्यूहरु र राष्ट्रसेवक कर्मचारी साथीहरु विद्यालयका प्रधानाध्यापकहरु, सहायक प्रधानाध्यापकहरु, शिक्षकहरु, कर्मचारीहरु, सामुदायिक सिकाइ  केन्द्रका परिचालिका  र सम्पूर्ण सहयोगी हातहरुलाई सिमकोट गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको तर्फबाट विशेष धन्यवाद दिन चाहन्छौं । दोस्रो संस्करणको अध्ययन पश्चात यहाँहरुको सल्लाह सुझावहरुलाई आत्मसात गर्दै पुनःपनि सल्लास सुझावको अपेक्षा गर्दछौं ।

.....................
कृष्ण प्रसाद आचार्य
सहायकस्तर पाँचौं

.....................
वर्ष बहादुर फडेरा कार्की
शिक्षा अधिकृत सातौं

# सम्पादकीय

शिक्षाको गुणस्तर सुधारका लागि सिकाइका अभ्यास तथा परीक्षणमा आधारित अनुभवको विशेष भूमिका रहन्छ । शिक्षा चेतना विकासको आधार हो । व्यक्तिका अनुभवलाई आधार बनाएर कुनै उपलब्धि, समस्या वा समाधानका विविध पक्षका बारेमा लेखिएका विचारात्मक प्रस्तुति, अभिलेखन वा प्रकाशन वर्तमान र भविष्यका लागि मार्गदर्शक अनुभूति बन्न सक्छन् । यस्ता अनुभूति विद्यालय शिक्षा पाठ्यक्रम,तालिम पाठ्यक्रम र शिक्षा नीतिगत दस्तावेजमा पनि समेटिनुपर्छ । नेपालमा हाल मौलिक हकका रुपमा शिक्षालाई अङ्गीकार गर्दै आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा कानुनमा व्यवस्था भएबमोजिम निःशुल्क र समावेशी हुने संवैधानिक व्यवस्था रहेको छ । विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न र शिक्षालाई गुणस्तरीय, व्यावहारिक तथा रोजगारमूलक बनाउन प्राप्त स्रोत साधनको परिचालन, शैक्षिक जनशक्ति व्यवस्थापन गर्न सिमकोट गाउँपालिका र सरोकारवाला पक्षहरुसँग समन्वय, सहजीकरण तथा शैक्षिक सूचना प्रवाह गर्ने दिशामा शिक्षा, युवा तथा खेलकुद शाखा प्रयन्नशील रहेको छ । यसको निरन्तरता स्वरुप सामयिक प्रकाशन मार्फत लेखकका गहनतम विचार शिक्षा क्षेत्रका विशेष अभ्यास र अनुभूतिलाई निरन्तरता दिनको लागि शैक्षिक प्रोफाइल -२०८० तयार पारिएको छ।

यो शैक्षिक प्रोफाइल मूलतःशिक्षा क्षेत्रसँग सम्बद्ध रहेकाले यसमा शिक्षाका नीतिगत विषय, कार्यक्रम, व्यवहार र असल अभ्याससँग सम्बन्धित विषयका लेखरचनालाई यसमा प्राथमिकता दिइन्छ । यसमा समावेश हुने विचार र विश्लेषण वैयक्तिक भए पनि यीनले सरोकारवालामा विशेष महत्व राख्दछन् । लेखरचनामा प्रस्तुत प्रस्तुत विचार कार्यक्रम तर्जुमा तथा सुधार, अनुगमन तथा मूल्याङक र पृष्टपोषण प्राप्तिमा पनि सहयोगी बन्न सक्छन् । लेखका विषयवस्तुले सिकाइको क्षेत्र विस्तार गर्नुका अतिरिक्त कार्यस्थलमा आइपर्ने समस्या समाधान र न्यूनीकरणमा पनि काम लाग्न सक्छन् । यही उद्देश्यले यस शैक्षिक प्रोफाइलमा शिक्षासँग सम्बन्धित विषयमा मौलिक लेखरचना समावेश गरिएको छ । शिक्षा क्षेत्रका नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा संलग्न एवम् शिक्षा क्षेत्रका जिज्ञासु पाठ्क वर्गका लागि यी सामग्री उपयोगी हुने अपेक्षा गरिएको छ।

अन्तमा यस शैक्षिक प्रोफाइलका लागि आफ्ना अमूल्य लेखरचना उपलब्ध गराउनुहुने सबै विद्धान लेखक तथा अनुसन्धानकर्ताप्रति हार्द्धिक आभार व्यक्त गर्दछौं । यसका साथै सल्लाहकार, सम्पादक मण्डल तथा यस प्रकाशनमा संलग्न सबैप्रति विशेष धन्यवाद छ। आगामी दिनमा यस प्रकाशनलाई अझ उपयोगी बनाउन शिक्षा,युवा तथा खेलकुद शाखा पाठक वर्गबाट सदाझैँ रचनात्क सुझावको अपेक्षा गर्दछौं।

सम्पादक मण्डल

# विषय सूची


| क्र. सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | शैक्षिक क्षेत्रको समस्या र सुधारका लागि स्थानीय तहको भूमिका | ६ |
| ३. | नेपालमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ : विगत, वर्तमान र भविष्य | १२ |
| ४. | लैङ्गिक र जातीय विभेदमा रुमल्लिएको हुम्ला | १८ |
| ५. | सिकाइमा आधिकारिक मूल्याङ्कन र रुब्रिक्सको प्रयोग | २२ |
| ६. | शिक्षा क्षेत्रका धरोहर जीन पियाजे | ३३ |
| ७. | जोन डिवेको शैक्षिक योगदान : एक विमर्श | ४२ |
| ८. | Answer These Questions to Improve Education System | ५३ |
| ९. | शिक्षण पेशाको अनुभव | ५६ |
| १०. | आजको आवश्यकता रुपान्तरित शिक्षा | ६० |
| ११. | Teaching and Learning English Language Using Social Networks | ६२ |
| १२. | Teaching English With Motivation | ६९ |
| १३. | जोखिममा परेका बालबालिकाको संरक्षणका लागि घटना व्यवस्थापन | ७२ |
| १४. | कस्तो शिक्षा ? कठै ! मेरो देश | ७८ |
| १५. | काँठका गिद्ध | ७९ |
| १६. | मलाई तिमी मन पर्छ | ८३ |
| १७. | असन्तुष्ट भावना | ८५ |
| १८. | बालबालिका सन्देशमूलक कविता | ८६ |
| १९. | समान कार्यमा असमान व्यवहार | ८७ |
| २०. | सामुदायिक विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि | ८९ |
| २१. | पालिकामा रहेका विद्यालयहरु र प्रधानाध्यापकहरुको विवरण | ९५ |
| २२. | पालिकामा रहेका विद्यालयको इमेल ठेगाना र विद्यालय सूचना अधिकारीहरुको विवरण | ९६ |
| २३. | विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको नामावली | ९७ |
| २४. | पालिकामा रहेको संख्यागत शिक्षक दरबन्दी विवरण | ९८ |
| २५. | पालिकामा प्राविधिक धार र कक्षा ११-१२ को संख्यागत शिक्षक दरबन्दी विवरण | ९९ |
| २६. | पालिकामा रहेका स्थायी र अस्थायी शिक्षकहरुको विवरण | ९९ |
| २७. | पालिकामा रहेका राहत शिक्षकहरुको विवरण | १०५ |
| २८. | पालिकामा रहेका प्रारम्भिक बाल विकास केन्द्रमा कार्यरत सहजकर्ताहरुको विवरण | १०६ |
| २९. | पालिकामा रहेका सामुदायिक सिकाई केन्द्रमा कार्यरत परिचालिकाहरुको विवरण | १०८ |
| ३०. | पालिका र सङ्घीय अनुदानमा कार्यरत शिक्षकहरुको विवरण | १०८ |
| ३१. | माध्यमिक तह कक्षा ११ र १२ का शिक्षकहरुको दरबन्दी विवरण | १०९ |
| ३२. | माध्यमिक तह प्राविधिक धारमा कार्यरत कक्षा ११ र १२ का प्रशिक्षक र सह-प्रशिक्षकहरुको विवरण | ११० |
| ३३. | पालिका अन्तरगत विद्यालयहरुमा कार्यरत विद्यालय सहायक कर्मचारीहरुको विवरण | १११ |
| ३४. | पालिका अन्तरगत विद्यालयहरुमा कार्यरत कार्यालय सहयोगीहरुको विवरण | १११ |
| ३५. | सामुदायिक विद्यालयहरुको विद्यार्थीहरुको विवरण | ११३ |
| ३६. | सामुदायिक तथा संस्थागत विद्यालयहरुको विद्यार्थीहरुको विवरण | ११५ |
| ३७. | सामुदायिक विद्यालयका दलित विद्यार्थीहरुको विवरण | ११७ |
| ३८. | सामुदायिक विद्यालयका अपाङ्गता भएका विद्यार्थीहरुको विवरण | ११९ |
| ३९. | गाउँ शिक्षा समितिको नामावली | १२० |

# सिमकोट गाउँपालिका, हुम्ला



# परिचय

सिमकोट गाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लामा पर्दछ। यस गाँउपालिकाको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार तत्कालिन माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका ठेहे, बरगाउँ, सिमकोट, डाँडाफया र स्याडा गा.वि.स गरी ५ वटा गा.वि.स.समावेश गरी भएको हो। सिमकोट गाउँपालिकामा हाल ८ वटा वडाहरु कायम गरिएको छ। भौगोलिक रुपमा २९°५४” २ सेकेण्ड उत्तरी अक्षांश देखि ३०°२५” उत्तरसम्म र ८१°३८” पूर्वी देशान्तर देखि ८२°८” १० सेकेण्ड पूर्वी देशान्तरसम्म फैलिएको यो गाउँपालिका समुद्री सतह देखि ३५०० मीटर उचाईसम्म अवस्थित रहेको छ। यहाँको हावा पानी ठण्डा प्रकृतिको छ। यहाँको अधिकतम तापक्रम २९° सेल्सीयस, न्यूनतम तापक्रम माईनस २०° सेल्सीयस र औषत वर्षा ५५ मि.लि. रहेको छ। यो गाउँपालिका हुम्ला जिल्लाको सदरमुकाम सिमकोटमा अवस्थित छ। यस गाउँपालिकाको पूर्वमा तिब्बत, पश्चिममा बझाङ्ग जिल्ला, उतरमा नाम्खा र दक्षिणमा खार्पूनाथ गाउँपालिका पर्दछन्। सुन्दर प्राकृतिक बनोट, जैविक विविधताले भरिपूर्ण र विविधतापूर्ण जातिय पहिचान रहेको यस गाउँपालिकाको क्षेत्रफल ७८५.८९ वर्ग कि.मी र हुम्ला जिल्लाको कुल क्षेत्रफल मध्ये १५ प्रतिशत क्षेत्रफल यस गाउँपालिकाले ओगेटेको छ। उच्च पहाडी तथा हिमाली जिल्ला अन्तरगत रहेको यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले उच्च पहाडी उपत्यकाभित्रको समथर क्षेत्र रहेका छन्। तथापि, होँचा तथा अग्ला पहाडी एवम् हिमाली श्रृंखलाको काखमा रहेको समथर भूबनोटका कारण यस गाउँपालिकामा विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ।

गाउँपालिकाको केन्द्र साविकको सिमकोट गा.वि.स. अन्तर्गत सिमकोट बजारमा रहेको छ। पूर्ववत् रुपमा नेपालको मध्यपश्चिम विकास क्षेत्रमा पर्ने कर्णाली अञ्चलमा रहेको यो गाउँपालिका जिल्लाभित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि जिल्लामा एउटा निर्वाचन क्षेत्र रहेको छ। हालको वडामा समावेश साविक गाविस तथा गाउँपालिका र वडागत क्षेत्रफललाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १ गाउँपालिका गठन**

| वडा नं. | समावेस साविकका गाविस | क्षेत्रफल (वर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | ठेहे (६-९) | ५७२.०१ | ७२.७३ |
| २ | ठेहे (१-५) | २.७२ | ०.३५ |
| ३ | बरगाउँ (१-९) | ४६.३५ | ५.८९ |
| ४ | सिमकोट (७-९) | २४.२५ | ३.०८ |
| ५ | सिमकोट (३-६) | ६.८५ | ०.८७ |
| ६ | सिमकोट (१-२) | ३.९९ | ०.५१ |
| ७ | डाँडाफया (१-९) | ३९.६५ | ५.०४ |
| ८ | स्याँडा (१-९) | ९०.७ | ११.५३ |
| जम्मा | | ७८६.५२ | १०० |

श्रोतः सिमकोट गाउँपालिकाको Website

## १. पृष्ठभूमि

नेपालको संविधान,२०७२ ले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ। यसै गरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रुपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको विषय प्रष्ट पारिएको छ। नेपाललाई अल्पविकसित राष्ट्रहरुको सूचीबाट मुक्त गराई विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउन एवम् दिगो विकासका लक्ष्य अनुरुप समावेशी र समन्यायमा आधारित शिक्षा सबैमा पुऱ्याउन समेत शिक्षा क्षेत्रको विकास अपरिहार्य छ। शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रुपान्तरणको संवाहकका रुपमा विकास गर्ने, सबै तह एवम् विधाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरु हासिल गर्ने तर्फ शिक्षा क्षेत्रका नीति तथा कार्यक्रमहरु उन्मुख रहेका छन्। आर्थिक वर्ष २०७९/८० सम्ममा कक्षा एक मा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिका ७६.७ प्रतिशत, प्राथमिक तह (१-५)को खुद भर्ना दर ९७.१ प्रतिशत, आधारभूत तह (१-८) को खुद भर्ना दर ९६.१ प्रतिशत तथा माध्यमिक तह (९-१२) को खुद भर्नादर ५७.४ प्रतिशत र दोहोऱ्याउने दर ५.६ प्रतिशत रहेको छ। यसैगरी खुद भर्नादरमा लैङ्गिक समानतामा पनि उल्लेखनीय प्रगति भएको छ। यस्तो समानता प्राथमिक तहमा ०.९९, आधारभूत तहमा १.०० र माध्यमिक तहम ०.९९ रहेको छ। १५ देखि २४ वर्ष उमेरको साक्षरता ९४.२ प्रतिशत पुगेको छ।

## २. प्रमुख समस्या

सबैका लागि गुणस्तरिय पहुँच सुनिश्चित गर्न नसकिनु, विशेष तथा लक्षित समुहका बालबालिकाको पहुँच सुनिश्चित गर्न नसकिनु, भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रुपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु, तहगत, क्षेत्रगत एवम् विषयगत रुपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, प्राविधिक शिक्षालाई शिक्षाको मुल धारको रुपमा विकास गर्न नसकिनु, तोकिएको शैक्षिक वर्षमा तह पार गर्नेको सकस हुनु, बजारको माग अनुसार जनशक्ति उपलब्ध नुहनु, उत्पादित जनशक्तिले पनि योग्यता अनुसारको रोजगारी प्राप्त गर्न नसक्नु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति गर्न नसकिनु, सार्वजनिक लगानीका शैक्षिक संस्थाको उचित व्यवस्थापन, प्रतिभाको पलायन नियन्त्रण जस्ता विषयहरु शिक्षा क्षेत्रमा प्रमुख समस्याका रुपमा रहेका छन्।

## ३. चुनौती तथा अवसर

### चुनौती

शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यावसायिक तथा रोजगारीमुलक बनाउने, सबै तहको शिक्षालाई समतामुलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आम नागरिकको पहुँचसम्म पुऱ्याउने, शिक्षकहरुको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने, लगानी अनुरुपको प्रतिफल सुनिश्चित गर्ने, संविधान प्रदत्त शिक्षासम्बन्धी हकहरुको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य चुनौतिपूर्ण छ।

### अवसर

सबै तह र विधाका शैक्षिक पूर्वाधारहरुको विस्तार भएको, महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिका र विद्यार्थीहरुको सबै तहमा भर्ना दरमा उल्लेखनीय रुपमा वृद्धि भएको,

साधारण शिक्षाका अतिरिक्त माध्यमिक र उच्च शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको विस्तार भएको र उच्च शिक्षासम्म प्राविधिक तथा व्यावसायिक धारलाई विस्तार गर्न मार्ग प्रशस्त भएको छ। यस्तै समुदायमा शिक्षाप्रतिको आकर्षण बढेको, शैक्षिक सूचना प्रणाली र शैक्षिक सुशासनका लागि आधार शिला तयार भएको साथै शिक्षण सिकाइ क्रियाकलापमा सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएको आदि कारणहरुले गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जना भएको छ।

## ४. सोच, लक्ष्य, उदेश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरू

### ४.१ सोच

"शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, मानव पूँजीको विकास।"

### ४.२ लक्ष्य

- सबैलाई जीवनोपयोगी शिक्षाका अवसरहरु प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मुख तथा नवप्रवर्तनशील शैक्षिक प्रणाली विकास गर्ने।
- गाउँपालिकाको आवश्यकता अनुरुप गुणस्तरीय, व्यावसायिक र सीपयुक्त शिक्षा प्रदान गर्ने।
- रोजगारी एवम् स्वरोजगारी लागि सीपमूलक शिक्षाको विस्तार गर्ने।

### ४.३ उद्देश्य

- शिक्षामा समतामूलक अवसरहरु सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समय-सान्दर्भिक र गुणस्तर युक्त बनाउनु ।
- वैकल्पिक उपायहरुको अवलम्बनबाट सबै तह एवम् प्रकारको शिक्षा र सीपमूलक तालिममा पहुँच अभिवृद्धि गर्नु।
- शैक्षिक प्रशासनमा निरन्तर सुधार र सुशासनलाई संस्थागत गर्नु।

### ४.४ रणनीति

- जीवनपर्यन्त शिक्षा, अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क आधारभूत र माध्यमिक शिक्षा पद्धतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।
- रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यवसायिक शिक्षाको विस्तार गर्ने।
- सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने।
- आर्थिक रुपले विपन्न,लोपोन्मुख र सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरुको शिक्षामा पहुँच सुनिश्चित गर्ने।
- उच्च शिक्षालाई पहुँच योग्य, प्रतिस्पर्धी र अनुसन्धानमूलक बनाउने।
- सार्वजनिक र निजी तहबाट प्रदान गरिने शिक्षाबीचको गुणस्तरमा रहेको अन्तर घटाउने।

### ४.५ कार्यनीति

- साक्षरता तथा साक्षरोत्तर कार्यक्रमहरुको समन्वयात्मक रुपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरोकारवालाहरुसँग सहकार्य गरिनेछ।
- अनौपचारिक शिक्षा र औपचारिक शिक्षा सुनिश्चित गर्न खुला एवम् वैकल्पिक शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न खुला एवम वैकल्पिक शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।
- शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रुपमा अघि बढाई विद्यालयहरुमा शिक्षकहरुको समतामूलक वितरण सुनिश्चित गरिनेछ।
- शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई थप व्यवस्थित र नियमन गर्ने तथा निजि र सार्वजनिक विद्यालयका शिक्षाको गुणस्तरको अन्तरलाई कम गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- विद्यालय शिक्षामा जीवनोपयोगी तथा व्यवहार कुशल सीप र मूल्यमा आधारित शिक्षालाई समेट्ने गरी पाठ्यक्रमको परिमार्जन गरी कार्यान्वयनमा ल्याइने तथा कक्षा १-८ को पाठ्यक्रम स्थानीय रुपमा विकास गरिनेछ।
- निजी क्षेत्र,गैरसरकारी क्षेत्र र विकासका साझेदारहरुसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका अवसरहरु विस्तार गरिनेछ।
- पूर्वप्राथमिक कक्षा र प्रारम्भिक बालविकाससँग सम्बन्धित सिकाइ सामग्रीहरुको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी तिनलाई बालविकास केन्द्रका बालबालिकाको स्तर अनुरुप बनाइनेछ।
- विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सुनिश्चितताका लागि भाषालाई शिक्षण सिकाइको माध्यमका रुपमा अपनाई शिक्षामा स्थानीय भाषिक नीति अवलम्बन गरिनेछ।
- विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाई सीप विकास विधिहरुको प्रभावकारी उपयोग गर्दै लगिनेछ।
- विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरुको सञ्चालन तथा कार्यसम्पादनस्तरको वार्षिक रुपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागु गरिनेछ।
- शिक्षकहरुको प्राज्ञिक उन्नयन एवम् पेशागत विकासका लागि माग तथा आवश्यकता आधारमा छोटा तथा मध्यम अवधिका तालिम सञ्चालन गरिनेछ।
- जनसङ्ख्या र भूगोलको आधारमा विद्यालयहरुको नक्साङ्कन गरी पुनः संरचना गरिनेछ।
- सबै प्रकारका शैक्षिक संस्थाहरुको भौतिक अवस्थामा सुधार गरी विपद्प्रतिरोधी बनाइनेछ। विद्यार्थीहरुको सिकाइमा विपद् व्यवस्थापन विषयहरु समावेश गरिनेछ।
- दलित,छात्रा,जनजाति,लोपोन्मुख जातजाति, गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- विद्यालय भवन निर्माणका नमुना डिजाइनहरु बहु प्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री हुने गरी बनाइनेछ।
- आधारभूत तहको परीक्षालाई मर्यादित बनाउन स्थानीय सहकार्य एवं सहमति निर्माण गरिनेछ।

## ४.६ प्रमुख कार्यक्रमहरु

### क. प्रारम्भिक बालशिक्षा

- चार वर्ष उमेर समुहका सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अवसर प्रदान गर्न विद्यालय संरचना भित्रै प्रारम्भिक बालशिक्षा सञ्चालन।
- समुदाय केन्द्रित गरी नयाँ पूर्व-प्राथमिक विद्यालय विस्तार।
- प्रारम्भिक बालशिक्षालाई व्यवस्थित सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री व्यवस्थापन

अनुदानको व्यवस्था ।

- पूर्वप्राथमिक शिक्षकको क्षमता विकास तथा प्रारम्भिक बाल शिक्षा कार्यक्रमको दिगो तथा गुणात्मक विकासका लागि सहकार्य ।

**ख. आधारभूत शिक्षा**

- आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन ।
- तोकिएका कक्षाहरुमा विद्यालय दिवा खाजा कार्यक्रम, छात्रवृत्तिका कार्यक्रमहरु, वैकल्पिक शैक्षिक कार्यक्रम ।
- समयमै निःशुल्क पाठ्यपुस्तक वितरण ।
- गुणस्तर सुधारका लागि न्यूनतम सिकाइ वातावरण निर्माण ।
- शिक्षक व्यवस्थापन,पद तथा दरबन्दी मिलान,शिक्षक तालिम ।
- बालमैत्री शिक्षण सिकाइ प्रवर्द्धनका लागि सिकाइ सामग्री अनुदान, प्रारम्भिक कक्षामा पढाइ सीप विकास कार्यक्रम, बहु वर्ग शिक्षण, मातृभाषामा शिक्षा ।
- पुस्तकालय तथा सिकाइ कुना स्थापना ।

**ग. माध्यमिक शिक्षा**

- माध्यमिक शिक्षामा पहुँच तथा टिकाउ दर बढाउन न्यूनतम सिकाइ वातावरण तयार गर्ने कार्यक्रम सञ्चालन ।
- माध्यमिक शिक्षामा गुणस्तर अभिवृद्धिका लागि नमुना विद्यालयको विकास तथा सञ्चालन।
- विद्यालयमा प्रधानाध्यापकको छुटै पदीय व्यवस्था ।
- शिक्षक तालिम,विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना ।
- कक्षा ९ देखि नै व्यवसायिक र प्राविधिक शिक्षाको पहुँच विस्तार ।

**घ. अनौपचारिक शिक्षा**

- सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता कार्यक्रम सञ्चालन गरी सबै वडालाई साक्षर घोषणा गरी गाउँपालिकालाई साक्षर गाउँपालिका घोषण गर्ने कार्यक्रम ।
- सामुदायिक अध्ययन केन्द्रको क्षमता विकास गरी निरन्तर शिक्षा कार्यक्रम सञ्चालन ।
- अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण ।

**ङ. शैक्षिक व्यवस्थापन**

- शैक्षिक संस्थामा नयाँ बन्ने भौतिक संरचनाहरुलाई विभिन्नखाले विपद् प्रतिरोधी तथा अपाङ्गमैत्री बनाउने र समग्र शैक्षिक व्यवस्थापन सुधारका लागि केन्द्र देखि स्थानीय तहसम्मका जनशक्तिको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

## ५. अपेक्षित उपलब्धी

कार्ययोजनाको अन्त्यमा १५ देखि २४ वर्ष उमेर समुहको साक्षरता दर ९७ प्रतिशत पुगेको हुनेछ। कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाहरुको सङ्ख्या १०० प्रतिशत पुगेको र आधारभूत तह कक्षा १-८ को खुद भर्नादर ९९ प्रतिशत तथा माध्यमिक तह कक्षा ९-१२ को खुद भर्नादर ९७ प्रतिशत पुगेको हुनेछ। साथै, कक्षा ८ र १० को टिकाउ दर क्रमश : ९५ र ९० प्रतिशत पुगेको हुनेछ। सबै वडाहरुमा सामुदायिक अध्ययन केन्द्र स्थापना भएको हुनेछ। गुणस्तरीय प्राविधिक तथा व्यावसायिक तालिमको पहुँचका लागि आधार सुनिश्चित भएको हुनेछ।

# शैक्षिक क्षेत्रको समस्या र सुधारका लागि स्थानीय तहको भूमिका

**सुवास आले**
प्रमुख प्रशासकीय अधिकृत
सिमकोट गाउँपालिका, हुम्ला



## १. पृष्ठभूमीः

शिक्षा सिकाइ र मानवीय विकासको माध्यम हो । शिक्षा मानव जीवनको ज्योती हो । शिक्षाले मानिसलाई कुनै पनि कार्य गर्न वा नगर्न चेतना प्रदान गर्दछ । त्यस्तो कार्यको गुण दोषको बोध गराउँदछ । मानिसलाई मार्गदर्शन प्रदान गर्ने, दिशाबोध गराउने, सक्षम बनाउने र आत्मविश्वास अभिवृद्धि गराउने कार्य शिक्षाले नै गर्दछ । मानव जीवनमा शिक्षाको महत्व कति छ भनेर कुनै तराजुमा जोख्न वा नाप्न सकिन्न, यो त मान्छेको जीवनलाई सार्थक बनाउने अनिवार्य अवयव हो ।

नेपालमा प्राचीनकाल देखि नै शिक्षा चलनचल्तीमा आएको पाइन्छ । वेद, गीता, पुराण जस्ता ग्रन्थले यसलाई पुष्टि गर्छन् । प्राचीन समयमा यी धार्मिक संग्रह र बुद्ध दर्शन शिक्षा र ज्ञानका प्रमुख स्रोत थिए। मान्छेले शिक्षा विभिन्न माध्यम र तरिकाबाट प्राप्त गर्दछन् । विद्यालय, विश्वविद्यालय, मदरसा गुरुकुल, बौद्धगुम्वा वा शैक्षिक संस्थाहरु औपचारिक शिक्षाका माध्यमहरु हुन् । घरपरिवार, समुदाय, कार्यस्थल वा अन्य तवरबाट अनौपचारिक रुपमा तर व्यवहारिक शिक्षा प्राप्त गर्न सकिन्छ । वास्तवमा बच्चाले पहिलो शिक्षा आमाबाबु र घरपरिवार र समाजबाट नै प्राप्त गर्दछ ।

सन् १८५३ मा जंगबहादुर राणाले बेलायतको भ्रमण गरेपछि अंग्रेजी शिक्षाबाट प्रभावित भई सुरुमा केवल आफ्ना छोराछोरी भाइ भारदारलाई मात्र शिक्षा दिने उद्देश्यले वि सं १९१० असोज २७ गते अंग्रेजी प्राथमिक विद्यालयको स्थापना गरेपछि नेपालमा औपचारिक शिक्षाको सुरुवात भएको इतिहास पाइन्छ । सन् १९०१ मा राणा प्रधानमन्त्री देव शमशेरले लगभग २०० विद्यालयहरु स्थापना गरी आम-नेपालीलाई शिक्षा क्षेत्र खुल्ला गरे तर छोटो समयमै पदबाट हटेकाले ती सम्पूर्ण विद्यालयहरु बन्द भए । सन् १९५१ को प्रजातन्त्रसँगै नेपालमा शैक्षिक क्षेत्रको विकासमा राज्यले लगानी गर्न थाल्यो । शिक्षालाई राज्यले प्रजातन्त्र संस्थागत गर्न तथा आधुनिक राज्यको विकास गर्न अपरिहार्य आवश्यकताका रुपमा ध्यान दिन थाल्यो । एकातिर राज्यले शिक्षाको विस्तारमा लगानी गर्यो भने अर्को तिर आम जनसमुदाय पनि विद्यालय खोल्ने र बालबालिकाहरुलाई शिक्षा दिने कार्यमा सक्रिय रह्यो । सन् १९५४ मा शिक्षाको विकासका लागि नेपाल सरकारले अमेरीकी सरकारको वैदेशिक सहायतामा "राष्ट्रिय शिक्षा योजना आयोग" गठन गरी शिक्षा प्रणालीको आधार तयार पार्यो । सन् १९९२ तथा १९९९ मा राष्ट्रिय शिक्षा आयोगहरु गठन भए र विभिन्न सुझावहरु पेश भए । यस्ता आयोगहरुको सुझावका आधारमा शिक्षा क्षेत्र आगाडि बढ्यो तर सुधार र राम्रो नतिजा भने कहिल्यै हात परेन । सन् २००० पश्चात सहस्राब्दी विकास लक्ष्य भनेर शिक्षामा थप सुधारका लागि नयाँ कार्यक्रमहरु आए । सरकारले विभिन्न दातृ नियोगहरुसँग मिलेर विद्यालय शिक्षामा विभिन्न कार्यक्रम र योजनाहरु ल्यायो । सबैका लागी शिक्षा, विद्यालय क्षेत्र सुधार कार्यक्रम, शिक्षाका लागी खाना जस्ता भिन्न भिन्न कार्यक्रमहरु आए । विद्यालय क्षेत्र तथा शिक्षा सुधारका लागी भएका कार्यक्रमहरुले निश्चित उदेश्य प्राप्त गर्न भने सकेनन् ।

## २. नेपालको शैक्षिक क्षेत्रका समस्याः

नेपालको शिक्षा विकासमा संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारको भूमिकालाई संविधानमै उल्लेख गरिएको छ । त्यसका अलावा नीजि क्षेत्र, विभिन्न गैरसरकारी संघ-संस्था र परियोजनाहरु क्रियाशील छन् । तापनि नेपालको शिक्षाको गुणस्तर क्रमिक रुपमा किन खस्किरहेको छ ? युवाहरुमा नेपाली शिक्षा प्रणालीमा किन विश्वास छैन ? लाखौँको संख्यामा नेपाली  विद्यार्थीहरु गुणस्तरीय शिक्षा र रोजगारीको खोजीमा विदेशिएका छन् । यसरी विदेशिने विद्यार्थीको संख्या वर्षैपिच्छे बढ्दो क्रममा छ । युवा विद्यार्थी विदेशिदा केबल विद्यार्थी मात्रै विदेशिएको छैन सँगसँगै शिक्षित युवा जनशक्ति र अर्बौं रुपैयाँ पनि विदेशिएको छ । नेपालमा शिक्षामा आमूल परिवर्तन आवश्यक छ तर यसलाई के कुराले रोकेको छ ?

### दूरदृष्टिको अभाव

देशको सन्तुलित विकास गर्न वर्तमान र भविष्यको लागि के-कस्ता दक्ष जनशक्ति आवश्यक्ता पर्दछ र उत्पादन गर्नुपर्दछ भन्ने कुराको आंकलन गर्नु पर्ने हुन्छ । सोही आंकलनको आधारमा शिक्षा नीति, कार्यक्रम र योजनाहरु बनाई लागू गर्नुपर्दछ । तर हाम्रो देशको सन्दर्भमा वर्तमान र भविष्यका लागि कस्तो विद्यालय शिक्षा चाहिन्छ भन्ने सवालमा  राज्यको स्पष्ट धारणा नै छैन ।

### नीतिगत अस्पष्टता

एकातिर विद्यालय शिक्षा विकासको लागि उपयुक्त नीतिको अभाव छ भने अर्कोतिर बनाइएका नीति नियमहरु पनि कार्यान्वयन हुन सकिरहेको छैन । विद्यालय समुदायमा हस्तान्तरण, विद्यालय व्यवस्थापन समिति गठन, शिक्षक अभिभावक संघको गठन, जिल्ला शिक्षा समिति, विद्यालय क्षेत्र सुधार कार्यक्रम, विद्यालय क्षेत्र विकास कार्यक्रम, शिक्षण अनुमतिपत्र तथा प्रधानाध्यापक नियुक्ति, विद्यालयको संरचनागत तह (आ.वि. तथा मा.वि. तह ) आदि विषयमा पनि नीतिगत स्पष्टता पाइदैन ।

यति मात्र होइन स्थानीय सरकार, शिक्षा विकास तथा समन्वय इकाई, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्षेत्रको सन्दर्भमा पनि नीतिगत स्पष्टताको खाँचो देखिन्छ । स्थानीय सरकारले कानुनी र प्राविधिक सहयोग नपाउँदा आफ्नो कार्यक्षेत्रको पहिचान गर्न सकिरहेको छैन । यस्तो अवस्थामा हरेक संस्था तथा निकायले आफ्नो अनुकुल नीतिको व्याख्या गर्ने प्रवृत्ति बढेको छ जसले गर्दा शैक्षिक निकायहरु बीचको समन्वयमा समेत समस्या देखिएको छ ।

### अनुपयुक्त दरबन्दी

दरबन्दी मिलानको समस्या शैक्षिक क्षेत्रको विकराल समस्याको रुपमा देखा परेको छ । कहीँ विद्यार्थी अत्यन्त कम छन् तर विषयगत शिक्षकहरु प्रशस्त छन् भने कहीँ विद्यार्थीको चाप अत्याधिक छ तर विषयगत शिक्षकहरुको व्यवस्था गर्न सकिएको छैन । मूलतः सदरमुकाम तथा सुविधायुक्त क्षेत्रमा शिक्षकहरु दरबन्दी भन्दा बढि संख्यामा कार्यरत छन् भने ग्रामीण क्षेत्रका विद्यालयहरु शिक्षकको अभावमा समस्यामा परेका छन् ।

## नीति तथा कार्यक्रम निर्माणमा समन्वयको अभाव

शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाउनको लागि सम्पूर्ण सरोकारवालाहरुलाई संलग्न गराउने र सबैको विचारको कदर गर्ने परिपाटी अहिले सम्म विकास हुन सकेको छैन । खासगरी नयाँ शैक्षिक कार्यक्रम सरकारले ल्याउँदा शिक्षकका प्रतिनिधिमूलक संघ-संस्थाहरुलाई विश्वासमा लिने कार्य नहुँदा थुप्रै सरकारी कार्यक्रमहरु असफल भएका छन् । राजनीतिक व्यवस्थाको संरचनात्मक परिवर्तनले गर्दा विद्यालय क्षेत्र विकास योजनाको भविष्य के हुने हो भन्ने कुरा अनिश्चित भएको छ । शिक्षा सम्वन्धी नयाँ नीति तथा कार्यक्रम लागू गर्नु पूर्व सरकार, शिक्षाविद् शिक्षकका प्रतिनिधिमूलक संघ-संस्थाहरु लगायत अन्य सरोकारवालाहरु बीच उचित समन्वय हुन नसकेर पनि शैक्षिक समस्या दिन प्रतिदिन झाँगिरहेको पाइन्छ । शिक्षा सम्बन्धि नयाँ ऐन, नीति र कार्यक्रम निर्माण गर्दा बेला बेलामा सडकमा देखिने शिक्षकहरुको असन्तुष्टीले हाम्रो समन्वयको अवस्थालाई उजागर गर्दछ ।

## चरम राजनीतिक हस्तक्षेप

विद्यालय व्यवस्थापन समिति गठन, प्रधानाध्यापक र शिक्षकहरुको नियुक्ति, दरबन्दी वितरण देखि शिक्षक सरुवा बढुवा र विद्यालय अनुदान वितरणमा समेत ठाडो राजनीतिक हस्तक्षेप हुने गरेको देखिन्छ । जसले गर्दा अवसर र सुविधाको समान वितरण हुन सकेको छैन । यस्तो प्रवृत्तिले सन्तुलित शिक्षा विकास हुनुको साटो सिंगो शैक्षिक प्रणाली अस्तव्यस्त भएको मात्रै छैन राजनीतिको क्रिडास्थलका रुपमा विकास भएको देखिन्छ ।

## कमजोर प्रशासनिक अवस्थाः

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा विकास तथा समन्वय इकाई, प्रदेशमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद शाखा, विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समितिबाट नेपालको शैक्षिक प्रशासन सञ्चालित छ । संघीय शासन प्रणाली अबलम्वन पश्चात माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकाद्धारा सञ्चालन हुने प्रावधान राखिएको छ । दक्ष, तालिम प्राप्त, प्रशासनिक ज्ञान एवं नेतृत्वसीप भएका व्यक्तिहरुको साटो सोर्स फोर्स र राजनीतिक भागबण्डाको कारण कमजोर तथा प्रशासनिक क्षमता दयनीय भएको व्यक्तिलाई प्रशासनिक जिम्मा लगाइँदा शिक्षा विकासले अपेक्षित गति लिन सकेको छैन । प्रधानाध्यापकको नियुक्ति तथा अन्य महत्वपूर्ण प्रशासनिक पदमा नियुक्ति गर्दा एउटा स्पष्ट मापदण्ड तयार गरी त्यसको प्रभावकारी कार्यान्वायन गर्न नसक्दा विद्यालयको प्रशासनिक अवस्था अस्तव्यस्त बनेको छ ।

## अव्यवहारिक पाठ्यक्रम

पाठ्यक्रम सिकाइको योजना हो । पाठ्यक्रमले सिकारुको चाहना, समाजको सपना र राष्ट्रको आवश्यकता पुरा गर्नुपर्दछ । राष्ट्रलाई विभिन्न क्षेत्रमा आवश्यक पर्ने जनशक्ति पूरा गर्न उपयुक्त र सान्दर्भिक पाठ्यक्रमको आवश्यकता पर्दछ । विज्ञान र प्राविधिसँग सम्बन्धित, नेपाली माटो अनुकूलको गुणस्तरीय, वैज्ञानिक, व्यावसायिक तथा नेपालमा विद्यमान साधन र स्रोतको पहिचान एवं परिचालन गर्न सक्ने पाठ्यक्रमबाट मात्र राष्ट्रले अपेक्षा गरेको जनशक्ति प्राप्त गर्न सकिन्छ । तर हाम्रा विद्यालय पाठ्यक्रमहरु बढी परम्परागत र सैद्धान्तिक प्रकृतिका भएकाले यसले शिक्षा विकासमा खासै योगदान पुऱ्याउन नसकिरहेको अवस्था छ । स्थानीय आवश्यकता तथा

सम्भावनाहरुको समुचित पहिचान गरेर सोही अनुरुपको पाठ्यक्रम निर्माण गर्न नसक्दा केन्द्रीय पाठ्यक्रमलाई निर्विकल्प रुपमा उपयोग गर्ने परम्परा पनि कायमै छ । यस्तो अवस्थामा स्थानीय आवश्यकता पनि सम्बोधन हुन सकेको देखिदैन ।

**स्पष्ट कार्ययोजनाको अभाव**

संविधानले स्थानीय सरकार, प्रादेशिक सरकार र केन्द्रीय सरकारको शिक्षा सम्बन्धी कार्यक्षेत्र स्पष्ट गरिसकेको भएपनि हाम्रो शैक्षिक गन्तव्य कहाँ हो ? कुन तहले के के काम गर्ने ? भनेर स्पष्ट कार्ययोजना बन्न सकेको छैन । कतिपय अवस्थामा एउटै काममा तीनै तहका सरकारको संलग्नता र उपस्थिति देखिने गरेको छ भने कतिपय काममा कसैको पनि संलग्नता र उपस्थिति देखिदैन ।

## ३. शैक्षिक विकासका लागि स्थानीय तहले खेल्नुपर्ने भूमिकाः

नेपालको संविधानको धारा ३१ मा शिक्षासम्बन्धि हकलाई मौलिक हकका रुपमा परिभाषित गर्दै प्रत्येक नेपाली नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षालाई निःशुल्क हुने व्यवस्था गरिएको छ भने अनुसूची ८ मा आधारभूत र माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहको अधिकारको रुपमा राखिएको छ ।

हरेक स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखाले शिक्षा सम्बन्धी कार्य गर्दै आएको छ । केही स्थानीय तहले सार्वजनिक शिक्षाको विकासमा अनुकरणीय कार्य गरेको देखिए पनि अधिकांश स्थानीय तहमा सार्वजनिक शिक्षाको गुणस्तर दिन प्रतिदिन खस्कदो छ । सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न स्थानीय तहले देहायबमोजिमको भूमिका निर्वाह गर्नुपर्ने देखिन्छः-

**उपयुक्त शिक्षा नीति र प्रभावकारी कार्यान्वायन**

अधिकांश स्थानीय तहले आफ्नो नीति निर्माण गर्दा बाह्य स्रोत परिचालन गर्ने गरेको पाइन्छ । यसरी बाह्य स्रोत परिचालन गर्दा स्थानीय तहको वस्तुगत आवश्यक्ता र उपयुक्तता पहिचान नहुन सक्दछ । कतिपयले त हुबहु अर्काको नक्कल गर्ने गरेको समेत पाइन्छ । कतिपयले अझैसम्म नीति नै नबनाएको पनि भेटिन्छ भने कतिपयमा बनेको नीति कार्यान्वयनको अवस्था ज्यादै कमजोर छ । स्थानीय तहले आफ्नो आवश्यक्ता र उपयुक्ततालाई ध्यानमा राखि शिक्षा नीति बनाई त्यसको प्रभावकारी कार्यान्वायन नगर्दासम्म अपेक्षित लाभ हाँसिल हुँदैन ।

**उपयुक्त पाठ्यक्रम निर्माण र शैक्षिक कार्यक्रम**

नेपाल भौगोलिक, जातीय, भाषिक, धार्मिक, सांस्कृतिक हिसाबले विविधतापूर्ण मुलुक हो । भूगोल, रहनसहन, संस्कृति, समुदाय र वातावरण अनुसार विद्यार्थीहरु फरक-फरक परिवेश र पृष्ठभूमीमा हुर्केका हुन्छन् । फरक-फरक परिवेशमा हुर्केका विद्यार्थीको मानसिक विकासको अवस्था र क्षमता पनि फरक-फरक हुन्छ । त्यसैले सबै ठाउँ र परिवेशमा एकै खालको शिक्षा नीति, पाठ्यक्रम, शिक्षण विधि र माध्यम भाषा उपयुक्त नहुन सक्छ । भाषिक समुदायलाई मध्यनजर गरेर स्थानीय भाषामा स्थानीय विद्यार्थीले बुझ्ने गरि फरक शिक्षण विधि अपनाउनु पर्दछ ।

स्थानीय तहले आफ्नो परिवेशअनुसारको पाठ्यक्रम निर्माण गरि लागू गर्नुपर्ने हुन्छ । नेपालको संविधानले पनि स्थानीय तहलाई स्थानीय पाठ्यक्रम बनाई लागू गर्न सक्ने अधिकार प्रदान गरेको छ ।
अर्कोतर्फ, नेपालको वर्तमान शिक्षा नीति र शैक्षिक कार्यक्रम सोलोडोलो देशभरिकै लागि एउटै छ । विविधताले भरिएको देशैभरी एउटै शिक्षा नीति र उस्तै शैक्षिक कार्यक्रम लागू गरेर अपेक्षित नतिजा हाँसिल हुन सक्दैन ।

## उपयुक्त शैक्षिक वातावरण निर्माण

कुनै पनि कार्य सही ढंगले सम्पन्न गर्नको लागि उचित वातावरणको आवश्यक्ता पर्दछ । त्यस्तै गरि सिक्न,  सिकाउन र शैक्षिक सीपहरूको विकास गर्नका लागि उपयुक्त किसिमको शैक्षिक वातावरण आवश्यक पर्दछ । शिक्षा क्षेत्र त झनै दूरगामी लगानीको क्षेत्र हो । जसरी व्यावसायबाट निश्चित प्रतिफल प्राप्त गर्न उचित व्यावसायिक वातावरण निर्माण आवश्यक पर्दछ त्यस्तै गरि शिक्षामा गरेको लगानीबाट प्रतिफल प्राप्त गर्न उचित वातारणको आवश्यक्ता पर्दछ । समुचित शैक्षिक योग्यताको वातावरण भावनात्मक एकता र सुरक्षा, औपचारिक तर सुमधुर शिक्षक विद्यार्थी अन्तरक्रिया, शैक्षिक संस्थाको उत्कृष्ट साङ्गठनिक तथा शैक्षिक प्रणाली, अनुशासन, मर्यादा, नैतिकता, नियमितता जस्ता आचारसंहिताको पूर्ण पालनाले नै विद्यार्थीको समग्र व्यक्तित्व निर्माणमा ठूलो योगदान पुऱ्याउन सक्दछ । आफ्नो क्षेत्रभित्र शैक्षिक वातारण निर्माण गर्न स्थानीय तहको अहम् भूमिका रहन्छ ।

## शिक्षक दरबन्दी मिलान

साधारणतया विद्यालयमा पठनपाठन हुने तह विद्यार्थीको अनुपात र आवश्यक्ताको आधारमा विद्यालयमा शिक्षकको दरबन्दी हुनुपर्दछ । तर पहुँचका आधारमा कतै अनावश्यक दरबन्दी खडा गरिएको र कतै आवश्यक दरबन्दी नभएको अवस्था छ । दरबन्दी अभावका कारण सबै विषय र तहमा एउटै शिक्षकले अध्यापन गराउनु पर्ने एकभन्दा बढी कक्षाका विद्यार्थीलाई एउटै कक्षामा सँगै राखेर पढाउनुपर्ने लगायतका समस्याहरु बग्रेल्ती छन् । आवश्यक्ताको आधारमा शिक्षक दरबन्दी मिलान बिना शिक्षामा प्रतिफलको आशा गर्नु आकाशको फल कुर्नु सरह हो ।

## शिक्षकको क्षमता, आत्मविश्वास र उत्प्रेरणा अभिवृद्धि

नेपालको अधिकांश सार्वजनिक सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको क्षमता अभिवृद्धिमा सम्बन्धित निकायले खासै ध्यान दिएको पाँइदैन । शिक्षकको क्षमता, आत्मविश्वास र उत्प्रेरणा अभिवृद्धिका कार्यक्रमहरु निरन्तर र नियमित रुपमा आवश्यक पर्दछ । शिक्षकहरुलाई उचित प्रोत्साहन, पुरस्कार र कार्यसम्पादनमा आधारित थप भुक्तानीको व्यवस्था गरिनु पर्दछ ।

## न्यून आर्थिक अवस्थाका विद्यार्थीलाई छात्रवृत्ति र उच्च शिक्षाको अवसर

नेपालको संविधानले आर्थिक रुपले पछाडी परेको र अपाङ्गता भएका नागरिकलाई निःशुल्क रुपमा उच्च शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । संविधानले सुनिश्चित गरेको यस्तो अधिकारबाट सम्बन्धित विद्यार्थीलाई लाभ पुऱ्याउने मुख्य जिम्मेवारी र भूमिका स्थानीय तहको हुन्छ । विपन्न विद्यार्थीलाई छात्रवृत्ति, शैक्षिक सामाग्री वितरण, उच्च शिक्षाका लागि प्रोत्साहन, पुरस्कार र अवसर सिर्जना तथा विपन्न विद्यार्थीको अविभावक वा

संरक्षकलाई जीवनस्तर सुधार र सहारा विहीन विद्यार्थीको पालनपोषण संरक्षण र शिक्षादिक्षा समेतको स्थानीय तहले सुनिश्चित गर्नुपर्दछ ।

**व्यवहारिक, रोजगारमूलक र प्राविधिक शिक्षामा जोड**

पछिल्लो समय विभिन्न विषयमा उच्च शिक्षा हाँसिल गरेका युवाहरु बेरोजगार बस्नुपरेको वा रोजगारीको खोजीमा विदेशतिर भौतारिनु परेको यथार्थता हामी सबैको सामु छ । अर्कोतिर, स्वदेशमा प्राविधिक र दक्ष जनशक्तिको अभावमा हाम्रा कतिपय कामहरुमा विदेशी जनशक्तिलाई महँगो पारिश्रमिक दिनुपरेको छ । यसले हाम्रो शिक्षा व्यवहारिक र रोजगारमूलक नभएको पुष्टि गर्दछ । त्यसैले अब सैद्धान्तिक शिक्षा भन्दा व्यवहारिक र प्राविधिक शिक्षामा हामीले जोड दिन ढिला गर्नुहुँदैन ।

**राजनीतिक हस्तक्षेपको अन्त्य**

नेपालको सार्वजनिक शिक्षाको सबैभन्दा ठूलो समस्या राजनीतिक हस्तक्षेप हो । विद्यालय व्यवस्थापन समितिको गठन, प्रधानाध्यापक नियुक्ति, शिक्षक नियुक्ति, जिम्मेवारी बाँडफाँड र सरुवा गर्दा चरम राजनीतिकरण हुने गरेको छ । जबसम्म राजनीतिक हस्तक्षेपको अन्त्य गरि योग्यता, क्षमता र अनुभवको आधारमा जिम्मेवारी बाँडफाँड गर्ने परिपाटीको विकास हुँदैन तबसम्म शिक्षा क्षेत्रको आमूल परिवर्तन र सुधार सम्भव छैन ।

**४. अन्त्यमा,**

नेपालको सार्वजनिक शिक्षाको विकासमा यी यावत समस्याहरु र अवरोधहरु छन् । यद्यपी केही सकारात्मक र अनुकरणीय प्रयासहरु पनि भएका छन् । सङ्घीय शासन प्रणालीको मर्म अनुरुप संघ, प्रदेश र स्थानीय तीनै तहको भूमिकालाई संविधानमै प्रष्ट उल्लेख गरिएको छ । माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा नागरिकलाई प्राप्त हुने प्रत्याभूती सहित संविधानमा मौलिक हकको रुपमा समेटी राज्यको अनिवार्य दायित्व अन्तरगत राखिएको छ ।
विद्यालय दिवा खाजा कार्यक्रम, छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड वितरण, बाल विकास कार्यक्रम, पुस्तकालय तथा विज्ञान प्रयोगशाला, सुविधासम्पन्न र अपाङ्गमैत्री संरचना, शौचालय र खानेपानी, खेलकुद, छात्रवृत्ति लगायतका कार्यक्रमहरु मार्फत विद्यार्थीको सर्वाङ्गीण विकासमा तीनै तहका सरकारले लगानी बढाउँदै लगेको देखिन्छ ।
स्थानीय सरकार जनताको सबैभन्दा नजिक र पहुँचको सरकार हो । स्थानीय विद्यार्थीको समस्या र आवश्यक्ताको सबैभन्दा जानकार पनि स्थानीय सरकार नै हो । आजको विद्यार्थीको भविष्य कस्तो निर्धारण गर्ने भन्ने कुरामा पनि स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहन्छ । शिक्षा क्षेत्रको समस्या समाधान र गुणस्तर अभिवृद्धिमा स्थानीय सरकारको भूमिका अथाह छ । स्थानीय सरकारसामु अनेकन् चुनौती र सम्भावनाको खानी पनि उत्तिकै देखिन्छ । स्थानीय सरकारको नेतृत्वदायी भूमिकाले मात्रै नेपालको शैक्षिक विकासमा युगान्तकारी परिवर्तन सम्भव छ ।

# नेपालमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइः विगत, वर्तमान र भविष्य



**निलकण्ठ ढकाल**
निर्देशक
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

***लेखसार***

अनौपचारिक शिक्षाको क्षेत्र बृहत छ । अनौपचारिक शिक्षालाई साक्षरता र जिवनपर्यन्त शिक्षा सँग मात्र सिमित नराखी अबका दिनमा औपचारिक, अनौपचारिक र अनियमित शिक्षा बीच अन्तरसम्बन्ध स्थापित गर्दै अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञान, सीप, दक्षता र योग्यताको समकक्षता, गतिशिलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नुपर्ने देखिन्छ । साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेशा एवम् व्यावसाय, सामाजिक जिवन र सहभागिता सँग आवद्ध गर्दै अनौपचारिक, खुला र परम्परागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा आवद् गरी औपचारिक विद्यालयको शिक्षाको समकक्षी बनाउने नीति रहेको छ । त्यसै गरी आगामी दिनमा खुला शिक्षाको अवसर बढाउनको लागि विद्यालय तथा खुला शिक्षण सस्थाको विकास गर्दै खुला विद्यालय तथा विश्वविद्यालयका विद्यार्थीहरुलाइ लक्षित गरि मुद्रित, मल्टिमिडिया र अनलाइनमा आधारित सिकाइ सामाग्रीको विकास गर्नुपर्ने देखिन्छ ।

### १. विषय प्रवेशः

सिकाइ निरन्तर चलिरहने प्रक्रिया हो । शिक्षा प्राप्त गर्नु व्यक्तिको नैसर्गिक एवम् जन्मसिद्ध अधिकार हो । शिक्षालाई व्यक्तिको मौलिक अधिकार एवम् मानवअधिकारको रुपमा लिइन्छ । शिक्षा अधिकारमा आधारित हुनुपर्दछ भनि सर्वप्रथम युनेस्कोद्वारा अधिकारमा आधारित शिक्षाको अवधारणाको सुरुवात गरिएको हो । अधिकारमा आधारित शिक्षाले शिक्षामा पहुँचको अधिकार, गुणस्तरीय शिक्षामा अधिकार र सिकाइ वातावरणमा सम्मान गर्ने अधिकार राख्दछ । शिक्षा सर्वसुलभ, पहुँचयोग्य, स्वीकारयोग्य र अनुकुलनयोग्य भएमा मात्र शिक्षामा सामाजिक न्याय कायम हुन जान्छ । समाजमा व्यक्तिले विभिन्न औपचारिक, अनौपचारिक तथा अरितिक माध्यबाट विभिन्न साधन तथा प्रविधिहरुको प्रयोग गरी शिक्षा प्राप्त गरिरहेका हुन्छन् । औपचारिक शिक्षाले मात्र व्यक्तिका इच्छा, चाहना तथा आवश्यकताहरुको पूर्ति गर्न सक्दैन । अनौपचारिक शिक्षाको माध्यबाट पनि व्यक्तिले अन्तरनिहित प्रतिभाको प्रष्फुटन गर्दै व्यक्तित्व विकासका सम्भावनाहरुलाई अगाडि बढाउने अवसर प्राप्त गरिरहेको हुन्छ । तसर्थ अनौपचारिक शिक्षालाई औपचारिक शिक्षाको जननीको रुपमा लिइन्छ ।

### २. नेपालमा अनौपचारिक शिक्षाको विगतको अवस्थाः

नेपालमा प्राचीन कालमा औपचारिक शिक्षाको थालनी नहुँदै अनौपचारिक शिक्षाका विभिन्न आयाम र अभ्यासहरू प्रचलनमा थिए । वि. स. २००४ सालमा आधार शिक्षाको सुरुवात सँगै आधारभूत साक्षरता कार्यक्रम सञ्चालनमा

आएको पाइन्छ । वि. स. २०१३ मा नेपालमा पहिलोपटक अनौपचारिक शिक्षा अन्तर्गत प्रौढ शिक्षाको सुरुवात भएको थियो । राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ ले प्राथमिक तहको उद्देश्य साक्षर वनाउने र प्रौढ शिक्षालाई साक्षरता फैलाउने र कार्यमुलक प्रौढ साक्षरता गरी २ भागमा विभाजन गरी प्रौढ शिक्षाका कार्यक्रम सञ्चालन गरेको पाइन्छ । त्यसै गरी राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले साक्षरता अभियानका लाग सरकारले नियमित कोषको अलवा एक अतिरक्त कोष खडा गर्ने र केन्द्रिय तहमा रहेको प्रौढ शिक्षा शाखालाई अनौपचारिक शिक्षा महाशाखामा रुपान्तरण गरी सोही बमोजिम जनशक्तिको व्यवस्थापन गर्नुपर्ने सुझाव दिएको थियो ।

वि. सं. २०१३ सालदेखि सुरु भएको पञ्चवर्षीय योजना हुँदै पन्ध्रौ योजनाको अन्तयसम्म आइपुग्दा सरकारले साक्षरता, वैकल्पिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका क्षेत्रमा उल्लेख्य लगानी गरेको पाईन्छ । वि सं २०४५, वि सं २०६५ र वि सं २०६९ साल गरी तिन चरणमा सात वर्षसम्म राष्ट्रिय अभियानका रूपमा प्रौढ साक्षरता कार्यक्रम सञ्चालन गरियो । सन् २००० देखि सहश्राब्दी विकासका लक्ष्य र सबैका लागि शिक्षा जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् राष्ट्रसङ्घीय घोषणा अन्तर्गत ठुलो राशीको वैदेशिक सहायता परिचालन गरी अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गरिए । वि सं २०५६ सालमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना भए पश्चात आधारभूत प्रौढ साक्षरता, निरन्तरता शिक्षा, जिवनपर्यन्त शिक्षा सामुदायिक सिकाइ केन्द्र सञ्चालन एवम् व्यवस्थापन, अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक विद्यालय जस्ता कार्यक्रमहरु व्यापक रुपमा सञ्चालन गरिए । वि सं २०७० सालमा साक्षर जिल्ला घोषणा अभियान, आ व २०७१/०७२ लाई निरक्षरता उन्मूलन वर्षको रुपमा मनाउने सम्मका कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन भए ।

अनौपचारिक शिक्षालाई व्यवस्थित ढंगबाट सञ्चालन गर्ने उद्देश्यले अनौपचारिक शिक्षा नीति २०६३, अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका २०६४, अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ कार्यक्रम कार्यान्वनय पुस्तिका २०७२, साक्षर नेपाल अभियान (२०६९ -२०७२) अवधारणा पत्र, राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५, प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका २०६५, निर्माण गरी कार्यान्वयन गरियो । राष्ट्रिय नीति २०७६ स्वीकृत पश्चात हाल अनौपचारिक शिक्षा नीति २०६३ खारेज गरिएको छ । कतिपय निर्देशिकाहरुलाई विद्यामान नीति अनुरुप खारेज तथा अद्यावधिक गर्नुपर्ने अवस्था छ । मुलुकमा सङ्घीयताको कार्यान्वयन पश्चात अनौपचारिक शिक्षा केन्द्र खारेज भएको र हाल अनौपचारिक शिक्षा केन्द्रले गर्दै आएका कार्यहरु शिक्षा तथा मानवस्रोत विकास केन्द्रको अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखाबाट सम्पादन हुँदै आएका छन् ।

### ३. नेपालमा अनौपचारिक शिक्षाको वर्तमान नीतिगत अवस्थाः

क. संवैधानिक प्रावधान

- राज्यका नीति भित्र शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमुलक, रोजगारमुलक एवम् जनमुखी बनाउने र नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सुचना केन्द्र र पुस्तकालयको स्थापना गर्ने ।

ख. राष्ट्रिय शिक्षा नीति २०७६

- नेपाललाई पूर्ण साक्षर तुल्याई अनौपचारिक, बैकल्पिक, परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ सस्कृतिको विकास गर्नु (उद्देश्य)।
- औपचारिक, अनौपचारिक र अनियमित शिक्षा बीच अन्तरसम्वन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशिलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्ने (उद्देश्य)।
- साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाइ पेशा एवम् व्यावसाय, सामाजिक जिवन र सहभागिता सँग आवद्ध गर्ने (रणनीति)।
- औपचारिक तथा अनौपचारिक रुपमा प्राप्त गरेको सिपको परीक्षण र प्रमाणिकरण गर्ने व्यवस्था मिलाउने (रणनीति)।
- अनौपचारिक, खुला र परम्परागत विद्यालयबाट प्रदान गरिने शिक्षालाइ राष्ट्रिय शिक्षा प्रणालीमा आवद्द गरी औपचारिक विद्यालयको शिक्षाको समकक्षी वनाउने (नीति)।
- साक्षर नेपाल घोषणा गरी शिक्षित नेपाल वनाउनमा केन्द्रीत आजीवन सिकाइका कार्यक्रमहरु सञ्चालन गरिनेछ (कार्यनीति)।
- खुला शिक्षाको अवसर बढाउनको लागि विद्यालय तथा खुला शिक्षण सस्थाको विकास गरिने र खुला विद्यालय तथा विश्वविद्यालयका विद्यार्थीहरुलाइ लक्षित गरी मुद्रित, मल्टिमिडिया र अनलाइनमा आधारित सिकाइ सामाग्रीको विकास गरिनेछ (कार्यनीति)।
- खुला तथा दुर शिक्षाका कार्यक्रमहरु सञ्चालनमा सुचना तथा सञ्चार प्रविधिको प्रयोगलाइ बढावा दिदै यसलाइ थप प्रभावकारी बनाउन छुट्टै शैक्षिक रेडियो तथा टेलिभिजनहरुको सञ्चालन गरिनेछ (कार्यनीति)।

ग. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५

- विद्यालयमा भर्ना भै नियमित रुपमा अध्यन गर्न नसक्ने वालवालिकाहरुलाई माध्यमिक तह सम्मको शिक्षा अनौपचारिक वा खुला विद्यालयबाट प्रदान गर्न सकिनेछ।
- नेपाल सरकारले स्थानीय तह मार्फत माध्यमिक शिक्षा प्रदान गर्नका लागि आवश्यकताको आधारमा अनौपचारिक र खुला विद्यालय स्थापना एवम् सञ्चालन गर्न पाउने व्यवस्था।

घ. अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी नियमावली २०७७

- माध्यमिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिलाइ लक्षित गरी कक्षा ९ देखि कक्षा १२ सम्म सम्मको माध्यमिक शिक्षा अनाौपचारिक वा खुला विद्यालयबाट दिइने छ।
- अनौपचारिक तथा खुला विद्यालय शिक्षाका कार्यक्रमहरु देहाय वमोजिम सञ्चालन हुनेछन्।

क) कक्षा ८ सरहको शिक्षा पुरा गरी २ वर्षको अवधि व्यतित गरेका व्यक्तिलाइ लक्षित गरी कक्षा १० सरहको १ वर्षे कार्यक्रम।

ख) कक्षा १० सरहको शिक्षा पुरा गरी २ वर्षको अवधि व्यतित गरेका व्यक्तिलाइ लक्षित गरी कक्षा १२ सरहको १ वर्षे कार्यक्रम।

ङ. पन्ध्रौ योजना

- सिकाइका सवै विधि र मार्गहरू खुला गर्दै राष्टिय योग्यता प्रणालीको माध्यमबाट साधारण शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका गतिशिलता र पारगम्यताको सिद्धान्तका आधारमा शिक्षा, तालिम, सिप र सिकाइको योग्यता निर्धारण गर्ने (रणनीति)।
- औपचारिक, अनौपचारिक र अरितिक माध्यमबाट सिकाइ सुनिश्चित गर्ने गरी सिकाइ सबै विधि र मार्गहरु खुला गर्न राष्ट्रिय योग्यता प्रणाली विकास गरी अनौपचारिक क्षेत्रमा विद्यमान सिपहरुको अभिलेखीकरण, सिप परीक्षणा र प्रमाणिकरणका लागि कार्यविधि, प्रक्रिया र सयन्त्रहरुलाई सृदृढ गरिनेछ (कार्यनीति)।
- पठन संस्कृतिको विकास तथा जिवनपर्यन्त शिक्षाका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास गरी प्रदेश र स्थानीय तहमा आधारभूत सुविधा सहितको पुस्तकालय र विद्युतीय पुस्तकालय सेवा विस्तार गर्ने व्यवस्था मिलाइनेछ (कार्यनीति)।

च. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६

- राष्ट्रिय पाठ्यक्रम प्रारूपको औचित्यको रूपमा विद्यार्थी मुल्यांकन, प्रमाणीकरण, समकक्षता तथा राष्ट्रिय योग्यता प्रारूप सम्बन्धी कार्यहरूलाई व्यवस्थित र प्रभाकारी बनाउनु।
- राष्ट्रिय पाठ्क्रम प्रारूप र राष्ट्रिय योग्यता प्रारूप बीच सामन्जस्यता कायम गरिनेछ।
- औपचारिक शिक्षामा प्रवेश गर्न चाहने विद्यार्थीलाइ उपयुक्त मूल्यांकन प्रक्रियाबाट राष्ट्रिय शिक्षाको मुलधारमा ल्याउन राष्टिय योग्यता प्रारूपले व्यस्था गरे अनुसार योग्यता परीक्षण गरिनेछ।

छ. विद्यालय क्षेत्र विकास कार्यक्रम

- राष्ट्रिय योग्यता प्रारूप र राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको विकास तथा कार्यान्वयन गर्ने।
- औपचारिक शिक्षाबाट हासिल योग्यताहरूको राष्ट्रिय योग्यता प्रारूपमा प्रतिविम्वन गर्ने।
- युवा तथा प्रौढहरुमा कार्यमुलक साक्षरताको अभिवृद्धि गर्नु र पढ्ने वानीको विकास गराउनु मुख्य लक्ष्यको रुपमा लिएको।
- साक्षरता र जिवनपर्यन्त सिकाइका लागी प्रमुख संयन्त्रको रुपमा सासिकेहरुलाई लिएको।

ज. दिगो विकास लक्ष्य

- सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने (लक्ष्य ४)।

**४. नेपालका अनौपचारिक शिक्षाको भविष्यको बाटोः**

नेपालको संविधानले प्रत्येक नागरिकका लागि आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने र माध्यमिक तहको शिक्षा निःशुल्क हुने गरी गरी मौलिक हकको व्यवस्था गरेको। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत र माध्यमिक शिक्षा सहित अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, अभिभावक शिक्षा, सामुदायिक सिकाइ केन्द्र आदिको सञ्चालन एवम् व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिएको छ। आगामी दिनमा अनौपचारिक शिक्षाको क्षेत्र विस्तार र नीतिगत व्यवस्थाहरुलाई कार्यान्वयन गर्नको लागि देहायका विषयहरुलाई कार्यान्वयन गर्दै लैजानुपर्ने देखिन्छ।

क) मन्त्रिपरिषदबाट राष्ट्रिय योग्यता प्रारूप स्वीकृत भइसकेको छ। उक्त प्रारूपले विद्यालय तहको समकक्षी अनौपचारिक तथा वैकल्पिक शिक्षालाई ५ तह जसमध्ये आधारभूत तहलाई ३ तहमा विभाजन गरेको छ।यस प्रारूपका माध्यमबाट अनौपचारिक शिक्षा तर्फको तह १ देखि तह ३ सम्मका तहगत सक्षमता, सिकाइका क्षेत्र, सहजीकरण विधि, मूल्याङ्कन लगायत समकक्षताका विधि प्रक्रिया र पद्धतिका जस्ता विषयहरू समावेश गरी अनौपचारिक शिक्षा तर्फको राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा पेश गरिएको छ। यस प्रारुपको आधारमा तह १ देखि तह ४ सम्मका सिकाइ सामाग्रीहरु तयार गरी परीक्षण पश्चात कार्यान्वयनमा लैजाने तयारी भएको छ। आगामी दिनमा क्रमश तह ५का सक्षमताहरु विकास गरी कार्यान्वयन गर्दै जानुपर्ने अवस्था रहेको छ।

ख) औपचारिक, अनाैपचारिक र अरितिक माध्यमबाट सिकाइ सुनिश्चित गर्ने गरी सिकाइ सबै विधि र मार्गहरु खुला गर्न राष्ट्रिय योग्यता प्रणाली विकास गरी अनौपचारिक क्षेत्रमा विद्यमान सिपहरुको अभिलेखीकरण, सिप परीक्षणा र प्रमाणिकरणका लागि कार्यविधि, प्रक्रिया, र सयन्त्रहरुको निर्माण गर्नुपर्ने छ।

ग) सन् २०१६ देखि आगामी १५ वर्षसम्मका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धताको रूपमा दिगो विकासका लक्ष्य (Sustainable Development Goal-SDG) अन्तर्गत नागरिकको जीवनसँग जोडिएको योग्यतामुखी जीवनपर्यन्त शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने खालका कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वनय गर्नुपर्ने अवस्था छ।

घ) खुला शिक्षाको अवसर बढाउनको लागि विद्यालय तथा खुला शिक्षण सस्थाको विकास गर्दै खुला विद्यालय तथा विश्वविद्यालयका विद्यार्थीहरुलाइ लक्षित गरी मुद्रित, मल्टिमिडिया र अनलाइनमा आधारित सिकाइ सामाग्रीको विकास गर्नुपर्नेछ।

ङ) हाल नेपालमा ६४ जिल्लाहरु साक्षर जिल्लाको रुपमा घोषणा भै सकेका छन। बाँकी १३ जिल्लाहरुलाई पनि साक्षर घोषणा गर्ने तयारी रहेको छ। साक्षर स्थानीय तह घोषणा कार्यक्रममा स्थानीय तहको महत्वपूर्ण भुमिका रहेको छ। साक्षर नेपाल घोषणा पश्चात दोश्रो चरणका साक्षरतासँग सम्बन्धित गतिविधिहरु सञ्चालन गर्नुपनर्ने देखिन्छ।

च) विद्यमान नीतिहरुले प्राथमिकतामा राखेका कार्यक्रमहरु सञ्चलान गर्नको लागि पुराना कार्यविधि, नियम, नियमावली, निर्देशिकाहरु संशोधन गरी अद्यावधिक गर्नुपर्ने देखिन्छ।

छ) सुचना तथा सञ्चार प्रविधिको कारण आज विश्व साँघुरिदै गएको छ। तसर्थ सिकेको ज्ञानलाई प्रविधिसँग जोड्न नसकिएमा शिक्षित व्यक्ति पनि निरक्षर बन्न पुग्दछ ।साक्षरता सँग सम्बन्धित जति पनि सामाग्रीहरु छन ती सवैलाई प्रविधिमैत्री बनाउदै लैजानुपर्ने देखिन्छ।

ज) अनौपचारिक शिक्षा कार्यान्वनको तल्लो तहको इकाईको रुपमा सामुदायिक सिकाइ केन्द्र रहेका छन् । सामुदायिक सिकाइ केन्द्रहरुको सृदृढीकरण गरी श्रोत साधन सम्पन्न बनाउदै सामुदायिक सिकाइ केन्द्रहरुलाई Learning Hub को रुपमा विकास गर्नुपर्ने देखिन्छ।

## ५. निष्कर्ष:

औपचारिक शिक्षाबाट प्राप्त ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन। अनौपचारिक शिक्षाको क्षेत्र व्यापक गरी राज्यको लगानीमा वृद्धि गरिनुपर्दछ। अनौपचारिक शिक्षालाई सूचना र प्रविधिसँग जोडेर लैजानु पर्ने आजको आवश्यकता रहेको छ। आजको २१ औं शताब्दीमा विज्ञान र प्रविधिको तीव्र गतिमा विकास र विस्तार भइरहेको छ। आधुनिक प्रविधिको अधिकतम प्रयोग गरी समृद्धि ल्याउन औपचारिक शिक्षाका विषयवस्तु कतिपय सन्दर्भमा बासी भइसक्छन्। आफूमा भएका मौजुदा ज्ञान सीपलाई निरन्तर अद्यावधिक गरी सफल जीवन जीउन व्यवस्थित र सर्वसुलभ अनौपचारिक शिक्षाको विकास र विस्तार गर्नुको विकल्प छैन। जीवनपर्यन्त शिक्षा तथा सिकाइ समाज र सिकाइ संगठन जस्ता प्रौढ सिकाइका विश्वव्यापी अभ्यासको विस्तार गर्न प्रविधि साक्षरताको आवश्यकता रहेको छ। विद्यामान नीतिले प्राथमिकतामा राखेका कार्यक्रमहरुलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने सके अनौपचारिक शिक्षाको विकास, विस्तार र क्षेत्र फराकिलो हुदै जाने निश्चित छ।

## सन्दर्भ सामग्री

नेपालको संविधान
राष्ट्रिय शिक्षा नीति, २०७६
अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७
पन्ध्रौयोजना
राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६
शैक्षिक स्मारिका,२०७७
अनौपचारिक शिक्षा सम्बन्धी नीति तथा निर्देशिकाहरुको सँगालो

# लैङ्गिक र जातीय विभेदमा रुमल्लिएको हुम्ला

**संबेदन कोइराला**

तथ्याङ्क विज्ञ



## पृष्ठभूमि

विश्वव्यापी मान्यताले भन्छ-तथ्यांक बोल्नु पर्छ । तथ्यांकलाई बोल्न लगाउनुपर्छ । सूचकमार्फत बोल्ने, बोलाउने परिपाटी यहि मान्यताको उपज हो । यसैले त नेपाल र भारतको प्रति व्यक्ति आय हेरेपश्चात नेपाली भन्दा भारतीयहरु आर्थिक रुपले ससक्त छन् भन्ने जानकारी लिन सकिएको हो । यस्तै सूचक शिक्षासंग सम्बन्धित तथ्यांकबाट पनि निकालिएको छ, समता सूचकको नाम दिएर । यो सूचकले भन्छ हुम्ला जिल्लामा लैङ्गिक र जातीय विभेद धेरै छ । यी विभेदहरुलाई घटाउन सकियो भने मात्र जिल्लाले कोल्टो फेर्ने हो, होइन भने तिनै विभेदमा अल्झीरहने हो । तथ्यांकमा यस्तो अवस्था कसरी देखियो त, यस आलेखमा चर्चा गरिएको छ । यसपश्चात जिल्लाको अवस्था परिवर्तन  गर्नगराउन के गर्न सकिन्छ, दिशानिर्देश गरेको छु, कार्यन्वयन गर्ने नगर्ने त्यसको जिम्मा स्थानीय, प्रदेश र सङ्घीय सरकारलाई छोडी दिएको छु ।

## सूचकहरु माझ समता सूचक

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको २०७९ को तथ्यांकअनुसार हुम्ला जिल्लाको कक्षा १-५ को खुद भर्ना दर ९४.३ प्रतिशत पुगेको छ । यो सूचकले ५-९ वर्षका कक्षा १-५ का ९४.३ प्रतिशत विद्यार्थी बिद्यालयमा छन् र बाँकि ५.७ प्रतिशत विद्यालय बाहिर छन् भन्ने मात्र जानकारी दिन्छ । समता सूचकले भने यस्ता अनेक सूचकहरुको भारको आधारमा स्थानीय तह, जिल्ला र प्रदेशको अवस्था देखाउने काम गर्छ । यस मानेमा भन्नुपर्दा समता सूचक भनेको थुप्रै सूचकहरुको एउटा उत्तर हो, व्याख्या हो । सो सूचकले शैक्षिक सत्र २०७९ मा ६९.७५ प्रतिशत अंकका साथ हुम्ला १६ औ स्थानमा झरेको छ, जबकि २०७५ मा यो जिल्ला ५४ औ नम्बरमा थियो भन्ने जानकारी दिन्छ । झरेको यो अवस्थाले हुम्ला जिल्ला लैङ्गिक र जातीय विभेदले थलथलो परेको छ भन्ने देखाएको छ । शिक्षा सँगसँगै विभेद  न्यूनीकरणसँग सम्बन्धित कार्यक्रम नराखी नहुने रहेछ भनेर तिनै तहको सरकारलाई घचघच्याएको छ ।

| जिल्ला | स्तर | मुख्य समस्या |
|---|---|---|
| मनाङ्ग | १ | जातीय |
| डोल्पा | २ | जातीय |
| डोटी | ३ | जातीय |
| हुम्ला | १६ | जातीय |
| कास्की | ७७ | जातीय |

नेपाल सरकारले एकीकृत समता रणनीति (Consolidated Equity Strategy) मार्फत पहुँच (access) र टिकाउ (survival) दरलाई समता सूचकको आधार मानेको छ । समता सूचक निकाल्दा छात्रा र छात्रको विवरणलाई जातिगत रुपमा (दलित/गैर दलित) थप विश्लेषण गरेको छ । विश्लेषणपश्चात स्थानीय तह, जिल्ला र प्रदेशको अवस्था चित्रण गरिएको छ । सोहि अवस्थासँगै हरेक स्थानीय तह, जिल्ला र प्रदेशमा मूलभुत रुपले लैङ्गिक वा जातिगत समस्या कुन बढी छ भनेर पहिचान गरिएको छ । पहिचान गरिएका कमजोर

स्थानीय तहलाई थप स्रोतको व्यवस्था गरेको छ । सो व्यवस्था अनुसार कमजोर ८० स्थानीय तहमध्ये हुम्ला जिल्लाको नाम्खा गाउँपालिकालाई विशेष अनुदानमार्फत २०८० मा थप स्रोतको व्यवस्था गरेको छ।

**हुम्ला जिल्लाको स्थानीय तहगत अवस्था**

हुम्ला जिल्लामा भएका ७ वटा स्थानीय तहमध्ये सबै भन्दा कमजोर नाम्खा गाउँपालिका रहेको छ। यहाँ जातीय विभेद छ, सो विभेद लैङ्गिक विभेद भन्दा पनि दह्रो छ। सबै भन्दा बलियो सिमकोट गाउँपालिका रहेको छ, तर जातीय विभेद भने कायम छ। खार्पूनाथ गाउँपालिकामा पनि लैङ्गिक विभेद छ। अरु ४ वटा स्थानीय तहमा भने लैङ्गिक विभेद भन्दा जातीय विभेद कडा छ। सबैभन्दा कमजोर रहेको नाम्खा गाउँपालिका ६२ औ स्थानमा रहेको छ भने सबैभन्दा बलियो रहेको सिमकोट गाउँपालिका ६५२ औ स्थानमा रहेको छ । नाम्खा गाउँपालिका नेपालकै कमजोर डोल्पा जिल्लाको डोल्पो बुद्ध गाउँपालिका भन्दा १२.८ अंकले मात्र माथि छ । सिमकोट गाउँपालिका भने नेपालकै बलियो दाङ जिल्लाको घोराही उपमहानगरपालिका भन्दा १५ अंकले तल छ । अंकको यस हिसाबकिताबमा हुम्ला जिल्लाका स्थानीय तहले लैङ्गिक र जातीय विभेदका कार्यक्रमलाई सघनरुपमा अघि सार्नु पर्छ। यसो गर्न सकिएन भने यस जिल्लाका स्थानीय तहहरु पछि पर्दै जाने निश्चित छ।




लैङ्गिक विभेद भएको नाम्खा गाउँपालिकामा दलित समुदायका विद्यार्थीको संख्या नगण्य भएकोले जातिगत विभेद नदेखिएको मात्र हो। खार्पूनाथ गाउँपालिकामा भने लैङ्गिक विभेदसँगै जातिय विभेद पनि उक्लिदो अवस्थामा छ। सो गाउँपालिकामा कक्षा १ मा भर्ना भएका १०० जना दलित समुदायका विद्यार्थीहरुमध्ये ४४ जना मात्र कक्षा ५ पुग्ने गरेका छन्। गैरदलित विद्यार्थीको प्रतिशत भने ५७ छ। सिमकोट गाउँपालिकामा १०० जना दलित समुदायका विद्यार्थीमध्ये ५७ जना कक्षा ५ पुग्ने गरेका छन् जबकि यो प्रतिशत गैरदलितको हकमा ७४ छ। यी र यस्ता विभेदहरुमा हुम्ला जिल्ला रुमल्लिएको छ।

नाम्खा गाउँपालिकामा भएको लैङ्गिक विभेदको स्वरूप हेर्न शिक्षक वितरणको अवस्थालाई हेर्दा हुन्छ। आधारभूत तह कक्षा १-५ मा सो स्थानीय तहमा १९ प्रतिशत महिला शिक्षक छ भने लैङ्गिक विभेद कम भएको सिमकोट गाउँपालिकामा सो संख्या ४७ प्रतिशत छ। दलित समुदायका शिक्षक संख्या एकदम नगण्य छ। समाज रुपान्तरणको अग्रपंक्तिमा हुनुपर्ने शिक्षक वितरणको यो अवस्थामा सुधार नहुन्जेल समाज रुपान्तरण हुन गाह्रो छ। यो गाह्रो अवस्थालाई सहज बनाउने तरिका नहुँदा हुम्ला जिल्ला रुमल्लिएको छ।

## आवश्यकता र कार्यक्रम बीचको अमिल्दो तालमेल

नेपाल सङ्घीय प्रणालीमा गइसकेको छ । यो प्रणालीले स्थानीय तहको आवश्यकतालाई पहिलो प्राथमिकतामा राख्छ, राख्नु पनि पर्छ । सङ्घीयताको यो मर्म अनुसार स्थानीय तहले आफु अनुकूल सङ्घीय र प्रदेश सरकारको स्रोत परिचालन गरेर कार्यक्रम गर्न सक्दैनन् । सङ्घीय र प्रदेश सरकारले बनाएको कार्यक्रम शीर्षकमा नै रहेर खर्च गर्नुपर्छ । यो व्यवस्थाले गर्दा स्थानीय तहको आवश्यकता र कार्यक्रमबीच अमिल्दो तालमेल बनेको छ । यो अमिल्दो तालमेलले गर्दा लैङ्गिक तथा जातीय विभेद न्यूनीकरणका कार्यक्रम ओझेलमा परेको हो । त्यसको मार नाम्खा र सिमकोट गाउँपालिकालाई परेको छ ।

स्थानीय तहले आफ्नै स्रोत परिचालन गरेर पनि कार्यक्रम गर्न सक्नेछन् । यसो गर्न स्थानीय तहको अन्तरिक स्रोत दरिलो हुनुपर्छ । सिमकोट गाउँपालिकाको हकमा भने बजेटको कुल ०.५ प्रतिशत स्थानीय स्रोत रहेको छ । नाम्खा गाउँपालिकामा स्थानीय स्रोतको हिस्सा ४.३ प्रतिशत रहेको छ । संघीयता कार्यान्वयनमा अधिकांश स्थानीय तहको चासो भने बाटो निर्माण र मर्मतमा देखिएको छ । यो देखिनु भनेको लैङ्गिक र जातीय विभेदका कार्यक्रम ओझेलमा पर्नु हो । नाम्खा गाउँपालिकामा देखिएको लैङ्गिक विभेद यसै ओझेलको परिणाम हुन सक्छ । सिमकोट गाउँपालिकाले पनि जातीय विभेद कम गर्ने कार्यक्रम ल्याएन भने नाम्खा गाउँपालिका जस्तै हुन सक्छ । यस्तो संकेत हुम्ला जिल्लाका हरेक स्थानीय तहले बुझ्नु जरुरी छ । स्थानीय तहका सबैलाई बुझाउनु पनि जरुरी छ ।

सिद्धान्ततः विकासे संघसंगठनहरुले लैङ्गिक र जातीय विभेदलाई प्राथमिकतामा राखेर कार्यक्रम गर्ने गर्छन् । नाम्खा गाउँपालिकामा आधार विकास नेपाल, उकाली नेपाल र सप्रोस नेपालले शिक्षा, स्वास्थ, महिला तथा बालबालिकाको क्षेत्रमा कार्य गर्दै आएका छन् । ती कार्यमा लैङ्गिक र जातीय विभेद हटाउने कार्यक्रम परे वा परेनन्, परेको भए किन प्रभावकरी भएन त भनेर खोज्ने बेला आएको छ । प्रभावकारी भएर नै नाम्खा गाउँपालिकाको अवस्था यहाँसम्म आइपुगेको हो, होइन भने त अझ तल हुन्थ्यो भन्ने विश्लेषण हो भने थप कार्यक्रमको लागि पहल गर्नुपर्छ । गर्दा गर्दै पनि प्रभावकारी देखिएन भने रणनीति परिवर्तन तिर सोच्नु पर्ने भएको छ । यिनै सिकाई सिमकोट गाउँपालिकाले पनि गर्नुपर्छ । यसो गर्न सकिए लैङ्गिक तथा जातीय विभेद घट्दै जानेछ । यस्तो घटाईले मात्र विकासको गुणात्मक असर देखिन्छ ।

## समता सूचकले दिएको दिशानिर्देश

वस्तुगत अवस्थाको जानकारी दिन सूचकको प्रयोग महत्वपूर्ण छ । यस अर्थमा समता सूचकले जानकारी लिनेदिने प्रक्रियामा नयाँ आयाम थपेको छ । हुम्ला जिल्ला र यो जिल्ला अन्तर्गतका स्थानीय तहले शिक्षाका अरु तथ्यांकलाई समता सूचकमा जोड्दै लानु पर्छ भनेर दिशानिर्देश गरेको छ । त्यो भन्दा माथि उठेर शिक्षाको विवरणमा स्वास्थ लगायत अन्य तथ्यांक जोडेर नया प्रकृतिको सूचक बनाउन र सोहि अनुसार स्थानीय तहको अवस्था विश्लेषण गर्न सकिन्छ भनेर पनि घचघच्याएको छ ।

समता सूचकले नाम्खा र सिमकोट गाउँपालिकामा लैङ्गिक र जातीय विभेद छ भनेर देखाएको छ । सो विभेदको स्वरूप कस्तो छ, कस्ता खाले घरपरिवारमा यस्तो विभेद छ भन्ने जानकारी भने सो सूचकले दिदैन । यस अर्थमा

स्थानीय तहहरुले थप अनुसन्धान गर्नुपर्छ । गराउनुपर्छ । समता सूचकले स्थानीय तहलाई सो कार्य तिर पनि दिशानिर्देश गरेको छ ।

विभेदहरुबीच अन्तर सम्बन्ध हुन्छ । समता सूचकले लैङ्गिक र जातीय विभेद कुन बढी हो भनेर देखाएको हो, यसर्थ नाम्खा गाउँपालिकाले जातीय विभेद छैन भनेर बुझ्नु हुदैन । सिमकोट गाउँपालिकाले लैङ्गिक विभेद धेरै रहेनछ भनेर बुझ्नु घातक हो । यस अर्थमा हरेक स्थानीय तहले विभेद न्यूनीकरणको कार्यक्रममार्फत सबै खाले विभेदहरुलाई सम्बोधन गर्नुपर्छ । समता सूचकले दिएको यो अर्को दिशानिर्देश हो ।

हरेक स्थानीय तहका आफ्ना विशेषता छन् । समस्या पनि आफ्नै खालका छन् । समस्याको समाधान पनि आफ्नै खाले होलान । यस अर्थमा, सङ्घीय वा प्रदेश सरकारले तोकिदिएको कार्यक्रम कार्यान्वयनले उचित प्रतिफल नदिन नि सक्छ । यस्तो जानकारी जनप्रतिनिधि र कर्मचारीमार्फत सङ्घीय र प्रदेश सरकारमा पुऱ्याउनुपर्छ । समता सूचकले हामी सबैलाई यो पाटोमा ध्यान दिनुस भनेर दिशानिर्देश गरेको छ ।

स्थानीय तहले आफ्नै स्रोत व्यवस्थापनमार्फत विविध कार्यक्रम गर्न सक्छन् । विकासे परियोजना परिचालन गर्न सक्छन् । यी सबै कार्यक्रम गर्दागराउदा विभेद न्यूनीकरणका कार्यक्रम पनि सँगै जोड्नुपर्छ । जोड्न नसक्दा विकासका कार्यक्रमले गुणात्मक प्रतिफल दिन सक्दैन र यो समता सूचकले दिशानिर्देश गरेको अर्को पाटो पनि हो ।

अन्तमा, तथ्यांक बोल्नु पर्छ भन्ने विश्वव्यापी मान्यतालाई समता सूचकले एक कदम अघि बढाएको छ । जिल्ला र स्थानीय तहको स्थिति सुधार्नु सबै सरोकारवालालाई घचघच्याएको छ । आगामी दिनमा समता सूचकको दायरा बढाउदै लाने र सोहि अनुसारको कार्यक्रम व्यवस्थापन गर्दै विकासलाई गुणात्मक तरिकाले सर्वसाधारणमाझ पुर्याउनु पर्ने चुनौती थपिदिएको छ ।

### सन्दर्भसामग्री


१. Consolidated Equity Strategy (२०७१), शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर, नेपाल,

२. Flash I Report (२०७९), शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर, नेपाल,

३. बजेट वक्तव्य (२०८०), नाम्खा गाउँपालिका, हुम्ला,

४. प्रथम आवधिक योजना (२०८०), सिमकोट गाउँपालिका, हुम्ला,

# सिकाइमा आधिकारिक मूल्याङ्कन र रुब्रिक्सको प्रयोग

**युवराज अधिकारी**
पाठ्यक्रम अधिकृत
पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर



**लेखसार**
पाठ्यक्रम सिकाइको एक बृहत् योजना हो । पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्ने प्रक्रियाको रुपमा मूल्याङ्कनलाई महत्वपूर्ण तत्वको रुपमा लिने गरिन्छ । पाठ्यक्रममा संलग्न संज्ञानात्मक, मनोक्रियात्मक तथा प्रभावी क्षेत्रका सिकाइ उपलब्धिलाई प्रमाणमा आधारित, वस्तुतग, वैध र विश्वसनीय तरिकाबाट मूल्याङ्कन गरिनुपर्छ । विद्यार्थीहरुले हासिल गरेको उपलब्धि तथा कार्यसम्पादन (performance) को सही र वास्तविक तरिकाले मूल्याङ्कन गर्न आधिकारिक मूल्याङ्कनका विधि र साधनको प्रयोग गर्नुपर्छ । आधिकारिक मूल्याङ्कनका विभिन्न साधनहरुमध्ये रुब्रिक्स एक महत्वपूर्ण र प्रचलित साधन हो जसले विद्यार्थीले हासिल गरेका र कार्य सम्पादन गरेका कामको सही र वास्तविक तथा प्रमाणमा आधारित भई मूल्याङ्कन गर्न सहयोग गर्दछ । यस्तो साधनलाई शिक्षकले विद्यार्थीले गरेका कार्यहरु र बुझाइ क्षमताको मूल्याङ्कन गर्न प्रयोग गर्दछन् भने विद्यार्थीले आफूले गरेका कार्यको स्वयम् मूल्याङ्कन गर्न प्रयोग गर्दछन् ।

## १. पृष्ठभूमि
अपेक्षित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न मूल्याङ्कनको आवश्यकता पर्छ । पाठ्यक्रमका सैद्धान्तिक, प्रयोगात्मक तथा अभिवृत्तिगत पक्षको लेखाजोखा गर्न विभिन्न प्रकारका मूल्याङ्कन र साधनहरुको प्रयोग गरिन्छ । मूल्याङ्कनका विभिन्न स्वरूपहरूमध्ये आधिकारिक मूल्याङ्कन (Authentic assessment) महत्त्वपूर्ण प्रकार हो । आधिकारिक मूल्याङ्कन विधिबाट विद्यार्थीले आफूले निर्माण गरेको ज्ञान तथा प्राप्त गरेका सिकाइ अनुभव र सूचनाहरूलाई व्यवहारमा कतिको उतार्न सक्छन् वा उतारिरहेका छन् भन्ने कुराको मूल्याङ्कन गरिन्छ । आधिकारिक मूल्याङ्कनअन्तर्गत कार्यसञ्चिका, परियोजना, कार्यसम्पादन र विस्तारित लिखित प्रतिक्रिया पर्दछन् । आधिकारिक मूल्याङ्कन गर्ने विभिन्न साधनहरूमध्ये नयाँ र प्रभावकारी साधन रुब्रिक्स हो । मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको एक अभिन्न अङ्ग र सिकारुको संज्ञानात्मक, सिपगत र अभिवृत्तिगत पक्षलाई ध्यान दिई मूल्याङ्कन गर्नुपर्छ भन्ने तर्क विश्वव्यापी मान्यता हो । यसका लागि आधिकारिक मूल्याङ्कनको महत्त्वपूर्ण साधन रुब्रिक्सको प्रयोग गर्नुपर्ने हुन्छ । विषयवस्तुको प्रकृतिअनुसार रुब्रिक्सका माध्यमबाट मूल्याङ्कन गर्दा साधारण, विशिष्ट, समष्टिगत र विश्लेषणात्मक जस्ता साधनहरू प्रयोग गर्न सकिन्छ ।

वास्तविक र आधिकारिक रूपमा सिकारुले गरेका समग्र कार्यलाई प्रमाणमा आधारित भई मूल्याङ्कन गर्न सरोकारवालाहरूलाई सहयोग पुगोस् भन्नका लागि यस लेखमा आधारिक मूल्याङ्कन र रुब्रिक्सको अवधारणा र प्रयोगसम्बन्धी विषयवस्तुलाई समेटिएको छ ।

## २. आधिकारिक मूल्याङ्कन

### २.१ आधिकारिक मूल्याङ्कनको अवधारणा

आधिकारिक मूल्याङ्कनलाई वास्तविक मूल्याङ्कन, प्रामाणिक (प्रमाणमा आधारित) मूल्याङ्कन पनि भनिन्छ । यस्तो मूल्याङ्कनले सिकारुको समग्र पक्ष  जस्तै संज्ञानात्मक क्षेत्र (ज्ञान, बोध, प्रयोग, विश्लेषण, मूल्याङ्कन, सिर्जना), मनोक्रियात्मक क्षेत्र (सिपगत पक्ष) र प्रभावी क्षेत्र (अभिवृत्तिगत र व्यवहारगत पक्ष) को मूल्याङ्कन वस्तुगत, वैज्ञानिक र प्रमाणमा आधारित भएर गर्दछ । सिजरका अनुसार आधिकारिक मूल्याङ्नले विद्यार्थीलाई महत्त्वपूर्ण सिकाइ उपलब्धिका लागि नयाँ शैक्षिक जानकारी र सिपहरू वास्तविक परिस्थितिमा लागु गर्न चुनौती दिन्छ । यो एक विद्यालयको सजग र दिमागी (mindful) साधन हो जसले के अपेक्षा छ र विद्यार्थीले यी गुणहरू कसरी प्रदर्शन गर्छन् भन्ने बारे स्पष्ट पार्दछ (Sizer, 1992)। परम्परागत मानकीकृत कलम र कागज परीक्षणभन्दा आधिकारिक मूल्याङ्नले विद्यार्थीलाई उनीहरूले सिकेका कुराहरू प्रदर्शन गर्दा उनीहरूको क्षमताको पूर्ण दायरा प्रदर्शन गर्ने मौका दिन्छ ।

विद्यार्थीले कक्षाकोठामा सिकेका ज्ञान र सिपलाई दैनिक जीवनमा प्रयोग गर्ने दक्षताको मूल्याङ्कनसमेत यस प्रकारको मूल्याङ्कनले गर्दछ । उदाहरणका लागि विद्यार्थीको ज्ञान, बोध, प्रयोग, विश्लेषण र संश्लेषण क्षमता, सिर्जनात्मकता, सहकार्यात्मक, लेखन र मौखिक अभिव्यक्ति सम्बन्धी सिप आदिको मूल्याङ्कन । कागज, कलम र परीक्षामा आधारित परम्परागत मूल्याङ्कन प्रणालीबाट लेखाजोखा गर्न नसकिने पक्षहरूलाई यो मूल्याङ्कन विधिले समेट्छ । यसबाट पोर्टफोलियो (जर्नल, लेख, चार्ट, चित्र, निबन्ध, कविता, कलात्मक वस्तु निर्माण, मोडेल निर्माण आदि), परियोजना, खोज तथा अनुसन्धान, लिखित तथा मौखिक प्रस्तुतिलगायतका कार्यहरूको लेखाजोखा गरेर विद्यार्थीको आधिकारिक मूल्याङ्कन गरिन्छ । यस प्रकारको लेखाजोखाले शिक्षण, सिकाइ र मूल्याङ्कन तीनै पक्षलाई एकीकृत गर्दछ र सिकाइलाई व्यावहारिक र जीवनोपयोगी बनाउन मदत पुऱ्याउँछ ।

यस प्रकारको मूल्याङ्कन शिक्षकले पहिलादेखि नै कुनै न कुनै रूपमा विद्यालयमा आधिकारिक मूल्याङ्कन गरिरहेका हुन्छन् । उदाहरणका लागि विज्ञान तथा प्रविधि विषयका शिक्षकले प्रयोगात्मक कार्य, परियोजना कार्य, चार्ट तथा चित्र, मोडेल निर्माण, क्षेत्रभ्रमण र प्रतिवेदन तयारी तथा प्रस्तुतीकरण आदि क्रियाकलाप गराई मूल्याङ्कन गर्न सक्छन् । नेपाली र अङ्ग्रेजी विषयका शिक्षकले निबन्ध, कथा, कविता, संवाद, ब्रोसर, लेख रचना आदि लेख्न लगाएर विद्यार्थीको दक्षताको लेखाजोखा गर्न सक्छन् । त्यसै गरी गणित विषयका शिक्षकले कक्षाकोठा, विद्यालयको खेलमैदानको लम्बाइ, चौडाइ नापेर क्षेत्रफल निकाल्ने, पिरामिड तथा त्रिभुजाकार, बेलनाकार वस्तुको मापन गरी क्षेत्रफल, आयतन निकाल्ने, घर, विद्यालय, रुखको लम्बाइ, उचाइ, चौडाइ निकाल्ने त्रिकोणमितीय काम परियोजना कार्यका रूपमा दिएर मूल्याङ्कन गर्न सक्छन् । सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयका शिक्षकले विद्यार्थीलाई कुनै क्षेत्रको भ्रमणमा लगेर अवलोकन गराएर, सामुदायिक कार्य गर्न दिई सिकेका कुरा प्रतिवेदनका रूपमा प्रस्तुत गर्न लगाउन सक्छन् । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयको शिक्षकले छपाइ, माटाको काम, चित्र तथा रङ लगाउने, निर्माण कार्य, कागजबाट वस्तुको नमुना बनाउने, माटो वा अन्य वस्तुको प्रयोग गरी भाँडाकुँडा, मन्दिर बनाउने, गाउने, बजाउने, अभिनय गर्ने, नृत्य गर्ने जस्ता कार्यहरूका आधारमा विद्यार्थीको सिकाइ उपलब्धि स्तरकको लेखाजोखा गर्न सक्छन् । यी सबै कार्य आधिकारिक मूल्याङ्कनसँग सम्बन्धित छन् ।

## २.२ आधिकारिक मूल्याङ्कनको महत्त्व

आधिकारिक मूल्याङ्कनले विद्यार्थीले गरेका समग्र कार्यको वस्तुगत र प्रमाणमा आधारित भई मूल्याङ्कन गर्न मदत गर्दछ । यसको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- आधिकारिक मूल्याङ्कनले विद्यार्थीले गरेका सही कार्यको सही तरिकाले मूल्याङ्कन गर्न सहयोग गर्दछ ।
- यसले विषयवस्तुको अवधारणा प्रस्ट भए नभएको तथा सिकाइमा समस्या देखिए नदेखिएको लेखाजोखा गर्छ र सिकाइमा देखिएको समस्या समाधान गर्न मदत गर्छ ।
- यसले सिकारुको आफ्नै अनुभव, आफ्नै संसार र ठुलो समुदायसँग सिकाइलाई जोड्न मदत गर्दछ ।
- यसले सिकारुमा प्रयोग गर्ने, तर्क गर्ने, समस्याहरू पहिचान गर्ने, समाधानका उपायहरूको खोजी गर्ने, सिर्जना गर्ने र कारण प्रभाव पत्ता लगाउनका साथै उच्च सोचाइ सोच र कौशललाई तिखो बनाउन मदत गर्दछ ।
- यसले सिकारुमा कामको जिम्मेवारी बोध र स्वीकार गर्ने, समस्या समाधानको सही विकल्प छनोट गर्नसमेत सहयोग गर्दछ ।
- यसले सिकारुलाई आफूले गरेका कार्यको आफैँ मूल्याङ्कन गर्ने, सुधार गर्ने, आफ्ना कमीकमजोरी पहिचान गर्ने र ती कमजोरीहरू हटाउन अरूको सहयोग लिई कार्य सम्पादनमा दक्षता ल्याउन मदत गर्दछ ।

## २.३ आधिकारिक मूल्याङ्कन कार्य सिर्जनाका प्रक्रियाहरू

आधारिक मूल्याङ्कन कार्य सिर्जना गर्दा निम्नलिखित प्रक्रियाहरू अपनाउन सकिन्छ :

(क) कुनै पनि कार्य गर्न विद्यार्थीले गर्नुपर्ने सम्पूर्ण पक्ष, मापदण्ड, ध्यान दिनुपर्ने पक्षहरूका बारेमा उनीहरूलाई जानकारी गराउने ।

(ख) सिकाइ क्रियाकलापलाई दैनिक जीवनका विभिन्न घटना, सिकाइ अनुभव, वास्तविक विश्व सन्दर्भसँग अर्थपूर्ण रूपमा जोड्ने पक्षमा ध्यान दिने ।

(ग) विद्यार्थीलाई उनीहरूले थाहा पाएका कुराहरू देखाउन, गहिरो ज्ञान र सिप प्रदर्शन गर्न, नतिजा निकाल्न लगाउने । उदाहरणका लागि ठोस वस्तु उत्पादन, प्रस्तुति, कामको सङ्कलन आदि ।

(घ) विद्यार्थीले गरेका कार्यमा विद्यार्थीले पूरा हुने प्रवीणता (proficiency) को स्तरको जानकारी दिने

(ङ) रुब्रिक्समा प्रवीणताको यी स्तरहरू व्यक्त गर्ने । रुब्रक्स एक स्कोरिङ गाइड हो जसले विद्यार्थीले गरेका कार्यको सही र निष्पक्ष तरिकाले मूल्याङ्कन गर्न मापदण्ड प्रदान गर्दछ ।

(च) रुब्रिक्ससँग विद्यार्थीलाई परिचित गराउने । विद्यार्थीलाई उनीहरूले गरेका कार्यको आत्ममूल्याङ्कनमा संलग्न गराउने किनभने तिनीहरूले यस मूल्याङ्कनमा आफ्नै कामको गुणस्तर मूल्याङ्कन गर्छन् ।

(छ) मूल्याङ्कनमा प्रतिक्रिया दिन आवश्यकताअनुसार शिक्षकभन्दा बाहिरका स्रोताहरूलाई समावेश गर्ने

## २.४ आधिकारिक मूल्याङ्कनका प्रकार

सामान्यतया चार प्रकारका आधिकारिक मूल्याङ्कन प्रयोग गर्न सकिन्छ । जसअन्तर्गत पोर्टफोलियो, प्रदर्शन, परियोजना र विस्तारित लिखित प्रतिक्रिया पर्दछन् ।

### (क) कार्यसञ्चयिका

आधिकारिक मूल्याङ्कनको सबैभन्दा लोकप्रिय रूप कार्यसञ्चयिका (portfolio) हो । बार्टन र कोलिन्स (1997) का अनुसार पोर्टफोलियो बहुस्रोत, प्रामाणिक, गतिशील मूल्याङ्कनका रूप र उद्देश्य प्राप्ति प्रक्रियाका रूपमा रहेका हुन्छन् । सिकाइ सहजीकरण क्रियाकलापका क्रममा विद्यार्थीहरूले गरेका हरेक कार्यलाई व्यवस्थित राख्ने प्रक्रियाका रूपमा कार्यसञ्चयिकालाई प्रयोग गर्ने गरिन्छ । विद्यार्थीले विभिन्न कार्यहरू गर्दा उनीहरू आफैँले आफूले गरेका कार्यको रुब्रिक्सका माध्यमबाट मूल्याङ्कन गर्छन् र तिनीहरूलाई सङ्कलन गर्छन् र प्रक्रियामा आफूलाई रचनात्मक र सक्षम बनाउने प्रयास गर्दछन् । यस किसिमको मूल्याङ्कनबाट विद्यार्थीले आत्मविश्वास र सिकाइको प्रगतिको अवस्था थाहा पाउँछन् र आफूले गरेका हरेक क्रियाकलापको अभिलेख राख्ने र आफ्नो सिकाइमा अपनत्वबोध गर्दछन् ।

विद्यार्थीले गरेका हरेक कार्यहरुको व्यवस्थित तरिकाले अभिलेखीकरण गर्न फोर्टफोलियोले मदत गर्दछ । फोर्टफोलियोको व्यवस्थापनने अभिभावक, शिक्षक र विद्यार्थीमा सिकाइ क्रियाकलापको अवस्था, अपेक्षित उद्देश्य प्राप्तिमा सहयोग, कमीकमजोरीहरूको पहिचान र समाधानका उपायहरूको प्रयोग जस्ता पक्षको जानकारी भई थप सुधारका लागि योजना बनाई अगि बढ्न मदत गर्दछ । वर्तमान आधारभूत तह कक्षा (१-३) को पाठ्यक्रमले पोर्टफोलियो व्यवस्थापनलाई जोड दिएको छ । उक्त पोर्टफोलियोमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक र स्वास्थ्य सम्बन्धी विवरण, हाजिरी विवरण, परियोजना तथा प्रयोगात्मक कार्यको विवरण, थिमगत र विषयगत उपलब्धि विवरणलाई समावेश गरिएको छ ।

### (ख) परियोजना

गरेर सिक्ने, छलफल र अन्तरक्रियाबाट सिक्ने र सिपको विकास हुने गरी दिइएको कार्यका रूपमा परियोजनालाई लिने गरिन्छ । विषयवस्तुको प्रकृतिअनुसार परियोजना कार्य व्यक्तिगत, सामूहिक, कक्षाकोठाभित्र, कक्षाकोठा बाहिर सम्पन्न गर्ने स्वरूपका हुन्छन् । यसका साथै परियोजना कार्यअन्तर्गत चित्र बनाउने, रङ भर्ने, कागजबाट वस्तुको नमुना तयार गर्ने, कोलाज तयार गर्ने, माटाबाट नमुना बनाउने, छपाइ गर्ने, अवलोकन तथा सोधखोज गरी विवरण तयार गर्ने, नाप्ने, परीक्षण गर्ने, सुनेर बुझाइ प्रदर्शन गर्ने, सुनेर प्रतिक्रिया दिने, लेख्ने आदि कार्यसमेत परियोजनाको स्वरुपमा पर्दछन् । परियोजना कार्यका माध्यमबाट सिकाइ क्रियाकलाप गराउँदा विद्यार्थीमा सोच्ने, सोधखोज गर्ने, सञ्चार गर्ने, अभिव्यक्ति गर्ने, समस्या समाधान गर्ने, नतिजा निकाल्ने जस्ता पक्षको विकास हुन्छ । यसका साथै परियोजनामा आधारिक सिकाइबाट विद्यार्थीमा सहयोगात्मक र सहकार्यात्मक भावनाको विकास हुन्छ । परियोजना कार्यले विद्यार्थीमा विषयवस्तुलाई वास्तविक सन्दर्भमा जोड्ने र उत्साहजनक रूपमा सिकाइ क्रियाकलापमा विद्यार्थीलाई सक्रिय सहभागिता गराउँन सहयोग गर्दछ । परियोजना कार्यले विशेषतः सिपको विकास गराउन र दिगो सिकाइलाई प्रोत्साहन गर्दछ । वर्तमान आधारभूत तह (कक्षा (१-३) को पाठ्यक्रमले सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गको रुपमा परियोजना कार्यलाई लिएको छ भने आधारभूत तह (कक्षा

४-५) र (कक्षा ६-८) र माध्यमिक तहको पाठ्यक्रमले प्रयोगात्मक र परियोजना कार्यलाई विषयगत रुपमा समावेश गरेको छ ।

**(ग) कार्यसम्पादन/प्रदर्शन**

विद्यार्थीलाई कुनै विषयवस्तुसम्बन्धी दिइएको कार्यको प्रदर्शन गर्न लगाई उसको performance को आधारमा रुब्रिक्सको माध्यमबाट उपलब्धिको मूल्याङ्कन गर्नुपर्छ । कुनै पनि कार्यसम्पादनको साथमा लिखित वा मौखिक कथन प्रदान गर्ने प्रचलन छ । प्रदर्शनले कसरी सिकाइ भइरहेको छ ? के के नतिजा प्राप्त भयो ? जस्ता प्रश्नको जवाफ प्रदान गर्छ । यसका उदाहरणका रूपमा विज्ञानमा मेला तथा सामग्री प्रदर्शनी गर्ने, क्षेत्रभ्रमण तथा परियोजना कार्य गरी प्रतिवेदन प्रस्तुत गर्ने कार्य दिन सकिन्छ भने भाषिक विषयमा कविता, कथा, निबन्ध, संवाद आदि लेख्न तथा प्रस्तुत गर्न लगाउने जस्ता कार्य दिन सकिन्छ । त्यसै गरी सिर्जनात्मक कला विषयमा गाउने, अभिनय गर्ने, नृत्य गर्ने, चित्र बनाउने, कोलाज तयार गर्ने, कागज तथा माटाबाट विभिन्न वस्तुको नमुना बनाउने जस्ता कार्यसम्पादनको मूल्याङ्कन गर्न सकिन्छ । यसका साथै सामाजिक अध्ययन विषयका कुरीति, कुसंस्कार हटाउने र जनचेतना जगाउने नाटक प्रदर्शन गर्ने आदिलाई लिन सकिन्छ । यस्ता कार्यको सही र वास्तविक मूल्याङ्कन गर्न विषयवस्तुको प्रकृतिअनुसारको रुब्रिक्स छनोट गरी प्रयोग गर्न सकिन्छ ।

**(घ) विस्तारित लिखित प्रतिक्रिया**

कुनै विषयवस्तुमा विद्यार्थीले गरेका कार्यको लिखित रुपमा तर्कसहित प्रस्तुत गर्ने विधिको रुपमा विस्तारित लिखित प्रतिक्रियालाई लिइन्छ । विस्तारित लिखित प्रतिक्रियाले विद्यार्थीलाई उच्च तहको सोच्ने सिपको विकास, प्रस्तुत गर्ने सिप र शैलीको विकास गर्न मदत गर्दछ । यस्तो लिखित प्रतिक्रियाका स्वरुपअन्तर्गत परियोजना कार्य, मोडेल निर्माण, क्षेत्रभ्रमण, सोधखोज, लघु अनुसन्धान, सर्भे गरी लिखित प्रतिवेदन तयार गरी प्रस्तुत गर्ने आदि हुन्छन् । यी कार्यहरुको विश्वसनीय रुपमा मूल्याङ्कन गर्नको लागि आधार, सूचक र मापनका तह कायम गरी रुब्रिक्सको प्रयोग गर्नुपर्ने हुन्छ ।  यसले आधिकारिक मूल्याङ्कनको जुनसुकै रूप लिन सक्छ, जस्तै पोर्टफोलियो कायम गर्ने, परियोजनाको विकास गर्ने, कार्यसम्पादन गर्ने वा विस्तारित प्रतिक्रिया प्रश्नहरू तयार गर्ने आदि । यसले विद्यार्थीमा ज्ञान र सिपको दायरा फराकिलो बनाउनुको साथै उच्च क्रमको सोचाइ सिप, तार्किक सिप, प्रभावकारी रुपमा लिखित रुपमा प्रस्तुतीकरण गर्ने सिपको विकास गराउँछ ।

## ३. रुब्रिक्स

### ३.१ रुब्रिक्सको अवधारणा

आधिकारिक मूल्याङ्कनको प्रभावकारी र व्यावहारिक साधन रुब्रिक्स हो । Rubric शब्द ल्याटिन भाषाको Rubrica बाट आएको हो, जसको शाब्दिक अर्थ हुन्छ रातो चक । तेरौँ शताब्दीतिर कुनै पुस्तकमा विशेष जोड दिनका लागि (to highlight) रातो रङले लेखिएको शब्द वा शब्दावलीलाई रुब्रिक्स भन्ने गरिन्थ्यो । हाल रुब्रिक्स भन्नाले विद्यार्थीको कार्यसम्पादन (Performance) को सही मूल्याङ्कनका लागि तयार गरिएको अङ्कन निर्देशिका (Scoring guideline) हो जसमा विद्यार्थीका कार्यको स्तर (Performance standard) विस्तृत रूपमा उल्लेख गरिएको हुन्छ । यसबाट

विद्यार्थीको कार्यको गुणस्तर कुन तहको छ भन्ने कुरा यकिन गर्न सकिन्छ । रुब्रिक्सको प्रयोगबाट विद्यार्थीको उपलब्धिलाई एकरूपताका साथ अङ्कन गर्न सकिन्छ । रुब्रिक्सको प्रयोग गरी विद्यार्थी आफैँले आफ्नो कार्यको मूल्याङ्कन गर्न सक्छन् । रुब्रिक्सलाई कार्य (समूह कार्य वा व्यक्तिगत कार्य) मूल्याङ्कनको उपकरण (Gauge) का रूपमा लिइन्छ । यो श्रेणी मापन स्केलको परिमार्जित र विकसित रूप हो, जसमा मूल्याङ्कनका आधार, अङ्कनको विस्तारका साथै अङ्कनका उपलब्धि सूचक स्पष्ट रूपमा उल्लेख गरिएको हुन्छ । हरेक विषयका शिक्षकले रुब्रिक्सको प्रयोगबाट विद्यार्थीका कार्यको मूल्याङ्कन गर्न सक्छन् । उदाहरणका लागि नेपाली भाषा, अङ्ग्रेजी भाषा शिक्षण गर्ने शिक्षकले विद्यार्थीले लेखेको निबन्धलाई रुब्रिक्स प्रयोग गरी मूल्याङ्कन गर्न सक्छन् भने विज्ञान विषय शिक्षण गर्ने शिक्षकले विद्यार्थीले गरेको प्रयोग र सोको नतिजालाई रुब्रिक्स प्रयोग गरी मूल्याङ्कन गर्न सक्छन् ।

### ३.२ रुब्रिक्सका प्रकार

सामान्यतया रुब्रिक्स समष्टिगत (Holistic), विश्लेषणात्मक (Analytical), सामान्य (General) र विशिष्ट (Specific) गरी चार प्रकारका हुन्छन् जसलाई यहाँ चर्चा गरिएको छ :

(क) **समष्टिगत रुब्रिक्स :** यस प्रकारको रुब्रिक्सबाट विद्यार्थीको कार्यको सम्पूर्ण प्रभाव (Impression) का आधारमा मूल्याङ्कन गरिन्छ । यो बढी मात्रामा प्रतिफल केन्द्रित हुन्छ । विद्यार्थीले गर्ने कार्यका भागहरू एकआपसमा अन्तरसम्बन्धित भएमा यो रुब्रिक्सको प्रयोग गरिन्छ । यस प्रकारको रुब्रिक्सको प्रयोगबाट छिटो र सजिलोसँग विद्यार्थीका कार्यको लेखाजोखा गर्न सकिन्छ ।

(ख) **विश्लेषणात्मक रुब्रिक्स** : विश्लेषणात्मक रुब्रिक्सबाट विद्यार्थीले गरेका कार्यलाई टुक्रा टुक्राका रूपमा छुट्याई अङ्कन गरिन्छ । यो बढी मात्रामा प्रक्रिया केन्द्रित हुन्छ । यस प्रकारको रुब्रिक्सको प्रयोगबाट विद्यार्थीले गरेका कार्यको अङ्कनमा बढी मात्रामा एकरूपता ल्याउन सकिन्छ ।

(ग) **सामान्य रुब्रिक्स :** यो जुनसुकै विषयमा जुनसुकै कार्यको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिन्छ । यसमा प्रयोग गरिने आधारहरू सामान्य प्रकारका हुन्छन् ।

(घ) **विशिष्ट रुब्रिक्स** : यो विशिष्ट कार्यको मूल्याङ्कनका लागि प्रयोग गरिन्छ । यो बढी भरपर्दो हुन्छ, जस्तै : प्रयोगात्मक कार्यको मूल्याङ्कन गर्ने रुब्रिक्स ।

कुन प्रकारको रुब्रिक्स प्रयोग गर्ने भन्ने कुरा कार्य प्रकृतिमा भर पर्छ । विद्यार्थीको कार्यको एक मात्र आयामलाई मूल्याङ्कन गर्नका लागि समष्टिगत रुब्रिक्स उपयोगी हुन्छ । विद्यार्थीको कार्यको सबल र कमजोर पक्ष विस्तृत रूपमा हेरी मूल्याङ्कन गर्नका लागि विश्लेषणात्मक रुब्रिक्स उपयोगी हुन्छ । प्रायः शिक्षकहरूले विश्लेषणात्मक खालको विशिष्ट रुब्रिक्स प्रयोग गर्दछन् ।

### ३.३ रुब्रिक्सका भागहरू

रुब्रिक्सका तीनओटा भागहरू हुन्छन्, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

#### (क) आधार (Criteria)

- कुनै पनि कार्य (performance) को लेखाजोखाका विशिष्ट आधार यसअन्तर्गत पर्दछन् । आधारलाई मापदण्ड पनि भनिन्छ । कुनै विषयवस्तुसँग सम्बन्धित विद्यार्थीले गरेका कार्यको मूल्याङ्कन गर्दा प्रयोग गरिने यस्तो आधार कार्यको प्रतिफलका साथै प्रक्रियालाई पनि समेट्ने

खालको हुनुपर्छ, जस्तै : प्रभाव, कलात्मकता, विधि, विषयवस्तुको जानकारी, समय व्यवस्थापन, सहभागिता, प्रस्तुतीकरण, आकार आदि आधारका उदाहरण हुन् ।

- रुब्रिक्समा के के आधार समावेश गर्ने भन्ने कुरा कार्य (performance) को प्रकृतिमा भरपर्छ । उदाहरणका लागि निबन्धको मूल्याङ्कनका लागि तयार गरिएको रुब्रिक्समा भाषिक शुद्धता एउटा आधार हुन सक्छ भने पोस्टर निर्माणका लागि तयार गरिएको रुब्रिक्समा आकार वा साइज एउटा आधार हुन सक्छ ।

**(ख) अङ्कनको तह वा विस्तार**

- कार्यको गुणस्तरलाई अभिव्यक्त गर्नका लागि अङ्कनको तह प्रयोग गरिन्छ । यो प्राय: जोर सङ्ख्यामा हुन्छ । यसलाई अङ्कनमा वा भाषामा व्यक्त गरिएको हुन्छ । यसलाई मापनको रेन्ज (Measuring range) पनि भनिन्छ ।
- कुनै पनि आधारमा बढीमा कतिदेखि घटीमा कतिसम्म अङ्क दिने भन्ने कुरा नै अङ्कनको तह वा विस्तार हो । जस्तै :
  धेरै राम्रो (४)..........राम्रो (३)............सन्तोषजनक (२).............. सुधार गर्नुपर्ने (१),
  वा
  अति उत्तम (४).........उत्तम (३)..........मध्यम (२)..................निम्न (१) आदि ।

**(ग) सूचक**

- आधारको स्तर वा तह जनाउनका लागि सूचकको प्रयोग गरिन्छ, जस्तै : विद्यार्थीले लेख्ने निबन्धको मूल्याङ्कनका लागि बनाइएको रुब्रिक्समा एउटा आधार भाषिक शुद्धता छ । यसका अङ्कनका तहलाई अति उत्तम भएमा ४ र क्रमश: अन्तिम तह निम्न भएमा १ दिने भन्ने कुरा यकिन गरियो भने कुन स्तरको भाषिक शुद्धताका लागि ४ र कुन तहको भाषिक शुद्धताका लागि १ दिने भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गर्नु नै सूचकको तयारी गर्नु हो ।
- सूचक स्पष्ट, मापनीय र वस्तुगत हुनुपर्छ । सिकारुले बुझ्न सक्ने हुनुपर्छ । रुब्रिक्सको प्रयोग गरी कार्यको मापन गर्ने समयका आधारको सम्बन्धित सूचकमा चिह्न लगाइन्छ । रुब्रिक्समा परिमाणात्मक पक्ष समेट्ने सूचक र गुणात्मक पक्ष समेट्ने सूचक सन्तुलित रूपमा प्रयोग हुनुपर्छ ।

विद्यार्थीको सहभागिता सम्बन्धी मूल्याङ्कन गर्नुपर्दा निम्नलिखित तरिकाले रुब्रिक्स तयार गरी मूल्याङ्कन गर्न सकिन्छ :

*रुब्रिक्स : सहभागिता (उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता)*

| क्र.स. | आधार | सूचक | अङ्कनको तह | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १. | उपस्थिति | • ९० प्रतिशत र सोभन्दा बढी उपस्थिति भएमा | ४ | |
| | | • ८५ प्रतिशत र सोभन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा | ३ | |
| | | • ८० प्रतिशत र सोभन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा | २ | |
| | | • ७५ प्रतिशत र सोभन्दा बढी तर ८० प्रतिशतभन्दा | १ | |

| | | | | |
|---|---|---|---|---|
| | | कम उपस्थिति भएमा | | |
| २. | **सिकाइमा सक्रियता र सहभागिता** | • सिकाइमा जिज्ञासा राखेमा, समूह छलफल र अन्तरक्रियामा सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार निर्बाध र स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका सम्पूर्ण कार्य स्वयम्ले पूरा गरेमा | ४ | |
| | | • सिकाइमा धेरैजसो जिज्ञासा राखेमा, समूह छलफल र अन्तरक्रियामा कम सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार धेरैजसो स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका अधिकांश कार्य पूरा गरेमा | ३ | |
| | | • सिकाइमा कम जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा निर्देशनअनुसार भाग लिएमा, आफ्ना विचार आंशिक रूपमा मात्र प्रस्तुत गरेमा, दिइएका कार्य आधा मात्र पूरा गरेमा | २ | |
| | | • सिकाइमा जिज्ञासा राख्न क्रियता नदेखाएमा, समूह छलफल र अन्तरक्रियामा सक्रियता नदेखाएमा, आफ्ना विचार प्रस्तुत गर्न साथी वा शिक्षकको सहयोग चाहिएमा, अरूको सहयोगमा दिइएका कार्य पूरा गरेमा | १ | |
| **जम्मा** | | | **८** | |

### ३.४ रुब्रिक्स निर्माणका चरणहरू

विद्यार्थीको सहभागितामा उनीहरूले गरेका कार्यको लेखाजोखा गर्नका लागि रुब्रिक्सको निर्माण गर्न सकिन्छ । यसबाट विद्यार्थीले आफ्ना कार्यको लेखाजोखा आफैँ (Self assessment) गर्न सक्छन् । वास्तवमा रुब्रिक्स शिक्षक र विद्यार्थीको संयुक्त सहभागितामा बनाउँदा बढी राम्रो र कार्यान्वयन गर्न सजिलो हुन्छ जस्तै : गृहकार्य, परियोजना कार्य, कक्षाकोठाको आचारसंहिता, प्रयोगात्मक कार्य, निबन्ध लेखन, चार्ट निर्माण, पोस्टर निर्माण, मोडेल निर्माण आदि । रुबिक्स निर्माण गर्न निम्नलिखित चरण अपनाउने गरिन्छ :

(क) विद्यार्थीले पूरा गर्नुपर्ने कार्यको छनोट वा निर्धारण
(ख) रुब्रिक्सका प्रकारको निर्धारण (समष्टिगत, विश्लेषणात्मक, सामान्य, विशिष्ट)
(ग) आधारहरूको निर्धारण
(घ) अङ्कनको तह निर्धारण
(ङ) यकिन गरिएका आधार, अङ्कनका तह र सूचकको तालिकीकरण
(च) तोकिएको कार्य सम्पादन
(छ) रुब्रिक्सको प्रयोगबाट सम्पादन गरिएका कार्यको मूल्याङ्कन

रुब्रिक्स निर्माण गर्दा सकेसम्म जोर सङ्ख्यामा अङ्कनका तहहरू राख्नुपर्छ । आधारहरूको सङ्ख्या धेरै कम वा धेरै बढी हुनुहुँदैन । आधारहरू स्पष्ट हुनुपर्छ । सूचकहरू स्पष्ट, मापनीय, अवलोकनीय र वस्तुगत हुनुपर्छ । उदाहरणका लागि विद्यार्थीलाई पोस्टर निर्माण कार्य दिइएको छ भने विद्यार्थीले सर्वप्रथम कुन कुराको पोस्टर निर्माण गर्ने भन्ने कुरा यकिन गर्दछन् । त्यसपछि पोस्टरको

मूल्याङ्कनका लागि कुन कुन आधारमा गर्ने (आधार वा मापदण्ड), हरेक कार्यका लागि कतिदेखि कतिसम्म अङ्क दिने (मानौं १ देखि ४ सम्म) र कस्तो पोस्टरलाई ४ दिने र कस्तो पोस्टरलाई १ दिने (सूचक) भन्ने कुराको तयारी (रुब्रिक्स) गर्दछन् । अनि मात्र राम्रो पोस्टर तयार गर्दछन् । पोस्टर निर्माणको क्रममा सूचकलाई ध्यान दिन्छन् अर्थात् कसरी निर्माण गरेमा हरेक आधारमा ४ अङ्क प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई मनन् गर्दै पोस्टर निर्माण गर्दछन् । पोस्टर तयार भइसकेपछि रुब्रिक्सका आधारमा मूल्याङ्कन गरिन्छ । हरेक आधारमा प्राप्त गरेको प्राप्ताङ्क जोडेर विद्यार्थीले प्राप्त गरेको कुल प्राप्ताङ्क निकालिन्छ ।

### ३.५ रुब्रिक्स प्रयोगमा देखिएका समस्या

विषयवस्तुको प्रकृतिअनुसारको रुब्रिक्स छनोट गर्न नसक्दा, विद्यार्थीको अपनत्व हुने गरी सहभागितामूलक रुब्रिक्स निर्माण गर्न नसक्दा, वस्तुनिष्ठ सूचक, आधार र अङ्कनको तह नहुँदा रुब्रिक्सको प्रयोगमा समस्या आउन सक्छ । रुब्रिक्सको प्रयोगमा देखिने समस्यालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- विद्यार्थीले मूल्याङ्कनका आधारको बुझाइ कम हुनु
- विद्यार्थीले सूचकका बुझाइ कम हुनु
- सूचकहरू मापनीय, वस्तुगत र अवलोकनीय नहुनु
- आधारहरू चाहिनेभन्दा बढी हुनु
- विद्यार्थीमा अङ्क कसरी प्राप्त भयो भन्ने बुझाइ नहुनु

### ३.६ रुब्रिक्सको प्रयोग गर्दा ध्यान दिनुपर्ने पक्षहरू

विशेष गरी विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि रुब्रिक्सको प्रयोग गरिन्छ । रुब्रिक्स प्रयोग गर्दा विद्यार्थीलाई यसको अवधारणा स्पष्ट हुनु आवश्यक छ । यसको सही कार्यान्वयन गर्नका लागि रुब्रिक्स निर्माणका क्रममा विद्यार्थीको सहभागिता गराउनु अनिवार्यता हुन्छ । Goodrich (1996) का अनुसार विद्यार्थीलाई रुब्रिक्सको प्रयोग गराउँदा निम्नलिखित चरणहरू अपनाउनुपर्छ :

(क) तयार गरिएको रुब्रिक्स र मूल्याङ्कन गर्नुपर्ने सामग्री अध्ययन गर्न लगाउने
(ख) रुब्रिक्स प्रयोग गरी प्रारम्भिक अङ्क दिन लगाउने
(ग) अङ्कनमा सहयोगका लागि सहपाठी चयन गर्न लगाउने
(घ) सहपाठीसँग मिलेर सामग्री पुनः अध्ययन गर्न लगाउने
(ङ) सहपाठीसँग मिलेर संयुक्त रूपमा पुनः अङ्कन गर्न लगाउने
(च) प्राप्ताङ्कमा पुनर्विचार गर्न लगाउने

### ३.७ रुब्रिक्सको उपयोगिता तथा प्रयोग

**(क) निर्माणात्मक मूल्याङ्कनलाई प्रभावकारी बनाउन :** रुब्रिक्सको प्रयोग निर्णयात्मक मूल्याङ्कनका लागि भन्दा निर्माणात्मक मूल्याङ्कनका लागि बढी प्रयोग गरिन्छ । यसको प्रयोगबाट शिक्षण र सिकाइको गुणस्तरमा सुधार ल्याउन सकिन्छ । विद्यार्थीले आफ्ना कामको आफैं मूल्याङ्कन गर्न ( आत्म मूल्याङ्कन) का लागि रुब्रिक्स प्रयोग गर्न सक्छन् । यसका साथै सहपाठी मूल्याङ्कनका लागि पनि रुब्रिक्स प्रयोग गरिन्छ । यसबाट विद्यार्थीले आफैं पृष्ठपोषण प्राप्त गर्न सक्छन् । प्राप्त पृष्ठपोषणका आधारमा आफ्ना कार्यमा सुधार ल्याउँछन् ।

**(ख) पृष्ठपोषण प्रणालीलाई सबल बनाउन :** रुब्रिक्सको प्रयोगबाट पृष्ठपोषण प्रणालीलाई सबल बनाउन सकिन्छ। तोकिएका कार्य सम्पादन गर्नुभन्दा अगि नै रुब्रिक्स निर्माण गर्नुपर्ने हुँदा विद्यार्थीले आफूले पूरा गर्नुपर्ने कार्यको अपेक्षित स्तर (गुणस्तरको तह) पहिले नै थाहा पाउन सक्छन् जसबाट उनीहरूको कार्यसम्पादनको स्तर वृद्धिमा मदत पुग्छ। व्यक्तिगत वा जोडीगत वा समूहमा गरिएको कार्य सम्पादनको रुब्रिक्सद्धारा मूल्याङ्कन गर्दा एकले अर्कोलाई पृष्ठपोषण दिने कार्य हुँदा सुधार गर्ने अवसर पाइन्छ।

**(ग) सिकाइका प्रक्रियागत सिपको विकास गराउन :** प्रयोगात्मक र परियोजनामा आधारित रुब्रिक्सले प्रतिफलभन्दा प्रक्रियालाई बढी जोड दिने हुँदा विद्यार्थीको काम गर्ने शैलीको साथै आफूमा भएका कमीकमजोरी सुधार गर्न मदत गर्छ। रुब्रिक्स प्रयोग गरेर हरेक विद्यार्थीको कार्यको सही र वस्तुगत रूपमा मूल्याङ्कन गर्न सकिन्छ।

**(घ) शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउन :** रुब्रिक्सको प्रयोगबाट शिक्षकहरूलाई आफ्नो शिक्षण सिकाइमा सुधार ल्याउन मदत पुग्छ। शिक्षकले रुब्रिक्स प्रयोग गरेर विद्यार्थीका कार्यको कम समयमा प्रभावकारी रूपमा मूल्याङ्कन गर्न सक्छन्। यसबाट विद्यार्थीहरुले गरेका कार्यको निरन्तर मूल्याङ्कन गरिने हुँदा विद्यार्थीहरुको सिकाइको क्रममा भएका कमीकमजोरीको पहिचान गरी क्रमिक रुपमा सुधार गर्न मदत पुग्दछ भने शिक्षकले आफूले सहजीकरण गर्दा आफ्नो मूल्याङ्कन गरी अझ व्यावहारिक र अन्तर्क्रियात्मक तथा सहभागितात्मक तरिकाले पठनपाठन गराउन मदत पुग्दछ।

**(ङ) मूल्याङ्कनमा विश्वसनीयता बढाउन :** उपयुक्त र सान्दर्भिक तथा वस्तुगत आधार, सूचक र अङ्कनको प्रयोग गरी विद्यार्थीले गरेका कार्यहरुको लेखाजोखा गरिने हुँदा मूल्याङ्कन पारदर्शिता ल्याउन र विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवालाहरूमा मूल्याङ्कन प्रति विश्वसनीयता बढाउन सकिन्छ।

## ४. निष्कर्ष

विद्यार्थीले सम्पादन गरेका कार्यको सही, वस्तुगत र निष्पक्ष तरिकाले मूल्याङ्कन गर्ने प्रक्रिया नै आधिकारिक मूल्याङ्कन हो। यसको एक महत्त्वपूर्ण साधन रुब्रिक्स हो। सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा मूल्याङ्कनलाई लिनुपर्ने पक्षलाई वर्तमान पाठ्यक्रमले जोड दिएको छ। सिकाइ क्रियाकलापका क्रममा विद्यार्थीको बुझाइ क्षमता, प्रयोग गर्ने सिप, विश्लेषण गर्ने क्षमता, तर्क दिने र समालोचनात्मक सोचाइ सिपको विकास, सिर्जनात्मक पक्ष, व्यवहार परिवर्तन जस्ता पक्षको सही र वास्तविक मूल्याङ्कन गर्ने महत्त्वपूर्ण साधन रुब्रिक्स भएकाले विषयवस्तुको प्रकृतिअनुसारको उपयुक्त रुब्रिक्स छनोट गरी प्रयोग गर्दा पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलब्धि सहज रूपमा हासिल गर्न सकिन्छ। वर्तमान पाठ्यक्रमले कक्षा १ देखि ३ सम्म सिकाइका लागि मूल्याङ्कन र कक्षा ४ देखि १२ सम्म आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था गरेको छ। उक्त पाठ्यक्रममा उल्लिखित संज्ञानात्मक क्षेत्रका सिकाइ उपलब्धिको सही र वस्तुगत तरिकाले मूल्याङ्कन गर्न उत्तरकुञ्जिकाको रुब्रिक्स बनाउन सकिन्छ भने सिकाइका लागि मूल्याङ्कन तथा आन्तरिक मूल्याङ्कनअन्तर्गतका सहभागिता, प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कनका लागि विषयवस्तुको प्रकृतिअनुसारको रुब्रिक्स निर्माण गरी विद्यार्थीले गरेका सही कार्यको सही तरिकाले मूल्याङ्कन गर्न सकिन्छ। यस कार्यबाट विद्यार्थीको अपेक्षित कार्य सम्पादन कुशलताका साथ पूरा गर्ने, उच्च तहको सोचाइको विकास र अभिव्यक्तिशील कलाको विकास हुन जान्छ।

**सन्दर्भ सामग्री**

आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम, २०७६ । पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।
आधारभूत तह (कक्षा ४–५) को पाठ्यक्रम, २०७८ । पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।
आधारभूत तह (कक्षा ६–८) को पाठ्यक्रम, २०७७ । पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।
माध्यमिक तह (कक्षा ९–१०) को पाठ्यक्रम, २०७८ । पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।
विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ । पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।
Barton, C. & Collins, A. (1997). Portfolio Assessment: A Handbook for Educators. New York: Dale Seymour Publications.
Goodrich, H. 1997. Understanding rubrics. *Educational Leadership* 54 *(4): 14–17.*
Sizer, T. (1992). Horace's school: Redesigning the American high school. Boston: Houghton Mifflin

# शिक्षा क्षेत्रका धरोहर जीन पियाजे

**कृष्ण प्रसाद आचार्य**
प्राविधिक सहायक पाचौँ
सिमकोट गाउँपालिका, सिमकोट, हुम्ला



**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेखको शीर्षक शिक्षा क्षेत्रका धरोहर जीन पियाजे रहेको छ । यस लेखमा पीयाजेको व्यक्तिगत परिचय  र उनले प्रतिपादन गरेको सिद्धान्तमा आधारित रहेर विमर्श गरिएको छ। यसलेखमा जिन पियाजेको व्यक्तिगत जानकारी प्राप्त गर्नु, जिन पियाजेको ज्ञानात्मक सिकाइ सिद्धान्तका बारेमा जानकारी लिनु, जिन पियाजेले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानको जानकारी लिनु, जस्ता तीनवटा उद्देश्य राखिएका छन् । यो लेख गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ भने पुस्तकालय विधिको प्रयोग गरिएको छ । सामग्री सङ्कलनका रूपमा द्वितीय स्रोत सामग्रीको उपयोग गरिएको छ । यो लेख विशेषगरी जीन पियाजेको व्यक्तिगत परिचय, संज्ञानात्मक सिकाइ सिद्धान्त, संज्ञानात्मक सिकाइ सिद्धान्तको शैक्षिक प्रयोग र उक्त सिद्धान्तको आलोचनामा मात्र सीमित गरिएको छ । पीयाजे शिक्षाका क्षेत्रमा बालबालिकाको बौद्धिक विकासका आधारमा सिकाइ हुन्छ भन्ने मान्यता राख्दछन् । उनको संज्ञानात्मक सिकाइको सिद्धान्तलाई हेर्दा सम्मिलन, सम्झौता, अनुकूलन र सन्तुलनको प्रक्रिया रहेने उल्लेख गरेका छन् । त्यसै गरी पीयाजेको संज्ञानात्मक विकासको सिद्धान्तलाई संवेदिक क्रियात्मक चरण, पूर्व क्रियात्मक चरण, ठोस क्रियात्मक चरण, औपचारिक क्रियात्मक चरणबाट सिकाइ हुने कुरामा उनी विश्वास गर्दछन् । उनको सिद्धान्तको शैक्षिक प्रयोग बढी हुने गरेको पाइन्छ । पाठ्यक्रम  निर्माण देखि शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोगमा समेत उपयोग हुने गरेको छ । त्यसै गरी शिक्षको नीति निर्माणका तहमा समेत उनको योगदान रहेको छ । शिक्षा क्षेत्रमा उपयोगी हुँदा हुदै पनि यो आलोचनाबाट मुक्त भने हुन सकेन । सबै बालकबालिकामा उनले भनेजस्तो एकनासको सिकाइ र विकास हुन नसक्ने देखिन्छ  । त्यसैगरी बालबालिका जन्मेको हुर्केको, र बढेको समाजको सामाजिक सांस्कृतिक पक्षले पनि प्रभाव पारको हुन्छ । तसर्थ सबै बालबालिकको सिकाइ र विकास एकै प्रकार र एउटै सिद्धान्तबाट हुन नसक्ने निष्कर्ष निकाल्न सकिन्छ ।

## विषय प्रवेश

### व्यक्तिगत परिचय

सुप्रसिद्ध शिक्षाविद् तथा मनोवैज्ञानिक जीन पियाजेको जन्म ९अगष्ट १८९६ मा स्विजरल्याण्डमा भएको थियो । उनका माता पिता रेविका ज्याक्सन र मथर पियाजे हुन् । सानैदेखि अध्ययनशील पियाजे स्वीजरल्यान्डका एक शसक्त जीवशास्त्री तथा मनोवैज्ञानिक हुन् । न्यू सेटल्स कै विद्यालयबाट माध्यमिक शिक्षा पूरा गरेका पियाजेले University of Zurich बाट उच्च शिक्षा हाँसिल गरेको पाइन्छ भने University of new setels बाट प्राकृतिक विज्ञानमा विद्यावारिधी गरेका थिए । ( पोखरेल र देवकोटा, २०७८)

पियाजेले आफ्नो जीवनको करियार सन् १९१८ मा एउटा मनोवैज्ञानिक क्लिनिकबाट सुरु गरेका थिए । त्यसपछि सन् १९२० मा विनेटको प्रयोगशालामा बौद्धिक परीक्षणमा सहभागी बने । जसबाट उनमा परम्परागत रूपमा बालकको बौद्धिक मूल्याङ्कन गर्ने पद्धति चित बुझेन जबकी कुनै निश्चित पद्धतिमा केन्द्रित भएर बालकको बौद्धिक परीक्षण हुन हुँदैन भन्ने यिनको मत रहेको थियो । यसै कारण उनले आफ्ना बिचारहरू समेटेर सन १९२१ मा The psychology of Intelligence शीर्षकको आफ्नो लेख प्रकाशित गरी आफ्ना शिक्षा मनोविज्ञान, नैतिकता तथा संज्ञान सम्बन्धी धारणाहरू प्रस्तुत गरे जसले उनलाई मनोविज्ञान तथा शिक्षा क्षेत्रमा परिचित व्यक्तिका रूपमा चिनायो । उनले आफ्नो जीवन अनुसन्धानमा विताएको पाइन्छ । पियाजेले आफ्नो अध्ययनको केन्द्र बालबालिकालाई बनाएको देखिन्छ । उनले आफ्नै छोरा छोरीबाट अध्ययन गरी सिद्धान्त प्रतिपादन गरेका पाइन्छ । उनको अध्ययन तथा दर्शनलाई Language thought of the child नामक पुस्तकमा चर्चा गरेका छन् । मुलतः निर्माणवादी मनोवैज्ञानिकका रूपमा चिनिने पियाजे आफ्ना दुवै सिद्धान्तहरू नैतिक विकासको सिद्धान्त र संज्ञानात्मक विकासको सिद्धान्तको सफलता पछि संज्ञानवादी मनोवैज्ञानिक तथा शिक्षाशास्त्रीका रूपमा परिचित भएको पाइन्छ ।

पियाजे सन १९२९ मा Child psychology of university मा प्रोफेसरका रूपमा नियुक्त भए त्यसपछि उक्त University मा कार्य गरिरहदा उनी आफ्ना सहयोगीहरूसँग मिलेर विविध अनुसन्धानमा संलग्न रहेको पाइन्छ । अनुसन्धानकै क्रममा पियाजेले The psychology of Intelligence, introduction of Genetic Epistemology लगायतका पाँच दर्जन भन्दा बढी पुस्तकहरू र सयौं लेख रचनाहरू प्रकाशन गरेका छन् । उनले आफ्ना धारणहरू उक्त रचनामा प्रस्तुत गरेका छन् । शिक्षा, दर्शन, मनोविज्ञान तथा विज्ञानका क्षेत्रका सफल व्यक्ति पियाजे आफ्नो संज्ञान विकासको सिद्धान्तबाट निकै प्रसिद्ध रहेका छन् । निरन्तर साधना, अनुसन्धानबाट कहिल्यै नथाक्ने पियाजे ८५ वर्षको उमेरमा सन् १९८० मा यस संसारबाट विदा भए ।

### उद्देश्य

यस अनुन्धानात्मक लेखका उद्देश्यहरू निम्न प्रकारका छन् :

क) जिन पियाजेको व्यक्तिगत जानकारी प्राप्त गर्नु,
ख) जिन पियाजेको ज्ञानात्मक सिकाइ सिद्धान्तका बारेमा जानकारी लिनु,
ग) जिन पियाजेले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानको जानकारी लिनु,

### अध्ययन विधि

यो खोज गुणत्मक विधिमा आधारित रहेको छ । यस लेख तयार पार्दा द्वितिय स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । यो अध्यनात्मक लेख तयार पार्न पुस्तकालयमा प्राप्त पुस्तकहरू, सन्दर्भ पुस्तकहरू, पत्रपत्रिका, विभिन्न लेख, वेबसाइड तथा जर्नलहरू आदिका आधारमा प्राप्त सामग्रीहरूको विश्लेषण गरी यो लेखलाई पूर्णता दिइएको छ ।

### पियाजेको ज्ञानात्मक सिकाइको सिद्धान्तको अवधारणा

जिन पियाजेको लामो समयको खोज अनुसन्धान र दीर्घ त्यागको प्रतिफलका रूपमा ज्ञानात्मक विकासको सिद्धान्त प्रतिपादन भएका हो । उनको ज्ञानात्मक विकासको सिद्धान्त गेष्टाल्ट्स स्कूल या उकथअजययिनथ बाट निर्देशित सिद्धान्तका रूपमा परिचित छ । (William E. Deal and

other 2006) संज्ञानवादीहरू व्यवहारवादीहरूको विरुद्धमा आफ्नो राय प्रस्तुत गर्दछन् । व्यवहारवदीहरूले उद्दिपक प्रतिक्रिया सिद्धान्तबाट सिकाइ हुने कुरा गर्दछन् भने त्यसको ठीक विपरित संज्ञानवादीहरू बालबालिकको बौद्धिक विकासका आधारमा सिकाइ गर्न सक्छन् भनी अफ्नो अभिमत राख्दछन् । (Bringuier, 1980) संज्ञानवादीहरू मोविज्ञानसँग सम्बन्धित धारणा राख्दछन् । सिकाइ मानसिक कार्य वा क्षमता हो ।

During the 1970s and 1980s, Piaget's works also inspired the transformation of European and American education, including both theory and practice, leading to a more 'child-centered' approach. In *Conversations with Jean Piaget*, Bringuier says: "Education, for most people, means trying to lead the child to resemble the typical adult of his society ... but for me and no one else, education means making creators... You have to make inventors, innovators—not conformists" (Bringuier, 1980, p. 132)

बालकले मानसिक कार्यका रूपमा सूचना प्राप्त गर्दछ र त्यसबाट उसको ज्ञानात्मक विकास हुन्छ भन्ने धारणा ज्ञानात्मक विकासको सिद्धान्त हो । (शर्मा एण्ड शर्मा, २०६८) पियाजे cognitive sehems द्वारा बालकले ज्ञान प्राप्त गर्दछ जुन उसले प्राप्त गरेको वातावरणसँग प्रत्यक्ष सम्बन्धित हुन्छ भन्ने मत राख्दछन् । बालकले सूचना प्राप्त गर्न वातावरणको सहारा लिने गर्दछ भने तिनै प्राप्त सूचनाका आधारमा व्यक्तिको विकासात्मक अवस्था अनुसार schems निर्माण भइ संज्ञानात्मक संरचनामा परिर्वतन हुन जान्छ र उसले सिकाइ हासिल गर्ने कुरा पियाजे अघि सार्दछन् । यसलाई हेर्दा वातावरण सूचना प्राप्त गर्ने मूल आधार हो र त्यही आधारबाट उसले मानसिक विकास गर्दै आफ्नो धारणा निर्माण गर्दछ ।

**पियाजेको संज्ञानात्मक विकासका प्रक्रियाहरू**

Goodman, (1990) said that Piaget grounded his developmental learning theory in the individual learner and positioned children as active, intelligent, creative constructors of their own knowledge structures. The term often used to refer to this process is “psychogenesis,” which is the idea that intellectual growth is most influenced by learner’s own personal intellectual activities (William E. Deal and other 2006).

## अ) Assimilation (सम्मिलन)

पियाजेका अनुसार संज्ञानात्मक विकास प्रक्रियाको प्रथम चरण Assimilation हो । बालकमा अन्तर निहित schemes को आधारमा वातावरणसँग मिल्दो जुल्दो कार्य गर्नुलाई उनले Assimilation प्रक्रिया भनी उल्लेख गरेका छन् । उनी प्रत्येक बाालबालिकाको मस्तिष्क संरचना भिन्न भिन्न हुने तथा सोही बमोजिम उसमा नैसगिक प्रद्धति विकसित भइ वातावरणसँग समायोजित हुन्छ र उसले त्यहाँबाट सूचना प्रप्तगरी सिकाइ गर्दछ भने Assimilation लाई पहिलो प्राथमिक प्रक्रियाका रूपमा उनले हेरेको देखिन्छ ।

### आ) Accommodations (सम्झौता)

पियाजेले संज्ञान विकासको द्रोस्रो प्रक्रियाका रूपमा Accommodation लाई चिनाएका छन् । यस चरण वा प्रक्रियामा बालकले वातावरणसँग अन्तर क्रिया गर्दै जान्छ यस प्रक्रियाले ऊ समायोजनका लागि Schemes मा परिवर्तन गर्दै अघि बढ्छ । (अर्याल र भट्टराई, २००९) उदाहरणार्थ कुनै बालकलाई दुईवटा पैसा दियो भने उसले पैसालाई आफूसँग उपयुक्त हुने नहुने आफै पत्ता लगाउछ । ऊ आफ्नो क्षमता भन्दा माथिका नोट छाडि दिन्छ । उसले हात लगाउँदैन । यसरी उसले संझौताको Accommodation को चरणमा आफ्ना अनुकूल र प्रतिकूल सामग्री पहिचान गर्छ भनी पियाजेले आफ्नो धारणा प्रस्तुत गरेको पाइन्छ ।

### इ) Adaptation (अनुकूलन)

यस प्रक्रियामा Adaptation प्रक्रियाबाट प्रप्त गरेका नयाँ अनुभवका आधारमा समायोजन गर्ने काम बालकले गर्दछ । उक्त अनुभवहरूको प्राप्तिबाट बालकले आफूलाई वातावरणनुकुल समायोजन गर्दछ । (अर्याल र भट्टराई, २००९) यो प्रक्रियालाई पनि अस्थायी प्रक्रियाकै रूपमा पियाजे ले चिनाएका छन् । उनले Adaptation र Accommodation बीचको अन्तरक्रिया नै समायोजन हो भनी प्रस्तुत गरेका छन् । (भट्टराई, २०७१)

### ई) Equilibrium (सन्तुलन)

पियाजेका अनुसार Equilibrium मानसिक प्रक्रियाको अन्तिम चरण हो र यसै चरणबाट बालकले आफू र वातावरण बीचको सम्बन्धलाई सुव्यवस्थित सु मधुर र आनन्ददयी बनाउन आफ्नो मानसिक संरचनामा परिर्वतन गर्न थाल्दछ । (सापकोटा र अधिकारी, २०६८) यस्तो मानसिक कार्यलाई Equilibrium मानिन्छ भन्ने उनको मत रहेको छ । यस प्रक्रियालाई मानसिक संरचनाको निर्माण र मानसिक कार्यको विकासको सूरुवातका रूपमा हेरिएको पाइन्छ । यसरी पियाजेले संज्ञान विकासका प्राथमिक प्रक्रियाहरूलाई परिचित र परिभाषित गरेको पाइन्छ ।

पियाजेको ज्ञानात्मक बिकासको सिद्धान्त पूर्ववर्ती तथा समकक्षीहरूले प्रस्तुत गरेको बालबिकाससगँ सम्बन्धित अवधारणा गलत हो भन्दै पियाजेले बालकको बौद्धिक बिकास सम्बन्धी आफ्नो महत्वपूर्ण अवधारणा प्रस्तुत गरे जसलाई उनको संज्ञानात्मक बिकासको सिद्धान्त भनी संसारभर चिन्ने गरिन्छ । उनले संज्ञानात्मक बिकासको सिद्धान्त बिकास गरेपछि भनेका छन्, बालकको बौद्धिकता भनेको कुनै पनि वातावरणमा adjust हुनु, वातावरणलाई adopt गर्नु र वातावरणलाई दक्षतापूर्वक deal गर्नु हो (भट्टराई, २०७१) र बौद्धिकता बालकको शाारीरिक बिकास र परिपक्कता सगँसगै परिवर्तन हुदैं जान्छ (शर्मा र शर्मा: २०७८) ।

उनको यस सिद्धान्तले विकासात्मक मनोविज्ञानका क्षेत्रमा व्यापक परिवर्तन ल्याएको पाइन्छ भने आज संसारभर यही सिद्धान्तले प्रसिद्धि पाएको छ । उनको यस सिद्धान्तलाई उच्च स्तरको सिद्धान्तका रूपमा चिनिन्छ ।

## पियाजेको संज्ञानात्मक विकासको सिद्धान्तका चरणहरू

### क) संवेदिक क्रियात्मक चरण (Sensory motor stage)

मानवको ज्ञानात्मक विकासको जन्मदेखि २ वर्षसम्मको विकासात्मक चरणलाई संवेदिक क्रियात्मक चरणका रूपमा पियाजेले प्रस्तुत गरेका छन् (अधिकारी,२०७७) । यस अवस्थामा बालकको भाषिक व्यवहार र प्रत्यक्ष क्रिया अन्तरक्रिया गर्न सक्दैन । बालकले यस अवस्थामा ज्ञानेन्द्रियहरूद्धारा आफ्ना इच्छा व्यक्त गर्दछ (भट्टराई, २०७१) । पियाजेका अनुसार यस अवस्थामा चुस्ने, हेर्ने, समाउने आदि जस्ता सीमित कार्यहरू गर्न सक्छ । यिनीहरू ज्ञानात्मक बिकासका प्राथमिक कार्यहरू हुन् । चार महिनापछि बालक सामान्य तथा असामान्यात्मक व्यवहारबाट समन्वयत्मक व्यवहारमा परिवर्तन गर्न समर्थन हुन्छन् । मानौं आमाको दुध, बोटलको दुध बाहेक अन्य मुखमा परेका वस्तुहरू चुस्न सक्षम हुन्छन् (अर्याल र भट्टराई, २००९) । आफूले देखेका वस्तुहरू एक टकले हेरिरहने, बस्तुहरू चिन्न कोसिस गर्ने, कसैसँग जान खोज्ने तथा नजिकै भेटेका चिजहरू समाउने जस्ता क्रियाहरू यस अवस्थामा गर्न थाल्दछन् । त्यसैगरी आठ महिनापछि बालकले बाह्य वातावरणसँग प्रतिक्रिया देखाउन सिक्दछ । देखेका चिजहरू छुट्टै अस्तित्वका हुन् भन्ने बोध गर्न समेत असमर्थ हुन्छ (पोखरेल र देवकोटा, २०७६) । उदाहरणार्थ बालकले खेलिरहेको सामान लुकाईदिएमा उसले त्यसको खोजी गर्न थाल्छ भने क्रमश: यस अवस्थामा शाब्दिक बिकासको थालनी हुन्छ । अक्सर एक शब्द, दुई शब्दे वाक्य यस समयको अन्त्यतिर बालकले बोल्न सिकिसकेको हुन्छ भनी पियाजेले प्रस्तुत गरेका छन् ( भट्टराई, २०७१) ।

### ख) पूर्व क्रियात्मक चरण

पूर्व क्रियात्मक चरणलाई पियाजेले संज्ञान बिकासको दोस्रो चरणका रूपमा प्रस्तुत गरेका छन् । यो अवधि २ देखि ७ बर्ष सम्मको हुने र यस अवस्थाबाट बालकले संकेत सहितका संवेदिक र क्रियात्मक कार्यहरू गर्न सुरु गर्दछ । संवेदिक क्रियात्मक चरणको अन्त्यतिरबाट सुरु भएको शाब्दिक प्रयोगले यस चरणमा क्रमशं:बिकासको सिढी उक्लन थाल्छ (भट्टराई, २०७१) । यस अवधिलाई पनि पूर्व धारणात्मक अवस्था (२ देखि ४ बर्ष) र अन्तर्ज्ञानी अवस्था (४-७/८) बर्ष गरी दुई भागमा विभक्त गरेर पियाजेले बालकको सज्ञान विकासलाई अध्ययन गरेका छन् ( भट्टराई, २०७१) । पूर्व धाराणात्मक अवस्थामा बालकले वस्तुलाई नामद्धारा चिन्ने कोसिस गर्दछन् परन्तु धारणा निमार्ण भने गरिसकेका हुदैनन् । व्यक्तिगत सोचाई, तर्क दिने कार्यको विकास नभएको हुनाले कुकुर भनेर चिनेको पशु विशेष छ भने सबै पशुलाई उसले कुकुरनै भन्नु, सजिव र निर्जिव वस्तु छुट्टयाउन नसक्नु, आफ्ना वरिपरीका सबै वस्तुहरू आफ्नै ठान्नु जस्ता व्यवहारहरू यस अवस्थामा देखाउछन् (पोखरेल र देवकोटा,२०७६) । त्यस्तै अन्तर्रज्ञानी अवस्थामा बालबालिकाहरू थोरै मात्रामा धारणा निमार्ण गर्न सक्ने हुन्छन् । यतीखेर उनीहरू दाल, भात, तरकारी भिन्न जातका फलफूलहरू आदि चिन्ने गर्छन् तर तार्किक विकास भएको हुदैन (शर्मा र शर्मा: २०७८) । उदाहरणार्थ दुई वटा भाडाहरू (चौडा र लाम्चो) मा पानी राखेर बढी पानी कुनमा छ भनेर सोध्यो भने लाम्चो भाडाँ भरी देखेर त्यसमा छ भनेर देखाउँछन् तर लाम्चो भाडाँको कारण त्यसमा बढी पानी देखिएको हो भनेर तार्किक निर्ष्कष निकाल्न सक्दैनन् ।

### ग) ठोस क्रियात्मक चरण (Concrete Operational Period)

पियाजेका अनुसार संज्ञान विकासको यो चरण सामान्यतया ७/८ बर्षदेखि ११/१२ बर्ष सम्मको हुन्छ। यस अवस्थामा बालबालिकाहरू तर्किक रूपमा वस्तुहरूलाई भिन्न बनाएर बुझ्न सक्षम हुन्छन्। यस अवधिमा बालबालिकाहरू वास्तविक वस्तु र तस्वीर बिच फरक छुट्ट्याउन सक्षम हुन्छन् (पोखरेल र देवकोटा, २०७६)। आफ्नो अनुभव अनुसार कुनै बिषय बस्तु पनि कारण दिने, संसारका सबै वस्तुहरू भिन्न भिन्न हुन्छन्, सबै वस्तुहरू आफ्ना होइनन्, प्रत्येक वस्तु र मानिसहरू फरक फरक हुन्छन् जस्ता धारणा बिकास भइसक्ने यस अवधिमा बालबालिकाहरू वस्तुगत भिन्नता अनुरूप वर्ग मिलाउन, सङख्यात्मक रूपमा प्रस्तुत गर्न पनि समर्थ भइसकेका हुन्छन् (शर्मा र शर्मा: २०७८)। सारमा भन्दा सोचाइ, क्रमिकपन सङख्यात्मक अभिव्यक्ति तर्किक चिन्तन र ठेस वस्तुको पहिचान, सामान्यिकरण, बर्गीकरण आदिमा सक्षमता प्राप्त गर्न सक्ने बौद्धिक क्षमताको विकास यस अवधिमा भइसकेको हुन्छ (र्शमा र र्शमा, २०७८)।

### घ) औपचारिक क्रियात्मक चरण (Formal Operational Period)

पियाजेको संज्ञानात्मक विकासको अन्तिम चरण औपचारिक क्रियात्मक चरण हो। यो बाह्र बर्षदेखि सुरु भएर बिभोरावस्थासम्म रहन्छ। यस अवस्थामा बालबालिकाहरूमा अर्मूत र तार्किक चिन्तन गर्न सक्षम हुन्छन्। आफ्नो कार्यमा संकेत गर्न, तार्किक समताद्धारा समस्या समाधान गर्न, ठोस कार्यका साथै अनुमान, कल्पना आदिद्धारा काम र्गन आदि यस अवधिका बालबालिकाहरू सर्मथ हुन्छन्। उदाहरणका लागि विभिन्न आकार, प्रकार, गुण, स्वाद, गन्ध आदि बताउन छुट्टयाउन सृजनात्मक कार्य गर्न, कुनै बिषयमा कल्पनायुक्त तवरले सोची आफ्नो राय प्रकट गर्ने जस्ता कार्यहरू पनि यस अवधिका बालबालिकाहरू गर्न सक्षम हुन्छन् (अर्याल र भट्टराई, २००९)। यस अवस्थाका बालबालिकाहरू समस्या समाधानमा बहुविकल्पहरू सोच्न बिविध उपायहरूको खोजी गर्न, सर्वोषयुक्त विकल्पको छनौट गरी वातावरण अनुकुलको अवधारणा निमार्ण गर्न तथा सही र अर्थपूर्ण बाटो तय गर्न समेत समर्थ हुन्छन् (र्शमा र र्शमा, २०७८)।

पियाजेले संज्ञान विकासको चौथो चरणपछि बालबालिकाहरू पूर्ण बौद्धिक क्षमता बिकासका अवस्थामा पुग्छन् भने युवा र प्रौढ ढङ्गबाट वैज्ञानिक चिन्तन गर्न समर्थ हुन्छन् भनी उल्लेख गरेका छन्।

**The Stage of Cognitive Development**

Table 1. The Stage of Cognitive Development

| | |
|---|---|
| The period of Sensorimotor | Since birth to 2 yrs |
| The development of Symbolic and preconception thought | Since 2 to 4 yrs. |
| The period of Intuitive Through | Since 4 to 8 yrs. |
| The period of Concrete operations | Since 8 to 12 yrs. |
| The period of Formal Operations | Since 12 to Adolescence. |
| | (शर्मा एण्ड शर्मा, २०६८) |

The first, the sensorimotor stage, occurs roughly between the birth and two years of age. During this stage, children explore things that can be seen, felt, and touched through their senses. This exploration helps them develop both gross and fine motor skills. Their knowledge during this stage is largely immediate, sensory,

and concrete. Toward the end of this stage, children are able to develop stable and lasting mental representations and to engage in pretend play (William, E. Deal and Timothy K. Beal, 2006.pg 171).

The second stage, the preoperational, occurs roughly between the ages of two and seven years. During this stage, children's thinking is self-centered: they have difficulty taking the perspective of others or understanding transformations. Their thinking is more intuitive and concrete than logical and abstract. One of the best-known examples of preoperational children's centrism is their inability to imagine what an object looks like from another person's perspective (William, E. Deal and Timothy K. Beal, 2006.pg 172).

The third stage, concrete operations, occurs roughly between the ages of seven and eleven years. During this stage, children begin to understand numbers, space, and classification. They also begin to apply logical operations to concrete problems. "Concrete" is the key term here. Children are quite skilled at thinking logically, but only in the context of specific, concrete situations. They have difficulty thinking abstractly and forming generalizations based on particular experiences. Children also become able to conserve number, length, and liquid volume in this stage—to think through the fact that numbers of objects, lengths of objects, or volumes of liquids remain the same despite changes in appearance (for example, a particular number or marble is divided into three sets, or milk is poured from a tall, narrow glass into a short, stout one (William, E. Deal and Timothy K. Beal, 2006.pg 172).

The final stage, formal operations, occurs roughly between the ages of eleven and fifteen years. During this stage, children develop the ability to view problems from multiple perspectives, to think abstractly, to form and test hypotheses intentionally, to generalize from the particular to the abstract, to engage in logical (deductive) reasoning, and to develop ideals. They can also solve abstract problems like syllogisms without getting caught up in the concrete specifics of the language used to express them. This is often called "hypothetical thinking," thinking about systems of knowledge and not just with and within those systems. Finally, children in the formal operations stage can engage in logical operations in the abstract (William, E. Deal and Timothy K. Beal, 2006.pg 173).

### जिन पियाजेको ज्ञानात्मक सिकाइ सिद्धान्तको शैक्षिक प्रयोग

Piaget worked in education himself, exploring the implications of his theory for many aspects of intelligence, cognitive development, and moral reasoning, with most of his research focused on the development of mathematical and logical concepts. Besides his own contributions to educational theory and research,

Piaget's work has made significant and long-lasting contributions to education (William E. Deal and other 2006).
पियाजेद्वारा प्रतिपादित ज्ञानात्मक सिकाइ सिद्धान्तले वर्तमान समयमा शिक्षा क्षेत्रमा महत्वपूर्ण स्थान लिएको पाइन्छ (शर्मा र शर्मा २०६८) । यस सिद्धान्तले पाठ्यक्रम निर्माताहरूलाई बालकको परिपक्वता अनुरूप तहगत पाठ्यक्रम निर्माणका लागि मार्गदर्शन गरेको पाइन्छ (पोखेल र देवकोटा, २०७७) । यसले शिक्षण सिकाइलाई बालकेन्द्रित बनाउन तथा अनुभव र प्रयोगमा आधारित सिद्धान्तले शिक्षण सिकाइका लागि पथप्रदर्शन गरेको छ । यस सिद्धान्तले शिक्षकलाई केबल सहजकर्ता वा मार्गदर्शकका रूपमा उभ्याएको छ धने । शिक्षक तालिममा समेत बालबालिकाको परिपक्वता र क्षमता अनुसारका विषयवस्तु समेटेन मार्गदर्शन गरेको पाइन्छ । बालबालिकाहरूको परिपक्वता अनुरूप शिक्षण सिकाइको रणनीतिको छनोटका लागि समेत यस सिद्धान्तले प्रशस्त मार्ग निर्देशन गरेको छ ( अधिकारी, २०७७) । त्यसैगरी बालबालिकाको उमेर अनुसार विषयवस्तु, शिक्षण सामाग्रीको छनोटका साथै खोजपूर्ण सिकाइ, समस्या समाधानको प्रयोग, सिकाइका लागि मूर्त वस्तु आदि समेतको प्रयोग गरी बौद्धिक क्षमतालाई प्रस्तुत गर्न पनि यस सिद्धान्तलाई उपयोगी मानिन्छ । नेपालको सन्दर्भमा बालकेन्द्री पाठ्यक्रम, पाठ्यपुस्त निमार्णमा यो उपयोग शीघ्र बनेको पाइन्छ । यसले शिक्षण सामाग्रीको छनोट र प्रयोग, समस्या समाधान बिधिको प्रयोग आदि जस्ता कुरामा समेत यस सिकाइ सिद्धान्तले महत्वपूर्ण भूमिका खेलेको कुरालाई सर्वस्वीकार्य मान्न सकिन्छ ।

**संज्ञानात्मक विकासको सिद्धान्तको आलोचना**

पियाजेको संज्ञानात्मक विकासको सिद्धान्त व्यवहारिक रूपमा नै सबैद्वारा अनुसरण गरिँदै आएको भए तापनि यस सिद्धान्तको विपक्षमा विविध टिका टिप्पणी पनि आएका देखिन्छन् । हुन पनि कुनै पनि विचार वा सिद्धान्त कुनै न कुनै कोणबाट आलोचित हुनु स्वभाविक नै हो (भट्टराई, २०७१) । अतः उनको यस सिद्धान्तमा पनि केही आलोचनाहरू देखिएका छन् । यस सिद्धान्तका खण्डनकर्ताहरूले सबै बालबालिकाहरू पियाजेले बताएझैं बिकासको एक चरणबाट अर्को चरणमा विकसित हुन सक्दैनन् । विकास त निरन्तर हुने कुरा हो, यो चरणमा हुन सक्दैन् भन्दै उनीहरूले सीमित बच्चाहरूको अवलोकनमा आधारित यो सिद्धान्त आत्मसात गर्न नसकिने धारणा प्रस्तुत गरेका छन् । मानिस सामाजिक सांस्कृतिक वातावरणमा हुर्कन्छ र अवस्य पनि ती कारकहरूले बालकको विकासमा प्रभाव पार्छ तर यी कुराहरूलाई पियाजेले ध्यान दिएका छैनन् । (अर्याल र भट्टराई, २००९) अतः यो सिद्धान्त त्रुटिपूर्ण रहेको छ भनी आलोचित भएको छ । पछिल्ला समयमा भएका अनुसन्धानहरूले भाषिक प्राप्ति सामाजिक अन्तरक्रियाबाट बढी सहज हुने देखाएकाले पनि उनको सिद्धान्तलाई व्यक्तिवादी र अपूर्ण सिद्धान्त भनी विरोध गरिएको पाइन्छ (शर्मा र शर्मा, २०७८)

**जिन पियाजेको ज्ञानात्मक सिकाइ सिद्धान्तका सीमाहरू :**

The limits of educational simplification appear in terms of four sorts of factors: (1) the nature of the situations and performances involved; (2) the kind of organismic resources (including the total repertoire H of habitual schemes) available to the learner; (3) the desired degree of generality (applicability across situations) of the to-be-learned task structures; and (4) the amount of time available for the learning to take place (Taylor & Francis, 2006).

## निष्कर्ष

विकासात्मक मनोवैज्ञानिकका रूपमा सुपरिचित जीन पियाजे (१८९६-१९८०) स्वीजरल्याण्डमा जन्मिएका एक महान् शिक्षाशास्त्री तथा जीव वैज्ञानिक हुन् । प्राकृतिक विज्ञानमा विद्यावारिधि गरेका उनले अनेकौं लेख तथा पुस्तकहरू लेखी तिनीहरूबाट आफ्ना विचार र विकासात्मक अवधारणाहरू प्रस्तुत गरेका छन् । उनी एक विख्यात जीवशास्त्री भएका हुनाले उनको सिद्धान्त पनि जीव विकाससँग सम्बन्धित देखिन्छ । बालकको मस्तिष्क विकासलाई चरणबद्ध प्रस्तुत गर्दै उनीहरूको सिकाइ बौद्धिकअनुरूप हुन्छ भन्ने कुरालाई उनले जोड दिएका छन् । उनका अनुसार विकासका चारवटा प्रक्रियाहरू हुन्छन्, Assimilation, Accomodation, Adoptation र Equillibrium. यिनै प्रक्रियाहरू बौद्धिक विकासका कारक हुन् भन्दै उनले संज्ञान विकासका पनि चार चरणहरू संवेदिक, पूर्व क्रियात्मक, ठोस क्रियात्मक र औपचारिक क्रियात्मक हुने कुरा उल्लेख गरेका छन् । उनले शैक्षिक सिद्धान्त, अनुसन्धान र अभ्यासमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । उनी विद्यार्थीको स्तर, क्षमता तथा वैयक्तिक भिन्नतानुसार पाठ्यक्रम निर्माण गर्न, उमेरअनुसार पाठ्यवस्तु छनोट गरी सोहीबमोजिम शिक्षण विधि क्रियाकलाप आदि गर्न, विभिन्न वस्तु तथा माध्यमको प्रयोगबाट बौद्धिक क्षमताको विकास गर्न लगायतका क्षेत्रमा पियाजेको सिद्धान्त उपयोग सिद्ध बनेको देखिन्छ । केही आलोचनाहरू पाइएपनि उनको यो सिद्धान्त उपयोगसिद्ध रहेको छ ।

## सन्दर्भग्रन्थ सूची


Taylor & Francis Group, 2006. *By Routledge*. Madison Avenue. New York,
William, E. Deal and Timothy K. Beal 2006. The theory for Education. Published in Great Britain by Routledge. New York.

अधिकारी, तोयानाथ (२०७८), *बालविकास र सिकाई,* विराटनगर :

अर्याल, प्रेमनारायण र देवीप्रसाद भट्राई (२००९), *शैक्षिक मानो विज्ञान,* काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

पोखरेल, हरिप्रसाद र दुर्गाराज देवकोटा (२०७८), *बाल विकास र सिकाइ,* काठमाडौं : पिनाकल पब्लिकेशन ।

भट्टराई, देवीप्रसाद (२०७४), *उच्चस्तरीय शैक्षिक मनोविज्ञान,* काठमाडौं : क्वेस्ट पब्लिकेशन ।

शर्मा, चिरञ्जीवी र निर्माला शर्मा (२०६८), *शिक्षा मनोविज्ञान,* काठमाडौं : एम. के. पब्लिशर्स एण्ड डिस्ट्रीब्यूटर्स ।

सापकोटा, तीर्थराज र सपना अधिकारी (२०६८), *शैक्षिक मनोविज्ञान,* काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

# जोन डिवेको शैक्षिक योगदानः एक विमर्श

**तिलक प्रसाद भट्टराई**
प्राविधिक सहायक
शिक्षा विकास तथा समन्वय इकाई, जाजरकोट



***लेखसार***

यस अध्ययनमा दार्शनिक जोन डिवेले शिक्षा क्षेत्रमा दिएको योगदानको चर्चा गरिएको छ । उनको शैक्षिक दृष्टिकोण हाम्रो मुलुकको शिक्षा क्षेत्रमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरालाई पनि यस अध्ययनमा दृष्टिगत गर्ने प्रयास गरिएको छ । अध्ययनका लागि डिवेका Democracy and Education, The School and society पुस्तकहरूका साथै उनको शैक्षिक दर्शनसँग सम्बन्धित लेख रचनाहरूलाई आधार बनाइएको छ । अध्ययन पुस्तकालयीय विधिमा आधारित छ । यस अध्ययनले डिवेको शैक्षिक दृष्टिकोणलाई प्रस्तुत गर्दै शिक्षण सिकाइका क्षेत्रमा यसको उपयोग पहिचान गर्ने उद्देश्य राखेको छ । जोन डिवे (सन् १८५९-१९५२) शिक्षा, दर्शन तथा मनोविज्ञान जगत्का महान् व्यक्तित्व हुन् । बालबालिकाको स्वसँग परिचित गराउँदै विविध विषय क्षेत्रका ज्ञानहरू सामाजिक, मनोवैज्ञानिक आधारमा घरको झैँ वातावरण निर्माण गराई शिक्षा प्रदान गर्न सके शिक्षा उद्देश्यमुखी र प्रत्यक्ष जीवनसँग मेल खाने दिशामा अघि बढ्छ भन्ने मत उनको पाइन्छ । धर्म र साश्वत सत्यमा विश्वास गर्नु असत्यलाई अङ्गीकार गर्नु हो (Dewey, 1916)। अतः अनुभव र प्रयोगबाट खारिएको यथार्थ ज्ञान नै सत्य हो  र उक्त सत्य प्राप्तितर्फ शिक्षा अभिलक्षित हुनुपर्छ भन्ने मान्यता उनको रहेको देखिन्छ । यसरी शिक्षा समाजकै लक्ष प्राप्तिका लागि हुनुपर्ने, शिक्षक, विद्यार्थी, पाठ्यक्रम लगायतका विविध पक्षमा डिवेले महत्वपूर्ण विचार राखेको पाइन्छ । खास गरेर नेपालको सन्दर्भमा अध्ययन केन्द्रित बनाइएको छ भने बदलिँदो परिवेशसँगै शिक्षालाई पनि परिमार्जित गर्न वर्तमान परिप्रेक्षमा शिक्षालाई व्यक्तिगत अभिरुचि र आवश्यकतासँग जोड्नुपर्ने अनिवार्यता देखियो । डिवेले भने झैँ शिक्षालाई अनुभवमा आधारित बनाई युग सापेक्ष र व्यक्ति सापेक्ष बनाउने कार्य गहन चुनौतिपूर्ण रहेको हुँदा सोतर्फ सचेष्ट भएर लाग्नु पर्ने देखिन्छ ।

## विषय प्रवेश

### परिचय

विश्वविख्यात शिक्षा क्षेत्रका एक महान् चिन्तक जोन डिवे (सन् १८५९-१९५२) अमेरिकाको बर्लिङ्टन राज्यको बर्मोन्टमा जन्मिएका व्यक्तित्व हुन् । मध्यम वर्गीय परिवारमा जन्मिएका उनले बर्लिङ्टनकै एक विद्यालयबाट विद्यालय शिक्षा पूरा गरे । सानैदेखि तीक्ष्ण बुद्धिका धनी डिवे जिज्ञासु स्वभावका थिए । विद्यालय शिक्षा पछि उनले जोन हप्किन्ज विश्वविद्यालयबाट सन् १८८४ मा दर्शनशास्त्रमा पिएचडी गरे । त्यसपछि प्राध्यापकको रूपमा उनले विभिन्न समयमा विभिन्न विश्वविद्यालयमा रहेर काम गरे । उनले प्राध्यापन गरेका विश्वविद्यालयहरूमा मिनेसोटा विश्वविद्यालय (१८८८-८९), मिसिगन विश्वविद्यालय (१८८९-९४), सिकागो विश्वविद्यालय (१८९४-१९०४) र कोलम्बिया विश्वविद्यालय (१९०४-३०) हुन् । डिवे कोलम्बिया विश्वविद्यालयमा दर्शनशास्त्रका प्रोफेसरका रूपमा नियुक्त भएका थिए भने यही विश्वविद्यालयबाट उनी सेवा निवृत्त बनेका थिए । सेवा निवृत्त भएपछि

पनि उनी निरन्तर शैक्षिक क्षेत्रका विभिन्न अध्ययन अनुसन्धानमा जीवनपर्यन्त तल्लीन रहेका पाइन्छन् ।

जोन डिवे एक कुशल प्राध्यापक, महान् शिक्षाशास्त्री, दार्शनिक एवम् मनोवैज्ञानिकका रूपमा सुपरिचित छन् । उनले शिक्षा तथा मनोविज्ञानका क्षेत्रमा पुऱ्याएको योगदान अतुलनीय रहेको छ । उनले १८९४ मा युनिभर्सिटी एकेडमी स्कुलको स्थापना गरेका थिए भने यही स्कुलबाट उनले ४ देखि १३ वर्षसम्मका बालबालिकाको शिक्षा र शिक्षा प्राप्तिका तौरतरिकाहरू सम्बन्धमा अध्ययन तथा प्रयोग गरेका पाइन्छन् । त्यसैगरी उनले सन् १९१९ मा जापानको टोकियोमा रहेर समेत शिक्षा सम्बन्धी कार्य गरेका पाइन्छन् । डिवेले Democracy and Education पुस्तकका माध्यमबाट सिङ्गो शिक्षा क्षेत्रलाई परिवर्तन गर्ने महान् कार्य गरेका छन् । उनी शिक्षा आफैं जीवन हो जीवनको तयारी होइन भन्ने मान्यता राख्थे । प्रयोजनवादी शैक्षिक दर्शनका पिताका रूपमा आफ्नो छवी बनाएका डिवे शिक्षा क्षेत्रको यथास्थितिवादी सोचलाई भत्काउँदै शिक्षामा नवप्रवर्तन ल्याउने पक्षमा वकालत गर्दछन् (टोमलिन्सन, १९९७) । उनको प्रयोजनवादी शैक्षिक दृष्टिकोण शिक्षा क्षेत्रको ठुलो र महत्वपूर्ण उपलब्धिका रूपमा संसारभर प्रतिष्ठित बनेको छ । यस दर्शनअनुसार शिक्षा अनुभवमा आधारित हुनुपर्छ । बालकले आफ्नै स्वअनुभवबाट शिक्षा प्राप्त गर्ने अवसर प्राप्त गर्नुपर्छ । त्यसैगरी डिवेको यस शैक्षिक मान्यताले गरेर सिक्ने पद्धतिलाई जोड दिन्छ । यसलाई शिक्षा क्षेत्रको सबैभन्दा अत्याधुनिक र महत्वपूर्ण उपलब्धि मानिन्छ जसले शिक्षालाई नवीन सोचबाट व्याख्या गर्दै बालकको सिकाइ नितान्त उसका स्वअनुभवमा आधारित भए मात्र दीगो तथा फलदायी हुने कुराको वकालत गर्दछ (टोमलिन्सन, १९९७) । यस विधिलाई वर्तमान विश्वको शैक्षिक क्षेत्रले अत्यन्तै महत्वका साथ हेरेको पाइन्छ ।

जोन डिवे शिक्षा क्षेत्रमा देखा परेका अन्य दार्शनिक तथा चिन्तकभन्दा भिन्न चिन्तनका साथ उदाएका देखिन्छन् । शिक्षा प्रयोगमा आधारित हुनुपर्छ, यस्तो प्रयोगपरक शिक्षाले मात्र व्यक्तिका आवश्यकता, चाहना र रुचिहरूलाई पूरा गर्न सक्छ । व्याख्यान वा प्रवचनबाट विद्यार्थीले सिक्न सक्दैनन् । सिक्नका लागि प्रत्यक्ष प्रयोगमा संलग्न हुन पाउनुपर्छ (Dewey, १९१६) भन्ने मत डिवेको रहेको छ । शिक्षा बालकको आवश्यकता र चाहनाबाट सुरु हुनुपर्छ भन्दै बालकले आफ्नो पाठ्यक्रम र पाठ्यसामग्री स्वयम् छनोट गर्न पाउनुपर्छ भन्ने सिकारुकेन्द्री शैक्षिक दृष्टिकोण उनले राखेका छन् । त्यसैगरी उनी विद्यार्थीले आफ्नो परियोजना विधि, समूह सिकाइ आदि सबै कुराहरू प्रयोगात्मक विधि वा पद्धति अनुरूप सिक्न वा सञ्चालन गर्न पाउनुपर्छ भन्दछन् ।

डिवेले आफ्ना शिक्षा, दर्शन तथा अन्य विषयसम्बन्धी विचारहरू विभिन्न लेख तथा साहित्यिक कृतिहरूका माध्यमबाट प्रकट गरेका छन् । उनका महत्वपूर्ण कृतिहरूमा The School and Society (१८९३), The Child and Curriculum (१९०२), How We Think (१९१०), Intrust and Effect in Education (१९१३), Schools of Tomorrow (१९१५), Democracy and Education (१९१६), Human Nature and Conduct (१९२२), Experience and Nature (१९२५), The Quest of Certainity: Study for Relation of knowledge and Action (१९२९), Success of Science Education (१९२९) आदि रहेका छन् । यी लगायतका अन्य थुप्रै कृतिहरू डिवेले रचना गरेका छन् ।

जबसम्म हामी हाम्रो मस्तिष्कमा रहेको समाजको स्वरूपलाई सही अर्थमा परिभाषित गर्दैनौं तबसम्म शिक्षाको सामाजिक प्रक्रिया र कार्यको कुनै निश्चित अवधारणात्मक अर्थ हुँदैन (१९१६, पृ. १०३) भन्दै डिवेले शिक्षा समाजपरक हुनुपर्ने कुरालाई जोड दिएका छन् । त्यस्तै उनी आफूभन्दा पहिलेका

दार्शनिक एवम् चिन्तकहरूले विद्यार्थीहरूलाई काँचो माटो मान्ने गरेको विचारप्रति असहमति राख्छन् । उनी भन्छन्, 'बालबालिकाहरू सक्रिय छन् उनीहरू पूर्ण मानव हुन् र स्वतन्त्रता र पूर्ण जिम्मेदारी दिनुपर्छ, यसो भएमा मात्र उनीहरूले आफूलाई सहज ढङ्गले विकसित तुल्याउन सक्षम हुन्छन्' (The School and Society, १८९३) । उनी विचारहरू स्वतन्त्र हुनुपर्छ तर ती सामाजिक परिवेशबाट भिन्न हुन सक्दैनन्, भन्दछन् । यदि विचारहरू सामाजिक परिवेशबाट भिन्न हुने हो भने सामाजिक संरचना नै भताभुङ्ग हुन पुग्छ । अतः समाज र यसको परिवेशअनुकूल व्यक्तिका विचारहरू उत्पन्न हुने गर्दछन् किन्तु उसलाई विचारको स्वतन्त्रता भने हुनुपर्छ भन्ने समाजपरक शैक्षिक तथा व्यावहारिक चिन्तन डिवे अघि सार्छन् । त्यस्तै दर्शन पनि समाजबाटै प्रादुर्भाव हुन्छ । समाज दर्शनका लागि र दर्शन समाजका लागि हुने भएकाले दर्शन रसमाज दुवै अभिन्न छन् । त्यसकारण दर्शनको समाजप्रतिको उत्तरदायित्व महत्वपूर्ण छ र हुन्छ भन्ने विचार डिवेको रहेको छ । त्यसैगरी दर्शनले समाजको प्रगति, उन्नति गर्नेतर्फ सोच्नुपर्छ, जसले समाजलाई सबल र विकसित बनाउनतर्फ सदैव उन्मुख हुनुपर्छ (Dewey, १९१६) भन्ने मान्यता उनले राखेको पाइन्छ ।

शिक्षा क्षेत्रका प्रसिद्ध दार्शनिक डिवेको शैक्षिक दर्शनप्रति सहमति र असहमतिका विभिन्न विचारहरू देखिए पनि उनको शैक्षिक योगदानलाई कम आँक्न भने नसकिने देखिन्छ । खास गरेर उनको शैक्षिक दर्शनसँग सम्बन्धित रहेर विदेशी चिन्तकहरूले अनेकौं अनुसन्धानात्मक तथा समीक्षात्मक लेखहरू लेखेको पाइए पनि नेपालमा भने यससम्बन्धमा खासै अनुसन्धान भएको पाइँदैन । अतः उनको दर्शनको नेपालको शैक्षिक सन्दर्भमा प्रयोग के कसरी गर्दा शिक्षा फलदायी बनाउन सकिन्छ भन्ने विषयमा अनुसन्धान हुनु अनिवार्य देखिएकोले यस अनुसन्धानात्मक लेखमा उक्त कुराको खोजी गर्ने सानो प्रयास गरिएको छ । यस लेखमा उनको शैक्षिक दर्शन तथा उनको दर्शनसँग सम्बन्धित लेख रचनाहरूलाई टोटल्दै नेपालको सन्दर्भमा उक्त दर्शनको शैक्षिक प्रयोगलाई नियाल्ने जमर्को गरिएको छ ।

## विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान विधिमा आधारित भएर तयार पारिएको छ । लेखलाई पूर्णता दिनका लागि प्रसिद्ध शिक्षाशास्त्री तथा दार्शनिक जोन डिवेद्वारा लिखित Democracy and Education, The School and Society र Child and Curriculum पुस्तकहरू, डिवेको शिक्षा दर्शनसँग सम्बन्धित विभिन्न लेखक तथा अनुसन्धाताका प्रकाशित तथा अप्रकाशित समालोचनात्मक लेख, जोर्नल, रिपोर्ट, अनुसन्धानात्मक कृति आदिलाई यथासम्भव उपयोग गरिएको छ । यसका साथै नेपालको वर्तमान शैक्षिक अवस्थासमेतलाई दृष्टिगत गरिएको छ । उपर्युक्त अध्ययन सामग्रीहरू पुस्तकालयीय विधि, अनलाइन खोजी विधि तथा व्यक्तिगत अनुभव र भोगाईसमेतलाई उपयोग गर्दै सङ्कलन गरी विश्लेषण गर्ने काम गरिएको छ ।

## डिवेको शैक्षिक योगदान

### शिक्षाका उद्देश्य

जोन डिवे शिक्षा समस्या समाधानतर्फ केन्द्रित हुनुपर्छ भन्ने विचार राख्दछन् । उनी बालबालिकाको सर्वाङ्गीण विकासका लागि शिक्षा दिइनुपर्छ भन्ने मान्यतामा देखिन्छन् । आफ्नो शैक्षिक जीवनमा उनले थुप्रै शैक्षिक मान्यताहरू अघि सारेका थिए । उक्त मान्यताहरू उनका School and Society र Democracy and Education र Child and Curriculum पुस्तकहरूमा प्रस्तुत गरिएका छन् ।

शिक्षाको उद्देश्य बालबालिकाहरूको चौतर्फी विकास गर्नमा केन्द्रित हुनुपर्छ । विद्यार्थी गरेर सिक्छ र आफ्नो अनुभवबाट ज्ञानार्जन गर्दछ जुन उसको जीवनमा प्रत्यक्ष काममा आउनु पर्दछ (Education and Society, १८९३) भन्ने अभिमत डिवेले राखेका छन् । मौखिक रूपमा दिइने शिक्षाले बालकको विकास कदापि गर्न सक्दैन । बालकलाई प्रत्यक्ष प्रयोगबाट सिक्ने अवसर दिइनुपर्छ । ऊ आफ्नो क्षमताअनुसार मात्र सिक्न सक्छ । अतः व्यक्तित्व विकास तथा सामाजिक विकास प्रजातान्त्रिक गुणसहितको हुनुपर्छ, (Democracy and Education, १९१६) डिवे भन्छन् । शिक्षाले बालबालिकाको भावी जीवनको तयारीमा जोड दिनुपर्छ ताकि उनीहरू भविष्यमा आफ्ना आधारभूत आवश्यकता सहजै पूरा गर्न सकुन् । डिवे परम्परागत मौखिक तथा घोकन्ते शिक्षाका बिरोधी भएका हुनाले उनले प्रगतिशील शिक्षाको योजना बनाए जसबाट बालबालिकाको व्यक्तिगत तथा सामाजिक दुबै पक्षको विकास हुन सहज भएको पाइन्छ (टोमलिन्सन, १९९७) ।

**शिक्षकको भूमिका**

जोन डिवेले आफ्नो शैक्षिक दर्शनमा शिक्षकको भूमिकाका सम्बन्धमा पनि अलग्गै विचार राखेको पाइन्छ । उनका विचारमा शिक्षक उदार प्रकृतिको हुनुपर्छ । निरङ्कुश शिक्षकको त कल्पनासम्म गर्न नसकिने विचार राख्ने उनी शिक्षकलाई सिकाइको सहयोगी उदार र सहजकर्ताका रूपमा हेर्दछन् । विद्यार्थीका रुचि, इच्छा, आवश्यकता, चाहना आदिलाई पहिचान गरेर सोहिअनुरूप शिक्षण गर्नुपर्छ, विद्यार्थीका आ-आफ्ना विभिन्नताहरू हुन्छन्, सिक्ने क्षमता पनि फरक फरक हुन्छन्, सबै विद्यार्थी समान गतिले सिक्दैनन् (Child and Curriculum, १९०२) । अतः विद्यार्थीहरूको सिकाइ गतिअनुरूप शिक्षकले सहजीकरण गर्दै सिकाइप्रति उत्प्रेरित गर्नुपर्छ भन्ने विचार डिवेको रहेको छ । उनी शिक्षकले आफ्नो बौद्धिकता प्रस्तुत गर्ने भन्दा विद्यार्थीहरूको सक्रियतामा उनीहरूलाई प्रत्यक्ष सहभागी गराएर शिक्षण गरिनुपर्छ भन्ने मत अघि सार्दछन् । शिक्षकले व्याख्यान, प्रवचन जस्ता स्वकेन्द्री शिक्षण विधि नअपनाई खोज विधि, समस्या समाधान विधि आदि जस्ता विद्यार्थीकेन्द्री विधिलाई अवलम्बन गर्नुपर्छ जसका लागि एकीकृत पाठ्यक्रमको व्यवस्था हुनुपर्छ (Democracy and Education, १९१६) भन्ने मत उनको देखिन्छ ।

जोन डिवे शिक्षकमुखी नभएर विद्यार्थीमुखी विचार राख्दछन् । शिक्षकले जहिल्यै विद्यार्थीहरूको हितमा काम गर्नुपर्छ नकि आफ्नो सहजतामा भन्ने उनी शिक्षकले विद्यार्थीहरूका वास्तविक समस्या पत्ता लगाई तिनको समाधानतर्फ केन्द्रित हुन प्रोत्साहन गर्नुपर्छ जसले उनीहरूका वास्तविक इच्छा तथा समस्याहरू र तिनीहरूको पहिचान र समाधानप्रति लाग्न जागरुक र उत्साहित बनाओस् भन्नेतर्फ जोड दिन्छन् । यसो भएमा उनीहरू खोजी तथा समस्या समाधानमा केन्द्रित हुन सक्छन् र आफूलाई चिन्न र आफ्ना उद्देश्यहरू प्राप्तिमा सफल हुन्छन् जसका लागि पाठ्यक्रम पनि सोही लक्ष प्राप्तितर्फ उन्मुख हुनुपर्छ भन्ने अभिमत उनको पाइन्छ ।

उनी केवल क्रियाकलाप मात्रले अनुभवहरूको सङ्गठन नगर्ने (१९१६, पृ. १४६) विचार राख्दछन् भने चिन्तनशील शिक्षाले मात्र विचार र कार्य, सिद्धान्त र अभ्यास, ज्ञान र अधिकार, विचार र जिम्मेवारीबीचको भिन्नतालाई तोड्दै अग्रगमनतर्फ व्यक्तिलाई अभिलक्षित बनाउने धारणाका पक्षपाती देखिन्छन् । तसर्थ उनका विचारमा शिक्षकले बालबालिकाको स्वभावलाई राम्ररी बुझेर उसलाई उसले पढ्नुपर्ने विषय छनोटमा सहयोग गर्नुपर्छ जसले बालबालिकाको शिक्षा समाजोपयोगी बनाउन सजिलो होस् । उनले सामाजिक रूपान्तरणको व्याख्या गर्दै एउटा समाजमा प्रत्येक व्यक्तिले अरुको जीवनलाई

साँचो अर्थमा बाँच्न लायक बनाउँछ जसले व्यक्तिहरू र उनीहरूबीचको सम्बन्धलाई सहज बुझ्न सक्ने तुल्याउँछ (१९१६, पृ. ३२६) जसका लागि शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ भनेका छन् । शिक्षक आफैँ समाजका सेवक हुन्; उनीहरूले समाजको हितमा काम गर्नुपर्छ; समाजको लक्ष प्राप्ति गराउन समेत उनीहरूको भूमिका महत्वपूर्ण हुन जान्छ । अतः एउटा शिक्षक प्रशिक्षित, ज्ञानी, सहनशील, मनोवैज्ञानिक तथा प्रगतिशील हुनु आवश्यक हुन्छ (Democracy and Education, १९१६) भन्ने जस्ता गहन विचार डिवेले राखेका छन् ।

## पाठ्यक्रमको प्रकृति

जोन डिवे केन्द्रिकृत पाठ्यक्रम निर्माण र त्यसको हुबहु लागु गर्ने पक्षमा देखिँदैनन् । उनी विद्यार्थीहरूका आवश्यकता, इच्छा, आकाङ्क्षा र चाहनाहरूका पृष्ठभूमिमा टेकेर विद्यालय स्वयम्ले पाठ्यक्रम परिवर्तन गर्नुपर्ने मत राख्दछन् । जसले विद्यार्थीहरूलाई गरेर सिक्ने वातावरण दिन सकोस् अनि उनीहरू समाज विकासका बाहक बन्न सकुन् । उनी अगाडि भन्छन् 'विद्यालयले यस्ता कार्यक्रम र शिक्षण विधि पद्धतिहरूको विकास र विस्तार गरोस् जसले बालबालिकाहरूको खास खास प्रकृति, आवश्यकता तथा मौलिकता समेट्न सकोस् । उनको विचारमा ज्ञान नितान्त अनुभवबाट प्राप्त गरिने वस्तु हो र यसरी प्राप्त गरेको ज्ञान मात्र राम्ररी बुझ्न, धारण गर्न, राम्ररी प्रयोग गर्न तथा लामो समयसम्मका लागि हुने गर्छन् । उनले आफ्नो पुस्तक Democracy and Education मा विद्यालयलाई महत्वपूर्ण संस्थाका रूपमा प्रस्तुत गरेका छन् । उनी शैक्षिक पाठ्यक्रमको एकीकृत फ्रेम निर्धारण गरिनुपर्छ (१९१६, पृ. ३८६) भन्छन् । विद्यालयले सामजिक परिवर्तनका लागि महत्वपूर्ण भूमिका खेल्नुपर्छ । विद्यालय समाजकै एउटा सूक्ष्म रूप हो त्यसैले विद्यार्थीले घरमा वा समाजमा झैँ स्वतन्त्र र निडर भएर आफ्नो क्षमताअनुसार सिक्न पाउनुपर्छ भन्ने मत डिवे अघि सार्छन् । प्रजातान्त्रिक शिक्षा भनेको स्वप्राप्तिमा विद्यार्थीको सक्रिय सहभागिता हुनु हो । जुन शिक्षाले विद्याथीलाई श्रोता वा निष्क्रिय ग्रहणकर्ताका रूपमा हेर्छ त्यो वास्तवमा शिक्षा हुँदै होइन, शिक्षा त केबल विद्यार्थीका आवश्यकता परिपूर्ति गर्ने खालको हुनुपर्छ र शिक्षक त्यसको परिपालक भन्ने डिवे प्रजातन्त्रलाई सामाजिक परिवर्तनको सान्दर्भिक आकार मान्दछन् । विद्यालयले सबै बालबालिकालई समान अवसर प्रदान गर्नु आवश्यक हुन्छ । चाहे उनीहरू भिन्न वर्ग, जाति, भाषा, संस्कृति, भूगोल, विशेष क्षमता आदिका किन नहुन् विद्यालयले कसैलाई पनि भेदभाव नगरी समान रूपमा सिक्ने वातावरण दिनु जरुरी हुन्छ । विद्यालय निश्चित विषयवस्तुमा मात्र सीमित, एकतन्त्रीय वा शिक्षकमुखी सिकाइ प्रणालीलाई मात्र आत्मसात् गर्ने तथा खास गरेर तटस्थ बिल्कुलै हुनु हुँदैन भन्दै विद्यार्थीकेन्द्री शैक्षिक पद्धतिमा उनले विश्वास गरेको देखिन्छ । उनी पुरानो शैक्षिक पद्धति विद्यार्थीहरूका विभिन्नता, विविध क्षमता, आवश्यकता आदिलाई बुझ्न असफल/असक्षम भएकोले अबको विद्यालय वा शैक्षिक प्रणालीले उनीहरूका आवश्यकता तथा क्षमता बुझ्नतर्फ अभिलक्षित हुनुपर्ने विचार राख्दछन् । शिक्षा बहुसम्भावनाहरूका सम्बन्धमा हुनुपर्छ । नकी सीमिततायुक्त भन्दै डिवे समग्र शैक्षिक पद्धति बालबालिकाहरूको वास्तविकता पहिचानमा केन्द्रित हुनुपर्छ र शिक्षकले यसको पूर्ण पालना गर्दै सफलतातर्फ डोऱ्याउनु पर्छ भन्दछन् । यसै सन्दर्भमा उनी अगाडि थप्छन्, 'विद्यार्थीहरूले क्रियाकलापमात्र प्रयोग गर्ने होइन, यद्यपि क्रियाकलापहरू छनोट पनि गर्नुपर्छ जसले प्रजातान्त्रिक जीवनलाई निर्माण तथा जोड्न सकोस् (१९१६, पृ. २३६)।'

डिवेका अनुसार शिक्षाका दुईवटा पक्ष हुन्छन्: मनोवैज्ञानिक र सामाजिक । मनोवैज्ञानिक पक्ष अन्तर्गत् बालबालिकाको इच्छा, आकाङ्क्षा, क्षमता र आवश्यकतानुसार शिक्षा दिइनुपर्छ । उनीहरूको रुचि र

क्षमताअनुसार शिक्षण गरिनुपर्छ र पाठ्यक्रम तय गरिनुपर्छ । एउटा शिक्षकले पुरानो शिक्षण पद्धति जहाँ पाठ्यक्रम पनि शिक्षककेन्द्री हुन्छ त्यसबाट बालकको क्षमता यथार्थमा विकास हुन सक्दैन । अतः उनीहरूका क्षामताअनुरूपका पाठ्यक्रमहरू तय गरिनुपर्छ, पाठ्यवस्तुहरू विद्यालयले तय गर्दै आफ्ना विद्यार्थीहरूलाई उनीहरूका क्षमता राम्ररी बुझेर शिक्षण गर्नुपर्छ भन्ने मत डिवेले राखेका छन् । पाठ्यक्रमले त बालकको आवश्यकता, क्षमता, रुचि, स्तर आदिलाई मध्यनजरमा राख्दै सोहीअनुरूपका विषयवस्तुहरू पस्कनु पर्छ अन्यथा त्यस्तो पाठ्यक्रम सिकारुको बिरुद्धमा बन्न पुग्छ भन्दै बालकेन्द्री पाठ्यक्रम, शिक्षण विधि र प्रक्रिया तथा विवषयवस्तुमा उनको जोड रहेको छ ।

त्यसैगरी डिवे बालबालिकाको सामाजिक पक्षलाई पनि उत्तिकै महत्वपूर्ण ठान्छन् । बालक समाजमा जन्मिन्छ र त्यहीँ हुर्कन्छ, शिक्षाका लागि ऊ विद्यालय जान्छ जहाँ उसले एकता, सामूहिक भावना, नैतिकता र समानतासम्बन्धी शिक्षा प्राप्त गर्दछ । यी गुणहरू बालकले विद्यालयमा अनिवार्य सिक्नुपर्छ वा सिक्न पाउनुपर्छ । शिक्षा सामाजिक विषयवस्तु भएकाले समाजभन्दा अलग हुन नसक्ने तथा पाठ्यक्रमले सामाजिक विषयवस्तु नै प्रस्तुत गर्नुपर्छ जसले बालकको सामाजिक विकास गर्दछ आदि जस्ता गहन विषय डिवेले उठान गरेका छन् ।

**शिक्षण पद्धति**

जोन डिवे शिक्षा गरेर सिक्ने खालको हुनुपर्छ ताकि आफ्नै अनुभवबाट बालकले सिकाइ प्राप्त गर्न सकोस् भन्ने दृष्टिकोण राख्दछन् । यस प्रकारको शिक्षा दीगो र उपलब्धिमूलक बन्दछ । डिवे सिकारुमा प्रतिविम्बित सोच वा विचारले केवल भोक, अन्ध र आवेगपूर्ण कार्यहरूलाई बौद्धिक कार्यमा रूपान्तरण गर्छ (१९१०, पृ. १२५) भन्छन् ।

उदाहरणका लागि विद्यार्थीहरूलाई विरुवाका विभिन्न भागहरू सिकाउनु छ भने मौखिक रूपमा नपढाई वास्तविक विरुवा नै प्रस्तुत गरेर शिक्षण गर्दा त्यसको प्रतिविम्बनद्वारा सिकाइ प्रभावकारी र दीगो बन्दछ भन्दै डिवेले पाठ्यपुस्तकका विषयवस्तुलाई वास्तविक वा प्राकृतिक वस्तुसँग एकीकरण गर्न सके मात्र सिकाइ प्रभावकारी र उद्देश्य पूर्तिका दिशातर्फ अघि बढ्ने कुरातर्फ जोड दिएको पाइन्छ । त्यस्तै उनी बालकको क्षमता र स्तरभन्दा फरक शिक्षण गरे उसले सिक्न नसक्ने विचार राख्छन् । बालकको जुन विषयमा रुचि छ त्यसमा मात्र उसले राम्ररी ज्ञान हासिल गर्न सक्छ अन्यथा उसलाई सिङ्गो शिक्षा अनाहक बोझ बन्न पुग्छ । त्यसैले बालकेन्द्रित शिक्षण पद्धति नै बालबालिकाको सिकाइको असली संबाहक बन्ने कुरा डिवेले गरेका छन् । सिकाइ निरन्तर प्रक्रिया हो र सिकारु अन्वेषक वा निर्माता हो जसले आफ्नै जीवन भोगाइबाट ज्ञान हासिल गर्दछ (१९१६, पृ. ५६) भन्ने प्रयोजनवादी दृष्टिकोण डिवेको देखिन्छ भने शिक्षण पद्धतिमा योजना सबैभन्दा महत्वपूर्ण हुने कुरामा पनि डिवेले आफ्नो विचार राखेका छन् । शिक्षण सिकाइबाट विद्यार्थीहरूमा आपसी सद्भाव, सहकार्य, आत्मविश्वास तथा आत्मनिर्भरता बृद्धिका लागि योजना अनिवार्य हुन जान्छ । योजनाद्वारा नै विद्यार्थीहरूले साँचो अर्थमा सिकाइ हासिल गर्न सक्छन् । उदाहरणका लागि सामाजिक विषयको क्षेत्र भ्रमणका लागि विद्यार्थीहरूलाई इलामको चिया बगान लगियो भने त्यहाँ उनीहरूलाई सामूहिक प्रतिवेदन तयार गर्न भिन्न भिन्न समूहमा विभक्त गरेर सोधखोज र अवलोकनमा अभ्यस्त गराउन सकिन्छ जसबाट उनीहरूमा एक अर्कालाई बुझ्ने, सहकार्यको आवश्यकता पहिचान गर्ने, निश्चित समयका लागि सङ्कलन गर्नुपर्ने सूचना के के हुन सक्छन् सोको छनोट र योजना गर्ने आदि जस्ता क्षमताको विकास हुन्छ । त्यस्तै कतिखेर कसले के गर्ने भन्ने पूर्व तयारी समेत गर्न सक्षम हुन्छन् जसले गर्दा उनीहरू भावी जीवनमा आइपर्ने कुनै पनि समस्याहरूको समाधानसमेत योजना बनाई

सम्पन्न गर्ने सिप प्राप्त गर्दछन् । अतः योजना पद्धति शिक्षण सिकाइको अभिन्न र महत्वपूर्ण पाटो हो भन्ने डिवेको विचार देखिन्छ ।

व्यक्तिले सर्वप्रथम आफूले नसिकी, व्यापक दृष्टिकोण प्राप्त नगरी तथा विषयवस्तुको बोध नगरी अन्य व्यक्तिहरूसँग सम्बन्धको आदानप्रदान गर्न नसक्ने (१९१६, पृ. १३०) कुरा डिवे उल्लेख गर्दछन् । उनले बालबालिकाको शिक्षा प्रयोगमा आधारित हुनुपर्ने कुरामा जोड दिएका छन् । प्रयोगबाट शीघ्र तथा उपयुक्त सिकाइ हुन्छ भन्ने कुरामा डिवे विश्वस्त देखिन्छन् । पाठ्यक्रमका सम्बन्धमा उनले प्रस्तुत गरेको सिद्धान्त संसारकै महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ किनकि उनकै सिद्धान्तमा आधारित भएर पाठ्यक्रम निर्माणको सिद्धान्त प्रतिपादन भएको हुँदा उनलाई विश्व शिक्षा जगतका उन्नायकका रूपमा हेरिने गरिएको पाइन्छ ।

शिक्षण सिकाइ पद्धति पूर्णतः बालकेन्द्री हुनुपर्छ । शिक्षा तथा यसको सम्पूर्ण आधारशीला बालबालिकाहरूकै लागि तय गरिएको हुँदा उनीहरूकै केन्द्रीयतामा रहेर यसका विधि पद्धतिहरू अघि बढाइनुपर्छ । उनले प्रतिविम्बन प्रक्रियामा ज्ञानको मूल्य सोच र यसको प्रयोगमा अधिनस्थ हुन्छ ( १९१६, पृ. ५८) भन्दै शिक्षार्थीले प्राप्त गरेको ज्ञान तथा तिनको मूल्य नै उसको भविष्य हुने कुरा प्रस्तुत गरेका छन् । बालबालिकाको क्षमता, रुचि, इच्छा तथा स्तरलाई महत्वका साथ हेरिनु पर्छ । त्यसैगरी उनीहरूको प्रवृत्ति र विभिन्नतालाई शिक्षाले सम्बोधन गर्न सक्नुपर्छ भन्ने गहन दृष्टिकोण डिवेले राखेका छन् । डिवेले Democracy and Education तथा Education and Society जस्ता प्रसिद्ध पुस्तकका माध्यमबाट शिक्षालाई आधुनिकतातर्फ डोऱ्याउने काम गर्नुका साथै अन्य अनेकौँ साहित्यिक पुस्तकहरूद्वारा पनि शिक्षा, पाठ्यक्रम, शिक्षण विधि तथा पद्धति, शिक्षक, विद्यार्थी आदिका बारेमा आफ्नो राय दिएका छन् जुन आधुनिक शैक्षिक जगतको महत्वपूर्ण उपलब्धि बनेको छ । यस कारण पनि डिवे शिक्षा क्षेत्रका सम्मान र तारिफका पात्र बनेका छन् ।

डिवेले सिप विकासका क्षेत्रमा पनि विभिन्न साहित्य रचना गरेका छन् । उनी शिक्षा बालबालिकाको सिप विकासका लागि हुनुपर्छ भन्छन् जुन उनीहरूको भावी जीवनको सहजताको कारण बन्न सकोस् । शिक्षा र शैक्षिक प्रगति यसको सामाजिक सम्बन्ध तथा मनोवैज्ञानिक पक्षसँग अधिक सम्बन्धित रहन्छ । डिवे 'वोटविरुवाहरू गोडमेलद्वारा विकसित हुन्छन् भने मानिस शिक्षाद्वारा' भन्दै शिक्षालाई व्यक्तिको सर्वाङ्गीण विकासको संबाहक सम्झन्छन् र सोतर्फ केन्द्रित हुने शिक्षा र यसको पद्धति निर्माणमा सबैलाई केन्द्रित हुन आग्रह पनि गर्दछन् ।

जोन डिवे गरेर सिक्ने कुरामा विश्वास गर्दछन् । उनी सिकारुले गरेको कुरा मात्र दीगो रूपमा धारण गर्न सक्ने भएकाले प्रयोगमा आधारित सिकाइमा जोड दिन्छन् । त्यसैगरी उनी नीरिक्षण विधि, योजना विधि, स्वअनुभव विधि, व्यक्तिगत तथा सामूहिक कार्य विधि, प्रजातान्त्रिक प्रणाली आदिबाट शिक्षण गर्नुपर्ने तथा यस्ता विधिहरूबाट मात्र सिकाइ भरपर्दो र दीगो हुने राय प्रकट गर्दछन् ।

डिवे शिक्षा उद्देशयमूलक प्रक्रियामा हुनुपर्छ भने यसले सबै बालबालिकाको समान विकासका लागि अवसर प्रदान गर्नुपर्छ भन्दछन् । शिक्षा विद्यार्थीहरूको इच्छाअनुसार प्रदान गर्नुपर्छ जहाँ उनीहरू आफ्नै खुसीले अनुशासन प्रदर्शन गर्न पाउन् । त्यसैगरी विद्यालयलाई उनले समाजकै सूक्ष्म रूप मान्दै समाजका सम्पूर्ण विशेषताहरू विद्यालयमा प्रतिविम्बित हुन्छन् । अतः विद्यालयले सबै विद्यार्थीहरूलाई स्वतन्त्रतापूर्वक आफ्ना विचारहरू राख्ने मौका दिनुपर्छ, उनले भनेका छन् । सामाजिक परिवर्तनको उत्पादनमा विद्यालयको महत्वपूर्ण भूमिका हुन्छ (१९३७, पृ. ४०९) भन्ने अभिमत उनको रहेको पाइन्छ ।

## डिवेको शिक्षा र शिक्षा दर्शनः सार

डिवे शिक्षालाई अनुभवको पुनर्निर्माण अथवा पुनर्गठन मान्दछन् (१९१६, पृ. ८२) । कुनै पनि विचार अनुभवबाट खारिएको छैन भने त्यो निरर्थक हुन्छ । धर्म, ईश्वर वा अन्तिम सत्यमा विश्वास गर्नु पूर्णतः असत्यलाई साथ दिनु हो भने प्रयोगसिद्ध सिद्धान्त नै वास्तविक सत्य हो । देश, काल र परिस्थितिअनुसार सत्य र मूल्य फरक फरक हुने गर्दछन् । शिक्षा व्यक्तिको सर्वाङ्गीण विकास हो र यसले आफ्नो वातावरण नियन्त्रण गर्दै विविध सम्भावनाहरूको पूर्ति गर्न व्यक्तिलाई योग्य बनाउँछ । शिक्षा बालकको रुचि, इच्छा, आवश्यकता, स्वभाव, क्षमता आदिको मनोवैज्ञानिक अध्ययनपश्चात् ती ती विभिन्नताहरूलाई सम्बोधन गरी प्रदान गर्नुपर्छ । अनुभव ज्ञान हो र ज्ञान नै अनुभव हो । सत्य समयानुसार परिवर्तन हुन्छ । व्यक्तिको कार्यमा बाधा उत्पन्न भएपछि मात्र विचारमा उत्तेजना प्राप्त हुन पुग्छ भन्दै डिवेले आफ्नो शैक्षिक दर्शनलाई विश्वमाझ स्पष्ट रूपले प्रस्तुत गरेका छन् ।

शिक्षा जीवनको एक रूप हो, तिमीले पढ्यौ भने पछि काम लाग्छ तर तिमीले सिक्यौ भने तिम्रो जीवनका हरेक काममा आइरहन्छ (१९१६, पृ. ११७) भन्ने विचारका डिवे अनुभव तथा प्रयोगकेन्द्री शिक्षाको पक्षमा उभिएका देखिन्छन् । उनी शिक्षालाई अनुभवको पुनर्निर्माण प्रक्रियाका रूपमा व्याख्या गर्दछन् । शिक्षा जीवनको तयारी नभएर आफैँ जीवन हो भन्ने शिक्षासम्बन्धी व्यापक दृष्टिकोण राख्ने डिवेले शिक्षालाई शिक्षक, विद्यार्थी तथा पाठ्यक्रमबीचको त्रिध्रुवीय प्रक्रियाका रूपमा प्रस्तुत गरेका छन् । उनी यस सन्दर्भमा भन्छन्, 'शिक्षक र विद्यार्थी शिक्षण सिकाइ कार्यमा सहभागी त हुन्छन् परन्तु पाठ्यक्रमबिना कुहिरोको काग बन्न पुग्छन् साथै शिक्षाको अभिष्ट पूरा गर्न पनि यी तीनै पक्ष अनिवार्य हुन्छन्' (१९१६, पृ. २४३) ।

डिवेको व्यावहारिक दर्शनको केन्द्रीय विचारअनुसार मूर्त बुद्धिमत्ताद्वारा निर्धारित कार्यको स्तर सधैँ महत्पूर्ण कुरा हो (१९२७, पृ. २१०) । उनी प्रतिफलयुक्त शिक्षाका लागि बालकेन्द्री तथा मनोवैज्ञानिक शिक्षा पद्धतिको अपरिहार्यता रहेको साथै यसले बालबालिकाको वास्तविकता पहिचान गर्न र सोहीबमोजिम शिक्षण सिकाइ सञ्चालन गर्न मद्दत पुऱ्याउँछ भन्ने विचार राख्दछन् । बालबालिकाको रुचि, क्षमता, स्वभाव, योग्यता तथा स्तरअनुकूल शिक्षा प्रदान गरिनु पर्छ ताकि उनीहरू आफ्नो अनुकूल स्वमर्जीले चाहेका ज्ञान तथा सिप हासिल गर्न सकुन् । विद्यालय समाजकै अभिन्न अङ्ग भएकाले सामाजिक वातावरणअनुकूल यथार्थ धरातलमा नै सिक्ने अवसर प्रदान गर्न सके मात्र बालबालिकाहरू सहजै सिक्न समर्थ हुन्छन् । जातजाति, भाषाभाषी, लिङ्ग, वर्ग, विशेष क्षमता, विभिन्नता आदि जस्ता कुनै पनि आधारमा भेदभाव नगरी कसैको व्यक्तिगत आत्मसम्मानमा बाधा नपुग्ने गरी शिक्षा प्रदान गरिनु आवश्यकीय हुन्छ भन्ने आधुनिक शैक्षिक चिन्तन उनको रहेको छ । त्यसैगरी उनले सञ्चार शिक्षालाई पनि उत्तिकै जोड दिएको पाइन्छ । सबै प्रकारका सञ्चारहरू शिक्षणात्मक छन् (१९१६, पृ. ८) भन्दै शिक्षण सिकाइमा सञ्चारको अपरिहार्यतालाई उनले महत्तम हुने ठहर गरेका छन् । शिक्षा सम्पूर्ण मानिसहरूका लागि समान, सार्वजनिक र उपयोगी हुनु जरुरी छ । स्वअनुभव र स्वप्रयोगमा आधारित शिक्षाले मात्र व्यक्तिका आवश्यकताहरू पूरा गर्छ भन्दै शिक्षाले सामाजिक दृष्टिबाट व्यक्तिलाई सम्पर्कमा ल्याउँदै समाजोपयोगी व्यक्तित्व निर्माण गर्न अहम् भूमिका खेल्नुपर्दछ भन्ने अभिमत डिवेले राखेका छन् ।

उनी दर्शनले वातावरणलाई नियन्त्रण गर्ने तथा आफ्ना गतिविधिमा मनको उत्पत्ति, स्थान र कार्यलाई पहिचान गर्दछ भन्ने अभिमत राख्दछन् । उनी बुद्धिलाई कार्यको माध्यमबाट अनुभवको उद्देश्यपूर्ण पुनर्गठनका रूपमा स्वकिार्छन् (१९१६, पृ. ३३२) । त्यसैगरी शिक्षाले बालबालिकाको स्वभाविक क्रियासँग सम्बद्ध गराउँदै व्यावहारिक रूपमा सिक्न सक्ने वातावरण सिर्जना गर्न सक्नुपर्छ । जस्तो कि

विज्ञान, साहित्य, भूगोल, कला, इतिहास आदि विषय पढाउँदा बालबालिकाको स्वसँग परिचित गराउन सके शिक्षा व्यावहारिक हुन सक्छ भन्ने विचार डिवेको रहेको छ । उनले आफ्नो दार्शनिक योजनालाई वाद्यवादनका रूपमा चिनाउँदै आधुनिक समाजको द्वैतवादको खण्डन गरेका छन् (१९१६, पृ. ३४३) । त्यसैगरी उनी प्रयोगात्मक विषयको शिक्षण गर्दा त्यसको सम्बन्ध वास्तविकतासँग मानौँ हस्तकला, हस्तशिल्प आदि जस्ता प्रयोगपरक अभ्यासका साथ गर्नु अत्यावश्यकीय हुन्छ भन्ने राय अघि सार्छन् ।

## डिवेको शैक्षिक दर्शनको आलोचना

कर्नल वेस्टद्वारा लिखित डिवेको बारेमा अवलोकन शीर्षकको लेखमा डिवेको संस्कृतिवादलाई अपेक्षाकृत रूपमा नपुंसक थियो (१९८९, पृ. १०२) भनी उल्लेख गरिएको पाइन्छ । त्यस्तै अर्का विद्वान् चार्ल्स फ्राड्केलले डिवेको लोकतान्त्रिक राजनीतिको आलोचना गर्दै डिवेले भने झैँ लोकतान्त्रिक राजनीति विश्वविद्यालय, वैज्ञानिक अनुशासन अथवा बहस गर्ने कुनै क्लब होइन, यसको नियन्त्रण गर्ने उद्देश्य सामूहिक कार्य हो, कुनै सत्यताको रूपमा मान्यता होइन भनेका छन् । उनी अगाडि थप्छन् कि डिवेले आफैँले गहन अध्ययन अध्ययन गरी पत्ता लगाएको जुन शिक्षा विषयक डर थियो त्यसलाई सम्बोधन गर्न आवश्यक सामूहिक कार्यको माध्यम यसै हुन्छ भनी उनले सावित गर्न सकेनन् । बेन्डेल बेरीले पनि डिवेको शिक्षा दर्शनमा प्रतिवाद गरेको देखिन्छ । उनले आफ्नो लेखमा सामुदायिक जीवनको अमूर्तता उल्लेख गर्नुका साथै लोकतन्त्रलाई सामूहिक राजनीतिमा संलग्न गराउने लक्ष हुनुपर्ने (१९८७, पृ. १८७) बताएका छन् । यसबाट डिवेका झैँ शिक्षा सिधै राजनीतितर्फ केन्द्रित हुनुपर्ने मान्यता गलत थियो भन्ने वकालत गरेको पाइन्छ । त्यस्तै अर्का विद्वान् बोयटे (१९९३) ले राजनीतिको उद्देश्य महत्वपूर्ण सार्वजनिक समस्याहरू समाधनार्थ कार्य गर्नु हो नकि डिवेले भने झैँ बन्धन, आत्मीयता वा सहमति भनी डिवेको मतको खण्डन गरेका छन् । सामाजिक न्यायको लागि सम्पर्क गरिएको सामुदायिक सेवालाई चिन्तनशील अनुसन्धानसँग जोड्नुको सट्टा डिवेले सामाजिक परिवर्तनको दिशाको सम्बन्धमा शिक्षाको समस्या केलाएको पाइन्छ जुन आफैँमा त्रुटिपूर्ण देखिन्छ भन्दै उनको दर्शनको खण्डन गरिएको पाइन्छ (रोबर्ट्सन, १९९२) । फेरि आर्थिक, घरेलु, अन्तर्राष्ट्रिय, धार्मिक, सांस्कृतिक र राजनैतिक विषयहरूको कूल दायरामा लोकतन्त्रलाई के हो भनेर चिन्ने ( वेस्ट, १९८९) भनी प्रश्न समेत उठाइएको देखिन्छ । सेवा शिक्षाको अभ्यासमा संलग्न निजी र सार्वजनिक बीचको सम्बन्धलाई स्थापित गर्न समेत चुनौति रहेको हुँदा डिवेका मतलाई कसरी सर्वमान्य मान्न सकिएला भनी आलोचना हुने गरेको पाइन्छ । यसरी विश्वव्यापी रूपमा स्वीकारी ल्याइएको भए पनि डिवेको शैक्षिक दर्शनका प्रसस्त कमीकमजोरी रहेको भन्दै वर्तमान शैक्षिक दुनियाँमा विभिन्न टीका टिप्पणीहरू हुने गरेका पाइन्छन् । हामी बाँचेको समाजको संस्कृति, रीतिरिवाज, रहनसहन आदि जस्ता विषयहरूलाई उनको दर्शनमा खासै महत्व नदिइएकाले यी विषयहरू बिना शिक्षा पूर्ण हुन सक्दैन भन्दै आलोचना हुने गरेको पाइन्छ ।

## डिवेको दर्शनको शैक्षिक प्रयोग

डिवेले सञ्चार गतिविधिको महत्वलाई सामाजिक स्तरीकरणका अवरोधहरू तोड्दै र व्यक्तिलाई अरुको हितमा संलग्न बनाउनेतर्फ जोड्दै (१९१६, पृ. १२९) जीवन र जगतका हरेक क्षेत्रमा यसको अभेद्यता देखाएका छन् जसले वर्तमान नेपालको शिक्षालाई पनि पथ प्रदर्शन गर्ने कुरामा विश्वस्त हुन सकिन्छ । डिवेले हरेक विषयवस्तुहरू एकअर्कामा सम्बन्धित हुने भएकाले एकीकृत पद्धतिबाट मात्र शिक्षण सिकाइ फलदायी हुने (१९१६, पृ. ३०७) विचार व्यक्त गरेका छन् । उनको यही विचारबाट

अनुप्राणित भएर अहिले नेपालमा पनि विद्यालय शिक्षाको कक्षा १-३ मा एकीकृत पाठ्यक्रम निर्माण गरी लागु गरिएको छ । त्यसैगरी उनको विद्यालयले विद्यार्थीका रुचि, इच्छा तथा आवश्यकताहरूलाई राम्ररी बुझेर सोहीअनुसार पाठ्यक्रमको निर्माण र प्रयोग गर्नुपर्छ भन्ने पाठ्यक्रमसम्बन्धी अवधारणालाई पालना गर्न सके हाम्रो शिक्षा गन्तव्यतर्फ लक्षित हुने भएकाले केन्द्रीय रूपमा पाठ्यक्रम निर्माण र प्रयोग गर्ने पद्धतिलाई क्रमशः अन्त्य गर्दै लैजानुपर्ने अपरिहार्यता देखिन्छ । यसको छिटफुट प्रयोग स्थानीय पाठ्यक्रम निर्माणबाट सुरु पनि भइसकेको देखिन्छ  यद्यपि यसलाई अझ व्यवहारिक दिशातर्फ उन्मुख गराउनु आवश्यक देखिएको छ । शिक्षाले विद्यार्थीहरूलाई परियोजनामा आधारित सिकाइ अथवा गरेर सिक्ने पद्धतिमा आधारित सिकाइको अनिवार्यतालाई विद्यालय शिक्षामा क्रमशः व्यवस्था र प्रयोग गरिएको पाइन्छ । विद्यार्थीहरूलाई स्वयम् प्रयोगमा केन्द्रित गराउँदै शिक्षकले सहजकर्ताको रूपमा भूमिका निर्वाह गर्नु पर्ने डिवेको मान्यतालाई पनि शिक्षण सिकाइमा प्रयोग गर्न सके सिकाइ बढी फलदायी हुने देखिन्छ । नेपालको सन्दर्भमा अहिलेसम्म पनि अनुभवमा आधारित शिक्षालाई त्यति धेरै महत्व नदिइएको परिप्रेक्षमा शिक्षण सिकाइमा विद्यार्थीका अनुभवहरूलाई जोड दिन सके शिक्षण उद्देश्यमुखी बन्न सक्छ । शिक्षा खोजमूलक पद्धतिबाट मात्र फलदायी बन्दछ । उदाहरणका लागि विद्यार्थीहरूलाई परियोजना कार्य गर्न लगाएर सोबाट यथार्थ विषयवस्तुको खोजीतर्फ केन्द्रित गराउनु पर्छ जसले उनीहरूलाई सहज, दीगो तथा उपलब्धिमूलक सिकाइका लागि मार्गदर्शन गर्दछ । यसो भएमा विद्यार्थीहरू सिकाइका लागि शिक्षकमा पूर्णतः निर्भर नभई स्वयम् खोजीबाट सिक्दै आत्मनिर्भर बन्न सक्छन् जसका लागि शिक्षकले सहजीकरण गर्न सक्नुपर्छ । डिवेको शैक्षिक दर्शनको यो महत्वपूर्ण उपलब्धि हो जसलाई हाम्रो शिक्षा प्रणालीमा उपयोगमा ल्याउन सके शिक्षण सिकाइ अर्थपूर्ण हुन सक्ने देखिन्छ । त्यसैगरी डिवेको शैक्षिक दर्शनलाई विद्यार्थीको व्यक्तिगत विभिन्नता, रुचि, इच्छा, चाहना तथा आवश्यकताअनुसार शिक्षण गर्न समेत प्रयोगमा ल्याउन सकिन्छ । विद्यार्थी एकातिर सोचिरहेको हुन्छ तर शिक्षक अर्कातिर शिक्षण गरिरहेको हुन्छ भने सिकाइ कसरी फलदायी हुन सक्छ ? (१९१६, पृ. १९३) भन्ने डिवेको मान्यताअनुरूप शिक्षण गर्ने गरेमा शिक्षणले उद्देश्यअनुसार नतिजा प्राप्त गर्न सक्छ । उनको शैक्षिक मान्यताले विद्यार्थीहरूका समस्या राम्ररी बुझेर मात्र शिक्षकले शिक्षण कार्य गर्नुपर्छ । अतः कक्षामा उपस्थित सम्पूर्ण विद्यार्थीहरू के कस्ता समस्याहरूबाट गुज्रिरहेका छन् भन्ने कुराको पहिचान गरी सोहीबमोजिम शिक्षण कार्य गर्न पनि डिवेको शैक्षिक दर्शन उपयोगसिद्ध हुने देखिन्छ । मानिस समाजमा जन्मिन्छ अनि समाजमा नै हुर्कन्छ; समाजकै नियमको परिधिमा रहेर उसले सम्पूर्ण कार्यहरू गर्दै आफ्नो जीवन निर्वह गर्दछ । अतः उसमा सामाजिक सिपहरू हुन अपरिहार्य हुन्छ । यसर्थ शिक्षण सिकाइ नितान्त व्यक्तिलाई सामाजिकीकरणतर्फ उन्मुख गराउँदै उसको जीवन भोगाइका लागि आवश्यक पर्ने सिप प्राप्तिका लागि हुनुपर्छ र यसका लागि डिवेको समाजकेन्द्री शैक्षिक दृष्टिकोण महत्वपूर्ण हुन सक्छ ।

## निष्कर्ष

जोन डिवे एक आधुनिक शैक्षिक जगतका महान् दार्शनिकका रूपमा चिनिन्छन् । प्रयोजनवादी शैक्षिक दर्शनका पिता डिवे शिक्षा अनुभव र प्रयोगमा आधारित हुनुपर्नेमा जोड दिन्छन् । उनी नतिजामुखी, प्रयोगबाट खारिएको यथार्थ नै वास्तविकता र सत्य हो भन्छन् । व्यक्ति नै समाजको सर्जक भएकाले उसलाई सोहीअनुरूप शिक्षा दिनुपर्ने मत उनको रहेको छ । व्यक्तिको स्वाभाविक योग्यता र क्षमता नै शिक्षाको मूल आधार हुनु पर्दछ । विद्यालय समाजकै लघु रूप हो र यसले बालबालिकाहरूमा भएका गलत विचार र भावनाहरूलाई हटाउन सक्नुपर्छ भन्दै विद्यालय घर जस्तै र सामाजिक जीवनअनुकूल

हुनुपर्ने विचार डिवेको शैक्षिक दर्शनको सार रहेको पाइन्छ । डिवेले सेवा शिक्षामा शिक्षालाई अनुभवसँग जोड्ने, लोकतान्त्रिक समुदाय, समाजसेवा, चिन्तनशील जिज्ञासा, सामाजिक रूपान्तरणका लागि शिक्षा गरी योगदानका पाँच विशिष्ट क्षेत्रहरू उल्लेख गरेका छन् (साल्टमार्स, १९९५) । त्यस्तै उपदेशबाट भौतिक विकास हुन नसक्ने भएकाले यसका लागि शिक्षणमा हस्तकलालाई अनिवार्य समेट्नु पर्छ भने बालकेन्द्री शिक्षा मनोवैज्ञानिक तथा सामाजिक आधारमा  दिइनुपर्छ । सबै बालबालिकाका लागि नेता बन्ने खालको शिक्षा दिइनुपर्छ जसले उनीहरूमा नेतृत्व क्षमताको विकासका साथै सबैलाई समान ठान्ने बानीको विकास होस् भन्ने कुरामा डिवे जोड दिन्छन् । सबै बालबालिकाहरूलाई समान अवसरयुक्त शिक्षा दिनुपर्छ भन्ने जस्ता महान् विचार डिवेका शिक्षा तथा शैक्षिक दर्शनमा रहेको पाइन्छ । उनको शैक्षिक दर्शनमा संस्कार, संस्कृति जस्ता विषयहरूलाई महत्व नदिइएको भनी आलोचना गरिने गरेको भए पनि नेपालको शैक्षिक सन्दर्भमा उनको शैक्षिक दृष्टिकोणको प्रयोग गर्न सके शिक्षामा सकारात्मक उपलब्धि हासिल गर्न सकिने देखिन्छ । अतः डिवेका शैक्षिक मान्यताहरू हाम्रो वर्तमान शिक्षा क्षेत्रमा प्रयोगमा ल्याई शिक्षालाई उद्देश्यमुखी र फलदायी बनाउनतर्फ केन्द्रित हुनुपर्ने देखिन्छ र यो आजको आवश्यकता पनि हो ।

**सन्दर्भग्रन्थ सूची**

Berry, W. (1987). Home Economics. New York: North Point Press.

Boyte, H. (1993). Practical Politics. The Atlantic, Mar. 1993.

Dimitriadis, G. and Kamberelis G. (2006), Theory for Education . Tylor and francis Group, New York.

Dewey, J. (1916). Democracy and Education, A Penn State Electronic Classics Series Publication.

Kaur, G. (2019), Educational Thoughts of John Dewey : International journal of 360 Management review Vol. 7, p. 42-44.

Robertson, E. (1995). Is Dewey's Educational Vision Still Viable?. In review of Research in Education. Itasca III.: Peacock Publishers.

Saltmarsh, J. (1995). Education for Critical Citizenship: John Dewey's Contribution to the Pedagogy of Community Service Learning, Michigan Journal of Community Service Learning.

Sikandar, A. (2015), John Dewey and His philosophy of Education, : Journal of Education and Educational development vlo.2/no.2, 191-201.

Talebi, K. (2015), John Dewey- Philosopher and Educational reformer : European journal of Education Studies, Vol. 1.

# Answer These Questions to Improve Education System

**Amar Bahadur Shahi**
Headteacher
Shree Mansarobar Model Secondary School, Simkot, Humla



Education, way of life, existence of life, backbone of development, light against ignorance and illiteracy. Education is the only thing that helps us to differentiate what is wrong and what is right. Without education we can't do what we want or we can't reach our destination. Education helps us in each and every field of our life. I think so about education. It can't be share to other and nobody buy it. We've to do hard labour to achieve it. And investment also plays crucial role to achieve it. Education shapes minds, lives, communities and the world. Education makes a people easy to lead but difficult to drive: easy to govern, but impossible to enslave. "Somebody says. These saying and my view is same. So, education is the most for all. Think education first. Education is a human right, a powerful driver of development, and one of the strongest instruments for reducing poverty and improving health, gender equality, peace, and stability. It delivers large, consistent returns in terms of income, and is the most important factor to ensure equity and inclusion.

For education development, we've to think a lots in different fields of our life. Government must be responsible first with good policy and investment in education. The person, who wants the education, makes invest in education and determine what types of education he\she needed. For that I've some questions, everybody has to answer it. Every stakeholder must be aware about that to make education system better for life and for country's development. My first is **Who?** The government, the stakeholders, the learners and the teachers. Every and each has equal responsibility to make the education system better for life. The government has to invest money and make better policy for that. The stakeholders also have to follow the rules and regulations of government and utilize that in daily activities and also have to invest from their side too, how the have to. The learners, the main key of education system. They also have to think about the whole education system depend upon them. They must be serious and think about the investment of government and

stakeholders on education and the learners. The teachers, another main factors of education system. Not only for salary but also responsible for duty in the classroom with new techniques and methods of teaching which help the learners to understand well. But that is a problem with teachers. The government should have provided incentives for teachers and students which help them do every activity well. The stakeholders have to do regular monitoring and feedback to teachers and students regularly well. And that is that well to everybody for education. **How?** the second questions. The classroom Techniques, methods, monitoring, supervision and evaluation. ICT friendly classrooms, trainings, workshops, orientation, curriculum and supporting materials are need for techniques and methods. Regular monitoring, supervision and evaluation needed properly with reward and punishment for ever and each student and teacher. The teachers should equipe with different skills and knowledge with everyday plan foe teaching. Management system also responsible for every aspect above to improve the education system too. **Where?** The classroom, is the key aspect of education system. It must be equipped with teaching materials and equipment according to the subject matters. Not only the classroom but also the whole infrastructures must be attractive, which attracts the learners to go and learn there. **Why?** Education for life. We've to provide those types of education, which makes our lives better and perfect. But, so sorry to say about our education, which hangs people as the bell of the temple, anybody rings without any purpose on only religious fest only otherwise who cares! So, our purpose of education is to make our life better and easy to live well without any obstacles. Better policy, makes better education, better education makes better life. This must be the motto of every people for education development. **Whom?** responsible and responsibility. Parents, students, teachers and government must be responsible for the quality and sustainable development of education in every part of the country. The education is that which isn't divided, buy and sold in the market with family and relatives. So, who gets it, that is only for him.

In my point of view, for the quality education, every stakeholder must be aware about the first need, for that, think about the different solutions to maintain the ways of fulfilling needs. Awareness, responsibility and proper duty is the key aspects to fulfill the needs of education. Another is parents' involvement obligatory to achieve quality education. Another vital aspect is regular assessment with regular feedback with reasons, can help us to improve in education development of the country.

To improve educational condition of ours, all have to think about my above five questions; **Who, How, Where, Why and Whom.** Person, technique, place, purpose and possession. Always find the answer of these questions and talk to others. Make clear about oneself and find the way in ones than tell others. That is the solution of every problem. Education makes you a better person and teaches you various skills. It enhances your intellect and the ability to make rational decisions. It enhances the individual growth of a person. Education also improves the economic growth of a country. Education can be thought of as the transmission of the values and accumulated knowledge of a society. Education, whether formal, informal, or non-formal, leads to development through changes in knowledge, behaviour, and practises. Education is an investment that results in growth. So, try to change behaviour first and use that behaviour in manner and character. It is the result of education with better knowledge.

# शिक्षण पेशाको अनुभव

**शिव शर्मा पौड्याल**
शिक्षक
श्री मानसरोवर नमुना मा.वि., सिमकोट, हुम्ला



वि.सं. २०४७ असारको पहिलो हप्तातिर सिमकोट स्थित जिल्ला शिक्षा निरीक्षकको कार्यालयबाट चाङ्ला हिमाल प्रा.वि. दोजाममा शिक्षक नियुक्तिका लागि सिफारिस पत्र लिएर बिहान सबेरै ६ बजेतिर नै दोजाम तर्फ लागें । करिब साढे ८ बजेतिरै ठेहे गाउँ पुगियो । दोजामको हेडसरले चिनेका साथी रामबहादुर केसी, शिक्षा कार्यलयका कर्मचारी शोभा बोहराको घरमा बस्नु हुँदो रहेछ । हामीले त्यँही खाना खायौं । करिब १ बजेतिर हामी बैजिबाडा गाउँमा पुग्यौं । त्यो दिन विद्यालय नजाने निधो भयो । हामी बैजिबाडा गाउँमा पुग्यौं । बैजिबाडामा मैले पहिल्यै चिनेकी पार्वती दिदीको माइतीघर तथा याङ्की बहीनीको घर त्यही थियो । हामी उहाँकै घरमा बस्यौं । पहिलो पटक मैले ठेहेको शोभा दाइको घरमा राता चामलको भात र बैजिबाडामा लोकल गहुँको रोटी खाएको थिएँ । अर्गानिक अनाज भएता पनि बानी नपरेकोले अलि खर्सो लागेको थियो । विस्तारै बानी पर्दै गएँ । भोलिपल्ट भिम बहादुर क्षेत्री हेडसर र म चाङ्ला हिमाल प्रा.वि. दोजाम पुग्यौं र हेडसर आफैले स्कुलको अफिस खोल्नु भयो र घण्टी बजाउनु भयो । कक्षाकोठाहरु खोल्नु पर्नेरहेनछ । ढोकाहरु नै थिएनन् । करीब ४०/४५ जना विद्यार्थीहरु उपस्थित भए । शिक्षकहरु ४ जना थियौं । पि.टि. परेड खेलाएर विद्यार्थीहरु कोही कक्षामा गए । कोही चउरमा गोलो घेरा लगाएर बसे । मलाइ कक्षा एकको हाजिर रजिष्टरमा भएका नामहरु उच्चारण गर्न धेरै गाह्रो भयो । संस्कृतका शब्द भन्दा पनि गाह्रा नाम थिए । विद्यालयको सेवा क्षेत्र दोजाम र बैजिबाडा गाउँ थियो । त्यहाँ सबै लामा जातीका मानिसहरु बसोवास गर्थे । उनीहरुको मातृभाषा लामा भोटे खाम थियो । सबैजना लामा समुदायका केटाकेटीहरु विद्यालयमा पढ्न आउने गर्थे । मातृभाषा नेपाली नभएकोले म नेपाली बोल्ने शिक्षकको भाषा एक कक्षाका विद्यार्थीहरुलाई बुझ्न गाह्रो हुन्थ्यो भने उनीहरुको भाषा मैले बुझ्दैनथें । सुरुका दिनहरुमा गाह्रो भयो । एकजना पढ्ने बेला दायाँबायाँ हेरेको देखेर यता हेर, क भन भनेको उसले पनि मलाई यता हेर क भन भनेको सुनेर मलाई गिज्यायो भनि रिस उठेको थियो । यो कुरा हेडसरले चाल पाउनु भएछ । क भन भनेको क नोइ भन्नुपर्छ भन्दै अरु पनि पढाउँदा आवश्यक पर्ने आधारभूत भाषाको ज्ञान सिकाउनु भयो । विस्तारै पढाउन सजिलो हुँदै गयो ।

मलाई खान बस्नको लागि गाउँको अलि हुने खाने र घरको छतमा कोठा भएको ठाउँमा व्यवस्था गरियो । त्यहाँको चलन अनुसार चार जना शिक्षकहरु सबै विद्यार्थीहरुलाई पायक पर्ने गरी चार ठाउँमा अर्थात टोल-टोलमा बसेर बिहान बेलुका पनि आफ्नो भागमा परेका केटाकेटीहरु बोलाएर पढाउनुपर्ने रहेछ । मेरो भागमा वा म बसेको ठाउँमा पायक पर्ने गरी १५/२० जना केटाकेटीहरु बिहान बेलुका पढ्न आउन थाले । प्रत्येक दिन बिहान-बेलुका पढाई सकेर तिनै विद्यार्थीको पछि लागेर

पालैपालो खाना नास्ता खान जानुपर्थ्यो । सरको पालो परेको दिन केटाकेटी खुसी हुन्थे । कहिलेकाहिँ त पालो मिचियो भनेर पनि उनीहरु रिसाउँथे । मैले नै पालो मिलाईदिन्थे । आफ्नो पालोमा शिक्षकहरुलाई बिहान बेलुका दिउँसो मिठो-मिठो खाना नास्ता ख्वाउँथे । बिहानमा हतार हुन्थ्यो । बेलुका भने गफगाफ गर्थ्यौं र खाना पाकुन्जेल खाना खाने घरको बच्चालाई केही समय पढाईदिन्थैँ । एकदुई पटक खाना खाने पालो परेको बच्चा त्यसदिन ट्युसन पढ्न नआएर भोकै पर्ने स्थिती आएको थियो । ती दिनमा जहाँ कोठा थियो त्यही घरमा खाना खान्थैँ ।

एक दिन दिउँसो स्कुलमा पढाईरहेको बेला एकजना बुढी आमा आएर मेरो नानीलाई तीन दिन बिदा दिनु पर्‍यो भन्नु भयो । किन बिदा चाहियो भनेको च्याउ टिप्न पठाउनु छ, मास्टर गलीगली होर्छे होर्छे भन्दै हेडसरको चिउँडो समाउन थाल्नुभयो । दिउँसो चारैजना मास्टर हाम्रो घरमा नास्ता खान आउ है भनेर जानुभयो । हेडसरले पनि बाध्य भएर हुन्छ भन्नु भयो । हामी पनि स्कुल छुट्टी भएपछि उहाँकै घरमा नास्ता खान गयौं । चिउला तरकारी छ्याङ नास्ता खाँदै थियौं । ती बुढी आमाले फेरी २ दिन बिदा थपिपाउनु परेयो भनेर अनुरोध गर्नुभयो । हेडसरले पनि ल ल हुन्छ भन्नुभयो । मलाई आश्चर्य लाग्यो । बिदा दिन त केही गाह्रो थिएन तर छुटेको पाठ दोहोर्‍याउन गाह्रो थियो ।

विद्यार्थीहरु धेरै मिहिनेती लगनशील थिए । शिक्षकहरुलाई गुरु भन्थे । गुरुलाई धेरै सम्मान गर्थे । गाउँमा पढेलेखेको शिक्षक मात्र हुन्थे । शिक्षकलाई पढाउने गुरु मात्र नमानेर बिरामी हुँदा सल्लाह दिने डाक्टर, झगडा हुँदा निर्णय दिने वकिल, निर्माण कार्यमा सल्लाह दिने इन्जिनियर सबै सबै शिक्षक हुन्थे । त्यती मात्र नभएर शिक्षक समाचारदाता पनि हुनुपर्थ्यो । प्रायजसो शिक्षकसँग मात्र रेडियो हुन्थ्यो । गाउँलेहरु समाचार सुन्न शिक्षककहाँ आउने गर्थे । अरुसँग रेडियो भए पनि उनीहरु चाईनिज वा तिब्बती समाचार सुन्थे । नेपाली त्यती सुन्दैनथे ।

दोजाम गाउँ चीनको तिब्बतसँग जोडिएको गाउँ भएकाले दुईदिनमा चुवाखोला नाका पुगिन्थ्यो । चीनसँग व्यापार व्यवसाय गर्न सजिलो थियो । बर्खाको बेला युवा तन्नेरीहरु व्यापारको लागि अनाज, रेडियो, घडी टेपरेकर्डर बोकेर चुवाखोला तिर जान्थे । चुवाखोलाबाट आफुले लगेको अनाज र अन्य सामानबाट साटेर भेडा च्याङ्ग्रा,उन, रक्सी वियर लिएर आउँथे । तिब्बतबाट व्यापार गरेर १०/१२ जनाको समुह गाउँमा प्रवेश गर्दाको दिन चाडपर्व आएजस्तो हुन्थ्यो । दिउँसो गाउँको अलि माथि लिन जानु पर्थ्यो । त्यहाँ च्याङ्ग्रा काटिन्थ्यो र गाउँबाट भेट्न जानेले लगेको छ्याङ रक्सी मासु खाइन्थ्यो । केटाकेटीहरु पनि रमाउँथे । विद्यार्थीहरुले अघिल्लै दिन भोली मेरो बुबा, काका, दाज् आउँदै हुनुहुन्छ । सरलाई लिएर आउनु भन्नुभएको छ भन्थे । हामी पनि जान्थ्यौं, रमाईलो हुन्थ्यो । वर्खाको सिजनमा गाउँमा पढ्ने केटाकेटी र वृद्धाहरु मात्र हुन्थे । वनजङ्गल नजिक भएकाले कोही जडिवुटी सङ्कलन गर्न जान्थे ।

बिहान बेलुका ट्युसन र दिउँसो स्कुलमा पढाउने तीनै केटाकेटीहरु हुने भएकोले किताब सबै पानी पारिएको हुन्थ्यो । टोल टोलमा सरहरु बसेर पढाउने भएकाले केटाकेटीहरु धेरै तगडा थिए । अक्षरहरु पनि धेरै राम्रा सरहरुका जस्तै लेख्थे । कण्ठ गर्न दिएको कुराहरु पनि उति खेरै सुनाई हाल्थे र पढाउन

पनि जाँगर लाग्ने वातावरण हुन्थ्यो किताब सरकारले निःशुल्क दिने भएकाले समस्या थिएन । कापी कलमको अलि समस्या हुन्थ्यो । कापी नभएको बेला पुराना कापी ईरेजरले मेटाएर लेख्न लगाउनु पथ्यो । साना कक्षामा अर्थात् ३ कक्षा सम्म पेन्सिलले लेख्न लगाउनु पर्थ्यो । कक्षा ४ र ५ मा मात्र डट्पेनले लेख्न लगाईन्थ्यो ।

प्राथमिक तहको अन्तिम कक्षा ५ को परीक्षा जिल्लास्तरीय हुन्थ्यो, चाङला हिमाल प्रा.वि. दोजामको परीक्षा केन्द्र तत्कालिन रलिङ नि.मा.वि, बरगाउँमा हुन्थ्यो । ५ को परीक्षा दिँदा केटाकेटीहरु बरगाउँ औलीकोट जान्थे । रिजल्टको दिन रमाईलो हुन्थ्यो । पास हुनेहरु सबैले छ्याङ, रक्सी, च्याङ्ग्राको सुकुटी लिएर आउँथे । गुरुहरुलाई खादा टसीहरु लगाईदिन्थे । त्यसबेला गुरुहरुको इज्जत, मान सम्मान धेरै हुन्थ्यो ।
कार्तिक महिनातिर गाउँमा सबै काम सकिएको हुन्थ्यो । गाउँका युवा युवतीहरु जम्मा भएर रातभर देउडा खेल्ने चलन थियो । कोही गाउँको बिच भागमा खाली चौरमा खेल्थे भने कोही लुकेर गाउँको अलि पर गएर  खेल्ने गर्थे । हामीहरु पनि देउडा सुन्थ्यौं । कोही पढ्ने विद्यार्थीहरु देउडा खेल्न आएका छन् की भनेर हातमा टर्च र लठ्ठी लिएर घुम्थ्यौं । शिक्षकहरुको अगाडि पढ्ने केटाकेटीहरु रातमा कहिले काहिँ लुकीछिपी बाहेक देउडा खेल्न जाँदैनथे ।

मंसिर महिनामा गाउँमा एक किसिमको मलिन वातावरण देखापर्थ्यो । गाउँका युवा युवती पाका तन्नेरीहरु पाठा लिएर अछाम तर्फ लाग्थे । सबै घर परिवारहरु मलिन अनुहार बनाएर उनीहरुलाई बिदाई गरेको देखिन्थ्यो । हुन पनि उनीहरु अछामबाट ६ महिनापछि मात्र बैशाख-जेठ तिर गाउँ फर्कन्थे । अछाम जाने दिन सबेरै उठेर चिउला पकाइन्थ्यो । मिठो छ्याङ बाँडिन्थ्यो । टसी लगाएर बिदा गरिन्थ्यो । भेडा च्याङ्ग्राको लुकालमा नुन भरिएको हुन्थ्यो, जो नजिकको तिब्बतबाट अन्नसँग साँटिएर ल्याईएको हुन्थ्यो । त्यो बेला अन्न र नुनको वस्तु विनिमय हुने चलन थियो । रुपैयाँ पैसाको खासै चलन कम हुने गर्दथ्यो । अछामबाट आउँदा नुनसँग रातो (मार्सी) चामल साटेर ल्याउने चलन थियो ।  भेडा च्याङ्ग्रा लिएर अछाम तर्फ जानुको मुख्य कारण नुनसँग चामल विनिमय गर्नु र भेडा च्याङ्ग्रा पाल्नु थियो । सबै अछामतिर जाने बेला म पनि निराश हुन्थें । खाना खान पालो परेको घरका दिदी बहिनी पनि अछामतिर जाँदा घरै नरमाईलो हुन्थ्यो ।

चाङ्ला हिमाल प्रा.वि., दोजाममा नियुक्ति भएको केही महिना पछि गाउँमा एक जना सोनाम छिरिङ लामासँग धुमधामले धार्मिक, साँस्कृतिक एवं बौद्धिष्ट परम्परा अनुसार मितेरी नाता गाँसेको थिएँ । मितेरी नाता अनुसार गाउँभरी मेरा नातागोता बढेका थिए । विद्यालयमा पढ्ने विद्यार्थीहरु र नाताले हाँसो ठट्टा गर्न नमिल्ने बाहेकका गाउँका युवा युवतीहरु जिस्किने हाँसो रमाईलो गर्ने गर्थे ।

मंसिरमा वार्षिक परीक्षा सकेर परीक्षाफल सुनाई सकेपछि हामीहरु घरतर्फ लाग्थ्यौं । प्रथम, द्वितीय, र तृतीय हुनेहरुले अलि बढी नै गर्थे भने उत्तीर्ण हुनेहरुले सामान्य भोज भतेर गर्ने चलन थियो । एक दुई दिन हामी बिहान बेलुका भोजभतेरमा व्यस्त हुन्थ्यौं । भोज भन्नु नै छ्याङ, चिउला र च्याङ्ग्राको

मासु हुने गर्थ्यो । घर जाने बेला हामीलाई मह, ओखरका घान्जी (गुदी), स्याउ, छुर्पी, च्याङ्ग्राको छाला दिएर बिदाई गर्थे र परसम्म हामीलाई पुर्‍याएर फर्कन्थे ।

दोजाम गाउँमा ५ कक्षा पढेर वरगाउँ वा सिमकोट पढ्न जानुपर्ने भएकाले ५ कक्षा उतीर्ण भएपछि विद्यार्थीहरु अलपत्र पर्थे । धेरै जान्ने विद्यार्थीहरु पनि पढाईबाट वञ्चित हुनु पर्ने स्थिती आउँथ्यो । घर छाडेर पढ्न जाने खर्च पुग्दैनथ्यो । अर्कोतिर छोरी मान्छेलाई घर छाडेर अर्को ठाउँमा पढ्न जाने कुरा गाह्रो थियो । हामीले धेरै मिहिनेत गरेर ५ कक्षा सम्म पढाएको सबै खेर गए जस्तो लाग्दथ्यो । हुन त व्यापार व्यवसाय, घर व्यवहार चलाउन ५ कक्षा सम्मको पढेको शिक्षा उपयोगी भए पनि माथिल्लो कक्षा पढ्न सक्ने पहुँच नपुग्दा हामी त्यसै निराश हुन्थ्यौं ।

करिब साढे ३ वर्षको बसाई पछि म सिमकोट तत्कालिन बालमन्दिर प्रा.वि.मा सरुवा भएर हिँडे । मेरो शिक्षण पेशाका सुरुका ति रमाईला दिनहरुको अहिले पनि याद आईरहन्छ । अहिले त्यस बेला जस्तो कापी कलम किन्ने समस्या र घर छोडेर सिमकोट, वरगाउँ बसेर पढ्ने समस्या देखिन्न । अहिले समाजको आर्थिक, सामाजिक अवस्था धेरै परिवर्तन भएको छ । त्यही पनि विद्यार्थीहरु पठाई प्रति त्यति धेरै लगाव, मिहिनेत गरेको पाइदैन । अहिलेका डिजिटल जमानामा कापी, कलम, किताबसँग रमाउने विद्यार्थीहरु कमै देखिन्छन् । शिक्षक, विद्यार्थी र अभिभावक बिच जुन सुमधुर सम्बन्ध हुनु पर्ने हो, त्यो देखिँदैन । शिक्षण पेशाको मान मर्यादा घट्दै गईरहेको छ । अहिलेको डिजिटल जमानामा ज्ञान, बुद्धी भन्दा पनि पैसासँग बढी दाँजिन थालेको छ । सामाजिक मुल्य, मान्यता, संस्कृती, नैतिकताको संरक्षण गर्ने राष्ट्रियताको भावना जागृत गर्ने शिक्षा भन्दा पनि पैसा मुखी शिक्षालाई बढी प्राथमिकता दिन थालिएको छ । अहिले आएर एस. ई.ई. पास गर्ने बित्तिकै जिल्ला छोड्ने र १२ कक्षा पास गर्ने बित्तिकै देशै छोडेर जाने शिक्षाको माग जताततै बढेको देखिन्छ । यस्तो प्रवृत्ति जिल्ला र देशको लागि भयाबह अवस्था हो । यसमा सबै शैक्षिक सरोकारवाला पक्षको समयमै ध्यान जानु जरुरी देखिन्छ ।

# आजको आवश्यकता रुपान्तरित शिक्षा

**दलजित कार्की**
सहायकस्तर पाचौं
सिमकोट गाउँपालिका, सिमकोट, हुम्ला



"एउटा डाक्टरको लापरबाहिबाट एक जना बिरामीको मृत्यु हुन्छ भने एउटा शिक्षकको लापरबाहिबाट एउटा पुस्ता नै सखाप हुन्छ" यो भनाई शिक्षा विद तथा शिक्षाशास्त्रका पिता जोन डिवेको हो। विद्यालय कुनै व्यक्तिको घर पछिको पाठशाला हो जहाँ बाट उसले ज्ञान, विवेक र सृजना हासिल गरेको हुन्छ र भोलि समाज, राष्ट्र र देश विकासमा सकरात्मक भूमिका निर्वाह गर्दै असल, चेतानशील र सभ्य नागरिक बन्ने अपेक्षा गरिएको हुन्छ। शिक्षक विद्यार्थी र अभिभावक सहितको त्रिकोणात्मक संगम नै विद्यालय हो यी पक्षको सहयोग समन्वय र सहकार्यबाट मात्र गुणस्तरीय तथा व्यावहारिक शिक्षाको विकास हुन सक्छ। आज मुलुक तीन तहको संरचनात्मक शासकीय प्रणालीमा हिडिरहेको छ जसले शिक्षा नीति र प्रणालीमा आमुल हेरफेर गरेको पाइन्छ। प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क हुने कुरा मौलिक हकको रुपमा संविधानमा व्यवस्था गरेको छ र आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकारमा छ। आजको युगमा हामी एकातिर साक्षरताको अभियानमा हिडेका छौं भने अर्को तिर विश्व डिजिटल साक्षरता हुदै कृतिम बौद्धिकता (artificial intelligence) को बाटोमा हिडिरहेको पाइन्छ।

अझ नेपालका दुरदराज तथा विकट भौगोलिक क्षेत्रहरुमा भौतिक पूर्वाधारको कमजोर विकास र विस्तारको कारणले शैक्षिक क्षेत्रमा राज्यले थप जोखिम मोल्नु परेको सन्दर्भमा स्थानीय सरकारले शिक्षामा के कस्तो नीति तथा कार्यक्रमहरु तर्जुमा गरि के कस्तो अपेक्षा राखेका छन बहसको विषय बन्न विलम्व भइसकेको छ। नेपालमा शिक्षाको विकस क्रमलाई जोड्ने हो भने छोटो समयमा पनि धैरै प्रगति भएको भुल्न सकिदैन तर यतिले मात्र पुग्छ भन्ने ठाउँमा रयौ भने हामी आजको सूचना र विज्ञानको युगसँगमा हाम्रो अस्थित्व जोगाउन सक्दैनौ भन्ने कुराको पनि हेक्का राख्न जरुरी छ। हुम्ला जिल्लाको शैक्षिक अवस्था हेर्ने हो भने राज्यको लगानी र व्यवहारबाट सन्तुष्ट हुन नसकेता पनि केही सकरात्मक प्रगतिहरु भएका छन् र प्रगतिहरुको जगमा टेकेर भावी कार्यक्रम तर्जुमा गरी स्थानीय तहको संरचनात्मक संरचनालाई शिक्षामैत्री बनाउन ठोस पहल कदमीको खाँचो रहेको छ। यसका लागि राजनैतिक प्रतिबद्धता पहिलो शर्त हो भने शैक्षिक संस्थाहरुको विकास र शैक्षिक जनशक्तिको क्षमता विकास आजको आवश्यकता हो।

भन्ने गरिन्छ जुन ठाउँको शैक्षिक अवस्था जस्तो छ त्यस ठाउँको सामाजिक, राजनीतिक, सांस्कृतिक र वातावारणीय पक्षहरुको विकासको गति उस्तै प्रकृतिको हुन्छ। त्यसैले हामीले गर्ने पहिलो लगानी शिक्षा क्षेत्रमा केन्द्रीत गर्न सकेनौ भने अन्य क्षेत्रको लगानी बाट सामाजिक सांस्कृतिक तथा आर्थिक रुपान्तरण हुन सक्दैन भन्ने कुरा बुझ्न सकिन्छ। सिमकोट गाउँपालिका हुम्ला जिल्लाको शैक्षिक हब बन्न सक्ने सम्भावनाहरुको खोजी समयमा नै हामीले गर्न सकेनौ भने भोलिका पुस्ताहरुले हामीलाई स्रापन्ने अवस्था आउने छ किन यो गाउँपालिका जिल्ला सदरमुकाम सँग जोडिएको र प्रयाप्त शैक्षिक सम्भावनाहरु बोकेको छ। आज शिक्षामा सङ्घीय शसर्तबाट विनियोजन भएको बजेटले मात्र पुग्दैन त्यसका लागि समपुरक बजेट र विशेष अनुदान बाट बजेटको व्यवस्था गरी स्थानीय तहका बुद्धिजीवि, राजनीतिक दल नागरिक समाज तथा सरोकारवालासँगको प्रत्यक्ष सरोकारमा शैक्षिक सुधारका नीति, कार्यक्रम निर्देशिकाहरु तर्जुमा गरी त्यसको प्रभावकारी अनुगमन र मुल्यांकन बाट मात्र गुणस्तरीय र प्रतिस्प्रधात्मक शिक्षा हाँसिल गर्न सकिन्छ।

नेपालको संविधानले प्रदान गरेको शिक्षा सम्बन्धी स्थानीय तहको अधिकारलाई स्थानीय तहको आवश्यकता र महत्व सापेक्ष प्रयोग गर्ने अवसरबाट हामी वन्चित हुनु हुँदैन। त्यसका लागि स्थानीय स्तरको भाषा,कला,धर्म,रहन सहन र

भेषभुसालाई जगेर्न गर्ने खालको पाठ्यक्रम निर्माण र अभ्यास गर्नु पर्दछ। एकातिर हाम्रो समाजमा भएको आर्थिक पछौटेपना भोक, रोग, अन्धविश्वास र अभाव बाट गुज्रिनु पर्ने विवशता हाम्रो सामु विद्यमान रहेको छ भने अर्को तिर विश्व भुमण्डलीयकरण र सूचना प्रविधिले ल्याएका अवसरहरुको स्थानीयकरण,जलवायु परिवर्तनबाट सृजित समस्या र चुनौतिहरुको सामना, गरिब र धनीहरु बीचको बढ्दो खाडललाई कसरी कम गर्ने अविभारा हाम्रो काँधमा छ त्यसका लागि शिक्षित र चेतनशील नागरिकहरुको खाचो पर्दछ  र ति शिक्षित र चेतनशील नागरिकहरु केवल शिक्षाको माध्यमबाट मात्र प्रप्त गर्न सकिन्छ।

विद्यालय शिक्षक र विद्यार्थीहरुको कर्म थलो हो जुन कर्मथलोबाट मुलुकको सामाजिक आर्थिक रुपान्तरणको मार्ग चित्र कोरिन्छ र इमानदार,कर्मठ,असल, नैतिकवान,सदाचार र अनुशासित प्रतिभाहरुको उदय भई राष्ट्र निर्माण र राज्य निर्माणमा सघाउ पुग्दछ। विद्यालय तहमा कर्मठ शिक्षकहरुको वृत्ति विकास र उत्प्रेरणा बाट मनोबल कमरजोर हुन दिनु हुँदैन शिक्षकहरुको मनोबल कमजोर हुनु भनेको शिक्षा प्रणालीको मनोबल कमजोर हुनु हो र समाज तथा राष्ट्रको मनोबल कमजोर हुनु हो यस्ता विषयहरुमा व्यवस्थापक तथा नीति निर्माताहरु सचेत हुन जरुरी छ। विद्यालयको भौतिक संरचना भरपर्दो र शैक्षिक आकर्षक हुन पहिलो शर्त हो भने शिक्षकमा हुनुपर्ने व्यावसायिक गुण र सदाचारी शिक्षकको व्यवस्थापन अर्को महत्वपूर्ण पाटो हो। हाम्रो जस्तो खराब राजनीतिक संस्कार भएको समाजमा शिक्षामा अनावश्यक राजनीतिक हस्तक्षेप हुने गर्दछ यो नै हाम्रो समाजको उदोगति लाग्ने पहिलो कारण हो त्यसका लागि असल राजनीतिक नेतृत्वको निर्माण गर्ने सामुदायिक लक्ष्य हुनु पर्दछ र कुशल राजनीतिक नेतृत्वको खोजी गर्न सक्ने नागरिक क्षमताबाट मात्रै शिक्षामा हस्तक्षेप रोकिन्छ।

शैक्षिक रुपान्तरणको लागि सामाजिक रुपान्तरण अनिवार्य हो सामाजिक मनोविज्ञान शिक्षा मैत्री भएन भने राज्यको लगानी बालुवामा पानी खन्याउनु जस्तै हो। विद्यालय समाजको एक अङ्ग हो जसबाट व्यक्तिको सामाजिकीकरण गर्न मद्दत पुग्छ। हाम्रो शिक्षा प्रणालीमा अपेक्षित रुपान्तरण हुन नसक्नुको पछाडि सामाजिक मनोविज्ञानको ठुलो भूमिका छ। यसका लागि समाजमा अगुवाई गर्ने सामाजिक व्यक्तित्वहरु, नागरिक समाज,पत्रकार जगत, बुद्धिजिवि सर्कल तथा भद्र भलादमीजनहरुबाट शिक्षा प्रेमी भावना जगाउने र शैक्षिक अभियान सञ्चालन गर्नको लागि अग्रणी भूमिका खेल्नु पर्ने हुन्छ। समाजको विकास विना व्यक्तिको विकास हुन सक्दैन भन्ने कुरा स्थापित मान्यता हो यसको लागि सामाजिक मुल्य र मान्यताको ठुलो अर्थ रहेको हुन्छ। पछिल्लो समयमा सामाजिक मुल्य र मान्यतामा आएको विचलनले गर्दा हाम्रा मानवीय मुल्य र मान्यातहरु दिन प्रतिदिन स्खलीत हुदै गएका छन् मानिसमा सामुहिक भावना र सहयोग हराउँदै गएको छ यसको पछाडि नैतिक शिक्षाको अभ्यास र प्रयोग असफल हुनु नै हो। मानिस र समाजलाई लाई खराब आचरणबाट असल आचरणको बाटोमा डोऱ्याउने, अन्धकारबाट उज्यालोमा धकल्ने, रुढीवाद र अन्धविश्वासबाट मुक्ति दिलाउने,भ्रम र अफवाहबाट सत्य र न्यायको पक्षमा वकालत गर्न प्रेरित गराउने माध्यम भनेको नै नैतिक शिक्षा हो यसको लागि नैतिक शिक्षामा जोड दिनु पर्छ र नैतिक शिक्षालाई अगाडि बढाउन जुनसुकै मुल्य चुकाउन सरकार र राज्य तयार हुनुपर्दछ।

आज मुलुकमा धनी र सम्पन्न परिवारका बालबालिकाहरु महङ्गो र सुविधा सम्पन्न विद्यालयमा अध्ययन गरिरहेका छन् भने गरिब र कमजोर आर्थिक हैसियत भएका बालबालिकाहरु  सरकारी विद्यालयमा अध्ययन गरिरहेका छन्। यसको लागि सम्पूर्ण नीजि विद्यालयहरु सरकारीकरण गरी एकै खालको शिक्षा प्रणाली राज्यले अवलम्बन गर्नु पर्दछ यो मानवीय मुल्यको कुरा हो यो मानव अधिकारको विषय हो। सम्पूर्ण विद्यालयहरुको पुनःसंरचना गरी शिक्षामा अधिक भन्दा अधिक लगानी नगर्दा सम्ममा हाम्रो शिक्षा प्रणलीमा सुधार हुनसक्दै। हैन भने हाम्रो शिक्षा प्रणालीबाट उत्पादन भएको जनशक्ति केही पश्चिमा र खाडी  मुलुकहरुमा पलायन हुन्छ र केही मुलुकमा बसेर नेताहरुको झोला बोकी ढुङ्गा र मुढा हान्ने हुलमा परिणत हुन्छन भन्ने कुराको हेक्का हुन जरुरी छ।

# Teaching and Learning English Language Using Social Networks

**Jaya Bahadur Bam**
Teacher
Shree Balmandir Secondary School, Simkot-5, Humla



**Abstract**

Recently the Internet influences and affects our lives. How does this bring effectiveness to the language we teach? There is already a widespread opinion that the use of the Internet is controversial for the future of the language. However, from the perspective of technological integration in teaching and learning of English Language, the Internet is the best tool for using technology and has encouraged a dramatic expansion in the variety and creativity of language. Learning through the use of technology offers flexibility and resourcefulness. Great motivational and learner-oriented resources are used for interactive and wide discussion so that learners will get ample opportunities to develop their capacity and comprehensive power for comprehending ideas and information. Diverse cultural ideas and cross-cultural communication through global participation offer the best opportunity and practice for developing and sharing culture, which is the best way for learning and teaching in this 21st century. Therefore, in this research article, it will be introduced practical classroom activities that will help teenage students to develop all their linguistic skills through social networking apps and websites such as Facebook, Twitter, Instagram, Edmodo, YouTube, Blogs, and web quest. Readers will learn how to adapt and use memes, viral videos, live stories, etc. to teach English as a foreign language.

**Introduction**

No doubt that social media and networks have become an important part of teaching and learning, which has established an alternative approach in learning called ubiquitous learning. Learning has occurred everywhere and. Virtual Communities has been established because of rapid and quicker development of technology and gradually use of the social network in making conversation and sharing important information quickly, well and rapidly.

In this article, it will be attempted to expose the process and procedure to deliver ideas, information, and experiences to build knowledge and thinking skills. How learners become close using social networks and ready to familiar with new trends

of teaching and learning that will be introduced and pedagogical implication will be fostered. Through this article, it will be shown that how the connectivism approach supports teaching and learning in this digital and technological age. What is the role of teachers and learners and what strategies will be adapted for lively participation in teaching and learning to use social networks? It is adjusted in rational way.

**Background of social media and networks on teaching and learning**

The 21st century is the age of digital technology. Technology has invited technological tools, social media, and social networks which have added a technological environment in the teaching and learning process. Social media and networks have a vital role in creating an innovative and flexible environment in education, specifically teaching and learning. Innovative, flexible, and interactive perspective is in teaching and learning which inspire learners and teachers to adapt technological skills and empower them to engage in educational activities in a digital environment.

Teaching and learning are extremely innovative and fall in exploration. Flexibility adds wonderful quality in this context because it covers a huge sector and teachers use digital tools as e- materials which can be shared in large numbers and make learning innovative and creative as well.

Frequent dialogue, interaction virtually add the flavor of edutainment in learning strategies. Online, discussion, using the blog, online forum, video, and meeting make learning vibrant and fully interesting, and self-dependent.

Moreover, teachers use digital tools for creating content that is wonderful and motivational that motivates learners to engage in learning to construct knowledge and skills.

**Current Status of teaching and learning**

The present age is the age of digital technology that has invited modern and innovative teaching and learning strategies through the inclusion of digital technology in educational activities. That is why, teaching and learning are beyond the class that to say, it is not confined to the four walls of the classroom. Virtual communities, participation in educational activities is supported by technology in this era. Therefore, learners and teachers must use a social network for vibrant and constructive interaction in teaching and learning in the present situation.

In the context of the World, teaching, and learning are emphasized in using digital tools and social media. It is innovative and extreme in participation in earning. As result, Open University and online Academic Programs adding great charms in

using social media and networks in teaching and learning which has been approved as a boon to foster the potential capacity of learners through frequent participation in learning assignments. But in the context of Nepal, we are still immigrating towards the digital environment although immense hindrances and challenges are still in our educational path as deadlock.

**Impacts of social media and networks on Teaching and Learning.**

Virtual communities, digital society, and reality are created by digital technology, what is called a virtual educational environment. There is less face-to-face and traditional class environment rather emphasized is given on frequent communication, participation, and discussion using technology for a wider, better, and flexible learning environment in educational domains. This has brought dynamic roles of teachers as facilitators and course designers, but not as administrators and authoritarians.

**Teaching and Learning Styles**

Teaching and learning styles are innovative and interactive in using social network because it provides ample space and opportunities for different learners to connect virtually then let them empower to participate in vibrant interaction in the facilitation of teachers and instructor. It is current approach in teaching and learning means the educational sector has established a conducive learning environment through equal participation in learning from different parts of the world.

Traditional types of teaching and learning are not in replaced mode rather extremely changed that blended mode of learning is in use through social networks

Teachers and learners must have skills in digital literacy and LMS means a learning management system that makes learning fruitful and cozy for learners. How contents are selected and how they are integrated into technology and pedagogy, it is a major part of social network in term of teaching and learning. TPACK approach is beneficial in this pattern. In this approach, pedagogical implication, selection of contents, and technological tools should be integrated extensively, then learning can be innovative and explorative. Stating purpose, teachers are suggested to use these mentioned websites.

- www.nearpod.com
- www.bigbluebutton.org
- www.easyclass.com
- www.newrow.com

If these sites bring into class extensive use of technology, teaching and learning are explorative and innovative as well. Independency, self-learning, autonomy in learning is established that develops learning environment and habit of rising question to facilitators will be in learners. That is the real meaning and practice of education that all credit goes to technology and technological implication properly and wisely.

Extensively online learning shall be implemented addressing teaching and learning to use technology as social networks. So, it is possible to bring in our learning and facilitation activities by identifying learners' needs and their curiosity in learning to use technology. In this context, the mentioned website is wonderful from the perspective of speedup teaching and learning strategies and professional development. It is suggested using them from a perspective of the model of teaching and learning in the 21st century and digital age.

- www.cousera.org
- www.edx.org
- www.futurelearn.com
- www.alison.com

The mentioned websites are the best websites for any level of learners to learn current trends and provide simplicity in the collection of materials and completing assignments. Students and learners have flexibility in sharing documents and information and retrieving ideas and experiences from each other, which is most useful and innovative academically and professionally. Facebook groups, SMS (smartphone), Blogging, and live streams stimulate learners to develop thinking and creative skills in terms of learning through social networks.

**Roles of Social Network Sites**

Social networks are a powerful medium for sharing and taking information quickly, which is equally essential to comprehend information for manipulation and production. Teachers, learners, professional persons, and academics are equally befitted from social networks.

Social networking sites play a key role in developing and fostering a person's communication skills and abilities. These sites give ample opportunities and chances to the users for creating and forming documents in the e-learning model and provide maximum chances for technological conversation through web tools and digital tools and devices. Blogs we quest are the best digital site where extensive interaction is occurred to construct knowledge and experiences. Through this practice and use, digital literacy skill is fostered, which is a key aspect of social networks and its use in teaching and learning.

## Social networks for teaching and learning

Social networks are gradually emerging and developing which were initially just for entrainment and used in sharing information that was not connected with learning and teaching for educational development. Now, at this moment, it is not completely used in education for educational development but gradually after establishing Open University and distance mode of education from Kathmandu University and TU, Virtual learning through online presentation and facilitation, learners are taking benefit academically that is big evidence using technology and technological tools in education for setting up academic and professional richness in Education sphere. This practice and innovative commencement gradually forming and multi-dimensional benefits and standards in education through extensiveness in teaching and learning strategies.

Though it has multi-facet quality standard in an education setting sustainable educational environment, if is it used as a perspective of the meaning of met literacy otherwise it will set up a controversial concept to use in teaching and learning?

Through vast development of technology, learning and teaching mode has been changed that online learning is in practice in 21st century in a race of technological development and progress. It is fully learner's oriented and fully meets a demand of model of education arising in the 21st century, however; the role of teachers is still in question from the perspective of digital literacy and the LMS system.

The social network has brought ample opportunities, but it is nothings itself. So, teachers should have firm command and sharp knowledge and skill in using tools and networks integrating into the curriculum, otherwise, it will have a controversial impact on teaching and learning. Therefore, teachers must have the skill of digital literacy and Meta as well. Not only is that integration of contents in technology and pedagogy also an essential part of knowledge regarding learning.

## Collaboration and equal participation

Digital technology enhances collaboration and integration because it covers a vast domain and reduces geographical constraints for participation and involvement. Through technology, connection and linkage can be immediately and quickly implemented across the global village. That is why it's rapid development, there is less sign of impossibility of integration and equal participation focusing on teaching and learning.

This approach brought great opportunities and chances in making flexible communication and sharing into the learning environment that cannot be considered and imagined for placing in isolation from practice and preparation.

Learners and teachers should have a strong rapport, and social networks allow for flexibility in communication between these two parties focused on learning and teaching for educational development in the 21st century. This approach emphasizes making a person digitally literate so that they can have skills and ideas for creating content via digital curation. For example, YouTube, Facebook, Twitter, blogs, web quest, and Skype.

**Roles of Teachers and Learners**

Teaching and learning through social networks are maximum use of technology in education from the perspective of TPACK derived in 2006 AD with a great dedication of Koehler and Mishra which is dealt teachers' role is the facilitator and regular scaffold to learners for empowering them and engaging in learning all time and construct knowledge and innovative skill to face with burning challenges and hindrances.

The following benefits can be achieved by learners if teachers are digitally literate and operational skill of digital tools:

- Encourage students to share work socially
- Use a hashtag to facilitate guest speaker discussions.
- Require students to keep a blog.
- Require original expert sources.
- Use Google Hangouts
- Create a social classroom on Edmodo
- Hold a class in Second Line

Online learning is essential. Teachers should have a role to develop course and explicit instruction posted on Discussion boards. Learners can take part in learning and take part in discussion virtually but teachers should instruct simple ideas and instruction that learners can comprehend ideas and completes tasks fostering skill and knowledge. So, both teachers and learners are equally taking part in their assignments and enhance the knowledge and information.

This system of online language learning requires learners to be self-motivated, self-directed and have involvement in different activities and fostering skills for sustainability in education

**Role in Teaching and Learning**

- Flexibility in learning
- Innovative and interactive virtual environment
- Learning in an innovative way
- Enthusiastic Participation, peer review, and motivational participation
- Easy in sharing information from instructor to learner and learned to learner

- Independency in learning and exploration new information **Advantages**
- Enable and motivate learners to take part in learning independently
- Reduce the geographical disparities
- Self-pace learning is extremely fostered
- It is user friendly
- No time bounded but self-pace
- Fully innovative and interactive learning

**Conclusion**

Teaching and learning have been extremely influenced by the advancement of technology. It has brought ample opportunities and resources that are used in education and has improved the quality and standard of education. It also helps in education for purity and is internationally recognized.

It is also claimed that learning is beyond the classroom. Traditionally walls created significant barriers to experiential learning. It is diversity and flexibility in learning that motivates learners to be independent and creative in their defined activities and performance. Social networks are a milestone in creating new and developing innovative ideas and information. It also empowers learners to disseminate and expand their views with the attachment of creative information in an international forum through virtual or online participation.

Finally, social networks represent a great opportunity to enhance digital literacy and for an individual to be a global and local' person at the same time. Social networks empower individuals to develop information and their skill for digital curation. The individual can create a diversity of content that reflects in a different culture and diverse communities as well.

As result, learners grab maximum opportunities to be part of international communities and take part in different activities to show their potential power and capacity that has a great essence in constructing knowledge and information as needed and time to stand confidently in the global village.

**References**

McClanahan, Lorna (2014). "Training Using Technology in the Adult ESL Classroom". Journal of Adult Education. 43 (1): 22–27.

Carney, Nathaniel. "Language study through blog exchanges". Education and Mobile Assisted Learning: 109–120

# Teaching English With Motivation

**Resham Raj Rokaya**
Teacher
Shree Mansarowar Model Secondary School, Simkot, Humla



Motivation to learn correlates with success at school. That's why many parents and teachers are concerned with helping students become more motivated in the classroom. This may mean using recognition and rewards to encourage behavior that's conducive to learning.

However, extrinsic motivators alone don't always do the trick. Teachers who make lessons interesting to kids and help learners get excited about school can foster a lifelong love of learning and encourage students to overcome obstacles and find success.

The two most discussed types of motivation are intrinsic and extrinsic. With intrinsic, motivation to learn comes from within.

It could be that learners are curious, a lesson is fun, the topic is interesting and engaging, or the task provides them with an opportunity to demonstrate their strengths. When a child possesses this kind of motivation, he or she is more likely to be motivated when learning occurs outside of the school environment.

Extrinsic motivation is when teachers or parents introduce an outside force to encourage kids to learn. This could be in the form of a reward, such as earning free time, a sticker, or a piece of candy. It may also be framed via negative consequences, such as when a student cannot go to recess and play with their friends unless they finish classwork first.

While avoiding negative consequences can motivate students in the presence of their teacher, it doesn't inspire the kind of motivation kids need to continue learning outside of the classroom. It's also a lot more fun to do something because you love it vs. to avoid punishment.

Moreover, recent research on *the* over-justification effect has suggested that relying too much on extrinsic motivation can actually discourage kids who were previously intrinsically motivated.

For example, students who played an educational game because they enjoyed it, started to equate play with the reward they received and were no longer interested in the game when the prize was taken away.

## Tips for motivating students

1. **Make learning fun.**
   Not every lesson is fun, but teachers can always find a way to put a cool spin on a task. For example, instead of doing a math problem on the board, bring in some props such as Legos or building blocks and add a tactile aspect to the learning. For literacy skills development, play hangman or host a mini spelling bee competition. Create posters that celebrate students' favorite books or have students spell out words by lying on the ground in different formations and taking pictures to put up around the classroom.
2. **Break tasks into steps.**
   Once you get going, it's easier to keep up your momentum and stay motivated to finish a task. Create a class calendar and set mini-challenges, milestones and steps on the path to achievement. This also helps learners focus on the future instead of just the here and now. Researchers have shown that a learner's conception of time can be crucial in helping them find the motivation to pursue long-term rewards vs. instant gratification.
3. **Provide plenty of positive feedback.**
   It's important to focus on the positives and recognize students for their successes vs. what they need to work on. Constructive criticism is important, just make sure it is balanced and learners receive more positive attention than negative. Recognizing kids for skills they are good at helps them build self-esteem and confidence and maintain motivation.
4. **Treat students as equals.**
   Instead of wielding your power as an adult and telling a kid they must learn something because it's in the curriculum or will result in negative consequences if they don't, explain why it's important to learn and show them how they might be able to do something new or cool in the future if they are successful.
5. **Create opportunities for success.**
   When students do well on a task they are more motivated to keep up their success. Teachers can help make achievement more attainable by reducing the complexity of tasks, breaking them into smaller, more manageable steps, and giving learners plenty of time to complete each part at a pace that is right for them.
6. **Recognize learners.**
   You might give out stickers, stars or simply recognize students in front of the class for their success. Praise delivered before an audience of peers creates a memory of success, which can inspire motivation for years to come.

7. **Introduce role models.**
   A great way to get students to be more intrinsically motivated is to introduce role models who inspire kids to work harder and achieve their dreams. It may be showing a documentary about a 14-year-old girl who mastered the science and math skills she needed to sail around the world, or holding a Q-A session with a parent who has an interesting career. If teachers draw a connection between school lessons now and success later on, they can make even the most mundane tasks more fun.

8. **Be positive.**
   Kids pick up on the attitude of adults around them. When teachers are positive and excited about learning, their students will be motivated too.

9. **Have them write journal entries.**
   Not only does keeping a personal journey encourage writing skills development but it helps learners reflect on who they are, what they like and what they are good at. The more kids get to know themselves, the easier it is for them to become intrinsically motivated in tasks that relate to their strengths and interests. As a bonus, teachers can use the content of the entries to inspire class assignments on various topics.

10. **Pair physical activity with classroom study.**
    Depending on your class, you may be able to provide rewards such as doing jumping jacks or cartwheels after a certain task has been completed. Bringing physical activity in to break up a lesson can help kids use up the extra energy that makes it hard for them to sit still and focus their attention. This may be particularly useful for kids with ADHD and dyspraxia.

11. **Know your facts.**
    Think about what kids find interesting and dig up some facts to help them get excited about a particular topic. The same subject can be far more intriguing depending on how you present it.

12. **Tell them stories.**
    An interesting story can grab your students' attention and engage learners straight away. It could be a personal anecdote, a history lesson or even a made-up tale. Tell a story and get your class to ask questions before jumping into the content of a lesson which will provide them with the answers. Curiosity is the intrinsic motivator kids need to discover more about the world around them.

# जोखिममा परेका बालबालिकाको संरक्षणका लागि घटना व्यवस्थापन

**छतुप लामा**
शिक्षक
श्री बालमन्दिर मा.वि., सिमकोट, हुम्ला



विषयवस्तु प्रवेश गर्नुभन्दा पहिले को हुन् बालबालिका ? कसलाई बालबालिका भन्ने त्यसका बारेमा प्रष्ट हुन जरुरी भएकाले त्यसका बारेमा जानकारी गराउन चाहन्छु । बालबालिका सम्बन्धी ऐन २०४८ अनुसार बाल बालबालिका भन्नाले १६ वर्षको उमेर पूरा नगरेका व्यक्तिहरुको समूहलाई बालबालिका भनि परिभाषित गरिएको छ । तर विश्वव्यापी मान्यतानुसार आमाको गर्भ देखि १८ वर्षसम्मको उमेर समूहका व्यक्तिहरुलाई बालबालिका भनिन्छ । बाल संरक्षण भन्नाले कुनै पनि बालबालिकालाई निजमाथि हुन सक्ने शारीरिक यातना तथा मानसिक पिडा, श्रमशोषण, अपहेलना, यौनशोषण, दुर्व्यवहार वा सबैखाले हिंसाबाट जोगाउनु भन्ने बुझिन्छ ।
अब कुरा गरौं जोखिममा परेका बालबालिकाका बारेमा । जोखिममा परेका बालबालिका भन्नाले त्यस्ता बालबालिका हुन् जसले बालअधिकारका चारवटा क्षेत्रहरु (बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र अर्थपूर्ण सहभागिताको अधिकार) बाट वञ्चितिकरणमा पर्नुका साथै उचित स्याहार र संरक्षणको अभावमा मृत्युको शिकार बन्न पुगेका बालबालिकाहरु भन्ने बुझिन्छ । यदि त्यस्ता बालबालिकालाई समयमै उचित माया, ममता र संरक्षण प्रदान गर्न सकिएन भने अन्ततः मृत्युलाई पनि सहजै स्वीकार गर्न पछि पर्दैनन् । समय, स्थान र परिस्थिति अनुसार बालबालिकाहरु विभिन्न कारणले जोखिममा परेका हुन्छन् । हुम्ला जिल्लाको सन्दर्भमा भन्नु पर्दा सन् २०१२ मा यूनिसेफ र टी.डी.एच. फाउण्डेसनको आर्थिक सहयोग र हिमाली नवीन समाजको सहकार्यमा सञ्चालित "माला-III " परियोजनाले गरिएको सर्वेक्षणबाट जोखिममा परेका बालबालिकाहरुलाई निम्नानुसार वर्गीकरण गरिएको पाइन्छ :

**(१) अनाथ बालबालिका :**

आमाबुवा दुबै गुमाएका बालबालिकाहरुलाई अनाथ बालबालिका भनिन्छ । आमाबुवा दुवै गुमाएका बालबालिकाहरु प्राय आफ्ना आफन्तहरुको घरमा बस्ने गरेको पाइन्छ । यस्ता प्रकृतिका अधिकांश बालबालिकाहरु विद्यालय शिक्षाबाट वञ्चित हुन्छन् । अशिक्षाका कारण उनीहरु सानै उमेरमा बाल विवाह गरी जसको परिणाम स्वरुप धेरै सन्तान जन्माएर परिवारको आकार ठूलो हुन गई कष्टपूर्ण जीवन बिताई रहेको पाइन्छ । अपरिपक्व आमाबाट जन्मेका बालबालिकाहरु अस्वस्थ हुनाले विभिन्न प्रकारका रोगहरुबाट चाँडै संक्रमित हुन गई मृत्युको सिकार हुन बाध्य भएका छन् ।

कतिपय अनाथ बालबालिकाहरुलाई उनीहरुको आफन्तले बौद्ध गुम्बाहरुमा लामा ज्ञान पढाउनका लागि जिल्ला बाहिर पठाईएको पाइन्छ भने कतिपय अनाथ बालबालिकाहरुलाई विभिन्न अनाथलयहरुमा निःशुल्क पढाउने बाचा गरेर केहि प्रतिष्ठित व्यक्तिहरुलाई लाखौं रकम बुजाईएको तिनका आफन्तहरुले बताउँछन् । अनाथलयमा पुगेका कतिपय बालबालिकाहरु अन्तराष्ट्रिय रुपमा धर्मपुत्र/धर्मपुत्रीका नाममा बेचबिखनमा परेका छन् । सन् २०१२ मा गरिएको सर्वेक्षण अनुसार हुम्ला जिल्लाबाट नै अन्तराष्ट्रिय धर्मपुत्र/पुत्रीका नाममा जम्मा १२८ जना बालबालिकाहरु

विदेशीएका थिए । तर आफ्ना बालबालिकाहरु कहाँ कुन अवस्थामा रहेका छन् भन्ने कुरा अभिभावकहरु बेखबर भएको पाइन्छन् । विदेशिएका बालबालिकाहरु पहिलो कुरा बाल्यकालमा आफ्ना आमाबुवाको न्यानो माया, ममताबाट बञ्चित भएका हुन्छन् भने दोस्रो कुरा ति बालबालिकाहरुले आफ्नो संस्कार, संस्कृति, पहिचानका साथै अन्ततः राष्ट्रियता समेत गुमाईसकेका हुन्छन् ।

**(२) घरमूली आफै भएका बालबालिका :**
आमाबुबा दुबै गुमाएका वा आमाबुबा दुबै वा कुनै एक दीर्घ रोगका कारण कुनै पनि काम गर्न नसक्ने अवस्था भएका कारण बालबालिका आफैले घरको सम्पूर्ण जिम्मेवारी बहन गरिरहेका बालबालिकालाई घरमूली आफै भएका बालबालिका भनिन्छ । यस्ता प्रकृतिका बालबालिकाहरु पहिलो कुरा विद्यालय शिक्षाबाट वञ्चित भएका हुन्छन् । सानै उमेरमा घरको सम्पूर्ण काम आफैले गर्नुपर्ने बाध्यता हुन्छ । उसको दुःख देखेर आफन्तहरुले सानै उमेरमा विवाह गर्न बाध्य पारिन्छ । जसले गर्दा सानै उमेरमा बच्चा जन्माउन पुगी कष्टपूर्ण जिवन जिउन बाध्य हुन्छन् । कतिपय बालबालिका संरक्षकको अभाव र गलत साथीको संगतले गर्दा लागु पदार्थ दुर्व्यसनमा फस्ने प्रबल सम्भावना रहन्छ । भने भविष्यमा सामाजिक अपराध जन्य क्रियाकलापमा समेत संलग्न हुने सम्भावना रहन्छ ।

**(३) निकृष्ट प्रकृतिको बाल श्रममा परेका बालबालिका :**
यदि कुनै बालबालिकाले दैनिक ८ देखि १० घण्टा भन्दा बढी समय आफ्नो क्षमता भन्दा बढी जोखिमयुक्त काम गर्दछ भने त्यस्ता प्रकृतिका बालबालिकालाई निकृष्ट प्रकृतिको बाल श्रममा परेका बालबालिका भनिन्छ । विशेषगरी गरिबी, घरमा धेरै बालबालिकाहरु हुनु, आमाबुबा बीच औपचारिक या अनौपचारिक रुपले सम्बन्ध बिच्छेद हुनु, आमा वा बुबाले दोस्रो विवाह गर्नाले बालबालिका निकृष्ट प्रकृतिको बाल श्रममा पर्न सक्छन् । जोखिमयुक्त बाल श्रमले बालबालिकाको शारीरिक, मानसिक, र सामाजिक विकासमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

**(४) अति कुपोषित बालबालिका** :
सामान्यतया पाँच वर्षमूनिका कुनै पनि बालबालिका आफ्नो उमेर अनुसारको उचाई र तौल नपुग्नु वा आवश्यकता भन्दा बढी तौल भएका बालबालिकालाई कुपोषित बालबालिका भनिन्छ । कुनै पनि बालबालिका पोषित वा कुपोषित भनि पहिचान गर्ने आधारहरु मध्ये उसको तौल, उचाई र पाखुराको नाप मापन गरी पत्ता लगाउन सकिन्छ । यसरी मापन गर्दा यदि बालबालिका कुपोषित भएमा कुपोषितका पनि विभिन्न चरणहरु सामान्य, मध्यम र उच्च जोखिम (Normal, Moderate and High Risk) का आधारमा वर्गीकरण गर्न सकिन्छ । जुन बालबालिकाहरुको पाखुराको नाप मापन गर्दा हरियो रङ्ग भएको अंकमा देखाउँछ भने त्यस्ता बालबालिकाहरु सामान्य प्रकृतिका मानिन्छ । जुन बालबालिकाहरुको पाखुराको नाप मापन गर्दा पहेँलो रङ्ग भएको अंकमा देखाईएमा ति बालबालिकाहरुलाई मध्यम प्रकृतिका कुपोषित मानिन्छ । भने जुन बालबालिकाहरुको पाखुराको नाप मापन गर्दा रातो रङ्ग भएको अंकमा देखाउँछ भने त्यस्ता बालबालिकाहरु उच्च प्रकृतिका कुपोषित बालबालिका मानिन्छ । यदि उच्च कुपोषित अवस्थामा

पुगेका बालबालिकाको लागि विशेष स्याहार सुसार र पोषिलो खानेकुरा प्रदान गर्न नसकिएमा उनीहरु अकालमै मृत्युको शिकार हुन बाध्य हुन्छन् ।

स्वास्थ्य विज्ञान अनुसार बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगोति दुध चुसाउनु पर्दछ । उक्त दुधले बच्चालाई रोगसँग लड्ने प्रतिरोधात्मक शक्ति प्रदान गर्दछ । त्यसैले आमाको बिगौति दुधलाई अर्को शब्दमा **अमृत** पनि भनिन्छ । तर केहि वर्षअघिसम्म हुम्ला जिल्लाका केहि गाउँपालिका अन्तरगतका वडाहरुमा गर्भवति तथा सुत्केरी महिलाहरुलाई जिल्ला स्वास्थ्य कार्यालय हुम्लासँगको सहकार्यमा सुरक्षित मातृत्व सेवा सम्बन्धि तालिम दिँदा अधिकांश महिलाहरु बिगौति दुधका बारेमा बेखबर भएको पाईयो । बच्चालाई ६ महिनासम्म आमाको दुध बाहेक पानी पनि खुवाउनु हुँदैन । जब ६ महिना पुरा भईसकेपछि मात्र आमाको दुधका साथै थप आहार खुवाउनुपर्छ । थप आहारका लागि सर्वोत्तम पिठोबाट लिटो बनाएर बच्चाको इच्छाअनुसार नुन वा चिनी हाल्न सकिन्छ । तर हुम्लामा सर्वोत्तम पिठो बनाउने सम्पूर्ण सामग्री हुँदा हुँदै पनि घरायसी कामको व्यस्तता र सजिलोका लागि बजारको ल्याक्टोजिन, सेट्लेक्स जस्ता बढी प्रयोगमा ल्याएको पाइन्छ । त्यसैले विशेषगरी **हुम्लामा खाना नभएर भन्दा पनि खाना खुवाउन नजानेर बालबालिकाहरु कुपोाीषत भएको** पाइयो । कुपोषित बालबालिकालाई अरु बालबालिका भन्दा चाँडै विभिन्न प्रकारका रोगहरुले आक्रमण गर्ने हुनाले मृत्यु समेत हुन सक्छ ।

**(५) बेवास्था गरिएका बालबालिका :**

सामान्यतया आमाबुवा दुबै गुमाएका वा आमा वा बुबा कुनै एक जनाको मृत्यु भएर वा आमा वा बुबा कुनै एक जनाले दोस्रो विवाह गरेका कारण घर परिवारबाट भावनात्मक रुपमा या भौतिक रुपमा टाढिएर रहेका बालबालिकालाई बेवास्था गरिएका बालबालिका भनिन्छ । यस्ता प्रकृतिका बालबालिकाहरु प्राय आफ्नो गाउँघर भन्दा टाढा ठाउँमा गएर बस्ने गरेको पाइन्छ । कतिपय बालबालिकाहरु आफ्नो वास्तविक परिचय दिन मान्दैनन् । किन कि उनीहरु घरपरिवार र आफन्तहरुबाट भन्दा भावनात्मक र भौतिक दुरीका हिसाबले टाढा रहन चाहन्छन् । यस्ता प्रकृतिका बालबालिकाहरु दुर्व्यवहारमा पर्ने, बालिकाहरु यौन दुर्व्यवहारमा पर्ने, जोखिमयुक्त श्रममा लाग्ने गरेको पाइन्छ ।

**(६) यौन दुर्व्यवहारमा परेका बालबालिका :**

सामान्यतया यौन दुर्व्यवहार भनेको यौन जन्य मनासयले गरिने आचरण हो । जुन अर्को व्यक्तिलाई अस्वीकार्य हुन्छ । अर्को शब्दमा भन्नुपर्दा कसैले कुनै महिलाको मन्जुरी विना निजको सम्बेदनशील अंग छोएमा वा भित्री पोशाक खोलेमा वा प्रयास गरेमा, अस्वभाविक रुपमा कुनै एकान्त ठाउँमा लगेमा, आफ्नो यौन सम्बन्धी अंग छुन, समाउन लगाएमा वा अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द, संकेत प्रयोग गरेमा वा चित्र, तस्विर देखाएमा, यौनका आशयले जिस्काएमा वा हैरानी दिएमा वा यस्तै अन्य कुनै किसिमले अस्वाभाविक व्यवहार गरेमा वा करणीको आशयले समातेमा यौन दुर्व्यवहार हो । यौन दुर्व्यवहार विभिन्न प्रकारका हुन्छन् । ति हुन् :

**(क) शारीरिक यौन दुर्व्यवहार** :

शरीर वा शरीरको अंगलाई छोएर गरिने यौनजन्य दुर्व्यवहार शारीरिक योनजन्य दुर्व्यवहार हो । जस्तै अनावश्यक रुपमा छुनु, थपथपाउनु, छाम्नु, चिमोट्नु, सुम्सुम्याउनु, चुम्बन लिनु, अँगालो मार्नु ।

**(ख) मौखिक यौन दुर्व्यवहार :**
मौखिक रुपमा अश्लिल वा अपमानजनक शब्द वा भाषा प्रयोग गरी जिस्काउने, हैरानी दिने यौनजन्य दुर्व्यवहार मौखिक यौनजन्य दुर्व्यवहार हो । जस्तैः अश्लिल वा अपमानजनक टिप्पणीहरु, यौनजन्य चुट्किलाहरु, अप्रिय ठट्टाहरु, इच्छाविरुद्धको यौनजन्य प्रस्तावहरु वा दवाव ।

**(ग) लिखित यौन दुर्व्यवहार :**
लिखित रुपमा शब्द/भाषा वा चित्र/तस्वीर प्रयोग गरी गरिने यौनजन्य दुर्व्यवहार लिखित यौनजन्य दुर्व्यवहार हो । जस्तैः अश्लिल वा कामुक तस्वीर वा लिखित सामग्री प्रदर्शन गर्नु, यौनसम्बन्धी सामग्रीहरु वितरण गर्नु, अश्लिल वा कामुक चलचित्र देखाउनु, अश्लिल सूचना/एस.एम.एस./इमेल प्रवाहगर्नु ।

**(घ) साङ्केतिक यौन दुर्व्यवहार :**
हाउभाउ वा संकेतहरुको प्रयोग गरी गरिने यौनजन्य दुव्यर्ववहार साङ्केतिक यौनजन्य दुर्व्यवहार हो । जस्तैः घुरेर हेर्नु, सुसेली बजाउने, आँखा जुधाउने, आँखा झिम्काउने, यौनजनित अश्लिल इशारा वा हाउभावहरु गर्ने, जिब्रो पड्काउने ।

बालबालिकाहरु विभिन्न कारणबाट यौन दुर्व्यवहारमा परेका हुन्छन् । बालबालिकाहरु यौन दुर्व्यवहारमा पर्ने वा पर्न सक्ने क्षेत्रहरु निम्न यस प्रकार छन् :

**(क) घरभित्रै :**
कतिपय बालबालिकाहरु आफ्नै घरभित्र नै यौन दुर्व्यवहारमा परेका घटनाहरु सुन्नमा आएको पाइन्छ । यौनजन्य दुर्व्यवहार घरभित्र परिवारको सदस्य वा पाहुनाद्वारा पनि हुन सक्दछ।

**(ख) विद्यालयमा :**
कतिपय बालबालिकाहरु आफूले अध्ययन गरिरहेको विद्यालयबाट पनि यौन दुर्व्यवहारमा परेको घटना सुन्नमा आउँछन् । यौनजन्य दुर्व्यवहार विद्यालय वा शैक्षिक संस्थामा शिक्षक, कर्मचारी वा सहपाठीद्वारा पनि हुन सक्दछ ।

**(ग) कार्यस्थलमा :**
यस्तो प्रकारको यौनजन्य दुर्व्यवहार कार्यस्थलमा हाकिम, सहकर्मी वा ग्राहकद्वारा पनि हुनसक्दछ ।

**(घ) सार्वजनिक स्थलमा :**
यस्तो प्रकारको यौनजन्य दुर्व्यवहार बजार, धार्मिकस्थल, सार्वजतिक यातायात लगायतका सार्वजनिक क्षेत्रहरुमा परिचित वा अपरिचित व्यक्तिहरुबाट पनि हुन सक्छ ।

**(ङ) सामाजिक वा साँस्कृतिक स्थलमा :**
कतिपय अवस्थामा धर्म, सँस्कृति वा चाडपर्वको आडमा समेत यौनजन्यदुर्व्यवहार भइरहेको छ । जस्तैः होली (फागु पर्व) को सन्दर्भमा महिलामाथि हुने यौनजन्य दुर्व्यवहार ।

यौन दुर्व्यवहारमा परेका बालबालिकाहरु आत्मबल कमजोर हुने, एक्लै बस्न मनपराउने, नयाँ मान्छे देख्ने बित्तिकै तर्सिने जस्ता लक्षणहरु देखाउँछन् । यिनीहरुले आफ्ना गोप्य कुरा कसैसँग राख्ने अवसर नपाएमा मानसिक तनाब लिई अन्ततः आत्महत्या समेत गर्न बाध्य हुन्छन् ।
जोखिममा परेका बालबालिकाको संरक्षण भन्नाले यी माथि उल्लिखित सबै प्रकृतिका बालबालिकाको अधिकार सुनिश्चितताका लागि कुनै पनि बालबालिकालाई निजमाथि हुन सक्ने शारीरिक यातना तथा मानसिक पिडा, श्रमशोषण, अपहेलना, यौनशोषण, दुर्व्यवहार वा सबैखाले हिंसाबाट जोगाउनु भन्ने बुझिन्छ ।

जोखिममा परेका बालबालिकाको संरक्षणका लागि निम्न कार्यहरु गर्न सकिन्छ :

**(क) तथ्यांक संकलन :**
स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वडाहरुमा रहेका बालबालिकाहरुको तथ्यांक संकलन गर्ने । कूल बालबालिका मध्ये जोखिममा परेका बालबालिकारुको संख्या यकिन गर्ने ।

**(ख) जोखिमका प्रकारहरुको वर्गीकरण :**
जोखिममा परेका बालबालिकाहरुको संख्या यकिन भईसकेपछि तिनीहरुलाई जोखिमको प्रकृति अनुसार वर्गीकरण गरेर अभिलेख तयार पार्न सकिन्छ ।

**(ग) घटना व्यवस्थापन** :




घटना भन्नाले जोखिममा परेका बालबालिकासँग सम्बन्धित सवाल वा मुद्दा भन्ने बुझिन्छ । भने जोखिममा परेका बालबालिकाको जानकारी प्राप्त भए देखि जोखिमका प्रकृतिको पहिचान, जोखिमको न्यूनिकरणका लागि सञ्चालन गरिने विविध प्रक्रियाहरुलाई नै घटना व्यवस्थापन भनिन्छ । घटना व्यवस्थापन कार्यबाट जोखिममा परेका कुनै पनि बालबालिकाको सवालको औपचारिक रुपमा सम्बोधन गरी जोखिम न्यूनिकरणका लागि विभिन्न सरोकारवालाहरुसँगको समन्वय र सहकार्यको आवश्यकता पर्दछ। घटना व्यवस्थापनका चरणहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(घ) बाल सहभागीता :**
परम्परागत रूपमा भने अरूले गरेको निर्णय कार्यान्वयनमा बालबालिकाको संलग्न हुनुलाई बालसहभागिता भन्ने गरिएको थियो । तर आधुनिक अवधारणा अनुसार बालबालिकासँग सरोकार

राख्ने विकास र शासनका सबै गतिविधिको निर्णय र कार्यान्वयन प्रक्रियाको सबै चरणमा समान हैसियतमा स्वेच्छापूर्वक सहभागी हुने अधिकार बालसहभागिता हो । पारिवारीक क्रियाकलाप देखि समुदाय स्तरमा विकासका योजना निर्माण, अनुगमन, मूल्यांकन, र विकासको प्रतिफल प्राप्त हुँदा सम्म बालबालिकाको अर्थपूर्ण सहभागीता गराउनु पर्दछ । विभिन्न समितिहरु जस्तै विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति र बस्ति स्तरको योजना तर्जुमा बैठकमा समेत बालबालिकाको अर्थपूर्ण सहभागीता गराउनु पर्दछ । जसले गर्दा बालबालिकाका वास्तविक सवालहरुलाई पहिचान हुने अवसर मिल्दछ । अन्तमा बालमैत्री समाज, जिल्ला र राष्ट्रको निर्माण हुन पुग्दछ ।

**(ङ) समन्वय र सहकार्य :**
घटना व्यवस्थापन कार्यबाट जोखिममा परेका बालबालिकाको पहिचान भईसकेपछि जोखिम न्यूनिकरणका लागि जोखिमको प्रकृति अनुसार प्रत्येक बालबालिकाका लागि फरक फरक स्याहार योजना बनाउन सकिन्छ । स्याहार योजना कार्यान्वयनका लागि उक्त योजनाअनुसार समुदाय स्तरमा रहेका सरोकारवाला निकायहरुसँगको समन्वय र सहकार्यको आवश्यकता पर्दछ । उक्त बालकको जोखिमलाई न्यूनिकरणका लागि आवश्यक कारबाही अगाडी बढाउन सकिन्छ । जसले गर्दा बालबालिकाको जोखिम न्यूनिकरणमा प्रत्यक्ष सहयोग पुगेको हुन्छ ।

**(च) पैरवी र वकालत :**
जोखिममा परेका बालबालिकाको संरक्षणका लागि तथा जोखिम न्यूनिकरणका लागि सरोकारवालाहरुसँगको समन्वय र सहकार्यबाट प्राप्त अनुभव र सिकाईलाई आत्मसाथ गर्दै अन्य बालबालिकाहरुलाई जोखिमबाट बचाउन र जोखिममा परेका बालबालिकाहरुका लागि कानूनी सहायताका लागि पैरवी र वकालत गर्न सकिन्छ । त्यसका साथै स्थानीय तहमा बालमैत्री नीति तथा विकासका गतिविधिहरु सञ्चालनका लागि पनि सरोकारवाला व्यक्ति तथा निकायले सम्बन्धित निकाय समक्ष पैरवी र वकालत गर्न सकिन्छ । कार्यका लागि सम्पूर्ण बालबालिकासँग सरोकार राख्ने व्यक्ति तथा निकायहरुको प्रमुख दायित्व हो ।

अन्त्यमा, म के भन्न चाहन्छु भने **बालबालिका भनेका वर्तमानका साझेदार र भविष्यका कर्णदार हुन्** । यदि आज हामीले बालबालिकाको विद्यमान सवाल प्रति हामीले वेवास्था गऱ्यौं भने भविष्यमा पछुताउनुपर्ने हुन्छ । यहाँ मैले एउटा चिनियाँ उखानलाई सम्झन चाहन्छु **"यदि तिमी एक वर्षको प्रतिफल चाहन्छौ भने तरकारी उत्पादन गर, यदि तिमी दश वर्षको प्रतिफल चाहन्छौ भने फलफूल उत्पादन गर तर यदि तिमी अनन्तसम्मको प्रतिफल चाहन्छौ भने बालबालिकामा लगानी गर"** त्यसैले यसरी उल्लिखित विधि र प्रक्रिया अनुसार बाल संरक्षणका गतिविधि सञ्चालन गर्न सकिएमा हाम्रो समुदायमा रहेका जोखिममा परेका बालबालिकाहरु संरक्षित र सुरक्षित महसुस गराउन सकिन्छ । त्यसका साथै अन्ततः हाम्रो घर, समुदाय, समाज र जिल्ला नै बालमैत्री बन्ने कुरामा कसैको दुई मत नहोला ।

# कस्तो शिक्षा ? कठै ! मेरो देश ।

**प्रेम बहादुर लामा**
शिक्षक
श्री रलिङ्ग मा.वि. सिमकोट-३, बरगाउँ, हुम्ला



सेवा, सुविधा, आदार, सम्मान र मान्यता नभएको मेरो देश
धर्म, कर्ममा ठग्ने, दुखी, गरीबलाई हेप्ने मेरो देश
जाती, धर्म, लिङ्ग र भूगोलमा भेदभाव गर्ने मेरो देश
विदेशीको हस्तक्षेपमा, सदा सहीरहने कस्तो मेरो देश ।
के कस्तो दियौ शिक्षा ? ए...अपजसे शिक्षक, कठै ! मेरो देश ॥

झुटो आश्वासन दिई, मत बटुल्न भाषण मात्र छाट्ने, नेता भएको मेरो देश
देश र जनता बेच्न खोज्ने, घुसखोरी र षड्यन्त्रकारीहरुको मेरो देश
ईश्वर जस्ता आमाबुबालाई, बृद्धाआश्रमको व्यवस्था मिलाउने मेरो देश
पूर्वाधारको विकास हुन नदिने, घुसखोरी हाकिम र नेतैनेताको मेरो देश ।
के यस्तै दिएको हो शिक्षा ? ए...पापी शिक्षक, कठै ! मेरो देश ॥

शिक्षा र शिक्षकलाई घृणा गर्ने, महान व्यक्तिहरुको मेरो देश
सारा जगतको आँखा खोलीदिने, काम नभएको ‘मास्टर’ भन्ने मेरो देश
ओहदामा पुगेपछि आदर, सम्मान गर्न, नजानेको मेरो देश
ठूला बनाएर, असल बनाउन नसक्ने, कस्तो शिक्षक भएको मेरो देश ।
के कस्तो दियौ शिक्षा ? ए...पापी शिक्षक, कठै ! मेरो देश ॥

निर्दोषलाई दोषी, धनीलाई सुकुम्वासी, सुनलाई पित्तल, बनाउने मेरो देश
हत्या, हिंसा, बलत्कारलाई जोगाउने, सोझा दुःखीले न्याय नपाउने मेरो देश
रोग, भोक र महंगीले सीमा नाघेको, निमुखालाई पिल्साउने मेरो देश
भ्रष्टचारले मौलाएको, नेतैनेता भएको कहाँ छ र ! यस्तो मेरो देश ।
शिक्षण नगराई जान्ने, कस्तो दियौ शिक्षा ? ए...अपजसे शिक्षक, कठै ! मेरो देश ॥

विद्वान, बुद्धिजिवी, शिक्षाविद्हरुले, स्थान नपाएको मेरो देश
इमान्दारीताको कदर नहुने, नातावाद, कृपावाद भएको मेरो देश
डकटर, पाईलट, इन्जिनियर र प्राविधिकले कामै नपाउने मेरो देश
बेरोजगारीले मौलाएर विदेशिनु पर्ने, बाध्यता भएको मेरो देश ।
कता गए शिक्षा ? ए... पापी शिक्षक, कठै ! मरो देश ॥

# काँठका गिद्ध


**डा. रामकृष्ण आचार्य 'विशेष्य'**
उप-प्राध्यापक
हाइटफिल्ड कलेज, काठमाडौं




मैले पहिलो पटक गिद्ध कर्णालीमा देखेको थिएँ ।
गिद्ध कहिलेकाहीँ मरेको सिनो खान आउँथे
आजभोलि हरेक दिन गिद्ध काँठमा देखिरहेको छु ।
काँठका गिद्धले एउटा निर्धोलाई चारैतिरबाट घेरा हालेका छन् ।
हिजो पनि घेराभित्र राखेका थिए ।
काँठका गिद्धले उसका छातीमाथि कुल्चिरहेका थिए ।
ऊ निरीह थियो ।
ती गिद्धको कुल्चाई सहिरहेको थियो ।
ऊसँग सहनुको विकल्प पनि थिएन ।
उसका छातीमाथि कुल्चिँदा पनि नपुगेर
जब घाँटीमाथि टेक्न थाले
म टुलुटुलु हेरेर बस्न सकिनँ ।
निर्धा माथिको थिचोमिचो, अन्याय, अत्याचार
र हेपाहा व्यवहारले पराकाष्ठा नाँघ्दा मैले सहन सकिनँ ।
काँठका गिद्धका कुकृत्य, ज्यादती र
राक्षसी प्रवृत्तिका विरुद्धमा आवाज
उठाएर विरोध गर्दा
उल्टै काँठका गिद्धहरु मैमाथि खनिए ।
मेरो शरीरको मासु लुछीलुछी खान थाले ।
मैले हेरिमात्र रहेँ
केही गर्न सकिनँ ।

यहाँ उसका पनि कोही थिएनन् र मेरा पनि कोही थिएनन ।
हामी जिउँदै मरेका थियौं ।
हाम्रा भनिएका सबै मान्छे नामका भूत मात्र थिए ।
ती भूतले सपनामा हामीलाई तर्साउँथे ।

उसलाई हिजो पनि ठुङेकै थिए ।
आज पनि ठुङेकै छन् ।
उसलाई नठुङेसम्म
काँठका गिद्धको भोक मर्दैन ।
तीर्खा मर्दैन ।

बाँच्न पनि सक्दैनन् ।

उसलाई दबाउन पाए
उसलाई मिच्न पाए
उसलाई थिच्न पाए
उसलाई कुट्न पाए
उसमाथि हिंसा गर्न पाए
उसको हत्या गर्न पाए
गिद्धको अनुहार प्रदीप्त हुन्थ्यो ।
चुच्चो अझ तीखो र ठाडो हुन्थ्यो ।
गिद्धलाई आकाश पृथ्वी आफ्नै हुन् भन्ने घमण्ड थियो ।
निर्धालाई ठुङ्न नपाए
थिच्न, मिच्न, दबाउन र मार्न नपाए
वाग्मती किनारमा झोक्राएर बसिरहन्थ्यो ।

काँठका गिद्ध, काँठकै असहाय, एक्लो र
निर्धोलाई डसिरहेका थिए ।
पखेटा फट्फटाएर
चुच्चो ठट्याएर
गिद्धले मतिर हेरेर
अब फेरि निर्धोलाई
डस्न नपाइएला कि भन्ने
लागेर मैलाई डस्न थाले ।
काँठका गिद्धले मलाई अव्यक्त भाषामा
भनिरहेका थिए - ए कर्णाली पाखे,
ए कर्णालीको खाते, तँ यहाँ किन आएको ?
के खान आएको ?
तेरो यहाँ के राखेको छ ?
कर्णालीमा सयौँ रोपनीको मालिक भए पनि
काँठका गिद्धका दृष्टिमा हरिकङ्गाल थिएँ ।
उसैका शब्दमा पाखे र खाते थिएँ ।

कर्णालीका गिद्ध त सिनो मात्रा खान्थे ।
तर काँठका गिद्ध त जिउँदै मान्छे सर्लक्क
निल्न सक्दा रहेछन् ।
आफ्नो शरीर छुन मात्र होइन हेर्नसम्म पनि नदिने
काँठका गिद्ध
निर्धाका शरीरका चोक्टा लुछीलुछी खान पल्किएका थिए ।

यसरी निर्धालाई चुस्दा पनि अघाएर
तृप्त हुन भने सकेका थिएनन् ।
काँठका गिद्ध हरबखत
सपना र विपनामा मलाई झम्टिन आइरहन्छन् ।
गिद्धहरु झम्टिन आए पनि म गिद्ध
जसरी झम्टिन जान सक्दिनँ ।
मेरो नैतिकताले पनि त्यसो गर्न दिँदैन
मेरो प्यारो कर्णालीले र त्यसको
सभ्यताले त्यसो गर्न कहिल्यै सिकाएन ।

काँठका गिद्धबाट डसिएको छु ।
लुछिएको छु ।
थिचिएको छु ।
हेपिएको छु ।
दबिएको छु ।
तर यति हुँदा पनि मरेको छैन जिउँदै छु
तर यति हुँदा पनि मरेको छैन जिउँदै छु
खबरदार !
खबरदार !
खबरदार !
मेरो मौनता र सहनशीलतालाई
कमजोरी ठानियो ।
अब कमजोरी नठानियोस्
फेरि पनि कमजोरी ठानियो भने
मेरा चोक्टा लुछ्न आउने गिद्धको
त्यो तीखो र बलियो चुच्चो
अचानोमा राखी थचथच थिचिनेछ
ठूला पखेटा चुँडाएर टुक्राटुक्रा पारिने छ
बाँकी रहेका अवशेषलाई पिँजडामा राखिनेछ ।
पिँजडाको ढोका थुनिनेछ
सधैँभरिका लागि ताल्चा लगाइनेछ ।

स्वर्ग झै नेपाललाई, नर्क झै बनाउने, भ्रष्टै भ्रष्टले भरिएको मेरो देश
सत्ता र शक्तिको, आडमा अथाह कमाई गर्न खोज्ने कस्तो सिकाइ हो मेरो देश
नेपालीको कर, रेमिटेन्स र पसिनाको कमाईवाट, सत्ता चलाउने मेरो देश
ज्ञानी, गुणी भई राष्ट्रसेवक वन्ने जनशक्तिहरु, कामको खोजीमा कता पुगे मेरो देश ॥
यस्तै दियौ शिक्षा ? ए...अपजसे शिक्षक, कठै ! मेरो देश ॥

विकासप्रेमी, खेलप्रेमी, हाम्रा गौरवलाई, अघि बढ्न नदिने  मेरो देश
बलत्कारीको नाटकीय खेती गर्ने, धन कुम्ल्याउने मतियारीलाई, छुपाउने मेरो देश
स्थानीय देखि संघसम्म, आफनै मान्छे भर्ति गर्ने कस्तो मेरो देश
न्यायालयमा न्याय नपाउने, कस्तो बिडम्वनाको छ है मेरो देश
मातृभूमीको छातीमा लात हान्ने, सतीले सरापेको मेरो देश ।
अब कसलाई दिने शिक्षा ? ए...पापी शिक्षक, कठै ! मेरो देश ॥।

+ सद्‌बुद्धि आओस देशमा +

# मलाई तिमी मन पर्छ

**मधु बस्नेत शाही**
शिक्षक
श्री बालमन्दिर मा.वि., सिमकोट, हुम्ला



१) तिमीलाई खेल्न मन पर्छ ।
मलाई खेल्दै गरेको तिमी मन पर्छ ।
२) तिमीलाई लेख्न पढ्न पनि त मन पर्छ
मलाई लेख्दै र पढ्दै गरेको तिमी मन पर्छ ।
३) तिमीलाई हाँस्न मन पर्छ
मलाई हसिलो तिमी मन पर्छ ।
४) तिमीलाई नाँच्न पनि त मन पर्छ
मलाई नाँच्दै गरेको तिमी मन पर्छ ।
५) तिमीलाई गीत गुन्गुनाउन मन पर्छ
मलाई गुन्गुनाउँदै गरेको तिमी मन पर्छ ।
६) तिमीलाई कहिले काहीँ जिस्कन मन पर्छ
मलाई जिस्कँदै गरेको तिमी मन पर्छ ।
७) तिमीलाई गफ गर्न मन पर्छ
मलाई गफिलो तिमी मन पर्छ ।
८) तिमीलाई धेरै बोल्न मन पर्छ
मलाई बोल्दै गरेको तिमी मन पर्छ ।
९) तिमीलाई लजाउँन मन पर्छ
मलाई लजालु तिमी मन पर्छ ।
१०) तिमीलाई अनुशासन मन पर्छ
मलाई अनुशासित तिमी मन पर्छ ।
११) तिमीलाई आज्ञा पालन गर्न मन पर्छ
मलाई आज्ञाकारी तिमी मन पर्छ ।
१२) तिमीलाई बेला बेला जिज्ञासा राख्न मन पर्छ
मलाई जिज्ञासु तिमी मन पर्छ ।
१३) तिमीलाई चलिरहन मन पर्छ
मलाई चञ्चल तिमी मन पर्छ ।
१४) तिमीलाई आदर र सम्मान गर्न पनि मन पर्छ
मलाई आदर सम्मान गर्दै गरेको तिमी मन पर्छ ।

१५) तिमीलाई प्रश्न सोध्न मन पर्छ
मलाई प्रश्न सोध्दै गरेको तिमी मन पर्छ ।

१६) तिमीलाई सुन्दर व्यक्ति र वस्तु मन पर्छ
मलाई सुन्दर तिमी मन पर्छ ।

१७) तिमीलाई धर्म र सेवा भाव मन पर्छ
मलाई धार्मिक र सेवक तिमी मन पर्छ ।

१८) तिमीलाई विज्ञानको ज्ञान मन पर्छ
मलाई ज्ञानी तिमी मन पर्छ ।

१९) तिमीलाई हिसाब मन पर्छ
मलाई गुलाबी उमेरका हिसाब तिमी मन पर्छ ।

२०) तिमीलाई वर्णहरु जोडेर शब्द निर्माण गर्न मन पर्छ
मलाई सिँगो शब्दकोश तिमी मन पर्छ ।

२१) तिमीलाई शारीरिक शिक्षा मन पर्छ
मलाई स्वस्थ तिमी मन पर्छ ।

२२) तिमीलाई नयाँ कुरा सिर्जना रचना गर्न मन पर्छ
मलाई भने सृष्टीको सुन्दर रचना तिमी मन पर्छ ।

# असन्तुष्ट भावना

**भिम कुमार राई**
प्रधानाध्यापक
श्री महाकाल आधारभूत विद्यालय, सिमकोट-३, लाङ्दु, हुम्ला



कहाँबाट सुरु गरु, यो मनको वेदना
गैह्राइमा डुब्न खोज्छु, माथि नै तैरिने पो होकी
सुरुगरी सके पछि, रहिरहोस सम्झना।
मनलाई सफा पार्न खोज्छु, झन मैलिने पो होकी।
कल्पना कल्पनामै, एकोहोरो हुनेहोकी यो मन
रातपछी दिन आउँछ, झन रात जस्तै लाग्छ
लक्ष्यमा पुग्न खोज्छु, दोधिर हुने होकी झन।
मनले यता आउँआउँ, भन्छु झन उता भाग्छ।

जति सोच्छु पुग्दैन कहिले, यो मनको धोको
समयले जता लग्यो, उतै जानु पर्छ
जे जे खोज्छु भेट्दिन पहिले, भरीएको पोको।
अप्ठ्यारोमा हिड्दा पनि, धैर्य गर्नु पर्छ।
जति भन्छु बुझ्दैन कसैले, मेरो भावना लाई
जस्तो जन्मे त्यस्तै जाउँला, केनै लिनु पर्छ
जहाँ जान्छु पुग्दीन कहिले, बस्छु ऋदय जलाई।
हाँस्नु पर्छ खेल्नु पर्छ, एकवार बाँच्नु पर्छ।

सोच्दा सोच्दै विर्सने पो, हुन्छुकी कहिले
खेज्दा खोज्दै हराउने पो, होकी पहिले।
बोल्दा बोल्दै बोली बन्द, हुने होकी मेरो
हिड्दा हिड्दै पाइलाहरु, रोकिने होकी मेरो।

बिर्सेछु भने यदि, सम्झाइ देउ मलाई
हराएछु भने यदि, खोजी गर मलाई।
बोली मेरो बन्द भए, तिमी मलाइ बोलाइदेउ
पाइला मेरो रोकिए, हातेमालो लगाइदेउ।

हेर्दा हेर्दै टोलाएछु भने, झस्काइदेउ मलाई
खाँदा खाँदै बिर्सेछु भने, खुवाइदेउ मलाई।
माग्दा माग्दै दिएछ भने, हेर दियो भनिदेउ
लिदा लिदै पोखिएछ भने, खल्तीमा लगाइदेउ।

# बालबालिका सन्देशमूलक कविता


**कमला लामा राई**



प्रधानाध्यापक

श्री हिमाली बहिरा तथा बौद्धिक अ. आ. विद्यालय, सिमकोट-५, हुम्ला


पेशा मेरो शिक्षकको, काम पढाइ लेखाउने
यता आउ उता जाउ, भनि बाटो देखाउने।
बिहान चाँडै घरमा तिमी त तातो, खाना खाउ
पोषाक लगाइ झोला बोकी, छिट्टै स्कुल आउ।

क ख देखि ज्ञ सम्म, पढ बाबु नानी हो
जस्ले छिटो जान्नेछ, उस्ले मिठाइ खाने हो।
अ आ देखि अ सम्म, कस्ले छिटो भन्छ
त्यो बच्चा सबभन्दा, चर्तु चलाख हुन्छ।

A B देखि Z सम्म, सरसरती हेर्दै जाउ
शिक्षकले भन्नेछन, तिमी लेख्दै जाउ।
राम्रो पढ राम्रो लेख, तिमी असल बन
तिमीहरुले राम्रो पढे, तिमी देशको धन।

एक देखि सय सम्म, जस्ले छिटो सिक्छ
देशको लागि आवश्यक, त्यै व्यक्तीनै बिक्छ।
पढी लेखि ज्ञानी बनी, महान बन्नु पर्छ
जनता र देशको सेवा, तिमीले गर्नु पर्छ।

घरमा बाबुआमा बिर्सी, स्कुलमा आउँछौ
ज्ञान सीप सिक्नलाई, ठूलो अवसर पाउँछौ।
स्कूल र घरमा, जस्ले राम्रो पढ्छ
उनैलेनै सबै भन्दा, पहिला शिखर चढ्छ।

बन्नु पर्छ तिमीहरु, यो देशको नमूना
फलोस फूलोस तिम्रो जीवन, यही छ कामना।

# समान कार्यमा असमान व्यवहार



**जैमल रोकाया**
शिक्षक
श्री कर्णाली मा.वि., सिमकोट, हुम्ला

शिक्षा समाज परिवर्तनको संवाहक हो । शिक्षाले नै गर्दा मानव सामाज आजको आधुनिक युगको संघारमा पुऱ्याउन सफल भएको पाइन्छ । तर हाम्रो जस्ता विकासोन्मुख देशमा शिक्षाको लगानीमा समान कार्यमा असमान व्यवहार हुनु भनेको समाजलाई अझ एक दशक पछाडि धकेलिनु हो । जसमा हाम्रो देशको शिक्षाको विभेदकारी नीतिले गर्दा नेपाली समाजले परिवर्तनको गति लिन सकिरहेको छैन । शिक्षक नियुक्ति, बढुवा, सरुवा देखि शिक्षाका हरेक कामकार्यमा राजनिती बढेको पाइन्छ । सरकारका उच्च ओहादाका व्यक्तिहरुले समाजको परिवर्तनलाई नसोचेर आफ्ना आवश्यक्ता र फाइदा हुने खालका ऐन बनाएर शैक्षिक क्षेत्रमा धोस्त पार्ने खेल भएको पाइन्छ । त्यस मध्येमा सरकारले अस्थायी प्रकृतिका विभिन्न शिक्षक दरबन्दी वितरण गरी रोजगारीको नाममा झारोटार्ने काम गरेको छ । जो हालका कार्यरत उच्च मा.वि.का शिक्षक, राहत शिक्षक र करार शिक्षक, विद्यालय कर्मचारी र बालविकास पर्दछन् । कार्यालयमा काम गराउदा सम्मान काम गर्न अराउने ज्याला दिदा स्थायी अस्थायी  भन्ने यो कहाँको नीति हो सरकार । यदि स्थायी अस्थायी भनि छुट्र्याउने हो भने कामको प्रकारमा पनि छुट्र्याउनु जरुरत छ । हैन भने श्रमका आधारमा ज्याला  पाउनु नैसर्गिक अधिकार हो । यही हो समावेशी ? जसको परिणाम देशमा गुणस्तरीय शिक्षाको अभाव देखा पर्नुको मुख्य कारण हो ।

नेपालमा हरेक सत्ता परिर्वन हुदै आए । नेपाली समाजले पनि त्यस्तै कोल्टे फेदै आयो । कहिले परम्परागत शिक्षा कहिले आधुनिक शिक्षाको नाममा संघाल्दै आजको विश्व प्रविधिको युग सम्म हातेमालो गर्न सफल  भएको छ । विश्व प्रविधिमय हुँदा बखत तर नेपालको शिक्षा नीतिले सामान्य व्यवहारिक शिक्षाको थालनी गर्ने रणनीति ल्याउन सकेन । नेपालका विद्यार्थीहरुले गुणस्तरीय शिक्षा प्राप्ति गर्नेको सट्टा शिक्षामा असमान व्यवहारको थालनीले शिक्षामा थप चुनौती ल्याउने काम भएको छ । दैनिक तीन हजार विद्यार्थीहरु विदेशीनु बाध्य भएका छन् । हजारौ क्याम्पसहरु खाली भएका छन् । दिन दुई दुना रात चौगुना महंगी बढ्दै छ । बेरोजगारीहरुको संख्या बढ्दै छ । सडकमा विभिन्न प्रकारका आन्दोलन छन् । यि सबै कारण राज्यले  आफुले अपनाएका रणनीतिहरुलाई सही कार्यन्वयनमा ल्याउन नसकि हचुवाको भरमा समाज सापक्षे एजेण्डाहरु अगाडि नबढाइएको परिणामले नै हो । यसो गर्दा राज्यका जनशक्ति उत्पादनमा धक्का लाग्नु, राज्यमा बेरोजगारी संख्या बढ्नु र विभिन्न नराम्रा गतिविधि बढ्दै जानु स्वभाविकै मान्न सकिन्छ ।

असमान व्यवहारले कुनै पनि राज्यमा विद्रोह उत्पन्न हुनु, विकासमा बाधा पुग्नु र विभिन्न चुनौती देखा परेको इतिहास साँची छ । देशमा हरेक क्षेत्रमा असमान व्यवहार हुनु नै देशमा विषको विऊ रोप्नु बाहेक केही हैन् जस्तो लाग्छ । अब शिक्षा क्षेत्रकै कुरा गर्ने हो भने कुनै पनि क्षेत्रमा समान व्यवहार भएको पाइदैन । आज शिक्षकहरु आफ्नो पेशाको हक र अधिकारका निम्ति वर्सेनी सडकमा आन्दोलन गर्न बाध्य भएका छन् । सरकारले शिक्षकको नाममा विभिन्न प्रकारका शिक्षक दरबन्दी वितरणले गर्दा शिक्षामा देखिएका असमान व्यवहार उत्पन्न भए पछि शिक्षकको मनोबल गिराउने कार्य भएको अवस्था छ । यसले शिक्षामा गुणस्तर ल्याउने सपना देख्न सकिदैन । विद्यार्थीहरु गुणस्तरीय शिक्षाको खोजीमा विदेशीनु परेको छ । अभिभावकहरु शिक्षाको लगानीमा डुबेका छन् । घरको सम्पत्ति बिक्री गरेर सकि नसकि आफ्ना नानीहरु विद्यालयमा पठाएका छन् । अन्तमा परिणाम जिरो आउछ । विकल्प के गर्ने बाँकी रहेको एउटा खेत पनि बिक्री गरेर पैसा कमाउन विदेश पठाउछन् । कोही सफल कोही दलालको फन्दामा परि असफल हुन्छन् । अन्तमा अभिभावकका सपना चकनाचुर हुन्छन् । यस्तो परिस्थिति सिर्जना खडा गराउने जिम्मा राज्यको हो । राज्यले शिक्षकलाई चिन्नु पर्छ तब मात्र शिक्षकले आफ्नो सक्दो शिक्षा दिने प्रयास गर्छ । अनि राज्यले शिक्षामा गुण्स्तरको खोजी गर्नु उचित होला । आधा पेटले गोरुले खेत जोत्न सक्दैन भने झैं आधा तलवले शिक्षाको गुणस्तरमा

कायपलक हुने देखिदैन । आज ठाँउ ठाँउमा गुणस्तरका नारा लगाएर पुग्दैन् साथै शिक्षामा लगानीको पनि ध्यान जानु जरुरत छ । चाहे भोलि हामी शिक्षक पेशामा रहौला नरहौला तर राज्यमा दक्ष जनशक्ति उत्पादनको खाँचो छ । हाम्रा बालबालिका पनि विद्यालयमा पढ्छन् हामी सबैको एउटै चिन्ता र चासोको विषयवस्तु गुणस्तरमा नै हो । त्यसैले म राज्यलाई अनुरोध गर्न चाहान्छु शिक्षामा असमान व्यवहार कदापी हुनु हुदैन । यसमा सबैले सोच्नै पर्ने विषय बनेको छ।
आज सङ्घीयताले शिक्षाको अधिकार स्थानीय तह लाई सुम्पेको करिब एक दशक भैसक्यो छ । विद्यालय शिक्षाको नीतिगत संरचना व्यवस्थित तरिकाले सञ्चालन हुन सकिरहेको पाइदैन । विद्यालय र शिक्षा प्रशासन नजिक हुन पाएका छैनन । अर्कोतिर स्थानीय निकायहरुले आफ्नै खालको शिक्षा ऐन ल्याएर लागु गर्न नसकेको अवस्था छ । सरकारी निकायहरु बीच एकले अर्कामा तालमेल नमिलेको हुनाले शिक्षामा भएको असमानको खाडल पुरिन सकिरहेको छैन् । एउटै विज्ञापनमा स्थायी भएका शिक्षकहरु बीच पेन्सनको व्यवस्थामा विभेद भएको पाइन्छ भने सरुवा बढुवामा पनि राजनीतिक खुरापाती कार्य उत्तिकै भएको अवस्था छ । अर्को तिर भाडाका टट्टु भने जस्तै करिब दुई दशक देखि सरकारी विद्यालयमा पढाउदै गरेका उच्च माध्यमिक र राहत करार शिक्षकहरुको व्यथा पनि त्यस्तै छ । वास्तवमा सरकारले यि शिक्षकहरुको श्रम लुटेकोछ । दुर्गम भक्ताको व्यवस्था छैन् । कतिपय विद्यालयमा प्रशासनको जिम्मा दिएता पनि कतिपय विद्यालयमा राहत करार शिक्षक भनि संज्ञा दिएर प्रशासनको जिम्माबाट वन्चित गरेको पाइन्छ। तहगत पदको सम्मान छैन । के यिनीहरु शिक्षक हैनन ? के विद्यालयमा एउटै प्रकारको शिक्षा दिएका छैनन ? यदि शिक्षक नै हुन भने किन श्रम लुट्ने ? अब श्रम लुट्न पाइदैन । यस्को लागि सम्बन्धित निकायले समान व्यवहार देखाउन जरुरत छ । यि कुराहरुको मुल्याङ्कनका पाटाहरुलाई हेर्ने स्थानीय सरकार र अभिभावकहरुको दायित्व हो । अर्को तिर अभिभावक विचारा साउनमा आँखा फुटेको गोरु सधैं हरियो देख्छ भने भैँ अन्धा छन् विद्यालयमा पढाउने शिक्षकहरुको स्तर अवस्था नबुझिकन अरु शिक्षक कर्मचारी सरह हेर्ने दृष्टिकोण एउटै छ । सरकारको तलव खाएका छन् रे । कस्तो तलव खाएका छन् । त्यो कुरा पनि अभिभावक महोदयहरुले बझ्नु जरुरत देखिन्छ । अनि गुणस्तरीय शिक्षा चाहियो रे अर्को तिर एउटै कक्षामा पढाउने शिक्षक एउटै कार्यालयमा काम गर्ने कर्मचारीहरुलाई सरकारले गरेको असमान व्यवहारलाई थाहा छैन् । त्यसो भन्ने वित्तिकै नपढाउने भनेको हैन । शिक्षामा देखिएका असमान व्यवहारको अन्त्य हुन पर्छ। बल्ल हामी सबै अभिभावकहरुले गुणस्तरका कुरा गरौं ।
अब अभिभावकहरुले विद्यालयमा गुणस्तरीय शिक्षाको अपेक्षा गर्ने हो भने देश भरिका शिक्षकहरुलाई एकैप्रकारका सेवा सुविधा दिईनु पर्छ । समान ज्यालाको व्यवस्था हुनु जरुरत छ । दुर्गममा कार्यरत शिक्षक कर्मचारीहरुलाई दुर्गम भक्ता र विषेश भक्ताको व्यवस्था हुनु पर्छ । आफन्तवाद र भनसुनका आधारमा नभई शिक्षकहरुलाई विषयगत तालिमको व्यवस्था हुनु पर्छ । विद्यालयको आवश्यकताका आधारमा दरबन्दी मिलान हुनु पर्छ । अस्थायी स्थायी करार राहत नभनि योग्य शिक्षकलाई तहगत प्रशासनको जिम्मा दिइनु पर्छ। विद्यालयमा कुनै प्रकारका राजनितीक गतिविधि नभई स्वच्छ र निष्पक्ष तरिकाले प्रशासन चलाउने वातावरण बनाउनु पर्छ। शिक्षासंग सरोकार राख्ने सम्वन्धित निकायहरुले विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न निरन्तर अनुगमन र समन्वयकारी भुमिका निर्वाहा गरिनु पर्छ ।त्यति मात्र हैन स्थानीय निकाय, अभिभावक र शिक्षक विद्यार्थी बीच महत्वपूर्ण समन्वयकारी भुमिका हुन जरुरत छ । विद्यालयमा राजनितीक आस्थाका आधारमा शिक्षक विद्यार्थीहरुलाई धम्की डार त्रास जस्ता अभद्र व्यवहारको अन्त्य हुनु जरुरत छ । श्रमको उचित मुल्याङ्कन हुनु पर्छ। त्यस्तै विद्यालयमा कार्यरत अस्थायी प्रकृतिका कर्मचारीहरुको नेपाल सरकारको श्रम ऐन बमाजिम ज्याला दिइनु पर्छ। त्यसैले म भन्न चाहान्छु शिक्षामा राजनीति हैन शिक्षाको राजनिती गर्नु देखिन्छ। शिक्षा क्षेत्रमा के के कुराको अपुग छ । अपुग कुराहरुलाई पुरा गर्दै जाने हो भने विश्वमा असम्भव कुराहरु सम्भव भएको उदाहण छन् । अबको समाजलाई परिवर्तन गर्नु छ भने राज्यका हरेक निकायहरुले समान नीति ल्याउन आवश्यक देखिन्छ।
स्मण रहोस विद्यालय शिक्षा ऐन संसदमा टेबुल भएको अवस्थामा सिमकोट गाँउपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले दोस्रो पटक शैक्षिक प्रोफाइल प्रकाशन गर्न लागेकोमा हार्दिक आभार सहित धन्यवाद दिदै आभारी भएको छु। देशमा सङ्घीयता लागु भए देखि शिक्षा क्षेत्रमा भए गएका कार्यहरु र पालिका भरिका शैक्षिक गतिविधिहरुको समग्र तथ्याङ्कहरु संकलन गरी जनसमुदायसामु पुऱ्याउनु शैक्षिक सुशासनको एउटा पाटो हो । जसले पालिका भरि शैक्षिक क्षेत्रमा भएका समस्याहरुको समाधान गर्न सरकार र विद्यालय बीचमा पुलको रुपमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गर्दछु।

# सामुदायिक विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

## नीतिगत व्यवस्था, प्रयोगको विद्यमान अवस्था, समस्या र समाधानका उपायहरु

**चन्द्रकला दवाडी**
शिक्षक
श्री सरस्वती माध्यमिक विद्यालय, धनगढी उपमहानगरपालिका -७, कैलाली



**पृष्ठभूमि (Background):**

सामान्यतया सूचना तथा सञ्चार प्रविधि भन्नाले सूचनाको सङ्कलन, सम्प्रेषण एवम् सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, इन्टरनेट आदिको समष्टिगत रुप भन्ने बुझिन्छ। सूचनाभित्र खबर, विचारहरु, संवेगहरु, अनुभव, दृष्टिकोण, तर्क, तथ्य, वर्णन आदि पर्दछन् ।

सूचना आदानप्रदान गर्ने कार्य सञ्चार हो भने सूचनाको सञ्चार गर्ने आधुनिक माध्यम प्रविधि हो । कम्प्युटर, इमेल, इन्टरनेट आदिको उपयोग गरी शिक्षा प्रदान गर्ने कार्य यसभित्र पर्दछ । आजको दुनियाँ डिजिटल दुनियाँ हो । विश्व नै सूचनाका प्रविधिहरुले एउटा 'स्मार्ट भिलेज' बनिरहेको र अहिलेका Z-जेनेरेसनका बालबालिकालाई प्रविधिसंग सुसुचित गराउन, पाठ्यक्रम तथा मूल्यांकनमा समेत समावेश गरिएका प्रविधिसम्बन्धि विषयबस्तुसंग परिचित हुन, शिक्षक सक्षमता प्रारूप २०७२ अनुसार उल्लेख गरिएका सूचना तथा संचार प्रविधि सम्बन्धि सक्षमता हासिल गर्न समेत वर्तमान अवस्थामा नेपालको विद्यालय शिक्षामा यसको प्रयोग अपरिहार्य देखिएको छ। शिक्षण सिकाइमा सूचना तथा संचार प्रविधिको प्रयोग निम्न अनुसार गर्न सकिन्छ:

क. सूचना तथा संचार प्रविधि बारेमा सिकाई (Learning about ICT)
ख. सूचना तथा संचार प्रविधिको सहयोगले सिकाइ (Learning with ICT)
ग. सूचना तथा संचार प्रविधिको साथसाथमा सिकाई (Learning through ICT)

**सुचना तथा संचार प्रविधि सम्बन्धि नीतिगत व्यवस्थाहरू:**

विद्यालय शिक्षामा सुचना तथा सञ्चार प्रविधिको अर्थपूर्ण प्रयोग गर्नको लागि नेपाल सरकारले विभिन्न नीति, नियम तथा निर्देशिका जारी गरी सोही अनुसारका लक्ष, उद्देश्य तथा रणनीतिहरू निर्धारण गरेको छ,जसमध्ये केही नीतिगत व्यबस्थाहरू यस प्रकार छन् :

**शिक्षाको राष्ट्रिय नीति २०७६** अनुसार निम्न नीतिगत व्यवस्था भएको छ :

क. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रूपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्था प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने,

ख. इ-लाइब्रेरी, भर्चुअल ल्याव, भर्चुअल कक्षाकोठा, अनलाइन परीक्षा, इ-पोर्टफोलियो, आइसीटी सहितको पाठ्योजना, विषय विशेषका शिक्षण साधन वेभ सेमिनार, एडुकाष्ट लगायतका शिक्षण सिकाइमा आधारित Apps हरूको निर्माण गरी प्रयोगमा ल्याउने,

ग. ट्याब्लेट,स्मार्ट फोन,मोबाइल आदिको प्रयोगमा जोड दिनुका साथै मेन्टर शिक्षकको व्यवस्था गरी सबै शिक्षकलाई प्रविधिको ज्ञान दिने,

घ. उपयुक्त नीति, लगानी, जनशक्ति विकास, पाठ्यक्रम समायोजन र शिक्षण पद्धतिको आधुनिकीकरण गरी विज्ञान, प्रविधि, इन्जिनियरिङ तथा गणित शिक्षा (STEM Education) लाई समग्र शिक्षा प्रणालीको अभिन्न अंगको रूपमा विकास तथा विस्तार गर्ने ।

**पन्ध्रौँ योजनाको रणनीति ७** मा सिकाइका सबै खाले विधि र मार्गहरू खुल्ला गर्दै राष्ट्रिय योग्यता प्रणाली (National Qualification System) को माध्यमबाट साधारण शिक्षा, प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकासको गतिशिलता (Mobility), पारगम्यता (Permeability)को सिद्दान्तको आधारमा शिक्षा, तालिम, सीप र सिकाइको योग्यता निर्धारण गर्ने उल्लेख गरिएको छ ।

**सूचना तथा सञ्चार प्रविधि नीति २०७२** ले सन् २०२० सम्ममा नेपाललाई विद्युतीय सरकार सूचकांकमा Top Second Quartile मा पुर्याउने, ९०% नेपालीलाई डिजिटल साक्षरता बनाउन ब्रोडब्याण्ड सेवा, सबै नेपालीलाई इन्टरनेट र ८०% सरकारी सेवाहरू अनलाइन मार्फत पुत्याउने महत्वाकांक्षी लक्ष लिएको देखिन्छ ।

**विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६** अनुसार :

क. सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा शैक्षिक रूपान्तरणका लागि विषय, विषयवस्तु र माध्यम का रुपमा प्रयोग गर्ने गरी पाठ्यक्रम विकास गर्ने,

ख. सूचना तथा संचार प्रविधिको प्रयोगलाई सुनिश्चित गर्न पाठ्यक्रम, पाठ्यसामग्री विकास एवम् तिनको विद्युतीय प्रतिको उपलब्धतालाई जोड दिने,

ग. डिजिटल साक्षरता, प्रविधिमा आधारित सिकाइ सहजीकरणका लागि अन्तरक्रियात्मक विद्युतीय सामग्री विकास गर्ने,

घ. सिकाइ सहजीकरण प्रक्रियालाई प्रविधिमा आधारित बनाउन अत्यावश्यक सिकाइ वातावरण विकासलाई प्राथमिकता दिइने उल्लेख छ ।

**शिक्षक सक्षमताको प्रारूप २०७२** ले शिक्षाका ८ ओटा सक्षमता तोकेकोमा सक्षमता नं ८ सुचना तथा संचार प्रविधि रहेको छ, जस अन्तर्गत शिक्षक निम्न कुराहरूमा सक्षम हुनुपर्ने उल्लेख गरिएको छ:

क. सिकाइलाई सहजीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको एकीकृत सिकाइ रणनीतिहरूको छनौट तथा उपयोग गर्न,

ख. सिकारुका आवश्यकता अनुकूल डिजिटल सामग्री विकास गर्न तथा उपलब्ध सामग्रीको अनुकूलन गरी उपयोग गर्न,

ग. सूचना प्रविधिका साधनमार्फत सिकारुहरूको स्वसिकाइ प्रवर्धन गर्न आपसी सञ्चार र सहकार्यलाई प्रभावकारी बनाउन,

घ. सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्न,

ङ. शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीति र डिजिटल संस्कृतिमा भएको विकासबारे परिचित हुँदै सो अनुकूल पेसागत व्यवहार प्रर्दशन गर्न ।

**विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP)** ले सूचना तथा संचार प्रविधिलाई निम्नानुसारको उद्देश्यका साथ एउटा महत्वपूर्ण कम्पोनेन्टको रुपमा लिइएको छ :

क. विद्यार्थीहरूमा सूचना तथा संचार प्रविधि सीपको विकास गराउने,

ख. कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउने,

ग. सिकाइ सामग्रीको पहुँचमा विस्तार गर्ने,

घ. शैक्षिक व्यवस्थापन र सेवा प्रवाहलाई प्रभावकारी र चुस्त बनाउने ।

**विद्यालय क्षेत्र विकास योजना (SESP)** ले विद्यालयमा सूचना तथा संचार प्रविधिको प्रयोगलाई जोड दिने पक्षलाई एक अन्तरसम्बन्धित विषयका रुपमा लिएको छ ।

**शिक्षामा सूचना तथा संचार प्रविधि गुरु योजना २०१३-२०१७** का लक्ष अनुसार

क. शिक्षामा समतामूलक पहुँच विस्तार गर्ने,

ख. शिक्षामा गुणस्तर बृद्दि गर्ने,

ग. डिजिटल डिभाइड कम गर्ने,

घ. शिक्षामा सेवा वितरण प्रणाली सुधार गर्ने ।

## सामुदायिक विद्यालयमा ICT प्रयोगको वर्तमान अवस्था

- ✓ सामुदायिक विद्यालयमा सूचना तथा संचार प्रविधि प्रयोगको सन्दर्भलाई हेर्ने हो भने वि.सं.२०४९ देखि मात्र विद्यालय तहको शिक्षामा कम्प्युटर प्रविधि सम्बन्धी पठनपाठन हुँदै आएको पाइन्छ ।
- ✓ साबिकको शिक्षा विभाग र OLE नेपाल को सहकार्यमा आर्थिक वर्ष २०६४/०६५ मा ७ जिल्ला (काठमाण्डौ, ललितपुर, मकवानपुर, डडेलधुरा, कपिलवस्तु, काभ्रे र मुस्ताङ) का २७ विद्यालयमा कक्षा २ देखि ६ सम्म प्रति विद्यार्थी एक ल्यापटप (One Laptop Per Child) कार्यक्रम संचालन भएको थियो । यस्तै ३ जिल्लाका ४५ विद्यालयमा Shared Models का रुपमा कार्यक्रम कार्यान्वयन गरिएको थियो । उक्त संस्थाले राष्ट्रिय पाठ्यक्रममा आधारित कक्षा १ देखि ८ सम्मका नेपाली, गणित, अंग्रेजी, विज्ञान विषयका अन्तरक्रियात्मक डिजिटल शैक्षिक सामग्री तयार गरी ८००० भन्दा बढी डिजिटल पुस्तक, शिक्षा, स्वास्थ्य, कृषि लगायतका विषयमा अडियो, भिडियो सामग्री सहितको ल्यापटप विभिन्न विद्यालयहरूलाई वितरण गरेको थियो ।
- ✓ हाल राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत ICT प्रयोगशालाका लागि छनौट भएका सामुदायिक विद्यालयले स्थानीय तहबाट ससर्त अनुदानमा ६ लाख ५० हजार रुपैयाँ प्राप्त गर्ने व्यबस्था छ ।
- ✓ प्रत्येक माध्यमिक विद्यालयहरूलाई वार्षिक रु.१२००० का दरले इन्टरनेट जडानका लागि अनुदान उपलब्ध गराइन्छ । (कोभिड् १९ को जोखिमलाई न्युनिकरण गरी शैक्षिक गतिविधिलाई निरन्तरता प्रदान गर्नको लागि आर्थिक वर्ष २०७७/०७८ मा आधारभूत विद्यालयमा समेत उपलब्ध गराइएको),बिद्यालयमा Help Network मार्फत ई-पुस्तकालय कार्यक्रमको प्रारम्भ भएको छ ।
- ✓ विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार विद्यालय शिक्षाको कक्षा ४ देखि १० सम्म नै सुचना तथा संचार प्रविधिलाई विज्ञान तथा प्रविधि विषय अन्तर्गत समावेश गरेको छ ।

- ✓ आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले कक्षा ६-८ मा स्थानीय विषयको रुपमा कम्प्युटर पढाउन सक्ने व्यवस्था गरेबाट धेरैजसो विद्यालयमा आधारभूत तहसम्म कम्प्युटर शिक्षा विषयलाई स्थानीय विषय वा अन्य विषयको रुपमा अध्ययन अध्यापन गर्दै आइरहेको अवस्था रहेको छ । त्यस्तै कम्प्युटर विज्ञान विषयलाइ माध्यमिक तह(९-१२) मा प्राविधिक धारतर्फ समावेश गरिएको छ भने साधारणतर्फ ऐच्छिक विषयको रुपमा पठनपाठन गर्न सकिने व्यवस्था प्रारूपमा रहेको देखिन्छ ।
- ✓ विभिन्न विद्यालयहरूले इन्टरनेटको प्रयोग, Virtual Class, Smart Class, E-Governance जस्ता नविनतम पद्दतिहरूलाई सुचना र संचार प्रविधिका रुपमा जोड्न खोजेको देखिन्छ ।
- ✓ कुनै कुनै स्थानीय तहबाट ICT सम्बन्धि शिक्षकहरूका लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिएको पाइन्छ ।

यी र यस्ता विभिन्न महत्वाकांक्षी योजना, नीति तथा कार्यक्रमका बाबजुद विद्यालय तहमा रहेका करिब ८२ लाख विद्यार्थीहरु र ४ लाख ५० हजार भन्दा बढी शिक्षकहरुमा सूचना प्रविधि सम्बन्धी ज्ञान, व्यवहारिक प्रयोग र जीवनसँग सूचना र प्रविधिको संयोजन कमै मात्रामा भएको देखिन्छ । नेपालमा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगतर्फ केही सकारात्मक प्रयासहरु नै नभएका होइनन तापनि सन्तोष गर्ने अवस्था छैन । शहर र गाउँको Digital Gap का कारण पनि गाउँघरका विद्यालयहरुमा प्रविधिको प्रयोग राम्ररी हुन सकेको छैन । आज पनि सहरबजारका केही सुविधा सम्पन्न नाम चलेका विद्यालयहरुमा बाहेक सूचना तथा सञ्चार प्रविधिको प्रयोग कमजोर अवस्थामै छ । राष्ट्रिय सूचना प्रविधि नीति २०७२ अनुसार ९०% नेपालीलाई डिजिटल साक्षरता बनाउने लक्ष राखिए तापनि हालसम्म २५% विद्यालयमा मात्र इन्टरनेट पुगेको तथ्यांकले देखाएको छ । भएका इन्टरनेटको पनि गति सुस्त तर सेवा शुल्क चाहिं उच्च भएकोले यसको प्रयोग चाहेर पनि गर्न नसकिने अवस्था रहेको छ । खासगरी दूरदराजका ग्रामीण सार्वजनिक विद्यालयहरुले कम्प्युटर तथा इन्टरनेटको पहुँच पुर्याउन सकेका छैनन् । इन्टरनेट जोडेकाहरुमा पनि सेवाको निरन्तरता छैन । कतिपय विद्यालयमा 'राउटर' बिग्रिएपछि मर्मत नै नभइ थन्किएका हुन्छन् भने कतिले 'वाइफाइ' को मासिक महसुल नतिरेको अवस्था हुन्छ । कतिपय विद्यालयमा शिक्षकले 'फेसबुक', 'म्यासेन्जर' चलाउँछन् भनेर जोडिएको इन्टरनेट पनि काटिएको सुन्नमा आउँछ ।
विद्यालयहरुमा विभिन्न स्रोतबाट कम्प्युटरहरु किनिन्छन् । ती किनिएका कम्प्युटर एउटा कोठामा सजाएर राखिन्छ । केही दिन तामझामजस्तो हुन्छ । केही दिनपछि कुनै कम्प्युटरका 'माउस' हुँदैनन्, कुनैका 'किबोर्ड' हुँदैनन्, कुनै बिग्रेका हुन्छन्, कुनैका तार मुसाले खाएका अवस्थामा भेटिन्छन् ।

अधिकांश विद्यालयमा कम्प्युटर, ल्यापटप स्मार्ट बोर्ड जडान हुनुलाई मात्र सुचना प्रविधिको प्रयोग मान्ने गरिन्छ तर त्यसको प्रयोग कसरी गर्ने भन्ने सम्बन्धमा चासो दिएको पाईदैन । स्मार्ट बोर्डलाइ समेत Interactive Board ले प्रतिस्थापन गरिसकेको आजको अवस्थामा संसारले सूचना प्रविधिमा हासिल गरेका नवीनतम उपलब्धिहरुलाई शिक्षामा प्रयोग गरेर ठूलो सफलता हासिल गरिसक्दा पनि हाम्रो अवस्था 'आकासको फल आँखा तरी मर' भनेजस्तै भएको छ ।
विद्यालयमा कम्प्युटर बिग्रिहाल्दा बनाउने जनशक्तिको अभाव भएर कप्प्युटर त्यत्तिकै थन्किइरहेका हुन्छन् । भौतिक पूर्वाधारहरु तथा शिक्षकहरू प्रविधिमैत्री नभएको अवस्था छ । कम्प्युटर र इन्टरनेटका सम्बन्धमा जानकार रहेका शिक्षकहरु विद्यालयमा कमै मात्र हुने गर्छन् । धैरै विद्यालयमा आज पनि खास 'आइटी' कम्प्युटरका जनशक्ति छैनन् ।

कामचलाउ कम्प्युटर शिक्षकको प्रयोग गरिएको अवस्था छ । विद्यालयले सबै शिक्षकहरुलाई कम्तीमा कम्प्युटर र इन्टरनेट सम्बन्धी आधारभूत ज्ञान दिने वातावरण मिलाउन सकेको हुँदैन । सरोकारवालाहरूले पनि यस्ता कुरामा खासै चासो दिँदैनन् ।

कतिपय विद्यालयमा कम्प्युटर प्रशस्त छन्, प्रत्येक शिक्षकलाई ल्यापटप पनि दिइएको छ । विद्यालयमा उच्च गतिको इन्टरनेट पनि जोडिएको छ । तर ती प्रविधिको प्रयोग कसरी गर्ने भन्ने सम्बन्धमा एक प्रकारको अलमल भएको पाइन्छ । विद्यार्थीलाई के कुरा कसरी, कतिबेला, कुन प्रविधिको माध्यमबाट सिकाउने भन्ने सम्बन्धमा ज्ञानको कमी भएकाले ती स्रोत साधनको समुचित प्रयोग भएको पाइँदैन । साधन नै नहुने एउटा समस्या छ भने भएका साधनको उचित प्रयोग गर्ने चुस्त व्यवस्थापन तथा शिक्षकमा इच्छाशक्तिको कमी अर्को समस्या छ । (अपवाद: इच्छाशक्ति हुने कतिपय शिक्षकले 'प्रविधिमैत्री शिक्षक समाज, नेपाल' लगायत अन्य प्रविधि सम्बन्धि काम गर्ने संस्थाहरूका कार्यक्रममा जोडिएर प्रविधि प्रयोग गर्ने तरिका,विषयवस्तुसँग प्रविधि जोड्ने, शैक्षिक सामग्री तयार गर्ने तथा प्रशासनिक कार्यमा प्रविधि प्रयोगको सीप हासिल गरेको देखिन्छ) कतिपय विद्यालयमा त आफ्नो विषयमा रहेका प्रविधि सम्बन्धि विषयवस्तुलाई समेत कम्प्युटर शिक्षकलाई अध्यापन गर्न लगाउने प्रवृत्ति भेटिन्छ ।

विद्यालयमा प्रविधि प्रयोगको अर्को पक्ष, विद्यालयका प्रशासनिक तथा दैनिक क्रियाकलापहरुमा कम्प्युटर तथा इन्टरनेटको प्रयोगको पक्ष हो । आज पनि थुप्रै विद्यालयमा विद्यार्थीले शुल्क बुझाउन जाँदा उही पुरानो तरिकाको 'रसिद' काटेर दिने प्रचलन छ । विद्यार्थीलाई 'मार्कसिट' वा 'चारित्रिक प्रमाणपत्र' वा अन्य कागजात बनाउँदा पनि कम्प्युटर तथा इन्टरनेटको प्रयोग भएको पाइँदैन । शिक्षा मन्त्रालयले तयार गरेका कतिपय सप्टवेयरहरु पनि विद्यालयमा चलाउन नसकेको अवस्था छ । विद्यार्थी मूल्याङ्कनको क्षेत्रमा त झन प्रविधिको प्रयोग धेरै प्रभावकारी हुनेतर्फ सम्बन्धित सरोकारवालाहरुको खासै ध्यान पुग्न सकेको छैन ।

**शिक्षामा सुचना तथा सञ्चारको प्रयोग सम्बन्धमा देखा परेका समस्या/चुनौतीहरू:**

- ✓ शिक्षकहरूमा ज्ञान तथा इच्छाशक्तिको कमी,
- ✓ ICT युक्त वातावरण सिर्जना गर्नका लागि पूर्वाधारको अभाव हुनु,
- ✓ सुचना प्रविधिसम्बन्धि दक्ष मानवीय स्रोतको विकासको कमी,
- ✓ महँगो इन्टरनेट शुल्क /पर्याप्त बजेटको अभाव
- ✓ सूचना तथा प्रविधिलाई विषय वा माध्यम के का रुपमा ल्याउने भन्ने अस्पष्टता रहनु,
- ✓ पाठ्यक्रममा कम्प्युटर शिक्षा लगायतका प्रविधिसम्बन्धी विषयको ब्यापकता हुनु,
- ✓ सबै विषय, तह र कक्षाका पाठ्यसामग्री डीजिटाइजेसन हुन नसक्नु
- ✓ Digital Divide,
- ✓ प्रविधिको दुरुपयोग हुने डर (साइबर अपराध, Bullying, Hacking, etc),
- ✓ विद्यार्थीहरूमा क्षमताको कमी,
- ✓ lack of knowledge for meaningful integration of ICT.

**समस्या समाधानका केही उपायहरु:**

सर्वप्रथम त शिक्षकहरुलाई सूचना तथा प्रविधि प्रयोगको लागि शारीरिक तथा मानसिक रुपमा तयार पार्नुपर्दछ । हरेक स्थानीय तहले सूचना र प्रविधिको शिक्षण सिकाइमा प्रयोग गर्ने र राम्रा शिक्षकहरुलाई मनोबल उच्च बनाउने

कार्यक्रम संचालन गरी यसलाई प्रचार प्रसार मार्फत अन्य शिक्षकमा पनि उत्प्रेरणा जगाउन सक्नुपर्दछ । इच्छुक शिक्षकलाई यस सम्बन्धी तालिम र डिजिटल सामग्री दिई मौका दिनुपर्दछ । तालिम कोटा प्रणालीमा नभई अनिवार्य गराई शिक्षकलाई डिजिटल साक्षर बनाउनुपर्छ । शिक्षकलाई इच्छा जगाउने प्रयासले मात्र सम्भव नदेखिएमा प्रविधि सिकाइको लागि बाध्यात्मक अवस्था सिर्जना गरिनुपर्दछ । नेपाल सरकारले अभियानका रुपमा डिजिटल शिक्षालाई लैजानुपर्दछ । स्थानीय तहले पनि यसमा अहं भूमिका खेल्न सक्नुपर्दछ । यसका साथै :

- ✓ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा विनियोजित ६ अर्ब रकम राष्ट्रपति शैक्षिक सूचना प्रविधि सुधार कार्यक्रमको नामाकरण गरी उक्त बजेटलाई यो क्षेत्रमा लगानी गर्न सकेमा थप पुर्नवल प्रदान हुने देखिन्छ,
- ✓ कम्प्युटर ल्याव स्थापनालाई प्राथमिकता दिए जस्तै शिक्षकहरु तथा विद्यार्थीहरुको वृत्ति विकासमा अझ बढि प्राथमिकता दिनु पर्दछ,
- ✓ आवश्यकतामा आधारित तालिम तथा अन्य शिक्षकहरुको तालिममा अनिवार्य रुपमा सूचना र प्रविधि सम्बन्धी विषयवस्तु समावेश गर्नुपर्दछ,
- ✓ कार्यसम्पादन मूल्याङ्कनको लागि वा शिक्षक बढुवाका लागि अनिवार्य सूचना प्रविधिको ज्ञान हुनुपर्ने बाध्यकारी व्यवस्था कायम गर्नुपर्दछ ,
- ✓ नेपाल सरकार, स्थानीय तह तथा शिक्षकको संयुक्त लगानीमा ल्यापटप तथा डिजिटल सामग्रीहरु खरिद गर्ने र उक्त सामाग्री प्रयोगको जवाफदेहिता/उत्तरदायित्व सम्पूर्ण रुपमा शिक्षकलाई दिनुपर्दछ,
- ✓ दक्ष प्राविधिक जनशक्तिको उत्पादन र सूचना प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन गर्न राष्ट्रिय नीति तथा कार्यक्रमलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ,
- ✓ 'सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा शैक्षिक रूपान्तरणका लागि विषय, विषयवस्तु र माध्यम का रुपमा प्रयोग गर्ने गरी पाठ्यक्रम विकास गर्ने' भन्ने राष्ट्रिय पाठ्यक्रम प्रारुपको उद्देश्यलाई कार्यान्वयन गर्नुपर्दछ,
- ✓ सूचना तथा प्रविधिमा विद्यार्थीहरुको सहभागिता वृद्धि गर्न अभिभावकको लगानीमा वृद्धि गर्नुपर्छ ।

## निष्कर्ष:

आजका बच्चाहरु प्रविधिमा धेरै अगाडि भइसके । बच्चाहरु प्रविधिमैत्री भइसक्दा शिक्षकले उही पुरानो बीस वर्ष अगाडि पढेको ज्ञानका आधारमा पढाएर आजका बच्चाहरुको मनोविज्ञानलाई पच्छयाउन सकिन्न । उनीहरुको रुचि एकातिर छ, हामीले अर्कैतिर ठेलेर बच्चाले सिकाइमा प्रगति गर्न सक्दैन । स-साना कुरामा परिवर्तन गर्दा विद्यालय शिक्षाको गुणस्तरमा ठूलो परिवर्तन ल्याउन सकिन्छ भन्नेतर्फ सबैको ध्यान जान जरूरी छ । ठूला र सुविधासम्पन्न भवन भए पनि शिक्षण सिकाइको तरिका उही पुरानो भयो भने ती भवनको अर्थ हुँदैन । खासमा आजका विद्यालयहरुको समस्या भौतिक भन्दा पनि कक्षाकोठाभित्रको सिकाइको हो, पाठ्यक्रम र पाठ्युपुस्तकको हो । सबै कुरा भएर पनि सिकाइ पद्धतिमा नवीनता आएन भने आजका विद्यार्थीका आवश्यकता पूरा गर्न सकिंदैन भन्ने तथ्यलाई सबैले मनन गर्नु जरुरी भइसकेको छ ।

# सिमकोट गाउँपालिकामा रहेका विद्यालयहरु र प्रधानाध्यापकहरुको विवरण -२०८०

| क्र. स. | विद्यालयको नाम | विद्यालयको ठेगाना | कक्षा | प्र अ को नाम | प्र अ को सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १ | श्री रलिङ्ग मा. वि. बरगाउँ | सिमकोट-३ | (१-१०) | छिमी लामा | ९८६८३०००९३ |
| २ | श्री महाकाल आ. वि.  लाङ्दु | सिमकोट- ३ | (१-३) | भिम कुमार राई | ९८४८३०९१५२ |
| ३ | श्री सर्किदेउ आ. वि.  टुलिङ | सिमकोट- ७ | (१-३) | रेखा शाही | ९८४८३१६००४ |
| ४ | श्री कैलाश मा. वि. डाँडाफया | सिमकोट -७ | (१-१०) | मेज बहादुर बुढा | ९८६४७९२३५६ |
| ५ | श्री कर्णाली मा. वि. चौगानफया | सिमकोट- ७ | (१-१२) | रामराज शाही | ९८४८३४१८५७ |
| ६ | श्री दोभान आ. वि. धारापोरी | सिमकोट -७ | (१-३) | ज्ञान बहादुर शाही | ९८६४९५१७६० |
| ७ | श्री मानसरोवर मा. वि. सिमकोट | सिमकोट -६ | (६-१२) | अमर बहादुर शाही | ९८४८३०९७६८ |
| ८ | श्री सिद्धार्थ आ.वि. बुराउँसे | सिमकोट- ४ | (१-८) | लाल बहादुर लामा | ९८४८३२५६०५ |
| ९ | श्री जनज्योती आ. वि. स्याम्ने | सिमकोट- ४ | (१-३) | काली बहादुर शाही | ९८४८३०९३८६ |
| १० | श्री कालासिल्ता आ. वि. सिमकोट | सिमकोट- ६ | (१-५) | गणेश बहादुर शाही | ९८४८३०४७०६ |
| ११ | श्री बालविकास आ. वि. हिल्दुम | सिमकोट- ४ | (१-५) | जयदेवी शाही | ९८५८३२०७९३ |
| १२ | श्री बालमन्दिर मा. वि. सिमकोट | सिमकोट -५ | (१-१०) | कैलाश रोकाया | ९८४८३०९८७२ |
| १३ | श्री भिमसेन आ. वि. सिमकोट | सिमकोट- ५ | (१-५) | बाँच बहादुर रावत | ९८४८३६९१६५ |
| १४ | श्री कैलाश बोधी स्कुल सिमकोट | सिमकोट- ६ | (१-८) | डाँवाङ नाग्याल लामा | ९८४९३८४९७१ |
| १५ | श्री हिमाली  बहिरा आवासीय आ. वि. | सिमकोट- ५ | (१-५) | कमला लामा राई | ९८४८३३६०८७ |
| १६ | श्री हिमाली मोडेल इंलिस बोर्डिङ स्कुल | सिमकोट- ५ | (१-५) | थिल्ने  लामा | ९८६०२३८८४१ |
| १७ | श्री बलभद्र  आ. वि. सिमकोट साँता | सिमकोट- ८ | (१-५) | प्रेमकला बुढा | ९८४४८८७९९० |
| १८ | श्री कान्ति आ. वि. खोल्सी | सिमकोट -८ | (१-८) | नृप शाही | ९८४८३०९२५६ |
| १९ | श्री सैपालहिमाल मा. वि. स्याँडा | सिमकोट -८ | (१-१०) | देव बहादुर बुढा | ९८४४८३६१११ |
| २० | श्री रामदेव मा. वि. ठेहे | सिमकोट -२ | (१-१०) | टिकाराम पौडेल | ९८६८२६५५७० |
| २१ | श्री चांला हिमाल आ. वि. दोजाम | सिमकोट- १ | (१-५) | राजु लामा | ९८६८३५३८५६ |
| २२ | काला सिम्ता आ. वि.  कुम्लिक | सिमकोट- २ | (१-५) | रतनसिंह बोहरा | ९८६४९७२२२४ |
| २३ | श्री पञ्चमुखी हिमाल आ. वि.  ठेहे | सिमकोट- २ | (१-५) | विष्णु बोहरा | ९८४८३३९४४२ |
| २४ | श्री सनसाइन बोर्डिङ स्कुल | सिमकोट- ७ | (१-८) | डबल घर्ती | ९८४१७५१२९६ |
| २५ | श्री कर्णाली एकेडेमी सिमकोट | सिमकोट- ५ | (१-५) | राज बहादुर भण्डारी | ९८४८३६४४१४ |

# विद्यालयको इमेल ठेगाना र विद्यालय सूचना अधिकारीहरुको विवरण-२०८०

| क्र.स. | विद्यालयको नाम | इमेल ठेगाना | सूचाना अधिकारीको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | श्री मानसरोवर मा.वि. | mmhsshumla@gmail.com | राज बहादुर शाही | ९८४८३०५१०९ |
| २ | श्री बालमन्दिर मा.वि. | balmandirhumla@gmail.com | जय बहादुर बम | ९८५८०५४२५४ |
| ३ | श्री रलिङ मा.वि. | rallingsecondaryschool@gmail.com | सुर्यमणि बोहरा | ९८४८१०२२११ |
| ४ | श्री रामदेव मा.वि. | ramdevavi50@gmail.com | दिपेन्द्र भण्डारी | ९८४८३८४३४३ |
| ५ | श्री कैलाश मा.वि. | kssd2032@gmail.com | भैप्रकाश शाही | ९८४८३१५५०६ |
| ६ | कर्णाली मा.वि. | karnailmavi33@gmail.com | जैमल रोकाया | ९८४८३१६१०६ |
| ७ | श्री सैपाल हिमाल मा.वि. | himalsaipal21@gmail.com | अंग बहादुर ऐडी | ९८४१६९११३७ |
| ८ | श्री चङला हिमाल आ.वि. | changlahimal@gmail.com | कर्ण बहादुर कार्की | ९८६८८९०६८४ |
| ९ | श्री पञ्चमुखी हिमाल आ.वि. | panchamukhihbs@gmail.com | लक्ष्मण बोहरा | ९८४८३०४७४७ |
| १० | श्री महाकाल आ.वि. | mahakal@123gmail.com | उपाल लामा | ९८४८३०९५८७ |
| ११ | श्री सिद्धार्थ आ.वि. | siddharthaschool@gmail.com | सूर्य बहादुर लामा | ९७६८११७६३७ |
| १२ | श्री बालविकास आ.वि. | balbikashbasichool143@gmail.com | छिरिङपुनर लामा | ९८५८३२०७९३ |
| १३ | श्री जनज्योति आ.वि. | janajyotibasicschool7@gmail.com | पदम बहादुर शाही | ९८४८३३६३७६ |
| १४ | श्री भीमसेन आ.वि. | bhimsenbasic@gmail.com | छप्साङ लामा | ९८४१६६५६१७ |
| १५ | श्री हिमाल बहिरा आ.वि. | email.apangasarokr@gamail.com | सूर्य प्रसाद पौडेल | ९८६००३२०२४ |
| १६ | श्री बलभद्र आ.वि. | balbhadra2039@gmail.com | धन बहादुर महत | ९८४८३८५९२२ |
| १७ | श्री कान्ती आ.वि. | kantibasic2080@gmail.com | वीरजन सिंह | ९८४८३२६३०५ |
| १८ | श्री दोभान आ.वि. | dovanbasicschool@gmail.com | ज्ञान बहादुर शाही | ९८६४९५१७६० |
| १९ | श्री कालशिता आ.वि. कुम्लिक | kalasiltakumliks@gmail.com | रतनसिंह बोहरा | ९८६४९७२२२४ |
| २० | श्री कालशिता आ.वि. | kalashilabasic2056@gmailcom | धनादेवी शाही | ९८६८२०९३९३ |
| २१ | श्री सर्किदेउ आ.वि. | sarkideubasicschool@gmail.com | रेखा शाही | ९८४८३१६००४ |
| २२ | श्री सनसाइन बोडिङ स्कूल | sunshine72simikot@gmail.com | आलोक चौधरी | ९८६९३३९१३९ |
| २३ | श्री कर्णाली एकेडेमी | karnaliacademy1@gmail.com | नर बोहरा | ९८४८३६९८७२ |
| २४ | श्री हिमाली मोडेल इंलिस बोडिङ स्कुल | himilschool123hmbs@gmail.com | छुडी आङमु लामा | ९८४९३५३९६३ |
| २५ | श्री कैलाश बोधि स्कुल | schoolkailashbodhi@gmailcom | खिम बहादुर सुनार | ९८६४९१०३६४ |

# विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको नामावली-२०८०

| क्र.स. | नाम थर | पद | विद्यालय |
|---|---|---|---|
| १ | गोविन्द रोकाया | अध्यक्ष | श्री मानसरोवर मा.वि. |
| २ | देब बहादुर भण्डारी | अध्यक्ष | श्री बालमन्दिर मा.वि. |
| ३ | बल बहादुर भण्डारी | अध्यक्ष | श्री रलिङ मा.वि. |
| ४ | जैवन बोहरा | अध्यक्ष | श्री रामदेव मा.वि. |
| ५ | जीवन बहादुर शाही | अध्यक्ष | श्री कर्णाली मा.वि. |
| ६ | मान बहादुर बुढा | अध्यक्ष | श्री सैपाल हिमाल मा.वि. |
| ७ | मन्दिर सिंह | अध्यक्ष | श्री कैलाश मा.वि. |
| ८ | दल बहादुर शाही | अध्यक्ष | श्री कान्ती आ.वि. |
| ९ | भरत सिंह | अध्यक्ष | श्री दोभान आ.वि. |
| १० | इसरा शाही | अध्यक्ष | श्री सर्किदेउ आ.वि. |
| ११ | नन्द बहादुर रोकाया | अध्यक्ष | श्री बलभद्र आ.वि. |
| १२ | रामभक्त उपाध्याय | अध्यक्ष | श्री कालाशिल्ता आ.वि. कुम्लिक |
| १३ | राजेश रोकाया | अध्यक्ष | श्री भीमसेन आ.वि. |
| १४ | शेर रावल | अध्यक्ष | श्री हिमाली बहिरा आ.वि. |
| १५ | गोरा महत | अध्यक्ष | श्री जनज्योति आ.वि. |
| १६ | लोकराज शाही | अध्यक्ष | श्री बालविकास आ.वि. |
| १७ | पेमा लामा | अध्यक्ष | श्री सिद्धार्थ आ.वि. |
| १८ | हिरा कामी | अध्यक्ष | श्री महाकाल आ.वि. |
| १९ | दान बहादुर भण्डारी | अध्यक्ष | श्री पञ्चमुखी हि.आ.वि. |
| २० | प्रेम सुनार | अध्यक्ष | श्री कलाशिल्ता आ.वि. |
| २१ | पेमाआङजीन लामा | अध्यक्ष | श्री चाङला आ.वि. |
| २२ | बलबीर शही | अध्यक्ष | श्री सानसाइन स्कुल |
| २३ | दिनेश बोहरा | अध्यक्ष | श्री कर्णाली एकेडेमी |
| २४ | मिगुर लामा | अध्यक्ष | श्री कैलाश बोधि स्कुल |
| २५ | चिन रावत | अध्यक्ष | श्री हिमाली मोडेल स्कुल |

# सिमकोट गाउँपालिकामा रहेको सङ्ख्यागत शिक्षक दरबन्दी विवरण - २०८०

| क्र. स. | IEMIS कोड नं | विद्यालयको नाम | तह | मा वि ९-१० दरबन्दी | | | | | | मा वि ९-१० राहत | | | | | | आ वि ६- ८ दरबन्दी | | | | | | आ वि ६- ८ राहत | | | | | | आ. वि. १-५ | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | जम्मा | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | जम्मा | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | जम्मा | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | जम्मा | दरबन्दि | राहत | जम्मा | दरबन्दी | राहत | जम्मा |
| १ | 660250001 | श्री मानसरोवर मा. वि. | मावि | १ | १ | १ | १ | १ | ५ | ० | ० | ० | ० | १ | १ | १ | १ | ० | १ | १ | ४ | ० | ० | १ | ० | ० | १ | ० | ० | ० | ९ | २ | ११ |
| २ | 660020001 | श्री रलिङ् मा. वि. | मावि | ० | १ | ० | ० | ० | १ | १ | ० | ० | ० | १ | २ | १ | १ | १ | १ | ० | ४ | ० | ० | ० | ० | १ | १ | ७ | १ | ८ | १२ | ४ | १६ |
| ३ | 660020001 | श्री बाल मन्दिर मा. वि. | मावि | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | २ | ० | १ | १ | ० | ० | २ | ० | ० | ० | ० | १ | १ | ८ | ० | ८ | १० | ३ | १३ |
| ४ | 660270001 | श्री रामदेव मा. वि. | मावि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | १ | ६ | ० | ६ | ७ | १ | ८ |
| ५ | 660270005 | श्री पञ्चमुखी आ.वि. | निमावि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | २ | ० | २ |
| ६ | 660250004 | श्री कालाशिल्ता आ.वि. | आवि | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ | ० | ५ | ५ | ० | ५ |
| ७ | 660250005 | श्री बाल विकास आ. वि. | आवि | ० | ० | ० | ० | ० | ० | | | | | | ० | | | | | | ० | | | | | | ० | ४ | ० | ४ | ४ | ० | ४ |
| ८ | 660040001 | श्री सर्किदेउ आ. वि. | आवि | | | | | | ० | | | | | | ० | | | | | | ० | | | | | | ० | १ | १ | २ | १ | १ | २ |
| ९ | 660040001 | श्री भिमसेन आ. वि. | आवि | | | | | | ० | | | | | | ० | | | | | | ० | | | | | | ० | ५ | १ | ६ | ५ | १ | ६ |
| १० | 660260001 | श्री बलभद्र आ. वि. | आवि | | | | | | ० | | | | | | ० | | | | | | ० | | | | | | ० | ३ | ० | ३ | ३ | ० | ३ |
| ११ | 660260003 | श्री सैपाल हिमाल मा.वि. | निमावि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | १ | ३ | ० | ० | ० | ० | ० | ० | ३ | ० | ३ | ६ | ० | ६ |
| १२ | 660250009 | श्री हिमाली ब. तथा बौ. आ. आ. वि. | आवि | | | | | | ० | | | | | | ० | | | | | | ० | | | | | | ० | ० | १ | १ | ० | १ | १ |
| १३ | 660250003 | श्री सिद्धार्थ आ.वि. | आवि | | | | | | ० | | | | | | ० | ० | १ | १ | ० | ० | २ | ० | १ | ० | ० | ० | १ | ४ | ० | ४ | ६ | १ | ७ |
| १४ | 660720002 | श्री चाङला हिमाल आ.वि. | आवि | | | | | | ० | | | | | | ० | | | | | | ० | | | | | | ० | ४ | ० | ४ | ४ | ० | ४ |
| १५ | 660040003 | श्री कर्णाली मा.वि . | मावि | ० | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | १ | २ | १ | १ | ० | ० | ४ | ० | ० | ० | ० | ० | ० | ६ | ० | ६ | ११ | १ | १२ |
| १६ | 660040002 | श्री कैलाश मा.वि. | निमावि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | १ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ४ | ० | ४ | ७ | ० | ७ |
| १७ | 660250003 | श्री जनज्योती आ.वि. | आवि | | | | | | ० | | | | | | ० | | | | | | ० | | | | | | ० | २ | ० | २ | २ | ० | २ |
| १८ | 660020006 | श्री महाकाल आ.वि. | आवि | | | | | | ० | | | | | | ० | | | | | | ० | | | | | | ० | २ | ० | २ | २ | ० | २ |
| १९ | 660260002 | श्री कान्ती आ.वि. | आवि | | | | | | ० | | | | | | ० | | | | | | ० | | | | | | ० | ३ | ० | ३ | ३ | ० | ३ |
| | | **कुल जम्मा** | | १ | ३ | १ | १ | १ | ७ | १ | १ | १ | ० | ३ | ६ | ६ | ७ | ४ | ४ | २ | २३ | ० | १ | १ | ० | ३ | ५ | ६९ | ४ | ७३ | ९९ | १५ | ११४ |

## सिमकोट गाउँपालिकामा प्राविधिक धार र कक्षा ११-१२ को सङ्ख्यागत शिक्षक दरबन्दी विवरण - २०८०

| क्र. स. | IEMIS कोड नं | विद्यालयको नाम | तह | कुल जम्मा दरबन्दी र अनुदान | | | | | | | आ. वि.धिक धार तर्फका प्रशिक्षक र सहायक प्रशिक्षकको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मा वि ११-१२ दरबन्दी | | | | मा वि ११-१२ अनुदान | | ११-१२ जम्मा | आ. वि.धिक धारको प्रशिक्षक ११ १२ | | | आ. वि.धिक धार सहायक प्रशिक्षक ९ १० | | | आ. वि.धिक धारको जम्मा | | |
| | | | | अंग्रेजी | लेखा | शिक्षा | जम्मा | गणित | जम्मा | | कृषि प्रशिक्षक | विज्ञान प्रशिक्षक | जम्मा | प्रशिक्षक | स प्रशिक्षक | जम्मा | प्रशिक्षक | स प्रशिक्षक | जम्मा |
| १ | ६६०२५ ०००१ | श्री मानसरोवर मा. वि. | माध्यमिक | १ | १ | १ | ३ | १ | १ | ४ | २ | २ | ४ | २ | २ | ४ | ६ | २ | ८ |
| कुल जम्मा | | | | १ | १ | १ | ३ | १ | १ | ४ | २ | २ | ४ | २ | २ | ४ | ६ | २ | ८ |

## सिमकोट गाउँपालिका हुम्लामा रहेको स्थायी र अस्थायी शिक्षकहरुको विवरण - २०८०

| क्र. स. | IEMIS कोड नं | विद्यालयको नाम | सञ्चालित कक्षा | हालको ठेगाना | शिक्षकहरुको नाम | संकेत नं | शैक्षिक योग्यता | विषय | नियुक्ति मिति | प्रकार | तह श्रेणी | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६६०२५ ०००१ | श्री मानसरोवर मा. वि. | कक्षा -६-१२ | सिमकोट-६ | अमर बहादुर शाही | १३१७१७ | एम. एड. | अङग्रेजी | २०६३।०७।०३ | स्थायी | मा. वि. द्धितीय | |
| २ | | | | | घनश्याम खनाल | ५७६९३ | एम.एड. | नेपाली | २०६०।०७।०५ | स्थायी | मा. वि. द्धितीय | |
| ३ | | | | | धन बहादुर ऐडी | १५४९२६ | एम.एड. | गणित | २०७२।०९।०८ | स्थायी | मा. वि. तृतीय | |
| ४ | | | | | बलवान रावल | १५९२३० | एम.एड. | सामाजिक | २०७३।०९।२९ | स्थायी | मा. वि. तृतीय | |
| ५ | | | | | चक्र सिंह | ० | एम. एस्सी. | विज्ञान | २०८०।०३।२६ | करार | मा. वि.तृतीय | |
| ६ | | | | | राज बहादुर बुढा | १३१३५५ | बी. एड. | जनसंख्या | २०६३।०७।०३ | स्थायी | नि.मा.वि.तृतीय | |
| ७ | | | | | रेशमराज रोकाया | १४५१०६ | एम. एड. | अङग्रेजी | २०७१।०४।०१ | स्थायी | नि.मा.वि.तृतीय | |
| ८ | | | | | चेतन फडेरा | १५८५१३ | बी. एड. | नेपाली | २०७३।०२।१० | स्थायी | नि.मा.वि.तृतीय | |
| ९ | | | | | कैलाश ऐडी | ० | बि.ए.सी | विज्ञान | २०८०।०१।०३ | करार | नि.मा.वि.तृतीय | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | ६६००२ ०००१ | श्री रलिङ् मा. वि. | ECD- १० | सिमकोट-३ | रेशम राना | ० | बी. एड. | अङग्रेजी | २०७७।११।१८ | करार | मा वि तृतीय | |
| ११ | | | | | छिमी लामा | १५६०९२ | बी. एड. | गणित | २०७१।०४।०१ | स्थायी | नि.मा.वि.तृतीय | |
| १२ | | | | | गोमा श्रेष्ठ | १८८२६४ | बी. एड. | नेपाली | २०७९।१०।२६ | स्थायी | नि.मा.वि.तृतीय | |
| १३ | | | | | दान बहादुर भण्डारी | ० | आइ. एस्सी. | गणित/ विज्ञान | २०७६।०१।१९ | करार | नि.मा.वि.तृतीय | |
| १४ | | | | | छिरिङ पाल्देन लामा | ० | बी. एड. | अङग्रेजी | २०७९।१०।२६ | करार | नि.मा.वि.तृतीय | |
| १५ | | | | | हर्क बहादुर बोहरा | १८७०१४ | बी. एड. | एकीकृत | २०७६।१२।०४ | स्थायी | प्रा.वि.तृतीय | |
| १६ | | | | | थिर बहादुर खत्री | १७८५२० | बी. एड. | एकीकृत | २०७६।०८।१९ | स्थायी | प्रा वि तृतीय | |
| १७ | | | | | धन दमाई | ११७३४९ | बी.एड. | एकीकृत | २०६०।१२।१० | स्थायी | प्रा.वि.द्धितीय | कामकाजमा खटाएको कालाशिल्ता विद्यालयमा |
| १८ | | | | | धन बहादुर लामा | ० | बी. एड. | एकीकृत | २०७७।११।१३ | करार | प्रा.वि.तृतीय | |
| १९ | | | | | शेर बहादुर लामा | ० | बी. एड. | एकीकृत | २०७८।०३।२७ | करार | प्रा.वि.तृतीय | |
| २० | | | | | प्रेम बहादुर लामा | ५३३३९ | आइ. एड. | एकीकृत | २०५१।०२।२९ | स्थायी | आ. वि. द्धितीय | |
| २१ | | | | | छिरिङपुनर लामा | ० | आइ. एड. | एकीकृत | २०७७।०४।०१ | करार | प्रा वि तृतीय | |
| २२ | ४००० ८००३३ | श्री बाल मन्दिर मा. वि. | ECD- १० | सिमकोट-५ | कैलाश रोकाया | ५५०४० | बी.एड. | गणित | २०६०।०७।०५ | स्थायी | नि.मा.वि.द्धितीय | |
| २३ | | | | | जय बहादुर बम | १५१३३१ | एम.एड. | अङग्रेजी | २०७१।०४।०१ | स्थायी | नि.मा.वि.तृतीय | |
| २४ | | | | | लाल बहादुर रावत | ५५४३३४ | बी.एड. | एकीकृत | २०५०।२१।०३ | स्थायी | प्रा.वि.द्धितीय | |
| २५ | | | | | पार्वती रावत | ५५४२६ | आइ.एड. | एकीकृत | २०५०।०२।२७ | स्थायी | प्रा.वि.द्धितीय | |
| २६ | | | | | मधु बस्नेत | १३००९० | एम. एड. | एकीकृत | २०६३।०७।०३ | स्थायी | प्रा.वि.द्धितीय | |
| २७ | | | | | राकेश बोहरा | ५५३३० | बी.एड. | एकीकृत | २०६०।१२।०२ | स्थायी | प्रा.वि.तृतीय | |
| २८ | | | | | निर्मला महत | १३००८९ | बी.एड. | एकीकृत | २०६०।१२।०२ | स्थायी | प्रा.वि.तृतीय | |
| २९ | | | | | कुसुम बुढा | १४३२६१ | बी.एड. | एकीकृत | २०६३।०७।०३ | स्थायी | प्रा.वि.द्धितीय | |
| ३० | | | | | कल्पना रावत | १६४५६० | बी.एड. | एकीकृत | २०७५।१२।२९ | स्थायी | प्रा.वि.तृतीय | |
| ३१ | | | | | छतुम लामा | १८१८८४ | बी.एड. | एकीकृत | २०७६।८।१९ | स्थायी | प्रा.वि.तृतीय | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३२ | ६६०२५ ०००२ | श्री रामदेव मा. वि. | ECD- १० | सिमकोट-२ | टीकाराम पौडेल | ५४९९७ | एम. एड. | नेपाली | २०६०।०७।०५ | स्थायी | नि.मा.वि.तृतीय | |
| ३३ | | | | | हंश भण्डारी | ५३०१० | बी.एड. | एकीकृत | २०४८।०१।०५ | स्थायी | प्रा.वि.द्धितीय | |
| ३४ | | | | | वर्खे बहादुर भण्डारी | ५२९५३ | आइ. एड. | एकीकृत | २०५०।०२।२३ | स्थायी | प्रा.वि.द्धितीय | |
| ३५ | | | | | चन्द्र शेखर बोहरा | १३१७१३ | आइ. एड. | एकीकृत | २०६३।०७।०३ | स्थायी | प्रा.वि.तृतीय | |
| ३६ | | | | | दल भण्डारी | ५३०५९ | आइ. एड. | एकीकृत | २०६१।०१।०३ | स्थायी | प्रा.वि.तृतीय | |
| ३७ | | | | | बसन्त भण्डारी | १७२३९६ | आइ. एड. | एकीकृत | २०७५।१२।२९ | स्थायी | प्रा.वि.तृतीय | |
| ३८ | | | | | बिनोद भण्डारी | १७२३५० | आइ. एड. | एकीकृत | २०७५।१२।२९ | स्थायी | प्रा.वि.तृतीय | |
| ३९ | ६६०२५ ०००३ | श्री पञ्चमुखी आ.वि. | ECD- ५ | सिमकोट-१ | विष्णु बहादुर बोहरा | ५३११२ | आइ. एड. | एकीकृत | २०६०।१२।०२ | स्थायी | प्रा.वि.तृतीय | |
| ४० | | | | | लक्ष्मण बोहरा | १७८३९१ | बी. एड. | एकीकृत | २०७६।०८।०६ | स्थायी | प्रा.वि.तृतीय | |
| ४१ | ६६०२५ ०००४ | श्री कालाशिल्ता आ.वि. | ECD- ५ | सिमकोट-६ | गणेश बहादुर शाही | ५५४१९ | आइ. एड. | एकीकृत | २०५०।०२।०३ | स्थायी | प्रा.वि.द्धितीय | |
| ४२ | | | | | चण्डेश्वर बोहरा | ५५१२० | एस.एल.सी. | एकीकृत | २०४८।०१।०३ | स्थायी | प्रा.वि.द्धितीय | |
| ४३ | | | | | सरिता शर्मा | १३००८४ | आइ.एड. | एकीकृत | २०६३।०७।०३ | स्थायी | प्रा.वि.द्धितीय | |
| ४४ | | | | | शक्तिसिं रावत | १४८४७२ | एम.एड. | एकीकृत | २०७१।०४।०१ | स्थायी | प्रा.वि.द्धितीय | |
| ४५ | | | | | धनदेवी शाही | १६९३६६ | बी.एड. | एकीकृत | २०७५।१२।२९ | स्थायी | प्रा.वि.तृतीय | |
| ४६ | ६६०२५ ०००५ | श्री बाल विकास आ. वि. | ECD- ५ | सिमकोट-४ | जयदेवी शाही | ५३२१६ | बी.एड. | एकीकृत | २०५०।०२।०३ | स्थायी | प्रा.वि. प्रथम | |
| ४७ | | | | | छिरिङपुनर लामा | १५५९१३ | बी.एड. | एकीकृत | २०७१।०४।२३ | स्थायी | प्रा.वि.तृतीय | |
| ४८ | | | | | शुशिला तामाङ | १७८७६८ | बी.एड. | एकीकृत | २०७६।०८।१९ | स्थायी | प्रा.वि.तृतीय | |
| ४९ | | | | | कल्पना रोकाया | १७७९५८ | बी.एड. | एकीकृत | २०७६।०८।१९ | स्थायी | प्रा.वि.तृतीय | |
| ५० | ६६००४ ०००१ | श्री सर्किदेउ आ.वि. | ECD- ५ | सिमकोट -७ | बागेश्वरी शाह | ० | बी. एड. | एकीकृत | २०७४।१२।०१ | करार | प्रा.वि.तृतीय | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५१ | ६६००४ ०००१ | श्री भिमसेन आ.वि. | ECD- ६ | सिमकोट -५ | बाँच बाहदुर रावत | ५५२८९ | आइ. एड. | एकीकृत | २०५२।३।१ | स्थायी | प्रा.वि.द्धितीय | |
| ५२ | | | | | कमला लामा राई | १३०४५९ | आइ. एड. | एकीकृत | २०६३।७।३ | स्थायी | प्रा.वि.द्धितीय | कामकाजमा खटाएको हिमाली बहिरा विद्यालयमा |
| ५३ | | | | | हिमानी बुढा | १५७९८२ | बी. एड. | एकीकृत | २०७१।०४।०१ | स्थायी | प्रा.वि.तृतीय | |
| ५४ | | | | | छप्साङ लामा | १५०८८९ | बी. एड. | एकीकृत | २०७१।०४।०१ | स्थायी | प्रा.वि.तृतीय | |
| ५५ | | | | | पार्वती बुढाथोकी | १६१६४४ | आइ. एड. | एकीकृत | २०७५।१२।२९ | स्थायी | प्रा.वि.तृतीय | |
| ५६ | ६६०२६ ०००१ | श्री बलभद्र आ. वि. | ECD- ५ | सिमकोट -८ सातौँ | प्रेमकला बुढा | ५५५०४ | आइ. एड. | एकीकृत | २०५०।०२।०३ | स्थायी | प्रा.वि.प्रथम | |
| ५७ | | | | | धन बहादुर महत | १३००८२ | आइ. एड. | एकीकृत | २०६३।०७।०३ | स्थायी | प्रा.वि.द्धितीय | |
| ५८ | | | | | नन्द सिंह | ० | आइ. एड. | एकीकृत | २०७८।०८।१४ | करार | प्रा.वि.तृतीय | |
| ५९ | ६६०२६ ०००३ | श्री सैपाल हिमाल मा.वि. | ECD- १० | सिमकोट -८ | देव बहादुर बुढा | ५५१२४ | बी. एस्सी. | विज्ञान | २०६०।०७।२५ | स्थायी | नि.मा.वि द्धितीय | |
| ६० | | | | | खाम्पा फडेरा | १२९५८९ | बी. एड. | अङग्रेजी | २०६३।०७।०३ | स्थायी | नि.मा.वि द्धितीय | |
| ६१ | | | | | गुर्मु लामा | ० | बी. एड. | सामाजिक | २०७९।१०।२६ | स्थायी | नि.मा.वि तृतीय | |
| ६२ | ६६०२६ ०००३ | श्री सैपाल हिमाल मा.वि. | ECD- १० | सिमकोट -८ | प्रेम बहादुर बुढा | १६३६२२ | एस. एल. सी. | एकीकृत | २०७५।१२।२९ | स्थायी | प्रा.वि.तृतीय | |
| ६३ | | | | | अंग बहादुर ऐडी | १८००७१ | बी. एड. | एकीकृत | २०७६।०८।१९ | स्थायी | प्रा.वि.तृतीय | |
| ६४ | | | | | विष्णु रोकाया बुढा | ० | बी. एड. | एकीकृत | २०७६।०१।२० | करार | प्रा.वि.तृतीय | |
| ६५ | ६६०२५ ०००३ | श्री सिद्धार्थ आ.वि. | ECD- ८ | सिमकोट- ४ बुराउँसे | लाल बहादुर लामा | ५५०४७ | बी. एड. | अङग्रेजी | २०४८।४।१ | स्थायी | नि.मा.वि द्धितीय | |
| ६६ | | | | | लब फडेरा | ० | आइ. एड. | गणित | २०७६।१।०६ | करार | नि.मा.वि तृतीय | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६७ | ६६०२५ ०००३ | श्री सिद्धार्थ आ.वि. | ECD- ८ | सिमकोट -४ | पुष्पा थापा | ० | आई.एड. | एकीकृत | २०७७।०२।०८ | करार | प्रा वि तृतीय | |
| ६८ | | | | | डम्दुल लामा | १२९५९४ | आई.एड. | एकीकृत | २०६३।०७।०३ | स्थायी | प्रा वि तृतीय | |
| ६९ | | | | | सरला पौडेल | १६१६२६ | बी. एड. | एकीकृत | २०७५।१२।२९ | स्थायी | प्रा वि तृतीय | |
| ७० | | | | | छिरिङ डोको लामा | १६१६८९ | आइ. एड. | एकीकृत | २०७५।१२।२९ | स्थायी | प्रा वि तृतीय | |
| ७१ | ६६०७२ ०००२ | श्री चाङला हिमाल आ.वि. | कक्षा- १ -५ | सिमकोट -१ | राजु लामा | १२७३७१ | आई.एड. | एकीकृत | २०६३।०७।०३ | स्थायी | प्रा वि तृतीय | |
| ७२ | | | | | कर्णा बहादुर कार्की | ० | आइ. एड. | एकीकृत | २०७७।०८।०१ | करार | प्रा वि तृतीय | |
| ७३ | | | | | गोविन्द्र शाही | १४९५७४ | आइ. एड. | एकीकृत | २०७१।०४।०१ | स्थायी | प्रा वि तृतीय | |
| ७४ | | | | | रिक्त | ० | ० | ० | ० | ० | प्रा वि तृतीय | |
| ७५ | ६६००४ ०००३ | श्री कर्णाली मा.वि . | ECD- १२ | सिमकोट -७ | अज बहादुर ऐडी | ० | बी. एड. | अङग्रेजी | २०८०।०४।०२ | करार | मा वि तृतीय | |
| ७६ | | | | | रामराज शाही | ५५००१ | बी. एड. | अङग्रेजी | २०६०।०७।०५ | स्थायी | नि मा वि द्धृतीय | |
| ७७ | | | | | सरस्वती रावल | १४८४३० | आइ. एड. | गणित | २०७१।०४।०१ | स्थायी | नि मा वि तृतीय | |
| ७८ | | | | | लोकराज शाही | १५८७०३ | बी. एड. | नेपाली | २०७२।१०।२१ | स्थायी | नि मा वि तृतीय | |
| ७९ | | | | | मान बहादुर शाही | १७२१८१ | बी. एड. | नेपाली | २०७५।१२।२९ | स्थायी | नि मा वि तृतीय | |
| ८० | | | | | लोक बहादुर सिंह | ५५३५९ | आइ. एड. | एकीकृत | २०६०।१२।०२ | स्थायी | प्रा वि द्धितीय | |
| ८१ | | | | | मिरा शाही | १७२१८७ | आइ. एड. | एकीकृत | २०७५।१२।२९ | स्थायी | आ. वि. तृतीय | |
| ८२ | | | | | रेशम धामी | १७२१७६ | आइ. एड. | एकीकृत | २०७५।१२।२९ | स्थायी | आ. वि. तृतीय | |
| ८३ | | | | | आनन्द्र बहादुर सिंह | १८१२९३ | बी. एड. | एकीकृत | २०७६।०८।१९ | स्थायी | आ. वि. तृतीय | |
| ८४ | | | | | शुशिला शाही | ० | आइ. एड. | एकीकृत | २०७३।०२।०१ | करार | आ. वि. तृतीय | |
| ८५ | | | | | राम बहादुर ऐर | १८७२३९ | एम. एड. | एकीकृत | २०७६।०८।१८ | स्थायी | आ. वि. तृतीय | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८६ | ६६००४ ०००२ | श्री कैलाश मा.वि. | ECD- १० | सिमकोट ७ | मेज बहादुर बुढा | १३१४१७ | एम. एड. | नेपाली | २०६३।०७।०३ | स्थायी | नि मा वि तृतीय | |
| ८७ | | | | | टंक बहादुर शाही | १८९१५० | बी.एस्सी | गणति/ विज्ञान | २०७९।१०।२६ | स्थायी | नि मा वि तृतीय | |
| ८८ | | | | | प्रकाश रोकाया | ० | बी.एड. | अङग्रेजी | २०८०।०२।१८ | करार | नि मा वि तृतीय | |
| ८९ | | | | | बल बहादुर शाही | १२९६१४ | आइ. एड. | एकीकृत | २०६३।०७।०३ | स्थायी | प्रा वि प्रथम | |
| ९० | | | | | पूर्ण बहादुर शाही | १२९५८८ | आइ. एड. | एकीकृत | २०६३।०७।०३ | स्थायी | प्रा वि द्वितीय | |
| ९१ | | | | | भैप्रकाश शाही | १२९६१६ | आइ. एड. | एकीकृत | २०६३।०७।०३ | स्थायी | प्रा वि तृतीय | |
| ९२ | | | | | अमृता शाही | १९२८५६ | आई.एड. | एकीकृत | २०७९।१२।१५ | स्थायी | प्रा वि तृतीय | |
| ९३ | ६६०२५ ०००३ | श्री जनज्योती आ.वि. | कक्षा- १ -५ | सिमकोट ४ स्याने | काली बहादुर शाही | १३१९३३ | आई.एड. | एकीकृत | २०५०।०१।१५ | स्थायी | प्रा वि द्धितीय | |
| ९४ | | | | | पदम बहादुर शाही | १६१५७३ | आई.एड. | एकीकृत | २०७५।१२।२९ | स्थायी | प्रा वि तृतीय | |
| ९५ | ६६००२ ०००६ | श्री महाकाल आ.वि. | कक्षा- १ -५ | सिमकोट ३ लाङ्दु | भिम कुमार राई | १३१७१६ | आई.एड. | एकीकृत | २०६३।०७।०३ | स्थायी | आ. वि. द्धितीय | |
| ९६ | | | | | उपाल लामा | १५०८८५ | बी.एड. | एकीकृत | २०७१।०४।०१ | स्थायी | आ. वि. तृतीय | |
| ९७ | ६६०२६ ०००२ | श्री कान्ती आ.वि. | कक्षा- १ -८ | सिमकोट ८ खोल्सी | नृप बहादुर शाही | १५५५६३ | बी.एड. | एकीकृत | २०७१।०४।०१ | स्थायी | आ. वि. तृतीय | |
| ९८ | | | | | वीर बहादुर शाही | ० | बी.एड. | एकीकृत | ० | करार | आ. वि. तृतीय | |
| ९९ | | | | | रिक्त | ० | ० | ० | ० | ० | आ. वि. तृतीय | |

# पालिकामा रहेका राहत शिक्षक विवरण - २०८०

| क्र. स. | IEMIS कोड नं | विद्यालयको नाम | सञ्चालित कक्षा | हालको ठेगाना | शिक्षकहरुको नाम | शैक्षिक योग्यता | विषय | नियुक्ति मिति | प्रकार | तह श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६६०२५०००१ | श्री मानसरोवर मा. वि. | कक्षा -६-१२ | सिमकोट- ६ | खेतीराम बुढा | एम. एड. | सामाजिक | २०६६।०२।२४ | राहत | मा. वि. तृतीय | |
| २ | ६६०२५०००१ | | | सिमकोट- ६ | शंख कार्की | बी. एड. | गणित | २०७७।०३।०१ | राहत | नि.मा.वि.तृतीय | |
| ३ | ६६००२०००१ | श्री रलिङ् मा. वि. | ECD- १० | सिमकोट- ३ बरगाउँ | सूर्यमणी बोहरा | बी. एड. | नेपाली | २०६९।०२।०१ | राहत | मा वि तृतीय | |
| ४ | | | | | टसी विष्ट | बी. एड. | सामाजिक | २०७९।१२।०१ | राहत | मा वि तृतीय | |
| ५ | | | | | फुन्जोक लामा | आइ. एड. | सामाजिक | २०६६।०३।१६ | राहत | नि.मा.वि.तृतीय | |
| ६ | | | | | नोर्ला लामा | आइ. एड. | एकीकृत | २०६६।०२।१९ | राहत | प्राथमिक | |
| ७ | ६६००२०००१ | श्री बाल मन्दिर मा. वि. | ECD- १० | सिमकोट- ५ | शेर बहादुर शाही | बी.एड. | गणित | २०८०।०१।१७ | राहत | मा वि तृतीय | |
| ८ | | | | | रविन महत | बी.एड. | अङग्रेजी | २०७९।११।०२ | राहत | मा वि तृतीय | |
| ९ | | | | | हिरा रोकाया | एम.एड. | सामाजिक | २०६७।१।२९ | राहत | नि.मा.वि.तृतीय | |
| १० | ६६०२७०००१ | श्री रामदेव मा. वि. | ECD- १० | सिमकोट- २ ठेहे | दिपेन्द्र भण्डारी | आइ. एड. | सामाजिक | २०६९।०३।०१ | राहत | नि मा .वि. तृतीय | |
| ११ | ६६००४०००१ | श्री सर्किदेउ आ.वि. | ECD- ५ | सिमकोट -७ डाँडाफया | रेखा शाही | आइ. एड. | एकीकृत | २०७४।०३।०४ | राहत | प्रा.वि.तृतीय | |
| १२ | ६६००४०००१ | श्री भिमसेन आ.वि. | ECD- ६ | सिमकोट -५ | लक्ष्मण रावत | आइ. एड. | एकीकृत | २०६८।११।९ | राहत | प्रा.वि.तृतीय | |
| १३ | ६६०२५०००९ | श्री हिमाली ब. तथा बौ.आ.आ.वि. | ECD- ५ | सिमकोट -५ | प्रकाश जैसी | बी. एड. | एकीकृत | २०६३।१२।२१ | राहत | प्रा.वि.तृतीय | कामकाजमा खटाएको कान्ती आ. वि. विद्यालय |
| १४ | | | | | सूर्य प्रसाद पौडेल | बी.एड. | एकीकृत | २०७४।०४।१३ | करार | प्रा.वि.तृतीय | लेखा जोखा संयोजक |
| १५ | ६६०२५०००३ | श्री सिद्धार्थ आ.वि. | ECD- ८ | सिमकोट- ४ बुराउँसे | सूर्य बहादुर लामा | बी.एड. | अङग्रेजी | २०६६।०४।१ | राहत | नि.मा.वि तृतीय | |
| १६ | ६६००४०००३ | श्री कर्णाली मा.वि . | ECD- १२ | सिमकोट -७ चौगनफया | जैमल रोकाया | बी. एड. | सामाजिक | २०६६।०१।२९ | राहत | मा वि तृतीय | |

# पालिकामा रहेका प्रारम्भिक बाल विकास केन्द्रमा कार्यरत सहजकर्ताहरूको विवरण - २०८०

| क्र. स. | सहजर्कताको नाम | प्रारम्भिक बाल विकास केन्द्रको नाम ठेगाना | मातृ विद्यालयको नाम ठेगाना | नियुक्ति मिति | योग्यता | सम्पर्क नम्बर | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | प्रतिभा बोहरा | श्री रामदेव बालविकास केन्द्र सिमकोट-२ ठेहे हुम्ला | श्री रामदेव मा वि सिमकोट -२ ठेहे हुम्ला | २०७३।०५।०१ | एस.एल.सी. | ९७४८३८९८१५ | |
| २ | प्यारीलाल रोकाया | श्री मस्टा बालविकास केन्द्र सिमकोट- ६ हुम्ला | श्री कालाशिल्ता आ वि सिमकोट -६ हुम्ला | २०६०।११।१ | एस.एल.सी. | ९८४८१३८५०९ | |
| ३ | निर्मला रोकाया | श्री हिल्सा बालविकास केन्द्र सिमकोट -६ हुम्ला | श्री कालाशिल्ता आ वि सिमकोट- ६ हुम्ला | २०७२।४।१२ | आइ.एड. | ९७४९२९५२६९ | |
| ४ | सत्यदेवी उपाध्याय | श्री पञ्चमुखी बालविकास केन्द्र सिमकोट- २ ठेहे | श्री पञ्चमुखी हिमाल आ. वि. विद्यालय | २०६६।०४।०१ | एस.एल. सी. | ९८४८३६४०५२ | |
| ५ | चाँदनी रोकाया | श्री नव ज्योति बालविकास केन्द्र सिमकोट -५ हुम्ला | श्री बाल मन्दिर मा वि सिमकोट- ५ हुम्ला | २०६९।०१।०२ | एस.एल. सी. | ९८६८२०९८३५ | |
| ६ | किरण रावत | श्री दलित बालविकास केन्द्र सिमको- ५ हुम्ला | श्री बाल मन्दिर मा वि सिमकोट -५ हुम्ला | २०६०।०१।२० | एस.एल. सी. | ९८६८९५५२३७ | |
| ७ | ममता सुनार | श्री वैकल्पिक बालविकास केन्द्र सिमकोट -६ हुम्ला | श्री रलिङ मा वि सिमकोट -३ हुम्ला | २०७३।०१।२६ | एस.एल. सी. | ९८६८२०९०२४ | |
| ८ | कार्माइटोल लामा | श्री रलिङ बालविकास केन्द्र सिमकोट- ६ हुम्ला | श्री रलिङ मा वि सिमकोट- ३ हुम्ला | २०७३।०१।२६ | एस.एल. सी. | ९८६९५९३८६६ | |
| ९ | रतन सिंह बोहरा | श्री कालाशिल्ता बालविकास केन्द्र सिमकोट -१ | श्री कालाशिल्ता आ वि सिमकोट -१ हुम्ला | २०६६।१२।०१ | आइ.एड. | ९८६४९७२२२४ | |
| १० | बसन्ती शाही | श्री हिल्दुम बाल विकास केन्द्र सिमकोट हिल्दुम | श्री बाल विकास आ वि सिमकोट हिल्दुम हुम्ला | २०६९।०४।०२ | आइ.एड. | ९८४८३२५६१७ | |
| ११ | संगिता शाही | श्री सर्किदेउ बालविकास केन्द्र सिमकोट- ७ हुम्ला | श्री सर्किदेउ आ वि सिमकोट -७ हुम्ला | २०६९।०४।०१ | एस. एल. सी. | ९८४८०४३२१० | |
| १२ | गिता रावत | श्री भिमसेन बालविकास केन्द्र सिमकोट- ५ हुम्ला | श्री भिमसेन आ वि सिमकोट- ५ हुम्ला | २०५८।०६।१५ | एस.एल.सी. | ९८५८३११९१३ | |
| १३ | दर्मिला रोकाया | श्री भिमसेन बालविकास केन्द्र सिमकोट - ५ हुम्ला | श्री भिमसेन आ वि सिमकोट -५ हुम्ला | २०६७।०१।०६ | आइ.एड. | ९८४८३८५१०४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | फुलमति बुढा | श्री हिमाल बालविकास केन्द्र सिमकोट- ८ हुम्ला | श्री बलभद्र आ वि सिमकोट- ८ हुम्ला | २०६६।०१।०२ | एस.एल.सी. | ९८६३१४३०९८ | |
| १५ | प्रमिला शाही | श्री महेश्वर बालविकास केन्द्र सिमकोट- ८ हुम्ला | श्री बलभद्र आ वि सिमकोट- ८ हुम्ला | २०७१।०१।०१ | एस.एल.सी. | ९८४८४१९५१८ | |
| १६ | सरला बुढा | श्री हिल्सा बालविकास केन्द्र सिमकोट- ८ हुम्ला | श्री सैपाल मा वि सिमकोट -८ स्याँडा हुम्ला | २०७४।०२।२८ | आइ.एड. | ९८४८३५९९६३ | |
| १७ | धान चामली बुढा | श्री थर्पुकोट बालविकास केन्द्र सिमकोट -८ हुम्ला | श्री सैपाल मा वि सिमकोट- ८ स्याँडा हुम्ला | २०७३।०१।०१ | एस.एल.सी. | ० | |
